*"हरियो खेत सुखी किसान, समृद्ध नगराईन नगरपालिका हाम्रो पहिचान"*

# नगराईन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## नगराईन, धनुषा, मधेश प्रदेश

# आवधिक नगर विकास योजना

## आ.व. २०८०/८१ - २०८४/८५

(असार, २०८०)

## नगराईन नगरपालिकाको आवधिक नगर विकास योजना (आ.व.२०८०/८१ - २०८४/८५)

**प्रकाशक : नगराईन नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
नगराईन, मधेश प्रदेश
सम्पर्क फोन : ..................
वेभसाइटः www. njgrainmun.gov.np
इमेल : ito.njgrainmun@gmail.com

**सहजीकरण :**

स्ट्रेन्थ इन्जिनियरिङ कम्पनी प्रा. लि. काठमाण्डौं
सम्पर्क फोन नम्बरः ९८५११२२९३१/०१४४८८७६१
ईमेलः strength_engineering@yahoo.com

**सर्वाधिकार :** प्रकाशकमा

**प्रकाशन वर्ष :** २०८०

**मुद्रक :**

# विषय सूची

*परिच्छेद एक* १
*परिचय* १
१.१ पृष्ठभूमि १
१.२ आवधिक योजना निर्माणको उद्देश्य १
१.३ आवधिक योजना निर्माणको कार्यक्षेत्र २
१.४ आवधिक योजना तर्जुमाका कानुनी तथा नीतिगत आधारहरु २
१.५ आवधिक योजना तर्जुमाका चरणहरु ३
१.६ आवधिक नगर विकास योजनाका सीमाहरु ४
*परिच्छेद दूई* ५
*नगरपालिकाको वस्तुस्थिति तथा उपलब्धि समीक्षा* ५
२.१ भौगोलिक अवस्थिति एवं राजनीतिक विभाजन ५
२.२ जनसंख्या, जातजाति र धर्म ६
२.३ आर्थिक अवस्था ६
२.४ सामाजिक अवस्था ८
२.५ पूर्वाधारको अवस्था १०
२.६ वन वातावरण तथा विपद व्यवस्थापन १२
२.७ संस्थागत विकास १३
*परिच्छेद तीन* १४
*नगरपालिकाको वस्तुस्थिति विश्लेषण* १४
३.१ नगरपालिकाको संक्षिप्त परिचय १४
३.२ प्रमुख सम्भावना, अवसर तथा  समस्या र चुनौतिहरु १४
*परिच्छेद चार* १६
*दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य* १६
४.१ दीर्घकालीन सोच १६
४.२ समष्टिगत लक्ष्य १६
४.३ विषय क्षेत्रगत वृहत उद्देश्य १६
४.४ प्राथमिकता क्षेत्र १६
४.५ समष्टिगत रणनीति १९
४.६ नगरपालिका विकासको निर्देशक सिद्धान्त १९
४.७ आवधिक योजना खाका १९
*परिच्छेद पाँच* २३
*आर्थिक विकास* २३
५.१ पृष्ठभूमि २३
५.२ वर्तमान अवस्था २३
५.३ आर्थिक विकास क्षेत्रको उद्देश्य २४
५.४ प्रमुख रणनीति २४
५.५ विषयगत उपक्षेत्रहरु २४

५.५.१ कृषि विकास २४
५.५.२ पशुपंक्षी विकास ३०
५.५.३ पर्यटन विकास ३५
५.५.४ उद्योग, व्यापार तथा व्यवसाय ३९
५.५.५ वैंक, वित्तीय संस्था तथा सहकारी विकास ४४
५.५.६ श्रम तथा रोजगार ४७
*परिच्छेद छ* *५१*
*सामाजिक विकास* *५१*
**६.१ पृष्ठभूमि** *५१*
**६.२ वर्तमान अवस्था** *५१*
**६.३ सामाजिक विकासको उद्देश्य** *५२*
**६.४ प्रमुख रणनीतिहरु** *५२*
**६.५ विषयगत उपक्षेत्रहरु** *५२*
६.५.१ शिक्षा ५२
६.५.२ आधारभूत स्वास्थ्य ५८
६.५.३ खानेपानी तथा सरसफाइ ६५
६.५.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण ६९
६.५.५ कला भाषा, साहित्य र संस्कृति ७५
६.५.६ युवा तथा खेलकुद ७८
*परिच्छेद सात :* *८२*
*पूर्वाधार विकास* *८२*
**७.१ पृष्ठभूमि** *८२*
**७.२ वर्तमान अवस्था** *८२*
**७.३ पूर्वाधार विकास क्षेत्रको उद्देश्य** *८३*
**७.४ प्रमुख रणनीतिहरु** *८३*
**७.५ विषयगत उपक्षेत्रहरु** *८३*
७.५.१ सडक तथा यातायात ८३
७.५.२ आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण ८७
७.५.३ सिंचाइ ९०
७.५.४ विद्युत तथा वैकल्पिक ऊर्जा ९३
७.५.५ सूचना तथा सञ्चार प्रविधि ९५
*परिच्छेद आठ :* *९९*
*वन, वातावरण तथा विपद व्यवस्थापन* *९९*
**८.१ पृष्ठभूमि** *९९*
**८.२ वर्तमान अवस्था** *९९*
**८.३ वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य** *१००*
**८.४ प्रमुख रणनीतिहरु** *१००*
**८.५ विषयगत उपक्षेत्रहरु** *१००*
८.५.१ वन तथा जैविक विविधता १००
८.५.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन १०३
८.५.३ भू तथा जलाधार व्यवस्थापन १०६
८.५.४ विपद व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन १०८
*परिच्छेद नौ* *११२*
*सुशासन तथा संस्थागत विकास* *११२*
**९.१ पृष्ठभूमि** *११२*

९.२ वर्तमान अवस्था ११२
९.३ सुशासन तथा संस्थागत क्षेत्रको उद्देश्य ११२
९.४ प्रमुख रणनीतिहरु ११२
९.५ विषयगत उपक्षेत्रहरु ११२
९.५.१ सुशासन ऐन, कानुन र जवाफदेहिता ११३
९.५.२ वित्तीय श्रोत परिचालन ११६
९.५.३ मानव संशाधन तथा संस्थागत विकास ११९
९.५.४ योजना व्यवस्थापन १२२
*परिच्छेद दश* १२५
*वित्तीय व्यवस्था* १२५
१०.१ पृष्ठभूमि १२५
१०.२ वर्तमान अवस्था १२५
१०.३ अवसर तथा चुनौतीहरू १२५
१०.४ उद्देश्य १२५
१०.५ रणनीति १२६
१०.६ बजेट व्यवस्था १२६
*परिच्छेद एघार* १३१
*नगरपालिकाको आयोजना बैंक* १३१
११.१ पृष्ठभूमि १३१
११.२ आयोजना वैंक १३१
*परिच्छेद - बाह्र* १४५
*कार्यान्वियन योजना* १४५
१२.१ पृष्ठभूमि १४५
१२.२ वर्तमान अवस्था १४५
१२.३ कार्यान्वियन कार्ययोजना १४५
१२.४ मार्गदर्शन तयारी १४६
१२.५ कार्यान्वियन विधिको छनौट १४६
१२.६ अख्तियारी १४६
१२.७ वार्षिक कार्यान्वयन कार्ययोजना १४६
१२.८ अनुगमनको प्रतिवेदन र समीक्षा १४६
*परिच्छेद - तेह्र* १४७
*अनुगमन तथा मूल्याङ्कन* १४७
१३.१ पृष्ठभूमि १४७
१३.२ वर्तमान अवस्था १४७
१३.३ अवसर र चुनौती १४७
१३.४ उद्देश्य १४८
१३.५ रणनीति १४८
१३.६ कार्यनीति १४८
१३.७ कार्यक्रम १४८
१३.८ अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार निकाय ज्ञद्धड

**अनुसूचिहरु**

१ नगरपालिकाको नक्सा
२ आवधिक योजना तर्जुमा गोष्ठी : केही चित्रहरु
३ आवधिक योजना तर्जुमा गोष्ठी : माइन्युटहरु
४ वडागत आयोजना

## तालिका/ग्राफचित्र सूचि


तालिका १ भिरालोपना तथा उपयोग ५
तालिका २ जनसाङ्ख्यिीक विवरण ६
तालिका ३ शिक्षा क्षेत्रको अवस्था तथा उपलब्धि ८
तालिका ४ मुख्य बस्तीहरुको विवरण ११
तालिका ५ बजेट विनियोजन (रकम रु हजारमा) १३
तालिका ६ सबल तथा सम्भावना र चुनौति तथा कमजोर पक्ष १४
तालिका ७ पर्यटकीय क्षेत्र १७
तालिका ८ समीक्ष्टगत नितुँ ख्ँ २०
तालिका ९ कृषि विकास क्षेत्रसम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु २४
तालिका १० कृषि विकास २९
तालिका ११ पशुपालन सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ३१
तालिका १२ पशुपंक्षीपालन ३३
तालिका १३ पर्यटन विकाससम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ३५
तालिका १४ पर्यटन विकास ३७
तालिका १५ उद्योग, व्यापार तथा व्यवसायसम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ३९
तालिका १६ उद्योग, व्यापार तथा व्यवसाय ४२
तालिका १७ बैंक, वित्तीय संस्था तथा सहकारी विकास क्षेत्रसम्भावना-, चुनौति, सवल र कमजोर पक्षहरु ४४
तालिका १८ बैंक, वित्तीय संस्था तथा सहकारी विकास क्षेत्र ४६
तालिका १९ श्रम, रोजगार तथा सुरक्षित आप्रवासनसम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ४८
तालिका २० श्रम, रोजगार तथा सुरक्षित आप्रवासन ४९
तालिका २१ शिक्षा क्षेत्रसम्भावना -, चुनौति, सवल र कमजोर पक्षहरु ५३
तालिका २२ शिक्षा क्षेत्र ५६
तालिका २३ स्वास्थ्य क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ५८
तालिका २४ आधारभुत स्वास्थ्य ६२
तालिका २५ खानेपानी तथा सरसफाइ क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ६५
तालिका २६ खानेपानी तथा सरसफाइ ६७
तालिका २७ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ६९
तालिका २८ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण ७३
तालिका २९ कला भाषा साहित्य र संस्कृति क्षेत्र ७५
तालिका ३० कला भाषा साहित्य र संस्कृति ७७
तालिका ३१ युवा तथा खेलकुद क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ७८
तालिका ३२ युवा तथा खेलकुद ८०
तालिका ३३ सडक यातायात क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ८३
तालिका ३४ सडक यातायात तथा पुलपुलेसा ८५
तालिका ३५ आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ८७
तालिका ३६ आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण ८९
तालिका ३७ सिंचाइ क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ९०
तालिका ३८ सिंचाइ ९२
तालिका ३९ विद्युत तथा वैकल्पिक ऊर्जा क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ९३
तालिका ४० विद्युत तथा वैकल्पिक ऊर्जा ९४
तालिका ४१ सूचना तथा सञ्चार क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ९५

तालिका ४२ सूचना तथा सञ्चार क्षेत्र ९७
तालिका ४३ वन तथा जैविक विविधता क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु १००
तालिका ४४ वन तथा जैविक विविधता १०२
तालिका ४५ वातावरण तथा स्वच्छता क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु १०३
तालिका ४६ वातावरण तथा स्वच्छता १०५
तालिका ४७ भू तथा जलाधार क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहुरु १०६
तालिका ४८ भू तथा जलाधार व्यवस्थापन १०७
तालिका ४९ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनूकुलन सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु १०८
तालिका ५० विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनूकुलन ११०
तालिका ५१ सुशासन, ऐन कानुन तथा जवाफदेहिता क्षेत्र सम्भावना -, नौति, सवल तथा कमजोर पक्षहरु ११३
तालिका ५२ सुशासन, ऐन कानुन तथा जवाफदेहिता क्षेत्र ११४
तालिका ५३ वित्तीय श्रोत परिचालन क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ११६
तालिका ५४ वित्तीय श्रोत परिचालन ११७
तालिका ५५ मानव संशाधन तथा संस्थागत विकास क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु ११९
तालिका ५६ मानव संशाधन तथा संस्थागत विकास १२१
तालिका ५७ योजना व्यवस्थापन क्षेत्र सम्भावना -, चुनौति, सवल तथा कमजोर पक्षहरु १२२
तालिका ५८ योजना व्यवस्थापन १२३
तालिका ५९ आन्तरिक आय प्रक्षेपण १२६
तालिका ६० बाह्य श्रोत प्रक्षेपण १२७
तालिका ६१ ीव्क्ँइ क्ँत्तरग्त व्र्जट प्क्ँप्ण्ँ १२९
तालिका ६२ आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया १४९

# शव्द संक्षेपीकरण

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभूत विद्यालय |
| मा.वि | | माद्यमिक विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| नपा | : | नगरपालिका |
| गापा | : | गाउँपालिका |
| प्रावि. | : | प्राथमिक विद्यालय |
| मावि. | : | माध्यमिक विद्यालय |
| मे टन | : | मेट्रिक टन |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि. | : | लिटर |
| व.नं. | : | वडा नम्वर |
| प्रप्रअ | | प्रमुख प्रशासकीय अधिकृत |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |

# परिच्छेद एक
# परिचय

## १.१ पृष्ठभूमि

आर्थिक समानता, समृद्धि, सामाजिक न्याय तथा सहभागितामुलक विकासको जगमा टेकेर समुन्नत समाजको निर्माण गर्ने अभिप्रायबाट निर्देशित वर्तमान संविधानले सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हासिल गर्दै दीगो आर्थिक विकास गर्ने तथा प्राप्त लक्ष्यहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील वनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ ।

संविधानतः स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिको काम कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि ***आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना*** वनाई लागु गर्नुपर्ने व्यवस्था गरिएको छ । योजना तर्जुमा विधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनहरु जारी भएका छन् । संघ, प्रदेशवाट व्यवस्था गरिएका त्यस प्रकारका प्रावधान एवं ऐन तथा कानुनी व्यवस्थाको अधिनमा रही परिभाषित विधि पद्धतिको पूर्ण अवलम्वन गर्दै **नगराईन नगरपालिका**ले **आवधिक नगर विकास योजना** (**२०८०/८१ - २०८४/८५**) तर्जुमा गरी कार्यान्वियनमा ल्याएको छ । राज्य शक्तिको वाँडफाँड तथा पुर्नसंचरनाको कममा स्थानीय तहको रुपमा स्थापित नगराईन नगरपालिकाले योजनावद्ध ढङ्गवाट नगरपालिकाको विकास गर्ने उद्देश्यले यो आवधिक योजना तर्जुमा भएको छ ।

आवधिक नगर विकास योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भावनालाई सम्वोधन गरिएको छ । यस अनुसार आर्थिक विकास, गरिबी निवारण, रोजगार सिर्जना, आय वृद्धि, दिगो विकास, स्थानीय साधन स्रोत र सीपको अधिकतम उपयोग, छिट्टै प्रतिफल प्राप्त हुन सक्ने क्षेत्र र कम लागत एवं स्थानीय वासिन्दाहरुको सहभागिता जुट्न सक्ने पक्षहरुलाई प्राथमिकता दिइएको छ । त्यसैगरी नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालीन सोच, नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रिया एवं दिगो विकास लक्ष्यसँग अनुकूल हुने गरी वातावरण तथा बालमैत्री शासन, सुशासन, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित पक्षलाई समेत मनन गरिएको छ । उपरोक्त पक्षहरुलाई आधार मानी नगराईन नगरपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम, अनुमानित लगानी खाका निर्धारण भएको छ । समावेशी र सहभागितामूलक विधि, प्रक्रिया बाट तयार पारिएको यस **आवधिक तथा रणनीतिक योजना मार्गचित्र (**Strategic and Indicative Planning Framework**) लाई नगराईन नगरपालिकाको समग्र विकासका लागि महत्वपूर्ण मार्गदर्शक दस्तावेज**को रुपमा ग्रहण गरिएको छ । यसै योजना खाका भित्र रही नगराईन नगरपालिकाले मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम एवं बजेट तर्जुमा र सोही अनुसार कार्यान्वयन गर्दै जाने प्रतिवद्धता समेत जाहेर भएको छ ।

## १.२ आवधिक योजना निर्माणको उद्देश्य

आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य नगराईन नगरपालिकाको विकास प्रयास तथा प्रक्रियाहरुलाई मार्गदर्शन गर्न नतिजामा आधारित योजनावद्ध विकासको प्रारुप तयार पार्नु रहेको छ । यसका साथै आवधिक योजना तर्जुमाको विशेष उद्देश्य यसप्रकार रहेको छ :

क) स्थानीय जनचाहना एवं आवश्यकताका आधारमा राजनीतिक दल, निजीक्षेत्र, सरकारी निकाय एवं गैर सरकारी संघ संस्था लगायत सरोकारवालाहरुको उपस्थितिमा सहभागितामूलक विधिवाट पालिकाको विद्यमान अवस्थाको लेखाजोखा, प्रगति समीक्षा, साधन श्रोतहरुको उपलव्धतालाई मनन गरी सवै पक्षहरुको सहमतिमा आवधिक योजना तर्जुमा गर्नु

ख) नेपालको संविधान २०७२ को मर्म, भावना, नेपाल सरकार एवं प्रदेश सरकारको दीर्घकालीन सोच, नीति, कार्यक्रम एवं प्राथमिकताहरु, संघ र प्रदेशवाट कार्यान्वयनमा ल्याइएका कानुनी, नेपाल सरकारले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा जाहेर गरेका प्रतिवद्धता, दिगो विकास लक्ष्यलाई स्थानीयकरण, नेपाल सरकारवाट समय समयमा जारी गरिएका मार्गदर्शन, एवं निर्देशित सिद्धान्तहरुसंग तादात्म्यता स्थापित गर्दै पालिकाको दीर्घकालीन सोच, नीति एवं कार्यक्रमहरु विकास गर्नु

ग) साझा लाभका आधारमा अन्तरपालिका समन्वय, सहकार्य एवं साझेदारीमा पालिकासंग उपलब्ध प्राकृतिक लगायतका श्रोतहरुको सुनियोजित, सुव्यवस्थित ढङ्गवाट दिगो उपयोगका लागि विकासको खाका तर्जुमा गर्नु

घ) आवधिक योजनाको आधारमा पालिकाको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट लगायत विषयक्षेत्रगत योजना तर्जुमाका लागि आधार तयार पार्नु ।

## १.३ आवधिक योजना निर्माणको कार्यक्षेत्र

क) नगरपालिकाको वस्तुगत अवस्था खासगरी जनसंख्या विवरण, धरातलीय अवस्था, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन एवं वित्तिय व्यवस्थाको विश्लेषण गर्दै नगरपालिकाको सम्भावना तथा अवसरहरुको यकिन गर्ने

ख) नगरपालिकाको दीर्घकालीन सोच सहित योजना खाका तयार पार्ने र सोको आधारमा आवधिक लक्ष्य एवं उद्देश्यहरु निर्धारण गर्ने र त्यसका लागि रणनीति, कार्यक्रमहरु तर्जुमा एवं वित्तीय स्रोतहरुको प्रक्षेपण गर्ने

ग) संघ, प्रदेश र अन्तरपालिका एवं निजी क्षेत्रहरुसंग सहकार्य, साझेदारीका क्षेत्रहरु यकिन गर्ने

घ) आवधिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको खाका तयार पार्ने

## १.४ आवधिक योजना तर्जुमाका कानुनी तथा नीतिगत आधारहरु

नेपालको संविधान २०७२ अनुसारको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, संघीय एवं प्रादेशिक नीति, कानुनी व्यवस्था एवं स्थानीय तहको अधिकारहरुको पृष्ठभूमिमा स्थानीय तहको विकास योजनाको खाका तर्जुमा गर्नु पर्ने व्यवस्था छ । सामाजिक न्याय, ज्येष्ठ नागरिक, दलित, बालबालिका, महिला, आवास, शिक्षा, स्वास्थ्य, श्रम, रोजगारी, सूचना, सम्पत्ति, समानताको हकलाई मौलिक हक र कर्तव्यका रुपमा लिएको हुँदा त्यस्ता पक्षहरुलाई पनि आवधिक नगर विकास योजना तर्जुमा गर्दा सोही अनुसार सम्वोधन गर्नुपर्ने हुन्छ । नेपाल संविधानको धारा ५७ (४) (५) र अनुसूची ८ र ९ मा क्रमशः स्थानीय सरकारको एकल अधिकार र साझा अधिकार सूचीको अधिनमा रही स्थानीय तहले आवधिक, मध्यमकालीन एवं वार्षिक नीति, योजना, बजेट तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्दा तीनै तहका सरकार बीच सह अस्तित्व, समन्वय र सहकार्य हुनुपर्ने कुरामा जोड दिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ नगरपालिकाले योजना वनाउँदा आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार वढ्ने, स्थानीय सीप, साधन श्रोतको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिटडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने पक्षहरुलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिइएको छ ।

त्यसैगरी दिगो विकास लक्ष्य, राष्ट्रिय एवं प्रादेशिक र स्थानीय तहको योजनाहरु वीच अन्तरसम्वन्ध स्थापित र तादात्म्यता कायम  राख्ने उद्देश्यले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ल्याएको छ । यस अनुसार स्थानीय तहले योजना तर्जुमा गर्दा नेपालको संविधान, विद्यमान ऐन, नियम, राष्ट्रिय एवं प्रादेशिक नीति, त्यसको दीर्घकालीन सोच, आवधिक योजना, र मार्ग निर्देशनहरु, दिगो विकास लक्ष्य, स्थानीय तहको प्रमुख समस्या एवं सम्भावनाहरु र राजनीतिक दलका घोषणापत्र र तीनै तहका सरकारहरुको वीच आवधिक लक्ष्य वीच अन्तर सम्बन्ध हुनुपर्ने उल्लेख भएको छ । यसैगरी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा मध्यमकालीन खर्च संरचना तर्जुमा, वार्षिक कार्यक्रम तर्जुमा गर्दा आवधिक योजनाको आधारमा तर्जुमा गर्नुपर्ने पक्ष उल्लेख भएको छ ।

आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा मुलतः नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, दिगो विकास लक्ष्य स्थानीयकरण, १५औं योजना, मधेश प्रदेशको आवधिक योजना, नेपाल सरकार एवं प्रदेश सरकारवाट जारी भएका नीति कार्यक्रम, निर्देशिका, मापदण्ड एवं कानुनहरु लगायतका दस्तावेजहरुलाई आधार मानिएको छ ।

## १.५ आवधिक योजना तर्जुमाका चरणहरु

नगराईन नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा पूरा गरिएका चरणहरु यसप्रकार रहेको छ ।

**क) पहिलो चरण : प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम**

नगराईन नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा एक दिने प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । राजनीतिक दलका प्रतिनिधि, शिक्षक, कृषक समुह, महिला तथा आमा समुह लगायतका स्थानीय सरोकारवालाहरुको सहभागिता रहेको सो अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा आवधिक योजना तर्जुमाका लागि नगरपालिका, परामर्शदाता एवं सरोकारवालाहरुको जिम्मेवारी बाँडफाँड, कार्ययोजना स्वीकृती र योजना तर्जुमा विधि प्रक्रियाका वारेमा छलफल गरिएको थियो । यस क्रममा आवधिक योजना तर्जुमाका लागि संगठनात्मक संयन्त्र निर्देशक समिति, समन्वय तथा सहजीकरण समिति क्रमशः नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा गठन गरिएको थियो । यसैगरी योजना तर्जुमाका लागि तथ्याङ्क तथा सूचनाहरु अद्यावधिक गर्ने कार्य समेत प्रारम्भ गरिएको थियो ।

**ख) दोश्रो चरण : सन्दर्भ सामग्रीहरुको अध्ययन**

आवधिक योजना तर्जुमाका लागि नगराईन नगरपालिकासँग सम्बन्धित अभिलेख एवं प्रकाशनहरुको सङ्कलन, अध्ययन एवं विश्लेषण भएको थियो । यसका साथै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन एवं राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग अन्तर्गतका ऐन, नियम, निर्देशिका एवं मापदण्डहरु सङ्कलन एवं अध्ययन भएको थियो । संघ तथा प्रदेश सरकारको आवधिक एवं वार्षिक नीति तथा कार्यक्रमहरु, राष्ट्रिय तथा प्रादेशिक योजना आयोगको प्रकाशनहरु र नगराईन नगरपालिकाको विगत वर्षहरुको उपलब्धि, नीति कार्यक्रमहरुको अध्ययन गरिएको थियो ।

**ग) तेश्रो  चरण : वडा स्तरीय गोष्ठि**

आवधिक योजना तर्जुमाको सन्दर्भमा नगराईन नगरपालिकाका सवै वडाहरुमा वडास्तरीय गोष्ठि सञ्चालन भएको थियो । वडा स्तरीय गोष्ठिमा वडा सदस्य, स्थानीय राजनीतिक दल, टोल विकास संस्था, सामुदायिक संघ संस्था, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी उपभोक्ता, सामुदायिक वन, सहकारी संस्था, महिला तथा वाल सञ्जाल, निजी क्षेत्र लगायत स्थानीय पत्रकार समुदायहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा वडाको वस्तुस्थिति विश्लेषण र आगामी पाँच वर्षहरुका लागि वडा स्तरीय कार्यक्रमहरु तर्जुमा भएको थियो । यस सम्वन्धी विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

**घ) चौथो चरण : आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी**

नगराईन नगरपालिकाको आवधिक योजना तर्जुमाका लागि **मिति २०८० जेठ १२ देखि १४ गते** सम्म ३ दिने कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । नगरपालिका स्तरीय सरोकारवालाहरुको सहभागितामा सञ्चालन भएको कार्यशाला गोष्ठीमा नगरपालिका पदाधिकारी तथा सदस्यहरु, राजनीतिक दलका प्रतिनिधि, पूर्व संघीय सरकारका सचिव, विभिन्न विषयका स्थानीय विज्ञहरु लगायतका स्थानीय प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यशाला गोष्ठीबाट नगराईन नगरपालिकाको दीर्घकालीन सोच, विषयक्षेत्रगत लक्ष्य, उद्देश्यहरु, रणनीति एवं कार्यक्रमहरु तर्जुमा भएको थियो ।

**ङ) पाँचौ चरण : मस्यौदा प्रतिवेदन तयारी**

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, राष्ट्रिय एवं प्रादेशिक नीति कार्यक्रम एवं नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायत सन्दर्भ सामाग्रीहरुको आधारमा नगराईन नगरपालिकाको आवधिक नगर विकास योजनाको मस्यौदा प्रतिवेदन तयार पारिएको थियो । यस क्रममा स्थानीय तहको एकल एवं साझा अधिकार क्षेत्रका सवै विषय तथा उपक्षेत्रहरुका बिषयमा प्राप्त सुझाब तथा प्रतिकियाहरुलाई तर्कपूर्ण एवं वस्तुनिष्ठ ढङ्गबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार भएको थियो ।

**च) छैठौ चरण : प्रतिवेदन प्रमाणीकरण कार्यक्रम**

सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, विषय विज्ञहरुसंगको परामर्श तथा छलफलको क्रममा प्राप्त सुझाबहरुको आधारमा तयार भएको आवधिक नगर विकास योजनाको मस्यौदा दस्तावेज नगर कार्यपालिका समक्ष प्रस्तुत गरी थप राय सुझाब तथा पृष्ठपोषण सङ्कलन गरिन्छ ।

**छ) सातौ चरण : अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन**

आवधिक योजना विभिन्न कार्यक्रमबाट प्राप्त सुझाब तथा पृष्ठपोषणहरुलाई समावेश गरी तयार पारिएको नगराईन नगरपालिकाको दीर्घकालीन सोच सहितको नगर विकास योजना दस्तावेजलाई नगरसभाबाट स्वीकृत गरिन्छ ।

**ज) आठौ चरण : योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**

स्वीकृत आवधिक नगर विकास योजनालाई कार्यान्वयनमा ल्याइएको छ । कार्यान्वयनका क्रममा योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि नगरपालिकाले एक संयन्त्र निर्माण गरी सोहीवाट योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने र आवधिक योजनाको अन्तिम अवधिमा प्रभाव मूल्याङ्कन गर्ने प्रतिवद्धता समेत नगरपालिकावाट भएको छ ।

## १.६ आवधिक नगर विकास योजनाका सीमाहरु

यस आवधिक नगर विकास योजना तर्जुमाका सीमाहरू निम्न अनुसार रहेका छन् :

क) नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेको अधिकार क्षेत्रभित्र रही स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले निर्दिष्ट गरेको ढाँचामा पालिकाको आवधिक योजना तर्जुमा गरिएको छ ।

ख) नगरपालिकाले उपलब्ध गराएको तथ्याङ्क तथा सूचनालाई मुख्य आधार वनाइ आवधिक योजना तर्जुमा गरिएको छ । त्यसैगरी नगरपालिकावाट विभिन्न समयका प्रकाशनलाई समेत सूचनाको श्रोतका रुपमा ग्रहण गरिएको छ । पालिका स्तरमा उपलव्ध हुन नसकेका सूचना तथा तथ्याङ्कहरु **मधेश प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१)** र १५ औं योजना (२०७६/७७ - २०८०/८१) लाई आधार मानिएको छ ।

ग) सहभागितामूलक विधिवाट नगरपालिकाको वस्तुस्थिति विश्लेषण भएको र सोका आधारमा पालिकाको विषयक्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवं कार्यक्रमहरु तर्जुमा गरिएको छ । कार्यक्रमहरु तर्जुमा गर्दा राष्ट्रिय एवं प्रादेशिक नीति कार्यक्रम, प्राथमिकता र आवश्यकतालाई मध्यनजर गरिएको छ । त्यसैगरी वित्तीय प्रक्षेपण पालिकाले चालु आर्थिक वर्षमा अनुमान गरिएको आन्तरिक आय र वाह्य श्रोतलाई आधार मानिएको छ ।

घ) आवधिक नगर विकास योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको छ । यो रणनीतिक मार्गदर्शक योजनाको खाका भएकोले नगरपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम तहसम्म मात्र केन्द्रीत छ ।

# परिच्छेद दूई
# नगरपालिकाको वस्तुस्थिति तथा उपलब्धि समीक्षा

## २.१ भौगोलिक अवस्थिति एवं राजनीतिक विभाजन

### भौगोलिक अवस्थिति

धनुषा जिल्लाको दक्षिणतिर भारतीय सिमाना नजिक सानो क्षेत्रमा अवस्थित रहेको नगराईन नगरपालिकाको पूर्वमा धनौजी नगरपालिका र भारत, पश्चिममा महोत्तरी जिल्ला, उत्तरमा जनकपुर उप-महानगरपालिका र धनौजी नगरपालिका र दक्षिणमा मुखियापट्टी मुसहरनिया नगरपालिका र भारत पर्दछन् । यस नगरपालिकाको क्षेत्रफल ३९ वर्ग कि.मि. रहेको छ । २६°०३८.२० अक्षांस तथा ८५°०५४.८ देशान्तरमा अवस्थित रहेको नगराईन नगरपालिका समुद्र सतहबाट ६० मिटर देखि ७५ सम्मको उचाईमा अवस्थित रहेको छ । समथर भुधरातल र उर्वर जमिन रहेको यस नगरपालिकाको हावापानी गर्मीमा अत्याधिक गर्मी र जाडोमा जाडो हुने गर्दछ ।




### भू-उपयोग

कुल ३९ वर्ग कि.मि. क्षेत्रफल मध्ये ३३.२५ वर्ग कि.मि. अर्थात ८१.८५ प्रतिशत जमिनमा हाल खेतीपाती भैरहेको छ । त्यसैगरी नदी किनारको वगर क्षेत्र ०.१० प्रतिशत, बगैचा क्षेत्र ६.६७ प्रतिशत र बाँझो क्षेत्र ०.२१ प्रतिशत रहेको छ । नगरपालिकाका ९ वटै वडामा खेतीपातीको प्रचुर संभावना रहेको छ । यहाँका अधिकांश जनताको मूख्य पेशा कृषिजन्य उत्पादन हो । यहाँको उत्पादनलाई बजारीकरण गर्न निकटवती ठूला उपभोक्ता बजारहरु जनकपूर, ढल्केबार हुन् । नगरपालिकामा विभिन्न हाट बजारहरुबाट कृषि जन्य वस्तुहरुको बजारीकरण हुने गरेको छ । नगरपालिका घरधुरी तथ्याङ्क संकलन २०७७ को नतिजा अनुसार नगरपालिकाको कुल जनसङ्ख्याको ४९.३७ प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न रहेको छ ।

### हावापानी र जलवायु तथा भिरालोपनाः

यो नगरपालिका समथर क्षेत्रमा अवस्थित भएकोले यहाँको जमिनमा भिरालोको मात्रा कम रहेको छ । यहाँको करिब २४.०१ प्रतिशत भूभाग ० डिग्रीदेखि १ डिग्रीसम्मको करिब ५७.८९ प्रतिशत भूभाग १ डिग्रीदेखि २.५ डिग्रीसम्मको र १८.१० प्रतिशत भूभाग २.५ डिग्रीदेखि ७.५ डिग्रीसम्मको भिरालोपनको स्थितिमा छ । यसको अर्थ यहाँको जमिनमा खेतीपाती गर्न धेरै सहज रहेको छ । खेतीपाती मार्फत अन्नभण्डार बन्ने क्षमता नगरपालिकाले राख्दछ । नगरपालिकाको भिरालोपनको थप विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १ भिरालोपना तथा उपयोग

| क्र.सं. | भिरालोपन (डिग्रीमा ) | उपयोग | जमिनको क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|---|
| १ | ० देखि १ | खेतीपाती र वनको लागि | ९.७५ | २४.०१ |
| २ | १ देखि २.५ | खेतीपाती र वनको लागि | २३.५१ | ५७.८९ |
| ३ | २.५ देखि ७.५ | खेतीपाती र वनको लागि | ७.३५ | १८.१० |
| | जम्मा | | | १०० |

(श्रोतः नगरपालिका)

### राजनीतिक तथा प्रशासनिक विभाजन

राज्यद्वारा प्रवाह हुने सबै प्रकारको सेवाहरू नगरपालिकाको केन्द्र रहेको वडा नं. २ नगराईनबाट भइरहेको छ भने थप सेवाहरू प्रत्येक ९ वटा वडाका वडा कार्यालयहरूबाट भइरहेका छन् । यसका साथै विषयगत शाखाहरूबाट कृषि, स्वास्थ्य,

शिक्षा सहकारी, रोजगारी लगायतका सेवाहरू प्राप्त गर्न सकिन्छ ।
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना वमोजिम गठित नगरपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका गाविस नगरपालिकाहरू फुलगामा, देवदिहा, पुरानो नगराईन, लग्मा गाडागडी तथा घोडघास लाई समावेश गरेर नगराईन नगरपालिकाको निर्माण गरी ९ वटा वडाहरू कायम गरिएको हो ।

## २.२ जनसंख्या, जातजाति र धर्म

### जनसांख्यिक अवस्था

वि.स. २०७८ को जनगणना अनुसार ६.९ प्रतिशत (२४५४ जनसंख्या) जनसंख्या वृद्धि भएको देखिएको छ । त्यसैगरी १० वर्षको अवधिमा महिलाको जनसंख्या वृद्धि दर ९.६ प्रतिशतका (१७०४ जनसंख्या ) दरले भएको छ भने पुरुषको जनसङ्ख्या वृद्धि दर ४.२ प्रतिशतले (७५१ जनसंख्या) भएको देखिन्छ ।

तालिका २ जनसाङ्ख्यिीक विवरण

| विवरण | वि.सं. २०७८ |
|---|---|
| जम्मा जनसंख्या | ३८०३७ |
| पुरुष | १८६०१ (४८.९%) |
| महिला | १९४३६ (५१.१%) |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | ९५.७० |
| जम्मा घरधुरी संख्या | ७९२१ |
| औसत परिवार आकार | ४.८० |
| जम्मा क्षेत्रफल (वर्ग कि.मि.) | ३९.०१ |
| जनघनत्व (प्रतिवर्ग कि.मि.) | ९७५ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

## २.३ आर्थिक अवस्था

नगराईन  नगरपालिकाको अर्थतन्त्रका प्रमुख आधार स्तम्भका रुपमा कृषि, व्यापार(व्यवसाय र विप्रेषण नै हुन् । नगरबासीको प्रमुख पेशा कृषि रहेको छ । व्यापार, होटल तथा रेष्टुरेन्ट व्यवसाय, साना उद्योगहरु पनि सञ्चालनमा रहेकोले उद्योग तथा व्यापार क्षेत्रले पनि नगरको अर्थतन्त्रमा योगदान गरेको छ । विषेशगरी अन्न उत्पादन यो नगरपालिकाका बासिन्दाहरुको प्रमुख आम्दानीको स्रोत हो । यसका साथै यहाँका मानिसहरु रोजगारीका लागि विभिन्न देशहरुमा रहेकोले त्यहाँबाट आउने विप्रेषणको हिस्सा पनि ठुलै देखिन्छ ।

### कृषि, पशुपंक्षी तथा माछापालन

नगराईन नगरपालिकाका अधिकांश बासिन्दाहरुको जीविकोपार्जनको मुख्य आधार कृषि हो । यहाँको ठुलो जनसंख्या कृषि तथा पशुपालनमा पेशामा संलग्न रहेका छन् । प्रमुख खाद्यान्न बालीहरु धान, गहुँ, फलफूल बालीहरु केरा, आँप, अनार, भूइँकटहर, अम्बा (बेलौती) लिची, मेवा, कटहर, जामुन आदि, दलहन बालीहरु मुंग, रहरी, मसुरो, खेसरी केराउ, लतरी आदि, तेलहन बालीहरु तोरी, सर्स्य आदि तथा उष्ण क्षेत्रमा लगाइने सबै प्रकारका तरकारी बालीहरुको यहाँ प्रचुर संभावना रहेको छ ।
घरधुरी तथ्याङ्क संकलन २०७७ का अनुसार नगराईन नगरपालिकाका कुल घरपरिवारहरूमा २४.४ प्रतिशत परिवारले पशुपंक्षी पाल्ने गरेका छन् । उष्ण क्षेत्रमा उपयुक्त हुने जातका गाई, भैंसी, बाखा, कुखुरा, हाँस लगायतका पशुपंक्षीहरुको यहाँ व्यवसायीक उत्पादनको राम्रो संभावना रहेको छ । संस्थाको हिसाबले हेर्दा कृषकहरुले सबैभन्दा बढी बाखा, दोस्रोमा गाई गोरु, तेस्रोमा भैंसी/राँगा र चौथोमा हाँस कुखुरा पाल्ने र बिक्री गर्ने गर्दछन् । पशुपन्छी पालनमा आधुनिकिकरण र

व्यवसायीकरण हुन नसकेकोले यिनीहरुको बिक्री वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ ।सबैभन्दा बढी बिक्री भएको बाखाबाट नगरपालिकाभरको वार्षिक जम्मा रु ४४२०३००/- मात्र आम्दानी भएको देखिन्छ । प्रचुर सम्भावना बोकेको तराई क्षेत्रको यो नगरपालिकाको लागि यो बिक्री रकम नगण्य हो । अर्को तर्फ, यस नगरपालिकामा माछापालनबाट आर्थिक आम्दानीको राम्रो सम्भावना भए तापनि केही फाट्टफुट्ट बाहेक ठूलोस्तरको व्यवसायिक माछापालन भने यो नगरपालिका रहेको छैन । नगरपालिकामा भूमिगत जलस्रोतको पर्याप्त उपलब्धता भएकोले स्थानीय जलवायू अनुकूल माछा पालन गर्न उपयूक्त देखिन्छ ।

**वैदेशिक रोजगारी**

विदेश गएको जनसङ्ख्या करीब १०.७ प्रतिशत (४०७५ जना) रहेको छ । चित्रलाई मनन गर्दा विदेश जाने अधिकांश युवा युवती नै हन । पुरुष वर्गको विदेश जाने दर र सङ्ख्या महिलाको भन्दा अत्यधिक मात्रामा धेरै छ । २९६४ जना तलब ज्यालादारीका रुपमा विदेशिएका छन्, ६२० जना नोकरीका लागि र १४४ जना शिक्षा वा तालिमका लागि विदेशिएका छन् ।

**पर्यटन**

हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको समेत विकास हुन नसकेपनि नगराईन नगरपालिका पर्यटनको सम्भावना रहेको क्षेत्र हो । विशेष गरी यो नगरपालिकालाई कृषि पर्यटन, धार्मिक पर्यटन र शैक्षिक पर्यटनका हिसाबले धेरै सम्भावना बोकेको क्षेत्रमा पर्दछ । अत्यन्त उर्वर कृषि क्षेत्रका रुपमा कृषि ग्रामको विकास गर्न सके पर्यटक तथा कृषकहरु नमुना कृषिका लागि अवलोकन भम्रण गर्न आउने स्थल हुन सक्छ । हाल विशेष गरी धान, गहुँ, मुँग पकेट क्षेत्र साथै अन्तरबाली प्रणाली विकास भैरहेकोले सो अवलोकन गर्ने गरि कृषि पर्यटनको विकासको प्रचूर सम्भावना बोकेको स्थान हो । त्यसै गरी हिन्दु धर्मावलम्बीको धार्मिक महत्वको रुपमा रहेको घोडघाँस, फलगामा बगैचा, नगराईन देवि, रामजानकी कुटी आदि तथा मुस्लिम धर्मावलम्बीको मस्जिद क्षेत्रको विकास गरी व्यापक प्रचारप्रसार गर्न सके धार्मिक पर्यटनको पनि प्रचुर सम्भावना रहेको छ । यहाँ प्रत्येक वडाहरुमा पर्यटकीय आर्कषणका केन्द्रहरु रहेका छन् । नगरपालिकामा मठ, मन्दिर, मस्जिद तथा सुन्दर प्राकृतिक बगैंचाहरु रहेकोले यी क्षेत्रहरुलाई पर्यटकीय क्षेत्रको रुपमा चिनाउन तथा विकास गर्न सकिन्छ ।

विशेषगरी सीता माताले गोसाइ पोखरीमा स्नान गरी पूजा गर्ने गरेको माँडिबारिनी मन्दिर, फूल टिप्ने तथा खेल्ने गरेको फलगामा बगैंचा, रामजानकी विवाहमा रामको घोडा बाँधिएको विश्वास गरिएको घोडघास जस्ता स्थानहरु विद्यमानमा नगरपालिकासँग ८ कि. मि. वरपर जनकपुर उप-महानगरपालिकामा अवस्थितका कारण धार्मिक पर्यटनको अधिक सम्भावना रहेको छ । साथै मिथिला संस्कृति झल्किने मिथिला नाच, मैथली गाथाहरु जोडेर साँस्कृतिक पर्यटनको प्रसस्त संभावना रहेको छ । त्यसैगरी अर्न्तरराष्ट्रिय सिमा स्तम्भ, बाढी, डुवान ,कटान आदिको अध्ययन गर्ने विद्यार्थी, अनुसन्धानकर्ता, इन्जिनियर लगायत यहाँ बसोबास गर्ने जातजाती तथा संस्कृतिका बारेमा समाजशास्त्रिय तथा मानवशास्त्रिय अध्ययन गर्ने विद्यार्थी तथा अनुसन्धानकर्ताहरुलाई यो नगरपालिका एक शैक्षिक पर्यटकीय क्षेत्र पनि हो ।

**उद्योग व्यापार व्यवसाय**

मुख्यतया कृषि पेशामा संलग्न घरपरिवारको संख्या बढी भएको इलाका भएकोले मध्यम र ठूलो स्तरका उपभोक्ता बजारहरूको यहाँ विकास भएको छैन तसर्थ उद्योग, व्यापार र वाणिज्य क्षेत्रको आधारभूत तहबाट नै विकास हुन बाँकी छ । यद्यपि कृषिमा आधारित केही उद्योगहरु भने हाल यहाँ सञ्चालनमा रहेका छन् । नगरपालिकामा धेरैजसो ईटा उद्योगहरु रहेका छन् । नगरपालिकामा कुल भू-भागमध्ये ०.४० प्रतिशत भू- भाग ईटाभट्टाले ओगटेको छ । वडा नं १ मा गंगा फिक्स ईटा उद्योग, हरि ओम ईटा उद्योग, फर्निचर कारखाना, ग्रील कारखाना, आरा मेसिन, वडा नं. २ मा सुभव ईटा उद्योग, जनक ईटा उद्योग, फर्निचर उद्योग, ग्रील उद्योग, वडा नं. ३ मा दुग्ध डेरी उद्योग, वडा नं. ४ मा जय माँ ईटा उद्योग, ग्रील कारखाना लगायतका उद्योगहरू रहेका छन् । नगरपालिकामा भएका उद्योगहरु सबल र विस्तार भएको भने देखिदैन । कृषिमा आधारित उद्योगहरुको राम्रो सम्भावना भने भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ ।

**वित्तिय संस्था तथा सहकारी**

ग्रामीण पूँजीको संकलन र उचित सदुपयोग मार्फत आय आर्जन गर्न वित्तिय संस्था तथा सहकारीको महत्वपूर्ण भूमिका हुन्छ। कारोबार चलायमान हुन स्थानीय स्तरमा व्यापक रुपमा पूँजीप्रवाह भैरहने वातावरण हुनुपर्दछ। हाल यहाँ वाणिज्य स्तरको मेघा बैङ्क र कृषि विकास बैङ्क वडा नं. २ मा र माछापुच्छे बैन वडा नं. ४ मा सञ्चालनमा रहेका छन्। यस नगरपालिकामा समेत १८ वटा सहकारी संस्थाहरु रहेका छन्। यी संस्थाहरु महिला, ऋण तथा बचत, कृषि, बहुउद्देश्यीय गरी सबै प्रकारका छन्। यी सहकारीहरु मुख्य गरी घना वस्ती भएका मुख्य बजार केन्द्रहरू जस्तै वडा नं. १ को खडका, वडा नं. २ को नगराईन, जटही, वडा नं. ३ को फुलगामा, वडा नं. ४ को फुलगामा बजार, वडा नं. ६ को पश्चिमवारी, पूर्वारी टोल, वडा नं. ८ को खिर्खिरिया र वडा नं. ९ को बाहुन टोल, विजला टोल, घोडघाँस र बजवामा केन्द्रित भएर रहेका छन्।

कुनै पनि स्थानको अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससंगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ। हाल नगरपालिकाको घरधुरी तथ्याङ्क संकलन २०७७ को तथ्याङ्क अनुसार ७०.५ प्रतिशत घरधुरीमा परिवारका सदस्यको बैङ्क खाता रहेको पाइएको छ।

## २.४ सामाजिक अवस्था

**शिक्षा**

राष्ट्रिय जनगणना २०७८ अनुसार समग्रमा नगरपालिकाको साक्षरता दर ६२.७ प्रतिशत रहेको छ। यसमा पुरुष साक्षरता दर ७२ प्रतिशत र महिला साक्षरता दर करीव ५४.१ प्रतिशत रहेको पाइन्छ। हाल नगरपालिकामा आधारभूत र माध्यमिक गरी १६ वटा सामुदायिक तथा १२ वटा संस्थागत (निजी) विद्यालयहरु तथा ५ वटा मदरसा रहेका छन्। नगरपालिकाको वडा नं. ५ पश्चिमबारी स्थित MBBS समेत पढाइ हुने मिथिला आयुर्वेदिक क्याम्पस पनि रहेको छ। राजेश्वर निधि मा. वि. नगराईन र श्री गिरिजा मा. वि फुलगामा बहिरीमा मात्र कक्षा १२ सम्म अध्ययन हुने गर्दछ।

तालिका ३ शिक्षा क्षेत्रको अवस्था तथा उपलब्धि

| विवरण | अवस्था |
|---|---|
| साक्षरता दर (प्रतिशतमा) | ६२.७ |
| निरक्षरता दर (प्रतिशतमा) | ३७.३ |
| पुरुष साक्षरता दर (प्रतिशतमा) | ७२ |
| महिला साक्षरता दर (प्रतिशतमा) | ५४.१ |

स्रोत : जनगणना २०७८

**स्वास्थ्य**

नगराईन नगरपालिकामा हाल ५ वटा स्वास्थ्य चौकी र ४ वटा आधारभूत स्वास्थ्य केन्द्रहरु रहेका छन्। हाल यस नगरपालिकाका नौ वटै वडामा खोप केन्द्र र वडा नं. १, ६ र ८ मा बाहेक सबै वडामा गाउँघर क्लिनिक सञ्चालनमा रहेका छन्। त्यसैगरी नगरपालिकामा प्राइभेट स्तरबाट संचालित ३ वटा हस्पिटलहरुका साथै वडा नं. ५ गंगुली पश्चिमबारी स्थित MBBS समेत पढाइ हुने मिथिला आयुर्वेदिक क्याम्पस पनि रहेको छ। यी संस्थाहरुबाट सीमित मात्रामा मात्र स्वास्थ्य आधारभूत सेवा सञ्चालन भएतापनि धेरै जसो आधारभूत स्वास्थ्य सेवाको अपर्याप्तता रहेको छ। नेपाल सरकारको “एक स्थानीय तह एक अस्पताल निर्माण” अभियानअन्तर्गत नगरपालिकामा एक १५ शैयाको हस्पिटल निर्माण गरी सो हस्पिटललाई सुविधा सम्पन्न बनाउन सके स्वास्थ्य सेवा प्राप्तीमा केही राहत मिली देखिन्छ।

**खानेपानी तथा सरसफाई**

खानेपानी एक महत्वपूर्ण वस्तु हो मानव जीवनको लागि अत्यन्त महत्त्वपूर्ण हो। नगराईन भित्र अधिकाश खानेपानी ट्युववेल तथा हाते पम्पबाट उपलब्ध भइरहेको छ। शुद्ध खानेपानी यहाँको एक विषम समस्या नै हो र यसलाई निराकरण गर्न नगरपालिकाले नयाँ योजना वनाई छिटो कार्यान्वयन गरी जनतालाई शुद्ध पानीको उपलब्ध गर्नु पर्दछ। तराईको नगरपालिका भएकाले भूमिगत जलस्रोतको पर्याप्त उपलब्धता छ। तर पानी शुद्धिकरणको प्रभावकारी उपाय अवलम्वन नभएको पाइन्छ। यसैले पिउने पानीको शुद्धताको सुनिश्चितता गर्न जरुरी छ। प्रत्येक वडामा सम्पूर्ण घरधुरीमा पूर्ण रुपमा शुद्ध पानीको प्रबन्ध

हुन सकेको छैन । खानेपानी वितरणलाई पूर्णता दिन ठूलो लगानी गर्नुपर्ने अवस्था रहेको छ । हाल जटही, राधोपर स्थित पर्णाही पोखरी डिल खानेपानी आयोजना सम्पन्न पछि करीब २५०० घरधुरी शुद्ध पानीबाट लाभान्वित हुने छन् ।

वि.स. २०७८ को राष्ट्रिय जनगणना अनुसार नगराईन नगरपालिका भित्र करीब १७.२ प्रतिशत (१३६०) घरमा चर्पिको व्यवस्था नभएको पाएको छ, जुन एकदम गम्भिर समस्या हो । यसले वरपरको सरसफाईमा कति गम्भिर असर गर्छ सजिलै यकिन गर्न सकिन्छ । नगरपालिकामा प्रयोग गरी राखेको सबै जसो चर्पिमा ढलको सुविधाको कमि रहेको पाइएको छ, यसबाट पनि सरसफाईमा कमि देखिन्छ । नगरपालिकाले सफा र वातवरण मैत्री सार्वजनिक शौचालय निर्माण गरि जनतालाई थप सुविधा दिनु पर्छ । ४४८९ घरमा सेफ्टी ट्यांक सहितको फ्लश ट्वाइलेट, ७७ घरमा फ्लश ट्वाइलेट, १९६३ घरमा खाल्डा चर्पी, २२ घरले सार्वजनिक शौचालयको प्रयोग गर्ने गरेका छन् भने १३६० घरमा शौचालय नै नभएको भेटिएको छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

सामाजिक जागरणको पर्याप्तमा नभएको, राजनैतिक चेतनाको परिपक्वता भैनसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गिय स्वरुपको समाजमा व्यापक रुपान्तरण समेत भैनसकेकोले नेपालमा लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान र सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाइहरुको सम्बोधन तथा समग्र सामाजिक समावेशीकरणका मुद्दाहरु सामाजिक विकासका दृष्टिले केन्द्रिय भाग मै रहेका छन् । यसर्थ यस नगरपालिकामा समेत यी सवालहरुको व्यापक सार्न्दभिकता रहेको र विकास योजनाले यी विषयहरुलाई महत्व दिएर समेट्नु पर्ने देखिन्छ । हाल यस नगरपालिकामा घरधुरी सर्वेक्षण २०७७ को तथ्याङ्क अनुसार कुल जनसंख्याको आधा अर्थात ४९.४८ प्रतिशत महिलाको जनसंख्या रहेको छ भने ६० वर्ष माथिका जेष्ठ नागरिकको जनसंख्या ९.८६ प्रतिशत छ । अर्को तर्फ अपाङ्गता भएका व्यक्तिहरुको जनसंख्या १.२ प्रतिशत रहेको छ । यस मध्ये पनि शारीरिक अपाङ्गता भएको जनसंख्या सबैभन्दा बढी अर्थात कुल ३६,४९० जनसंख्या मध्ये २६२ जनामा शारिरिक अपाङ्गता भएको जनसंख्या रहेको छ । यो कुल अपाङ्गता भएका व्यक्तिहरु ४२१ मध्येबाट ६२. २३ प्रतिशत हो । समाजमा सीमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरुको सम्मापूर्वक जीवनयापन गर्न पाउने नैसर्गिक अधिकार सुनिञ्चित नगर्दा सम्म सभ्य र सौर्हादपूर्ण समाजको परिकल्पना गर्न सकिदैन ।

**युवा तथा खेलकुद**

राष्ट्रिय युवा नीति २०७२ अनुसार १५ देखि ४५ वर्ष उमेर समुहलाई यवा समुहमा राखिएको छ । देशको प्रमुख श्रम शक्ति, मानव संशाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरु हुन् । युवाको सार्मथ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरुले नै ठूलो फड्को मारेका छन् । वि स २०७८ को जनगणना अनसार नगराईन नगरपालिकाको युवा जनसङ्ख्या पनि १६७३५ मात्र रहेको छ । जसमा पुरुषको संख्या ७४९० रहेकोमा महिलाको संख्या ९२४५ जना रहेको छ । यो सक्रिय जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ हो । यस प्रकारको युवा शक्तिलाई देशमै उपयूक्त रोजगारी दिनसके छोटो अवधि मै आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिन्छ ।

नगरपालिकाले आफ्ना नीति तथा कार्यक्रममा खेलकुद विकासलाई महत्व दिएको छ । नगरपालिकाले नगर स्तरीय खेलकुद कार्यक्रमलाई आवश्यक प्रवर्धन र प्रोत्साहन गरिने नीति लिएको छ । प्रत्येक वर्ष मेयर कप रनिङ्ग शिल्ड क्रिकेट संचालन गर्ने उद्देश्य नगरपालिकाको छ ।

**भाषा, धर्म र संस्कृति**

कुनै पनि समदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभुषा र रहनसहन हुन्छ । सदियौ देखि गर्दै आइरहेका रितिरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुर्याइरहेको हुन्छ । अर्कोतर्फ समुदायपिच्छे आफ्ना आफ्ना धर्म, सस्कृति, रितिरिवाज र परम्पराहरु हुन्छन् । ती सबै फरक रीतीरिवाज, रहनसहन र परम्पराहरु समुदाय र समाजका विशिष्ट पहिचानका साथै बौद्धिक सम्पदा भएकोले तिनीहरुको संरक्षण गर्नु जरुरी छ । नगराईन नगरपालिका

यस्ता मौलिक तथा सास्कृतिक विविधतामा धनी नगरपालिका हो । यस नगरपालिकामा विभिन्न जाती, धर्म, सम्प्रदायका मानिसहरु बसोबास गर्दछन् । धानुक, यादव, तेली, बाम्हण तराई , बेल्दार, मुसलमान आदि जातीका मानिसहरुको बसोबास रहेको यो नगरपालिकामा हिन्दु धर्म मान्ने मानिसहरुको बाहुल्यता रहेको छ भने यसबाहेक इस्लाम र क्रिस्चियन लगायत अन्य धर्म मान्ने मानिसहरु पनि रहेको छ । सबै जातजाती सम्प्रदायका आ आफ्नै खाले धर्म, सस्कृति र चालचलनहरु छन् । दशै, दिपावली, छठ, होली, जितिया पर्व, तीज, चौरचन, बक्र इद, समाचकेवा, क्रिसमस जस्ता विभिन्न चाड पर्व एव सांस्कृतिक उत्सवहरु मनाइने गरिन्छ ।यहांको विशिष्ट नाचहरु अल्हा रुदल, झिझिया नाच, अर्केतट्रा, कुवर वृजभान आदि पर्दछन् । यो नगरपालिकाको विभिन्न धार्मिक एवं सांस्कृतिक स्थलहरु जस्तै कृष्ण मन्दिर, तपसी थान, दुर्गा मन्दिर , हनुमान मन्दिर, मंगलबाबा आदि रहेका छन् । यस नगरपालिकामा ढोलक ,मादल, तवला, खैजडी, झाल बजाउने, डम्फु, हार्मोनियम जस्ता सास्कृतिक बाजाहरु पनि प्रचलनमा रहेका छन् ।

मातृभाषा अनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस नगरपालिकामा मैथली भाषा बोल्नेहरूको संख्या सबैभन्दा बढी अर्थात ३६७७१ रहेको देखिन्छ । त्यसैगरी उर्दु भाषा बोल्नेहरूको संख्या ६०४ रहेको छ । नगरपालिकामा नेपाली बज्जिका अवधि, हिन्दी, सुनुवार, मगाही लगायतका भाषा बोल्नेहरूको संख्या तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ । सबै आ(आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ।

## २.५ पूर्वाधारको अवस्था

### सडक तथा यातायात

प्रदेश नं. २ मा पर्ने धनुषा जिल्लाको नगराईन नगरपालिका समथर तराई भूभागमा पर्ने हुँदा सडक तथा यातायात पूर्वाधार विकासको हिसाबले सन्तोषजनक अवस्थामा छ । यो नगरपालिका पूर्वपश्चिम राजमार्गको ढल्केवर खण्डबाट करिब ३१ कि. मि. तथा जिल्ला सदरमुकाम जनकपुरबाट करिब ८ कि. मि. दूरीमा रहेकाले सडक सञ्जालमार्फत नगरपालिकाको पहुँच बिभिन्न जिल्लासँग विस्तार भएको छ । त्यसैगरी जनकपुरदेखि जटहीसम्म १३ किलोमिटर चार लेनको सडक नगरपालिकाको बिच भागबाट गएको अवस्था छ । तथापी नगरपालिकास्तरीय चक्रपथको निर्माण गरी सम्पूर्ण वडाहरूलाई स्तरीय सडक सञ्जाल मार्फत् नगरपालिका केन्द्रसँग जोड्नुका साथै जिल्ला सदरमुकाम जनकपुरसँग जोड्नु पर्ने देखिन्छ । त्यसैगरी नगरपालिकाभित्रको आन्तरिक सडक सञ्जाल पर्याप्त रहेका तथा कालोपत्रे भएका भए तापनि सडकहरू सांघुरा र स्तरोन्नति नगरिएको अवस्थामा छन् । विशेषगरी वर्षायाममा जीर्ण पक्की पुलका तथा डुबानका कारण वस्तीहरूबीच सम्पर्क स्थापित हुन कठिन हुन्छ । हिउँदमा धुलाम्य भए पनि सडक सञ्चालन हुने भएकाले नगरपालिकाका सडकहरू (Fair Weather) सडकको रूपमा रहेका छन् । नगराईन नगरपालिकामा कृषि पर्यटन, धार्मिक तथा सांस्कृतिक पर्यटन र शैक्षिक पर्यटन विकासको प्रचुर सम्भावना रहेकोले सडकहरूको प्राथमिकताका साथ स्तरोन्नति गर्नु श्रेयष्कर देखिन्छ ।

### सिंचाई

तराईको समथर मैदानमा रहेको अवस्थितिका कारण यस नगरपालिकामा पर्याप्त मात्रामा कृषियोग्य जमिन रहेको छ । नगरपालिकामा हाल वलहट्टी पोखरी, ओलारा पोखरी, सगरदिना बढकी, सगरदिना छोट्की, घवहा पोखरी, डवरा, डोरा, भरैया पोखरी, भइन पोखरी, डोढी खता जस्ता आयोजनाहरुबाट तथा भूमिगत जलस्रोत मार्फत कृषियोग्य जमीनमा सिंचाई गरिँदै आएको छ, तथापि अपर्याप्त सिंचाई सुबिधाका कारण सम्पूर्ण खेतीयोग्य जमिन सिंचित हुन सकेको छैन । सिंचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ ।

### बस्ती विकास तथा शहरीकरण

मानव जीवनको आधारभूत आवश्यकताहरु मध्ये आवास पनि एक हो र नेपालको संविधानले पनि सुरक्षित तथा वातावरण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । नगराईन नगरपालिकाको कुल ७९२१ घरपरिवार मध्ये २०४६ अर्थात २५.८ प्रतिशत घरपरिवार बसोबास गर्ने घरहरु पक्की, त्यस्तै २२५९ घरहरु अर्थात २८.५ पतिशत घरहरु अर्धपक्की , ६४८ घर

अर्थात ८.२ प्रतिशत घरहरु कच्ची, २९६० घरहरु अर्थात ३७.४ प्रतिशत घरहरु टहरा र छाप्रो  रहेका छन् । (श्रोत : राष्ट्रिय जनगणना, २०७८)

नगराईन नगरपालिका भित्र अधिकांश घरहरु कच्ची तथा विपन्न अवस्थामा रहनुले यस नगरपालिकाका घरहरु भूकम्पीय तथा अन्य प्राकृतिक प्रकोपबाट सुरक्षित नरहेको र सधै जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हन्छ । यहाँ अधिकांश घरहरु कच्ची/ झुप्रो टहराको रुपमा रहेकोले सुरक्षित देखिदैन । समथर भू धरातलका कारण बस्ती डुवान तथा कटान हुने क्षेत्र परेको हुँदा धेरै जोखिममुक्त बस्ती विकासको आवश्यकता रहेको छ । नगरभित्र बन्ने नयाँ घरहरुलाई व्यवस्थित गर्न घर निर्माण सम्बन्धी मापदण्ड कार्यान्वयन गरिसकेको छ । नगरपालिकामा मिश्रित जनघनत्व भएका वस्ती क्षेत्रहरू निम्नानुसार छन् :

तालिका ४ मुख्य बस्तीहरुको विवरण

| वडा नं. | मुख्य वस्तीहरुको विवरण |
|---|---|
| १ | हाँसपट्टी, खड्का गाउँ, बहिरी, मुसहरी टोल (सदा टोल) |
| २ | जटही, राधोपुर, नगराईन |
| ३ | रामबाग, फुलगामा, बहिरी, नवटोली |
| ४ | फुलगामा बजार टोल, हलखोरी टोल, चमार टोल, महरा टोल, बंगला बजार टोल, पाखर चोक टोल, बिचला, गिरिजा मा.वि. टोल |
| ५ | गंगुली पूर्वारी टोल, गंगुली पश्चिमवारी टोल र गंगुली दक्षिणवारी टोल |
| ६ | लगमा पूर्वारी टोल, लगमा पश्चिमवारी टोल |
| ७ | विर्ता, देवडिहा, नवटोली |
| ८ | अकौरा, खिरखिरिया |
| ९ | घोडघाँस - बजवा टोल, बिजला टोल, बवन (ब्रह्मण) टोल, दुस टोल ( पासवान टोल), तेलियानी (साहुजी) टोल |

स्रोत : नगरपालिका अभिलेख, २०७९

## विद्युत तथा वैकल्पिक उर्जा

नगराईन नगरपालिकामा रहेका कुल घरधुरी ३८०३७ मध्ये ९८.४८ घरधुरीमा विद्युत उपलब्ध भएको छ । जनताको जीवन स्तरलाई सरल सहज बनाउन र व्यावसाय तथा उद्योग धन्दा सञ्चालन विद्युतिकरणले महत्त्वपूर्ण भूमिका खेल्छ । नगरपालिकाको घरधुरी तथ्यांक अनुसार खाना पकाउनका लागि कुल घरपरिवारमध्ये ५६४५ अर्थात् ७४.४ % ले काठ दाउरा, १२८६ अर्थात् १६.९ % ले एलपी ग्याँस र बाँकी घरधुरीले मट्टितेल, बायोग्याँस जस्ता अन्य ऊर्जाका स्रोत प्रयोग गर्दै आएका छन् । कुनैपनि स्थानमा बसोबास गर्ने नागरिकको जीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युत् तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । माथिको तथ्याङ्कलाई हेर्दा नगराईन नगरपालिकामा विद्युतीकरणको अवस्था सन्तोषजनक नै रहेको छ तथापी व्यवसाय संचालन तथा औद्योगिकरणका लागि आवश्यक क्षमताको विद्युत् लाइन जडान हुनसकेको छैन । त्यसैगरी घरायसी प्रयोजनका लागि प्रयोग हुने विद्युतमा समेत low voltage का कारण समस्या आउने गरेको पाइन्छ । तसर्थ नगरपालिकामा विद्युत् प्रसारण लाइनमा सुधार गर्नुपर्ने साथै low voltage हुने स्थानहरुमा ट्रान्सफर्मरको स्तरोन्नती तथा नयाँ ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ । विद्युत सेवा सुधार तथा विस्तारका साथसाथै वैकल्पिक र नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि समेत ठोस कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने देखिन्छ । विद्युत ऊर्जा साथसाथै सौर्य उर्जा जस्ता अन्य वैकल्पिक ऊर्जाबाट विभिन्न उद्योग तथा व्यवसाय, सिंचाई आयोजना, खानेपानी आयोजना समेत सञ्चालन गर्न सकिन्छ । घरायसी खाना पकाउन प्रयोग गरीने इन्धनको स्रोतको रुपमा मूलतः काठ दाउरामा निर्भर यस नगरपालिकामा विद्युत, बायोग्याँस, एलपी ग्यासको प्रयोग सीमित मात्रामा मात्र गरेको पाइन्छ । काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरु मध्ये स्वास्थ्यमा पर्ने असर र वनजङ्गलको विनाश प्रमुख हुन् । अतः यस नगरपालिकामा अल्पकालीन रुपमा सौर्य उर्जा र वायो ग्याँसलाई तथा दीर्घकालीन रूपमा जलबिद्युत ऊर्जालाई जोड दिनु आवश्यक छ ।

### सूचना तथा सञ्चार

सामान्यतया वस्तीहरू बाक्लो भएका क्षेत्रहरूमा नेपाल टेलिकम तथा एनसेलजस्ता दुरसञ्चार सेवा प्रदायक कम्पनीहरूले सेवा प्रदान गरेका छन् । मोबाइल फोनको प्रयोग मार्फत सूचना र खबर आदानप्रदानमा एक प्रकारको क्रान्ति नै भए तापनि यो नगरपालिकामा इन्टरनेट प्रविधिको विस्तार र गुणस्तर सुधारमा थप लगानी गर्नुपर्ने देखिन्छ । नगरपालिकामा रेडियो नेपालको प्रसारण र विभिन्न स्थानीय एफएमहरू जस्तै मिथिलान्चल एफ.एम, जानकी एफ.एम, रेडियो जनकपुर, जनकपुर एफ.एम, कान्तिपुर एफ.एम आदिको प्रसारण भएको सुनिन्छ । यहाँ राष्ट्रिय दैनिक पत्रिका जस्तै गोरखापत्र, कान्तिपुर आदिको सहज आपूर्ति नगरपालिका कार्यालयमा भए पनि स्थानीयहरू सूचनाको पहुँचबाट टाढै रहेका छन् । जनकपुर टुडे, डेली एक्सप्रेस, जनकपुर एक्सप्रेस, रेजा टुडे यहाँका स्थानीय पत्रिकाको रुपमा रहेका छन् । आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस नगरपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरु गर्नुपर्ने आवश्यकता छ ।

## २.६ वन वातावरण तथा विपद व्यवस्थापन

### वन तथा जैविक विविधता

नगराईन नगरपालिकामा ठूला वन जंगल नभए तापनि नगरपालिकाको कुल भ-भाग मध्ये करीब ६.६७ प्रतिशत भुभाग आँप, कटहर, लिची, जामुन, केरा लगायतको बगैंचाले ओगटेको छ । दिगो विकास लक्ष्यको लक्ष्य नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ । तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ । अर्कोतर्फ यस नगरपालिकामा बगैंचा क्षेत्रबाहेक बाँझो जमिन प्रशस्त मात्रामा रहेकोले उक्त जमिनमा ब्यापक जनपरिचालन गरी बृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा नगरपालिकालाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी सीमित मात्रामै भएपनि वनलाई आयआर्जनसँग जोड्न सकिन्छ । त्यसैगरी तराइको समथर क्षेत्र भएकाले अधिकांश क्षेत्रमा वर्षातको समयमा निरन्तर नदी कटान हुने र विभिन्न वडाहरु डुबानमा परी सडक अवरुद्ध हुनुका साथै धनजनको क्षति हुने हुनाले भू-संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरुमा वृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी नियन्त्रण र भू-संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै भू-संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु अति आवश्यक छ ।

### जलाधार व्यवस्थापन

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ । यस नगराईन नगरपालिका पनि जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न छ । नगरपालिकामा सोती नदी, जलाद नदी, जमुनी नदी तथा चुरेबाट उत्पत्ति भई बग्दै आएका गदही पोखरी, अलौरा पोखरी, दुधा पोखरी, पुरनी पोखरी जस्ता पोखरीहरु महत्वपूर्ण जलाधार क्षेत्रका रुपमा रहेका छन् । तथापि यस्ता जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ । समृद्धिका आधारहरु मध्ये जलस्रोत पनि एक हो । तसर्थ यस नगरपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र नगरपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ ।

### विपद व्यवस्थापन तथा जलवायु परिवर्तन

नगराईन नगरपालिका प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ । यस नगरपालिकामा विशेषगरी बाढी, नदी कटान, हावाहुरी, असिना, चट्याङ, डढेंलो जस्ता प्राकृतिक प्रकोपहरु देखापर्दै आइरहेका छन् । यस्ता प्रकोपहरु सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसका लागि नगरपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्नु आवश्यक हुन्छ ।

जलवायू परिवर्तनका प्रमुख कारक तत्वहरू नै प्रकृति उपर हुने मानवीय गतिविधिहरू नै हुन् । जलवायू परिवर्तनका असरहरूलाई न्यूनिकरण गर्न यिनै मानवीय गतिविधिहरूलाई व्यापक रुपमा सुधार गर्नुपर्ने हुन्छ । त्यसो गर्दा वातावरणमैत्री व्यवहारहरूलाई संवेदनशील हिसाबले अभ्यास गर्नुपर्दछ । अर्कोतर्फ मानवीय व्यवहारहरूमा पूर्ण नियन्त्रण गर्नु असम्भव जस्तै हुन्छ । तसर्थ जलवायू परिवर्तनका असरहरूलाई पूर्णत शुन्यमा झार्न सकिँदैन । यस परिस्थितिमा त्यस्ता असरहरूको सामना गर्नुपर्ने हुन्छ । यसका लागि स्थानीयस्तर बाटै जलवायू अनुकूलताका कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ ।

## २.७ संस्थागत विकास

| तालिका ५ बजेट विनियोजन (रकम रु हजारमा) | |
|---|---|
| आर्थिक वर्ष | कुल वार्षिक बजेट( रु. लाखमा) |
| २०७७/७८ : यथार्थ | ३४०५.९१४१ |
| २०७८/७९ : यथार्थ | ४०१९.६७५३ |
| २०७९/८० : संशोधन अनुमान | ४६८४.९ |
| २०८०/८१ : अनुमान | ५४६८.७५७ |
| स्रोत : वार्षिक नगर विकास योजना, २०७८/७९ र २०७९/८० | |

नगरपालिकाको वार्षिक नगर विकास योजना (२०७९-८०) अनुसार नगर कार्यपालिकामा ३९ जना कर्मचारीहरु कार्यरत रहेको देखिन्छ । यसको अलवा रोजगार फाँटमा २ जना कर्मचारी, कृषि शाखा अन्तर्गत वडामा कार्यरत कर्मचारीहरु २ जना, पशु शाखा अन्तर्गत  कार्यरत प्राविधिकहरु ३ जना कर्मचारीहरु कार्यरत रहेको पाइन्छ ।  यसरी नगरपालिका अन्तर्गत शाखाहरु १३ वटा व्यवस्था गरी क्रियाशील रहेका छन् । त्यस्ता शाखा, उपशाखा तथा इकाइ र केन्द्रहरु यसप्रकार रहेको पाइन्छ । प्रशासन फाँट, आर्थिक शाखा, जिन्सी शाखा,स्वास्थ्य शाखा, प्राविधिक शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, सूचना प्रविधि शाखा, रोजगार शाखा, कृषि विकास शाखा, पशुसेवा शाखा, , सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा, न्यायिक समिति र राजस्व शाखा। संगठनात्मक संरचना तर्फ नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसारका समितिहरु विधायन समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, अनुगमन समिति, न्यायिक समिति र विषयक्षेत्रगत समितिहरुमा पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, वन वातावरण तथा विपद व्यवस्थापन समिति र सार्वजनिक सेवा तथा क्षमता विकास समितिहरु गठन गरिएको छ । त्यसैगरी आयोजनाहरुको दिगोपनाका लागि मर्मत सम्भार विशेष कोष सञ्चालन समिति समेत गठन भएको छ । नगरसभा अन्तर्गतका समितिहरुमा खासगरी लेखा समिति र सुशासन समिति गठन अझै बाँकी रहेको देखिन्छ ।

# परिच्छेद तीन
# नगरपालिकाको वस्तुस्थिति विश्लेषण

## ३.१ नगरपालिकाको संक्षिप्त परिचय

नगरपालिकाको आर्थिक क्षेत्रको अवस्था र सम्भावनालाई हेर्दा खेतियोग्य जमिनको उपलब्धता भएकोले सिंचाइको उचित प्रवन्ध हुन सके कृषिको वैज्ञानिकीकरण र व्यावसायिकरण मार्फत आर्थिक समृद्धि हासिल गर्न सकिन्छ । नगरपालिकामा हुने प्रमुख वाली हरुमा धान र गहुँ हुन भने नगदे वालीहरुमा आलु, दलहन वालीमा मुँग, खेसारी, रहरी, मसुरी, केराउ, लतरी, तरकारीमा प्राय सबै प्रकारका तरकारीहरु, फलफुलमा विशेषगरी आँप, कटहर, लिची, अनार, केरा, जामुन र अम्बा रहेका छन् । यी वाहेक यस नगरपालिकामा रैथाने प्रजातिका कतर्नी जातको धानको समेत खेती हुने गर्दछ । नगरपालिकामा धेरै साना उद्योग, कल कारखानाहरु रहेपनि ठूला स्तरका उद्योगहरुको स्थापना हुन सकेको छैन । विषेशगरी कृषिमा आधारित प्रशोधन उद्योगहरुको राम्रो सम्भावना रहेको छ । हालका वडा केन्द्रहरु रहेका र अन्य केही विकसित भैरहेका स-साना बजार केन्द्रहरु जस्तै बैरही, नगराईन, रामबाग, गोसाई पोखरी, फुलगामा, खिर्खिरिया, बहुअर्वा, घोडघाँस जस्ता बजार वाहेक ठुला स्तरका उपभोक्ता बजारहरुको विकास भने भएको छैन । यहाँ वडा नं. २ मा मेघा बैङ्क र कृषि विकास बैङ्क तथा वडा नं. ४ मा माछापाछे बैङ्क र अन्य वडाहरुमा लघुवित्तहरु लगायत बचत तथा ऋण सहकारी संस्थाहरु रहेका छन् ।

अर्को तर्फ यस नगरपालिकामा पर्यटनको समेत राम्रो संम्भावना रहेको छ । विशेषगरी कृषि पर्यटन, धार्मिक तथा सांस्कृतिक पर्यटनका प्रमुख संभावना रहेको पाइन्छ । हाल विशेषगरी धान, गहुँ, मुँग पकेट क्षेत्र साथै अन्तरबाली प्रणाली विकास भैरहेकोले नगरपालिकालाई नमुना कृषि क्षेत्रको रुपमा विकास गर्न सके कृषि पर्यटनको समेत राम्रो सम्भावना रहेको छ । नगरपालिकाको वडा न. १ मा शिवमन्दिर, वडा न. २ मा रामजानकी मन्दिर, राघोबाबा मन्दिर, वडा नं. ३ मा विभिन्न शिवमन्दिर, बरमबाबा, संकटहरण हनुमान मन्दिर, वडा न. ४ मा महारानी मन्दिर, रामजानकी मन्दिर, गोसाइ पोखरी, वडा नं. ५ मा जिराती गाछी, महादेव मन्दिर, माधव ठाकुर, वडा न. ६ मा नुरी मस्जिद, बजरंगवली मन्दिर, वडा नं. ७ मा रामजानकी कुटी, वडा नं. ८ मा अकौरा ठाकुर पोखरी र वडा नं ९ मा सिमरा कोन, माता महारानी हनुमान मन्दिर जस्ता धार्मिक स्थलहरु प्रशस्त रहेका छन् । विशेषगरी सीता माताले गोसाइ पोखरीमा स्नान गरी पूजा गर्ने गरेको माँ डिहिबारिनी मन्दिर, फूल टिप्ने तथा खेल्ने गरेको फुलगामा बगैचा, रामजानकी विवाहमा रामको घोडा बाँधिएको विस्वास गरिएको घोडघाँस जस्ता स्थानहरू विद्यमान रहेका कारण जनकपुरसँग जोडेर यस नगरपालिकामा धार्मिक पर्यटनको प्रर्वद्धन गर्न सकिन्छ । साथै मिथिला संस्कृति झल्कने मिथिला नाच, मैथली गाथाहरू जोडेर सांस्कृतिक पर्यटनको विस्तार गर्न सकिने प्रचुर सम्भावना रहेको छ । त्यसैगरी विभिन्न जाति, धर्म सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्ने यो नगरपालिका भारतीय सीमासँग जोडिएकोले अन्तर्राष्ट्रिय सीमा स्तम्भ साथै बाढी, डुबान, कटान आदिको अध्ययन गर्ने विद्यार्थी, अनुसन्धानकर्ता, इन्जिनियर लगायत यहाँ बसोबास गर्ने जातजाति तथा संस्कृतिका बारेमा समाजशात्र तथा मानवशात्र अध्ययन गर्ने विद्यार्थी तथा अनुसन्धानकर्तालाई एक महत्वपूर्ण शैक्षिक गन्तव्य समेत हुन सक्दछ ।

## ३.२ प्रमुख सम्भावना, अवसर तथा  समस्या र चुनौतिहरु

तालिका ६ सबल तथा सम्भावना र चुनौति तथा कमजोर पक्ष

| सम्भावना | चुनौति |
|---|---|
| ➧ उर्वर कृषि भूमि<br>➧ कृषि एवं पशुपंक्षीपालनका लागि उपयुक्त क्षेत्र<br>➧ नगदे वाली, तरकारी एवं फलफुलका अति उपयोगी भूमि र व्यवसायिक खेतीको अभ्यास<br>➧ आर्थिक रुपमा सक्रिय जनसंख्या अधिक, कृषिमा आवद्ध जनसंख्या करीव ५२ प्रतिशत रहेकोमा १३९८८ (७०.२%) आर्थिक रुपमा सक्रिय रहेको<br>➧ सामाजिक, जातीय सदभाव, धार्मिक सहिष्णुता कायम<br>➧ २०,६७२ कुल जनसंख्या मध्ये १२,२६० (५९.३%) आर्थिक रुपमा सक्रिय जनसंख्या रहेको | ➧ गरिवी न्यूनीकरण गर्नु<br>➧ युवा वेरोजगार घटाउनु<br>➧ कृषि जैविक विविधता तथा रैथाने प्रजातिहरुको संरक्षण गर्नु<br>➧ खाद्यपदार्थ लगायतका उत्पादनहरुको आयातमा न्यूनीकरण गर्नु<br>➧ युवा वर्गको वैदेशिक रोजगारीतर्फको मोह तथा त्यसतर्फको पलायनलाई कम गर्नु<br>➧ विप्रेषणलाई आयमुलक क्षेत्रमा परिचालन गर्नु<br>➧ हुँदै आएको वाह्य क्षेत्रको वसाइ सराइलाई न्यूनीकरण गर्नु |

| तालिका ६ सबल तथा सम्भावना र चुनौति तथा कमजोर पक्ष | |
|---|---|
| ➧ कृषि पर्यटन, धार्मिक तथा सांस्कृतिक पर्यटनका प्रमुख संभावना | ➧ वालविवाह, वहुविवाह, लैङ्गिक हिंसा, लैङ्गिक विभेद, महिला हिंसाको अन्त्य तथा छुवाछुत प्रथा नियन्त्रण गर्नु<br>➧ सामाजिक सञ्जालहरुवाट हुँदै आएको साइवर अपराध एवं युवा वर्गमा लागु औषध दुर्व्यसनको नियन्त्रण गर्नु<br>➧ वातावरणीय, जैविक विविधता तथा पारिस्थितिकी प्रणाली सन्तुलन ल्याउनु<br>➧ प्राकृतिक प्रकोप एवं जलवायु परिवर्तनवाट हुँदै आएको खेतीपाली तथा धनजनको क्षति न्यूनीकरण गर्नु<br>➧ अति संवेदनशील तथा जोखिम क्षेत्रवाट वस्ती स्थानान्तरण गर्नु<br>➧ मानव र वन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरण तथा हिंसात्मक वन्यजन्तु नियन्त्रण गर्नु |
| **सवल पक्ष** | **कमजोरी पक्ष** |
| ➧ माछा, मासु, अण्डाको निकासी, नगदेवाली (चिया, कफी, कुरिलो...) फलफुल (ड्रागन, किवी, एभोगार्डो....) हरुको व्यवसायिक खेतीका लागि कृषकहरुलाई अनुदान, प्रोत्साहन<br>➧ कृषि पूर्वाधारहरुमा कृषि हाटवजार, सङ्कलन केन्द्र र कुलो निर्माण भएको<br>➧ स्थानीय कच्चा पदार्थ, सीपशैलीमा आधारित लघु, घरेलु तथा साना उद्योगहरु सञ्चालनमा<br>➧ विद्यालयहरुमा आधारभूत भौतिक पूर्वाधारहरुको व्यवस्था, विद्यालयसंग नगरपालिका कार्यक्रम सञ्चालन, र स्थानीय पाठ्याक्रम निर्माण भई कार्यान्वयन भएको<br>➧ पालिकाको निर्णय तहमा महिला, दलित वर्गको उपस्थिति, अपाङ्गता लगायत लक्षित वर्गको सशक्तीकरणका लागि सीप विकास तालिम प्रदान भएको<br>➧ अधिकांश वस्ती तथा घरपरिवारहरुको सडकमा पहुँच वृद्धि, कच्ची तथा ग्राभेल सडक निर्माण तथा स्तरोन्नति भएको<br>➧ प्राकृतिक प्रकोपवाट संवेदनशील, जोखिम क्षेत्रहरु पहिचान र नक्साङ्कन भएको<br>➧ सामाजिक जवाफदेहिका औजारहरुको प्रयोग भएको, नागरिक सहायता केन्द्र कियाशील रहेको, आन्तरिक आय वृद्धि भएको, वेरुजु फछ्र्यौट दर वढ्दो, पालिकाका सेवा प्रवाहहरु डिजिटल प्रविधिसंग जोडिदै | ➧ कृषक प्रोत्साहित तथा आकर्षण प्याकेज नहुनु<br>➧ नियमित सिंचाइ सेवाको अभाव तथा वैकल्पिक सिंचाइ प्रविधिहरु प्रयोगमा ल्याउन नसक्नु<br>➧ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको विकास, प्रवर्द्धन एवं वजारीकरणमा न्यून प्राथमिकता र उपलव्ध जडीवुटीहरुको व्यवसायीकरण एवं दिगो उपयोग हुन नसक्नु<br>➧ शिक्षामा गुणस्तरीय सुधार तथा शैक्षिक उपलव्धिमा वृद्धि ल्याउन नसक्नु<br>➧ गुणस्तरीय एवं आपतकालीन स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि ल्याउन कठिन<br>➧ सार्वजनिक भौतिक संरचनाहरु अपाङ्गतामैत्री, वालमैत्री, महिलामैत्री एवं वातावरणमैत्रीको अभाव<br>➧ भौतिक पूर्वाधारका सेवा सुविधाहरुको उपलव्धतामा पहुँच एवं सहजतामा कमि<br>➧ पानी मुहान, ताल पोखरीहरुको दिगो संरक्षण गर्नु र गल्छी पहिरो, आगलागी जस्ता प्रकोपहरु न्यूनीकरण गर्नु<br>➧ सेवा प्रवाहमा प्रभावकारी, पारदर्शिता र जवाफदेहिता कायम नहुनु र सेवाग्राहीको सन्तुष्टिदर वढ्न नसक्नु<br>➧ पारिस्पारिक लाभ तथा दीर्घकालीन प्रभाव पार्ने आयोजनाहरु सञ्चालनमा सीमाना जोडिएका, नजिकका पालिकाहरुसंग न्यून सहकार्य, साझेदारी तथा समन्वय<br>➧ निजी क्षेत्र, सहकारी एवं स्थानीय सरोकारवालाहरुसंग प्रभावकारी साझेदारी तथा सहकार्यमा आयोजना तथा कार्यक्रम सञ्चालन हुन नसक्नु |

स्रोत : राष्ट्रिय जनगणना २०७८। नगरपालिका अभिलेख, २०७९

## परिच्छेद चार
## दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

### ४.१ दीर्घकालीन सोच

नगराईन नगरपालिकाको दीर्घकालीन सोच यस प्रकार परिभाषित गरिएको छ :

**"हरियो खेत सुखी किसान, समृद्ध नगराईन नगरपालिका हाम्रो पहिचान"**

### ४.२ समष्टिगत लक्ष्य

नगराईन नगरपालिकाको यस आवधिक नगर विकास योजनाका लागि देहाय बमोजिम समष्टिगत लक्ष्य निर्धारण गरिएको छ । कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण, पर्यटकीय पूर्वाधार निर्माण एवं प्रवर्द्धन, औद्योगिक विकास, गुणस्तरीय एवं प्राविधिक तथा व्यवसायिक शिक्षाको उपलब्धता, सर्वसलभ र सहज स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि, लक्षित वर्गलाई मूलप्रवाहीकरण गरी समन्यायिक सुनिश्चिता, खेलकुदमा व्यवसायिकता विकास, व्यवस्थित दिगो वातावरणमैत्री भौतिक पूर्वाधारको निर्माण, वातावरणीय स्वच्छता विपद जोखिम न्यूनीकरण, सुशासनको प्रत्याभूति गर्दै

**सिँचाई सहितको उर्भर भुमि, व्यवसायिक कृषि र रोजगारी सृजना,स्वस्थ र सक्षम नागरिक, प्राविधिक शिक्षाको विकास, दिगो पूर्वाधार, वातावरण संरक्षणसहित प्राकृतिक श्रोतको समुचित उपयोग, सुशासन, प्रभावकारी सेवा प्रवाह सहित नागरिकको जीवनस्तर गुणस्तरीय बनाउने ।**

### ४.३ विषय क्षेत्रगत वृहत उद्देश्य

नगराईन नगरपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय वमोजिम विषयक्षेत्रगत वृहत उद्देश्य निर्धारण गरिएको छ ।

क) **आर्थिक विकास :**
स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनवाट आमनागरिकको आर्थिक स्थितिमा सुधार ल्याउनु

ख) **सामाजिक विकास :**
सामाजिक सेवा सुविधाहरुमा सवै वर्ग समुदायको पहुँच अभिवृद्धि गर्दै समन्यायिक समाजको निर्माण गर्नु

ग) **पूर्वाधार विकास :**
पूर्वाधारहरुको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै आमनागरिकहरुको जन जीवनमा सहजता ल्याउनु

घ) **वन, वातावरण तथा विपद व्यवस्थापन** :
विपद जोखिम न्यूनीकरण तथा जैविक विविधता एवं प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्दै दिगो उपयोग गर्नु

ङ) **सुशासन तथा संस्थागत विकास :**
संस्थागत क्षमता अभिवृद्धि गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शि, र सुशासनको प्रत्याभूति गराउनु ।

### ४.४ प्राथमिकता क्षेत्र

नगरपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, आवधिक नगरविकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषयक्षेत्रलाई विशेष प्राथमिकता दिइने छ ।

#### क) कृषि

कुल ३९ वर्ग कि.मि. क्षेत्रफल मध्ये ३३.२५ वर्ग कि मी अर्थात ८१.८५ प्रतिशत जमिनमा हाल खेतीपाती भैरहेको छ । आधार नक्शाको विश्लेषणको आधारमा यस नगरपालिकामा कृषि क्षेत्र भन्नाले प्रत्येक वडामा रहेका उर्वर खेतीयोग्य भू-भागलाई जनाउँछ । यस्ता क्षेत्रहरू विशेषत नदीको वहावको कारण जम्मा भएको उर्वर पाँगो युक्त माटो भएकोले सबै वडाहरूमा प्रचुरमात्रामा खेतीयोग्य समथर उर्वर भूमिको रुपमा रहेका छन् । यी क्षेत्रहरूमा समान प्रकृतिको भू-वनोट भएकाले एकीकृत रूपमा जलवायु अनुकूल माटोको प्रकृति अनुसार बालीनाली तथा फलफूल र तरकारीको खेती सघन रुपमा गर्नु उपयुक्त

देखिन्छ । यस्ता क्षेत्रहरूलाई उपयुक्तताको आधारमा कृषि पकेट क्षेत्र घोषणा गर्न सकिन्छ । विशेषगरी वडा नं २ मुँग पकेट क्षेत्रका रुपमा रहेको छ ।

**ख) पर्यटन :**

नगरपालिकाका प्रत्येक वडाहरुमा विभिन्न पर्यटकीय आकर्षणका केन्द्रहरु रहेका छन् । नगरपालिकामा मठ मन्दिर, मस्जिद तथा सुन्दर प्राकृतिक बगैंचा तथा पोखरीहरू रहेकोले यी क्षेत्रहरूलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिन्छ । नगरपालिकामा रहेका पर्यटकीय क्षेत्रहरूको विवरण निम्नानुसार छन् :

तालिका ७ पर्यटकीय क्षेत्र

| क.सं | नाम | ठेगाना | पर्यटकीय महत्व |
|---|---|---|---|
| १ | शिवमन्दिर | वडा नं १, बैरही | शिवरात्री मेला |
| २ | शिवमन्दिर | वडा नं १, हाँसपट्टी | शिवरात्री मेला |
| ३ | शिवमन्दिर | वडा नं १, खड्का | शिवरात्री मेला |
| ४ | मस्जिद | वडा नं १, बैरही | इद, बकरइद |
| ५ | हाँसपट्टी चर्च | वडा नं १, हाँसपट्टी | |
| ६ | रामजानकी मन्दिर | वडा नं २, नगराईन | धार्मिक |
| ७ | डिहीवार्नी थान मन्दिर | वडा नं २, नगराईन | धार्मिक |
| ८ | कारो भुइया मन्दिर | वडा नं २, नगराईन | धार्मिक |
| ९ | भैरव मन्दिर | वडा नं २, नगराईन | धार्मिक |
| १० | महादेव मन्दिर | वडा नं २, नगराईन | धार्मिक |
| ११ | राधोबाबा मन्दिर | वडा नं. २, राधोबाबा | धार्मिक |
| १२ | महादेव मन्दिर | वडा नं. २, जटही | धार्मिक |
| १३ | शिवमन्दिर | वडा नं. ३, वलहट्टी | धार्मिक |
| १४ | डिहिवार स्थान | वडा नं. ३, बैहरि | धार्मिक |
| १५ | संकटहरण हनुमान मन्दिर | संकटहरण हनुमान मन्दिर | |
| १६ | तपसी बाबा | वडा नं. ३, | |
| १७ | भुइया महाराज मन्दिर | वडा नं. ३, बुधेश्वरनाथ | |
| १८ | राघोबाबा मन्दिर | वडा नं. ३ | |
| १९ | मस्जिद (निजी) | वडा नं. ३, बहरि | |
| २० | भैरव महाराज मन्दिर | वडा नं. ३, रामवाग | |
| २१ | बरमबाबा | वडा नं. ३, फुलगामा | |
| २२ | विसरा मन्दिर | वडा नं. ३, रामवाग बगर | |
| २३ | सनेचरी माइथान | वडा नं. ३, रामवाग | |
| २४ | महारानी मन्दिर | वडा नं. ४, फुलगामा | धार्मिक |
| २५ | रामजानकी मन्दिर | वडा नं. ४, फुलगामा | धार्मिक |
| २६ | गोसाइ पोखरी | वडा नं. ४ | |
| २७ | जिराती गाछी | वडा नं. ५, दक्षिणवारी | धार्मिक |
| २८ | महादेव मन्दिर | वडा नं. ५, दक्षिणवारी | धार्मिक |
| २९ | माधव ठाकुर | वडा नं. ५, पश्चिमवारी | धार्मिक |
| ३० | दुर्गा मन्दिर | वडा नं. ६, पश्चिमवारी | धार्मिक |
| ३१ | भैरवस्थान | वडा नं. ६, पश्चिमवारी | धार्मिक |
| ३२ | ब्रम्हस्थान | वडा नं. ६, पश्चिमवारी | धार्मिक |
| ३३ | सलहेस मन्दिर | वडा नं. ६, पश्चिमवारी | धार्मिक |
| ३४ | बोधीमाई देवी मन्दिर | वडा नं. ६, पश्चिमवारी | धार्मिक |

| | | | |
|---|---|---|---|
| ३५ | महादेव मन्दिर | वडा नं. ६, पश्चिमवारी | धार्मिक |
| ३६ | नैन महेत्तर स्थान | वडा नं. ६, पूर्वारी | धार्मिक |
| ३७ | रामजानकी मन्दिर | वडा नं. ६, पूर्वारी | |
| ३८ | जामे मस्जिद | वडा नं. ६, पश्चिमवारी | |
| ३९ | मलगवा स्थान | वडा नं. ६ | |
| ४० | नुरी मस्जिद | वडा नं. ६, | |
| ४१ | रामजानकी मन्दिर | वडा नं. ६, | |
| ४२ | बजरंगवली मन्दिर | वडा नं. ६, पूर्वारी टोल | |
| ४३ | मस्जिद | वडा नं. ६, लगमा पूर्वारी | |
| ४४ | जमुनी मेला | वडा नं. ७, जमुनीचोक | |
| ४५ | रामजानकी कुटी | वडा नं. ७ | ऐतिहासिक |
| ४६ | नवटोली डिही | वडा नं. ७ | |
| ४७ | अकौरा ठाकुर पोखरी | वडा नं. ८ | |
| ४८ | सिमरा कोन | वडा नं. ९ | |
| ४९ | माता महारानी घोडघास हनुमान मन्दिर | वडा नं. ९ | |
| ५० | डिहिवार स्थान ब्राह्मण टोल | वडा नं. ९ | |
| ५१ | ब्रम्हस्थान ब्राह्मण टोल | वडा नं. ९ | |
| ५२ | भैरवथान मण्डल वस्ती | वडा नं. ९, | |
| ५३ | भुइया स्थान | वडा नं. ९, मण्डल बस्ती | |
| ५४ | चमिनिया माइ स्थान | वडा नं. ९, बजवा पण्डित टोल | |
| ५५ | भैरव थान | वडा नं. ९, बजवा टोल | |

**ग) शिक्षा :**

नगरपालिकामा ठूलो संख्या, करीव ३७.३ प्रतिशत निरक्षर जनसंख्या रहेको पाइन्छ । उमेर समूह अनुसार पनि विद्यालय वाहिर रहेका बालबालिकाहरुको संख्यामा शुन्यता आउन सकेको छैन । गुणस्तरीय शिक्षाका लागि पालिकावाट अन्यत्र वसाइसराइ हुँदै आएको र शिक्षा नै विकासको एक अनिवार्य शर्त दक्ष, सीपमुलक र व्यवसायिक जनशक्ति विकास हुने भएकाले पनि शिक्षालाई विशेष प्राथमिकता प्राप्त क्षेत्रमा राखिएको छ ।

**घ) स्वास्थ्य :**

अधिकांश स्थानीयहरुलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच पुग्न सकेको छैन । ३० मिनेटको पैदल दुरीमा स्वास्थ्य सेवा उपलब्ध हुने क्षेत्रहरु सीमित छन् । विरामी हुँदा पहिले स्वास्थ्य संस्थाहरुमा जाने, प्रसुती सेवा र स्वास्थ्य संस्थामा प्रसुती गराउने अभ्यासमा सुधार कमिक रुपमा आउन थालेको पाइन्छ । तापनि महामारी, आपतकालीन सङ्क्रमण रोगहरुलाई समयमै नियन्त्रण गर्न सक्ने क्षमताको विकास नगरपालिकामा अझै हुन सकिरहेको छैन । निर्धारित उमेर अनुसार तौलको कमि र कुपोषणवाट बालबालिकाहरु प्रभावित हुँदै आएको सन्दर्भमा नगरपालिकाले स्वास्थ्य क्षेत्रमा नीतिगत सुधार सहित पूर्वाधार र जनशक्तिको क्षमता विकासमा लगानी वृद्धि गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी स्वास्थ्य क्षेत्रलाई प्राथमिकता क्षेत्रको रुपमा परिभाषित गरिएको छ ।

**ङ) उद्योग :**

आर्थिक सर्भेक्षण, २०१८ अनुसार पालिका क्षेत्रभित्र ८२७ वटा उद्योग, व्यापार व्यवसायहरु सञ्चालनमा रहेको देखिन्छ । यस अन्तर्गत कृषि वनसंग सम्वन्धित ४८, उत्पादनमूलकसंग सम्वन्धित १२२, होटेल रेष्टुरेष्टसंग सम्वन्धित ८६ वटा पर्दछन् । यसैगरी वित्तीय, शैक्षिक, स्वास्थ्य आदि क्षेत्रसंग सम्वन्धित व्यवसायहरुको संख्या पनि अधिक नै देखिन्छ । खासगरी, स्थानीय कच्चा पदार्थमा आधारित, कृषि एवं जडीवुटीमा आधारित उद्योग व्यवसायहरुको सम्भावना यस क्षेत्रमा अधिक देखिन्छ ।

**च) पर्यावरण :**

नगरपालिकाको कूल भूमि मध्ये करीव ० प्रतिशत भूमि वन जङ्गलले ढाकेको छ । यसवाट जैविक विविधताको संरक्षणमा ठूलो चुनौति थपिएको छ । वन क्षेत्रको संरक्षणका लागि पालिका क्षेत्रभित्र सामुदायिक उपभोक्ता समितिहरु पनि क्रियाशील हुन आवश्यक छ । तापनि मिचाहा प्रजातिहरु अनियन्त्रित रुपमा फैलिएको देखिन्छ । जसका कारण पारिस्थितिकीय प्रणालीमा अवरोध श्रृजना, आगलागी, पानीका मुहान, सीमसार तथा जलश्रोतहरु सुक्ने र जलवायु परिवर्तनवाट ठूलो क्षति स्थानीयहरुले व्यहोर्दै आएका छन् भने पर्यावरणमा पर्दै गएको असरवाट मानव जातिको जीवनयापन, खेतीपाती, अन्नवाली र वन्यजन्तु वीचको द्वन्द्व वढ्दै गएको छ । उपरोक्त पक्षलाई मध्यनजर राख्दै पालिकाको प्राथमिकता क्षेत्र राख्दै पर्यावरणको दिगो संरक्षण, सम्वर्द्धन र सदुपयोगवाट स्थानीयहरुको आयआर्जनमा समेत ठूलो सहयोग पुग्ने पक्षलाई नकार्न सकिदैन ।

## ४.५ समष्टिगत रणनीति

नगराईन नगरपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, आवधिक नगर विकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्वन गरिने छ ।

क) कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी एवं आय आर्जनका अवसरहरु सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने ।

ख) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सामाजिक सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गरी सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।

ग) यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधार विकास एवं निर्मित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार एवं स्तरोन्नति गर्ने

घ) प्राकृतिक सम्पदाको दिगो उपयोग एवं वातावरणको संरक्षण सहित विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने ।

ङ) सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शि, जवाफदेही, नागरिकमैत्री र प्रभावकारी वनाउने ।

## ४.६ नगरपालिका विकासको निर्देशक सिद्धान्त

क) सन्तुलित एवं योजनावद्ध विकास

ख) दिगो विकास

ग) समन्वय, सहकार्य र साझेदारी

घ) पारदर्शि, जवाफदेही र सुशासन प्रवर्द्धन

ङ) सामाजिक न्याय, समावेशीकरण एवं समतामूलक समाज

च) स्थानीय स्रोत परिचालन, व्यवसायिक उत्पादन र आर्थिक विकास

छ) वातावरणमैत्री, दिगो, सुरक्षित पूर्वाधार निर्माण

ज) पर्यावरण संरक्षण र सम्वर्द्धन

## ४.७ आवधिक योजना खाका

नगरपालिकाको वस्तुस्थिति विश्लेषण तथा सहभागितामूलक प्रक्रिया अवलम्वन गरी समष्टिगत तथा विषयक्षेत्रगत योजना तर्जुमा गरिएको छ । यस योजना खाकाबाट योजना, कार्यक्रम वा आयोजना वीच नतिजाहरुको तहगत अन्तर सम्वन्ध स्थापित गर्न, योजना प्रक्रियालाई नतिजामूलक वनाउन कारण र असरहरुको विश्लेषण गर्दै लगानी तथा क्रियाकलाप र उपलव्धी तह, असर तह हुँदै लक्ष्य वा प्रभाव तहसम्म पुग्न, नतिजाहरुको श्रृङ्खलावद्ध सम्वन्ध स्थापित गर्न देहायको एकीकृत तर्कवद्ध योजना खाका (लजिकल फ्रेमवर्क) तयार गरिएको छ । सञ्चालित क्रियाकलाप र उपलव्धीहरुको बिषयक्षेत्रगत नतिजा

सूचकहरु मार्फत योजनाको प्रगति मापन र अनुगमन गरी निर्णय प्रक्रियालाई प्रमाणमा आधारित बनाउन एवं नतिजा प्रतिको जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

तालिका ८ समष्टिगत नतिजा खाका

| नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| निरपेक्षित गरिवी | प्रतिशत | २० | | | | | १८ | केन्द्रीय तथ्याङ्क विभाग<br>पालिका पार्श्व चित्र<br>पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| औषत आयु (जन्म हुँदाको) | वर्ष | ७० | | | | | ७१ | | |
| साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६२.७ | ६५ | ६७ | ७० | ७२ | ७५ | | |
| वेरोजगारी दर | प्रतिशत | | | | | | | | |
| खाद्यान्न उत्पादन वार्षिक वृद्धिदर (धान, मकै, गहुँको कूल) | प्रतिशत | | | | | | | | |
| पशुपंक्षीको वार्षिक विक्री वृद्धिदर (दुध मासुको कूल) | प्रतिशत | | | | | | | | |
| पर्यटन व्यवसायवाट कूल रोजगारी प्रदान | संख्या | | | | | | | | |
| पालिकाको वार्षिक आयात निर्यातको अनुपात (आयात : निर्यात) | अनुपात | | | | | | | | |
| वैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह (कूल निक्षेप सङ्कलन रकमको) | प्रतिशत | | | | | | | | |
| उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | | | | | | | | |
| आधारभूत तहमा खूद भर्नादर ( औषतमा) | प्रतिशत | ९२ | ९२.५ | ९३ | ९३.५ | ९४ | ९५ | | |
| ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ | ९० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| उच्च स्तरको खानेपानी सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ७ | १० | १५ | २० | २५ | ३० | | |
| परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३५ | ३७ | ४० | ४५ | ४७ | ५० | | |
| लोपोन्मुख संस्कृतिको जर्गेना | संख्या | | | | | | | | |
| उद्योग तथा व्यापार व्यवसाय क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | ८ | १० | १२ | १४ | १७ | २० | | |
| दिगो, सुरक्षित र नियमित यातायात सेवावाट लाभान्वित जनसंख्य | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ | ९९ | | |
| आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु (खानेपानी, शिक्षा, स्वास्थ्य, सडक, विजुली, सञ्चार) | संख्या | २० | २२ | २४ | २६ | २८ | ३० | | |
| वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | | | | | | | | |
| विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ९८.५ | | ९९ | | | १०० | | |
| इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० | ८० | | |
| घर, कार्यालय, अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिक जन्य फोहोरलाई | संख्या | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सुरक्षित विसर्जन गर्नेको | | | | | | | | | |
| भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | | | | | | | | |
| विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | | | | | | | | |
| सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, कानुनहरु | संख्या | | | | | | | | |
| पालिकाको वार्षिक आन्तरिक आय | रु. लाख | | | | | | | | |
| सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० | ५० | | |
| नतिजामूलक अनुगमन मूल्याङ्कन भएका योजना | संख्या | – | ५ | ५ | ५ | ५ | ५ | | |

# परिच्छेद पाँच
# आर्थिक विकास

## ५.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले खाद्य पदार्थको अभाववाट सुरक्षित हुने पक्षलाई नागरिकहरुको मौलिक हकको रुपमा ग्रहण गरेको छ र सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासलाई नेपाली अर्थतन्त्रको मेरुदण्डको रुपमा लिइएको छ । देशको अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक बनाउँदै व्यापारिक स्वच्छता विस्तार गर्ने, राष्ट्रिय उद्योगधन्दा र साधन श्रोतको संरक्षण र प्रवर्द्धन गर्ने, नेपाली सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्योग विकास विस्तार गर्ने पक्षलाई प्राथमिकतामा राखिएको छ । जग्गालाई चक्लावन्दी गरी भूमिको उत्पादन, उत्पादकत्व, उत्पादनशीलता र भू-उपयोग गर्ने, कृषिमा व्यवसायीकरण, औद्योगिकीकरण एवं विविधीकरण गर्ने, कृषि सामाग्री तथा कृषि उपजको उचित मूल्य र वजार पहुँच वृद्धि गर्ने, जलवायु तथा माटो अनुकूलको खाद्यान्न उत्पादनमा प्रोत्साहन गर्ने, खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा, सुलभ तथा प्रभावकारी वितरण व्यवस्था मिलाउने पक्षलाई राष्ट्रिय नीतिमा समावेश गरिएको छ ।

१५ औ योजनाले उच्च र दिगो उत्पादन तथा उत्पादकत्व अभिवृद्धिलाई दीर्घकालीन लक्ष्यमा राखेको छ र राष्ट्रिय रणनीतिमा तीव्र दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई । राष्ट्रिय अर्थतन्त्रको रुपान्तरणको प्रमुख सम्वाहकहरुमा उत्पादन, उत्पादकत्व वृद्धि, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि र गुणस्तरीय पर्यटन सेवाको विकास विस्तारलाई लिइएको छ । खाद्य सुरक्षा, उन्नत पोषण प्राप्ती र दिगो कृषि प्रवर्द्धनलाई उच्च स्थानमा राख्दै दिगो आर्थिक वृद्धि गर्ने, दिगो उत्पादन प्रणाली सुनिश्चित गर्ने र पूर्ण तथा उत्पादनशील रोजगारी श्रृजना गर्ने पक्षलाई दिगो विकास लक्ष्यसंग जोडिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कृषि तथा पशुपालन सम्वन्धी, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्वन्धी र सहकारी सम्वन्धी नीति, कानुन, मापदण्ड निर्माण गर्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । कृषि तथा पशुपंक्षी वजार सूचना दिने, वजार तथा हाटवजारको पूर्वाधार निर्माण गर्ने, साना सिंचाइ निर्माण गर्ने, प्राविधिक सेवा तथा कृषि सामाग्री आपूर्ति गर्ने, कृषक क्षमता विकास गर्ने, पशुपंक्षीजन्य प्रकोप तथा महामारी नियन्त्रण गर्ने, पशु चिकित्सक, पशुनस्ल सुधार, पशु आहार, पशुपंक्षी वीमा तथा कर्जा सहजीकरण गर्ने, चरन क्षेत्रको विकास तथा व्यवस्थापन र उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास एवं वजारीकरण गर्ने जिम्मेवारी पनि स्थानीय तहलाई दिइएको छ ।

यसै क्रममा नगराईन नगरपालिकावाट उपरोक्त पक्षको सुनिश्चितता गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र आर्थिक विकासको खाका तयार पारिएको छ । आर्थिक विकासका लागि प्रमुख सम्भाव्य क्षेत्रको रुपमा रहेका कृषि, पशुपंक्षी, उद्योग व्यवसाय, पर्यटन जस्ता क्षेत्रहरुको बिद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तिका लागि अवलम्वन गर्नुपर्ने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यक्रमहरु समेत तर्जुमा भएको छ ।

## ५.२ वर्तमान अवस्था

आधुनिक तथा व्यवसायिक खेतीतर्फ नगराईन नगरपालिका उन्मुख भएको छ । कृषकहरुले कृषिका आधुनिक उपकरण एवं औजार तथा प्रविधिहरुको प्रयोगतर्फ आकर्षण वढेको पाइन्छ । नगरपालिका क्षेत्रभित्र व्यवसायिक खेती, सामुहिक तथा करार खेतीको अभ्यास अझै कमि छ । त्यसैगरी कृषि क्षेत्रमा वित्तीय संस्थाहरुको लगानी वढ्दो क्रममा छ भने कृषि व्यवसायमा सहुलियत ऋण, एवं अनुदानहरुवाट लाभान्वित कृषकहरुको संख्या अझै न्यून छ । कृषि पूर्वाधारहरुको अपर्याप्तताका कारण कृषि उपजहरुको बजार प्रवर्द्धन हुन सकेको छैन । बिक्रीका लागि वजार सम्म पुग्न कृषकहरुलाई लामो समय लाग्छ । दिगो कृषि सडक, सङ्कलन केन्द्र, कषि हाटवजार, चिस्यान तथा रष्टिक स्टोर, भण्डारण तथा गोदामघर जस्ता पूर्वाधारहरुको अपर्याप्त छन् र कृषि वीमा र कृषि क्रेडिट कार्ड जस्ता सुविधाहरुवाट कृषकहरु लाभान्वित हुन सकिरहेका छैनन् ।

पालिका क्षेत्रभित्र व्यवसायिक माछापालनको सम्भावना प्रवल छ र वजारको माग पनि क्रमिक रुपमा वढ्दो दरमा पाइन्छ । पशुपंक्षीतर्फ व्यवसायिक पशुपालनको अभ्यासमा कमि छ । तापनि ठूलो परिमाणमा दुध उत्पादन हुँदै आएको पाइन्छ । नस्ल

सुधार, कृत्रिम प्रजनन, पशुपंक्षी वीमा, भुईघाँस उत्पादन जस्ता कार्यक्रमहरु पनि सञ्चालनमा छन् । तापनि यिनीहरुबाट आशातित परिमाण हासिल हुन सकिरहेका छैनन् । पशुचरण क्षेत्रको व्यवस्था गरिएको छ ।

पालिका क्षेत्रमा धार्मिक एवं प्राकृतिक पर्यटकिय स्थलहरु रहे पनि पूर्वाधार र प्रचार प्रसारको कमि जस्ता विविध कारणहरुवाट पर्यटन क्षेत्रले आशातित परिणाम हासिल हुन सकिरहेको छैन । नगरपालिकामा धेरै साना उद्योग, कल कारखानाहरु रहेपनि ठूला स्तरका उद्योगहरुको स्थापना हुन सकेको छैन । विषेशगरी कृषिमा आधारित प्रशोधन उद्योगहरुको राम्रो सम्भावना रहेको छ । हालका वडा केन्द्रहरु रहेका र अन्य केही विकसित भैरहेका स-साना बजार केन्द्रहरु जस्तै बैरही, नगराईन, रामबाग, गोसाई पोखरी, फुलगामा, खिर्खिरिया, बहुअर्वा, घोडघाँस जस्ता बजार वाहेक ठुला स्तरका उपभोक्ता बजारहरुको विकास भने भएको छैन । यहाँ वडा नं. २ मा मेघा बैङ्क र कृषि विकास बैङ्क तथा वडा नं. ४ मा माछापाछे बैङ्क र अन्य वडाहरुमा लघुवित्तहरु लगायत बचत तथा ऋण सहकारी संस्थाहरु रहेका छन् ।

### ५.३ आर्थिक विकास क्षेत्रको उद्देश्य

नगराईन नगरपालिकाको समष्टिगत लक्ष्य प्राप्तमा योगदान पुऱ्याउने सन्दर्भमा आर्थिक विकासका लागि “कृषिमा व्यवसायीकरण, उद्योग व्यापार व्यवसाय र पर्यटनको विकास, विस्तार, प्रवर्द्धन एवं वित्तीय सेवामा सहज पहुँचवाट रोजगारीता श्रृजना र आय वृद्धिवाट आय नागरिकहरुको आर्थिक स्थितिमा सुधार ल्याउनु” मुख्य उद्देश्य निर्धारण भएको छ ।

### ५.४ प्रमुख रणनीति

क) रोजगारी एवं आयआर्जनका अवसरहरु सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउँदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने

ख) कृषि क्षेत्रमा व्यवसायीकरण गर्दै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

ग) पशुपालन विशेषगरि माछापालन मार्फत आयआर्जनमा वृद्धि गर्ने ।

### ५.५ विषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- कृषि विकास,
- पशुपंक्षी विकास,
- उद्योग, व्यापार तथा व्यवसाय,
- पर्यटन विकास,
- बैंक, वित्तीय संस्था र
- सहकारी तथा बैदेशिक रोजगारी ।

### ५.५.१ कृषि विकास

#### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

| तालिका ९ कृषि विकास क्षेत्र- सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु (Opportunities)** | **चुनौतिहरु (Challenges)** |
| ➧ प्रसस्त मलिलो खेतीयोग्य जमिनको उपलब्धता हुनु<br>➧ भूमिगत जलस्रोतको उपलब्धता हुनु<br>➧ राष्ट्रिय राजमार्ग प्रणाली अन्तर्गत ढल्केवरबाट निकट रहनु साथै जनकपुर-जटही चार लेनको सडक | ➧ कृषिको वैज्ञानिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण हुन नसक्नु ।<br>➧ सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग हुन नसक्नुले जमिन बाँझो रहनु । |

| | |
|---|---|
| नगरपालिकाको बिच भाग भएर भारतीय सीमासँग जोडिनु<br>➧ अधिकांश जनसंख्याको मुख्य पेशा कृषि रहनु<br>➧ कृषिसम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरु अनुकूल हुनु<br>➧ निकटवर्ती ठूला उपभोक्ता बजारहरू जस्तै जनकपुर, ढल्केवर आदिको पहुँच हुनु<br>➧ वैदेशिक रोजगारीबाट फर्केको युवा जनशक्तिमा शिप हुनु तथा कृषि तर्फ आर्कषण बढ्नु<br>➧ स्थानीय सरकारले स्थानीय विशिष्टता र आवश्यकता अनुसार कृषि क्षेत्रलाई प्राथमिकता प्रदान गर्न सक्ने अधिकार हुनु<br>➧ मुख्य खाद्यान्न बालीमा धान, मकै, गहुँ लगायत उष्ण क्षेत्रमा पाइने सबैखाले फलफल तरकारी र नगदेबालीको उत्पादन हुनु<br>➧ नगरपालिकामा विभिन्न हाट बजारहरूबाट कृषि लगायतका वस्तुहरूको बजारीकरण हुने गरेको । | ➧ बैज्ञानिक भू-उपयोग योजना लागू नहुनु ।<br>➧ बाढी, डुवान र कटानको समस्या हुनु ।<br>➧ बाह्रै महिना सिंचाइको सुविधा नहुनु तथा आकाशे खेतीमा भर पर्नु ।<br>➧ जमिन खण्डीकरण हुनु ।<br>➧ शीत भण्डारणको उपलब्धता नहुनु ।<br>➧ कृषि बिमालाई पूर्ण प्रभावकारी बनाउन नसक्नु ।<br>➧ यूवाशक्ति कृषि पेशामा आर्कषित हुन नसक्नु ।<br>➧ किसानको कृषि सामाग्री, मल, वीउ, किटनाशक औषधि, औजार, ज्ञान र सिपको अपर्याप्तता र पहुँच कम हुनु ।<br>➧ खुल्ला सीमाका कारण भारतिय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्नु ।<br>➧ बजारको साथै बिक्री मूल्यको सुनिश्चितता नहुनु ।<br>➧ विचौलियाको बिगबिगी हुनु ।<br>➧ परम्परागत खेतीप्रणली हुनाले निर्वाहमुखी हुनु र उच्च प्रतिफल प्राप्त हुने उत्पादन तर्फ किसानहरुलाई आर्कषण गर्ने ठोस योजना नहुनु । |
| **सवल पक्ष (Strengths)** | **कमजोर पक्ष (Weakness)** |
| ➧ खेती योग्य जमिन पर्याप्त भएको<br>➧ फलफुल, तरकारी खेती योग्य जमिन पर्याप्त भएको<br>➧ कृषिको अर्गानिक खेतीमा सहयोग र प्रोत्साहन उपलब्ध भएको<br>➧ कृषि उपकरण तथा यान्त्रिकीकरणको प्रयोग वढ्दो रहेको<br>➧ व्यवसायिक वेमौसमी तरकारी खेती अभ्यास रहेको<br>➧ कृषक प्रोत्साहन कार्यक्रम सञ्चालनमा रहेको<br>➧ कृषकहरुको क्षमता अभिवृद्धि तालिमहरु सञ्चालन भएको<br>➧ कृषि प्राविधिक सेवाहरु उपलब्ध हुँदै आएको | ➧ कृषि योग्य जमिनमा सिचांई सुविधा नभएको<br>➧ कृषि बाटो नभएको<br>➧ समयमा मल खाद्यको अभाव रहेको<br>➧ माटोको गुणस्तर विनास भएको<br>➧ कृषिमा विद्युतीकरणको समस्या रहेको<br>➧ उन्नत जातको कृषि विउको अभाव रहेको<br>➧ कृषि विशेषकको अभाव रहेको<br>➧ फलफुल तथा तरकारी पिसान केन्द्रको अभाव रहेको<br>➧ प्राङ्गारिक मलको अभाव र चेतनाको अभाव रहेको<br>➧ माटो जाँचको अभाव रहेको<br>➧ उत्पादित तरकारीको प्रशोधन यन्त्रको अभाव रहेको |

**ख) सोच**

दिगो कृषिको आधार : व्यवसायिक, प्रतिस्पर्धी र आत्मनिर्भरता

**ग) लक्ष्य**

नगरपालिकाको आर्थिक समृद्धिको मूल संवाहकको रुपमा कृषिको विकास गर्ने

**घ) उद्देश्य**

- कृषिलाई आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण गर्नु
- कृषि तथा कृषिजन्य उद्योग व्यवसायहरुको प्रवर्द्धन एवं वजारीकरण गर्नु

- कृषि उपजको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै खाद्यमा आत्मनिर्भर हुनु

**ङ) रणनीति**

१. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने
२. कृषक, कृषि व्यवसायी, प्राविधिक लगायत कृषि सेवामा आवद्ध पक्ष तथा संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने
३. कृषि उपजहरुको व्यवसायीकरण तथा वजार विस्तार एवं कृषिजन्य उद्योग व्यवसायहरुको प्रवर्द्धन गर्ने
४. कृषि पूर्वाधारहरु निर्माण गर्न निजी क्षेत्र तथा सहकारी संस्थासंग सहकार्य गर्ने
५. समावेशी कृषि विकासमा महिला, दलित, अति विपन्न वर्गको आवद्धतामा वृद्धि ल्याउने
६. कृषि नीति तर्जुमा तथा योजना निर्माण, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने
७. कृषिमा लगानी वृद्धि गर्न निजी क्षेत्र तथा सहकारी संस्थाहरुसंग समन्वय गर्ने
८. कृषि विकाससंग सम्वन्धित अनुसन्धान केन्द्र, शैक्षिक संस्था एवं सरोकारवालाहरुसंग समन्वय गर्ने

**च) कार्यनीति**

**रणनीति १ को कृषिको उत्पादन र उत्पादकत्व वृद्धि अन्तर्गत कार्यनीतिहरु**

१.१. विउ भण्डारन निर्माण गरिनेछ ।
१.२. कोल्ड स्टार केन्द्र निर्माण गरिनेछ ।
१.३. नगरपालिकाका अगुवा कृषकहरुको लगत तयार गरी निजहरुलाई कृषि अभियन्ताको रुपमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।
१.४. कृषि समूहमा आवद्ध कृषकहरुलाई प्राविधिक कर्मचारीहरु तथा अगुवा कृषकहरुबाट घुम्ती तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
१.५. रसायनिक मल र विषादीको प्रयोगलाई दुरुत्साहित गरी प्राङ्गरिक मल, गड्यौले मल, विषादी तथा जैविक बिषादीको उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गरिनेछ ।
१.६. कृषकहरुबाट उत्पादित हरियो तरकारीको बजारीकरणका लागि तोकिएको समर्थन मूल्यमा उत्पादन स्थलबाटै खरिद गरी मुख्य मुख्य बजार क्षेत्रहरुमा काउन्टर खोली बिक्री गर्न सहकारी संस्थालाई प्रोत्साहित गरिनेछ । छनौट भएका सहकारी संस्थालाई व्यवस्थापन अनुदानको रुपमा निश्चित रकम उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
१.७. तरकारी, मकै, आलुको पकेट क्षेत्र विस्तार गरिनेछ । यसका लागि आवश्यक प्राविधिक सहयोग एवं कृषि अनुदानको व्यवस्था मिलाइने छ ।
१.८. वेरोजगार युवाहरु (वैदेशिक रोजगारीवाट फर्किएका समेत) लाई करार खेती, चाक्लाबन्दी र सामुदायिक खेती तथा युवा लक्षित पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रममा आवद्ध गराउन युवा स्वरोजगार घुम्ती कोषको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
१.९. चक्लाबन्दी खेती, नयाँ प्रविधिहरुको प्रदर्शन, भूमि तथा श्रम बैंकको दिगो व्यवस्थापन, कृषि, पशुपंक्षी एवं कृषि पर्यटन सम्बन्धी ज्ञान, सीप र प्राविधिक सेवाको विस्तार सामुदायिक कृषि प्रसार सेवा केन्द्र मार्फत गरिनेछ र यसलाई श्रोत केन्द्रको रुपमा विस्तार गरिनेछ ।
१.१०. फलफुल, कागती, बेसार, खुर्सानी, लसुन, प्याज जस्ता मसलाजन्य उत्पादनका लागि सम्भाव्य स्थानको निर्धारण गरिने छ र त्यस्ता क्षेत्रका कृषकहरुलाई उन्नत बीउवेर्ना तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।
१.११. माटो परीक्षणको दायरा विस्तार गरिने छ ।
१.१२. आधुनिक तथा व्यवसायिक मौरीपालन गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।
१.१३. स्थानीय वीउविजन, वेर्नाहरुको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरुको व्यवसायिक खेतीलाई व्यापकता दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।
१.१४. वसाइसराइ, वैदेशिक रोजगारीमा युवाहरुको आर्कषण तथा कृषि मजदुरहरुको अभाव जस्ता विविध पक्षहरुवाट जमिन वाँझो हुने र खण्डीकरण गरिने अभ्यासलाई नियन्त्रण गर्दै कृषकहरुको सामुहिक खेती, साझेदारी एवं सहकारी तथा करार खेती प्रणालीलाई स्थापित गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।
१.१५. विद्यमान सिंचाइ प्रणालीको स्तरोन्नति गरी खेतीयोग्य क्षेत्रहरुमा नियमित रुपमा सिंचाइ सुविधा र नयाँ क्षेत्रहरुमा सिंचाइ सेवा उपलव्ध गरी कृषि खेतीलाई विस्तार गरिनेछ ।

१.१६. कृषि बालीमा लाग्ने रोग, कीटाणुवाट हुने क्षतिलाई समयमै नियन्त्रण गर्न प्राविधिक सेवा सहयोगलाई सक्षम र प्रभावकारी वनाइनेछ र नोक्सानी न्यूनीकरण गर्न कृषि वीमा सेवा उपलव्धताका लागि निजी क्षेत्रसंग समन्वय गरिनेछ ।
१.१७. कृषिका आधुनिक प्रविधि तथा यन्त्र-उपरणहरुको प्रयोग तथा यान्त्रीकरण गर्न तथा कृषि प्रविधिवाट वढी भन्दा वढी लाभान्वित गराउन कृषकहरुलाई सहयोग उपलब्ध गराइनेछ ।
१.१८. जलवायु परिवर्तनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण र प्रविधि उपयोगलाई प्रोत्साहन गर्दै कृषि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।
१.१९. पानीको न्यून पहुँच भएका क्षेत्रहरुमा आकाशे पानी सङ्कलन आहाल र प्लाष्टीक पोखरी व्यवस्था गरिनेछ ।

**रणनीति २ को कृषक, कृषि व्यवसायी, प्राविधिक लगायत कृषि सेवामा आवद्ध पक्ष तथा संस्थाहरुको क्षमता अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

२.१. कृषक, कृषि व्यवसायी एवं कृषि फार्महरुको सीप, क्षमता अभिबृद्धि एवं व्यवसायिकता विकासमा सहजीकरण गरिनेछ ।
२.२. संस्थागत विकासका लागि अगुवा महिला तथा मिश्रित कृषक समूह गठन र कृषि सहकारी संस्था गठन गर्न प्रोत्साहन, कृषक केडिट कार्ड, कृषक वर्गीकरणका आधारमा कृषक परिचयपत्र वितरण र सोही अनुसार सुविधा एवं अनुदानहरुको व्यवस्था गरी कृषि पेशालाई पुरस्कृत एवं सम्मानित गरिनेछ । अगुवा कृषकहरुलाई यस कार्यमा सम्लग्न गराइनेछ ।
२.३. वेरोजगार युवाहरुमा सीप विकास तालिमहरु प्रदान गरी कृषि मजदुर तथा जनशक्तिका अभावलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमा युवाहरुको रोजगारीका लागि सहजीकरण गरिनेछ ।
२.४. कृषि जनशक्ति विकास तथा युवाहरुलाई कृषि पेशामा आवद्ध गर्न सिटिइभिटिबाट मान्यता प्राप्त कृषि प्राविधिक शिक्षालय सञ्चालन गर्न निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।
२.५. कृषकद्वारा कृषकमा सीप अभिवृद्धि कार्यक्रम सञ्चालनका लागि प्रत्येक कृषक समूहमा महिला र पुरुष कृषक अगुवाको विकास गरी संस्थागत प्रसारको व्यवस्था गरिनेछ ।
२.६. जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अभिमुखीकरण गरी सोवाट हुन सक्ने क्षति, नोक्सानी न्यूनीकरण गर्न कृषकको क्षमता अभिवृद्धिका साथै राष्ट्रिय स्तरमा तयार गरिएको कार्ययोजनालाई स्थानीयकरण गराइने छ ।
२.७. सहकारी खेतीलाई प्राथमिकता दिई मूल्य श्रृङ्खला पद्धति अनुसार उत्पादन देखि बजारीकरण सम्मका कार्यहरु एकीकृत रुपमा सञ्चालन गरिने छ ।
२.८. प्रत्येक वडामा एक कृषि प्राविधिकको व्यवस्था मिलाइने छ ।
२.९. पालिका स्तरीय कृषि विकास समिति निर्माण गरी कियाशील वनाइनेछ ।
२.१०. एक वस्ती एक उत्पादन अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।
२.११. खाद्यन संरक्षण बैक सञ्चालन गरिनेछ ।
२.१२. कृषि विकास रणनीति २०१५-२०३५ अन्तर्गत स्थानीय कृषि तथा पर्यटन विकास रणनीतिहरुमा आधारित रही नगरपालिकाको वडाहरुमा सामुदायिक कृषि प्रसार सेवा केन्द्रहरुको स्थापना तथा सञ्चालन गरिनेछ ।

**रणनीति ३ को कृषि उपजहरुको व्यवसायीकरण तथा वजार प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

३.१. व्यवसायिक सम्भावना भएका खाद्यान्न तरकारी, खाद्यान्न, फलफुल लगायतका बालीको व्यवसायिक उत्पादनका लागि सम्भाव्यताका आधारमा थप क्षेत्रहरुमा पकेट, व्लक, कृषि जोन घोषणा गरिनेछ र त्यस्ता क्षेत्रहरुमा एकीकृत रुपमा पूर्वाधारको विकास गरिनेछ ।
३.२. कृषिमा यान्त्रिकीकरण, आधुनिकीकरण र वजारीकरणका लागि अनुदान, प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।
३.३. कृषि सहकारी संस्था तथा निजी क्षेत्रको भूमिकालाई प्रभावकारी वनाउदै कृषि वजार प्रवर्द्धन गर्न कृषक र वाह्य वजार क्षेत्रसंग अन्तरसम्वनध (Forward and Backward Linkjge) विकास गरिनेछ ।
३.४. मूल्य श्रृङ्खला (Value chain) र वृहत उत्पादन (Mass production) को अवधारणालाई अवलम्वन गरिने छ । यसका लागि नीतिगत एवं कानुनी व्यवस्था मिलाइनेछ ।
३.५. कृषि वस्तु उत्पादन बृद्धि गर्न कृषिजन्य बस्तुहरुको व्यवसायिक उत्पादनका लागि दिगो सिंचाइ सुविधाका पूर्वाधारको पहुँच बढाइनेछ ।
३.६. खेतियोग्य जग्गालाई बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरिने छ ।
३.७. कृषि वजार विकास प्रवर्द्धनका लागि वडाहरुमा कृषि उपज सङ्कलन केन्द्र स्थापना गरिनेछ ।

३.८. नगरपालिकाको मुख्य मुख्य स्थानहरुलाई (केन्द्र स्थान सिद्धान्तको अवधारणा) वजार क्षेत्रको रुपमा विकास गर्दै त्यस्ता क्षेत्रहरुमा हाटवजारको व्यवस्था गरी राष्ट्रिय एवं प्रदेश स्तरीय विक्रेताहरुलाई कृषि उपजहरु विक्री वितरण गर्ने अवस्था श्रृजना गरिनेछ ।

३.९. अर्गानिक एवं निर्यातको सम्भावना भएका कृषि उत्पादनहरुको व्यवसायिक खेतीका लागि प्रोत्साहित गर्दै अनुदानको व्यवस्था गरिनेछ ।

३.१०. कृषकहरुलाई कृषि उत्पादन व्यवस्था, कृषि उपजहरुको वजार क्षेत्र तथा वाह्य वजारको अवस्था वारेमा जानकारी गराउन विद्युतीय उपकरण तथा सूचना प्रविधिको प्रयोग गरिनेछ ।

३.११. कृषि तथा कृषिजन्य उपजहरुको व्यवसायीकरणका लागि सहकारीलाई प्रवर्द्धन, कृषि सामाग्रीको विक्री, उपजको खरिददारी गर्दै विचौलियाको न्यूनीकरण गरिनुका साथै संस्थागत सङ्कलन र ढुवानीका लागि सहकारीको क्षमता अभिवृद्धि गरी क्रियाशील वनाइने छ ।

३.१२. प्रतिस्पर्धात्मक लाभ तथा तुलनात्मक लाभ भएका कृषि तथा कृषिजन्य उपजहरुको व्यवसायिक उत्पादन गर्न प्रोत्साहित गर्दै त्यस्ता उपजहरुको वजारीकरण तथा वजार प्रवर्द्धनका उद्यमी व्यवसायीहरुसंग सहकार्य गरिने छ ।

३.१३. कृषि उपजहरुको वजार प्रवर्द्धन गर्दै वजार संरक्षणका लागि उपयुक्त उपजहरुको ब्राण्डिङ गरिनेछ । अध्ययनका आधारमा सामुहिक व्यापार चिन्ह, भौगोलिक सङ्केत लिने व्यवस्था मिलाइनेछ ।

**रणनीति ४ को कृषि पूर्वाधार निर्माण निजी क्षेत्र तथा सहकारी संस्थासंग सहकार्य अन्तर्गतका कार्यनीतिहरु**

४.१. कृषि उपजहरुको ढुवानीका लागि आवश्यकताका आधारमा वातावरणमैत्री कृषि सडकहरु निर्माण गरिनेछ ।

४.२. उपयुक्त स्थानमा कृषि उत्पादनको विविधीकरण तथा मूल्य अभिवृद्धिका लागि गोदामघर, प्रशोधन केन्द्र, शीत भण्डारण सहितको सुविधा उपलब्ध हुने एकिकृत कृषि बजार केन्द्र स्थापना गरिनेछ । यसका लागि निजी क्षेत्र तथा सहकारी संस्थाहरुसंग सहकार्य गरिनेछ ।

४.३. कृषि उपजहरुको वजार प्रवर्द्धनका लागि कृषि हाटवजार तथा विक्री कक्षहरु निर्माण गरी सञ्चालनमा ल्याइनेछ । यसका लागि कृषि सहकारी संस्थाहरुसंग सहकार्य गरिनेछ ।

४.४. कृषि एम्वुलेन्स मार्फत कृषि उत्पादन सामग्रीहरु र कृषि उपजहरुको वितरणमा सहजता ल्याइनेछ ।

४.५. विद्यमान दुध सङ्कलन केन्द्र र दुध चिस्यान केन्द्रको स्तरोन्नति गरिने छ र आवश्यकता अनुसार दुध सङ्कलन केन्द्रहरु एवं दुध चिस्यान केन्द्र निर्माण गरिनेछ । यसका लागि निजी क्षेत्र तथा सहकारी संस्थाहरुसंग सहकार्य गरिनेछ ।

**रणनीति ५ को समावेशी कृषि विकासमा महिला, दलित एवं अति विपन्न वर्गको आवद्धता अन्तर्गतका कार्यनीतिहरु**

५.१ महिला, दलित, अति विपन्नहरुलाई व्यवसायिक खेतीका लागि प्रोत्साहित गर्दै उद्यमशीलता विकास गरिने छ र निःशुल्क कृषि बीमा, कृषिमल, बीउविजन, सहुलियत दरमा कृषि ऋणको व्यवस्था गरिनेछ ।

५.२ महिला, दलित, अति विपन्नहरुवाट सामुहिक रुपमा गरिने व्यवसायिक खेतीलाई यान्त्रिकीकरण गर्न कृषिका आधुनिक प्रविधिहरु तथा कर्जा सामुहिक जमानीमा उपलव्ध गराइनेछ ।

५.३ अति विपन्न वर्गवाट गरिने व्यवसायिक कृषि खेतीका लागि आवश्यकताका आधारमा वीउ पूँजीको व्यवस्था गरिनेछ ।

५.४ भूमिहीन तथा सीमान्तकृत कृषकका लागि जग्गा कवुलियत पट्टामा (लिज) लिने नीति अवलम्वन गरिने छ ।

**रणनीति ६ को कृषि नीति तर्जुमा, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन अन्तर्गतका कार्यनीतिहरु**

६.१ कृषि विकास तथा उत्पादन व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति, कानुन र मापदण्ड तयार पारी कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ ।

६.२ व्यवसायिक कृषि विकासका लागि दीर्घकालीन गुरुयोजना वनाइनेछ ।

६.३ कृषि आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन, नियमित अवलोकन गरिनेछ । कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यकताका आधारमा तेश्रो पक्षसंग सहकार्य गरिनेछ ।

**रणनीति ७ को कृषिमा लगानी वृद्धि गर्न निजी क्षेत्र तथा सहकारी संस्थाहरुसंग समन्वय अन्तर्गतका कार्यनीतिहरु**

७.१ आवश्यकताका आधारमा कृषि पूर्वाधारहरु कृषिमल उत्पादन, सिंचाइ, हाटवजार निर्माण, गोदाम, शीतभण्डार, चिस्यान केन्द्र, कृषि प्रशोधन निर्माण गरिनेछ । यसका लागि निजी क्षेत्र तथा सहकारी संस्थाहरुसंग सहकार्य गरिनेछ । सहकार्यको तरीका BOT (निर्माण तथा हस्तान्तरण) वा BOOT (निर्माण, सञ्चालन, हस्तान्तरण) हुनेछ ।

७.२ कृषि उपजहरुको वृहत उत्पादन तथा व्यवसायिक खेती (Commercial production) का लागि आवश्यक भूमि करार तथा लिजमा उपलव्ध गराइनेछ ।

**रणनीति ८ को कृषि विकाससंग सम्वन्धित अनुसन्धान केन्द्र, शैक्षिक संस्था एवं सरोकारवालाहरुसंग समन्वय अन्तर्गतको कार्यनीतिहरु**

८.१ कृषि क्षेत्रको व्यवसायिक विकासका लागि सम्वन्धित अनुसन्धान केन्द्र, शैक्षिक संस्था एवं सरोकारवालाहरुसंग समन्वय गरी अध्ययन अनुसन्धान गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका १० कृषि विकास

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/ ७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९ /८० | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | | |
| **असर** | खाद्यान्न उत्पादन वार्षिक वृद्धि दर (धान, मकै, गहुँको कूल) | मेट्रिक टन (हजारमा) | | | | | | | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| | रोजगारीमा कृषि क्षेत्रको योगदान | प्रतिशत | | | | | | | | |
| **प्रतिफल हरु** | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ८८ | ८८.५ | ८९ | ८९.५ | ९० | ९०.५ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषकहरु व्यवसायिक खेती तथा पशुपंक्षी पालन प्रति प्रोत्साहित भएको हुने<br><br>कृषकहरुलाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमित उपलव्ध भएको हुने निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने<br><br>जलवायु परिवर्तन को न्यून असर |
| | प्रतिव्यक्ति वार्षिक खाद्यान्न उत्पादन | केजी | १०० | ११० | १२० | १३० | १४० | १५० | | |
| | नगदे र वेमौसमीवालीको वार्षिक उत्पादन | मे.टन हजार | ७५ | ७६ | ७७ | ७८ | ७९ | ८० | | |
| | तरकारी वार्षिक उत्पादन | मे.टन हजार | ५० | ५१ | ५२ | ५३ | ५४ | ५५ | | |
| | फलफुल वार्षिक उत्पादन | मे.टन | १०० | १०५ | ११० | ११५ | १२० | १२५ | | |
| | आधुनिक कृषि औजार हरु प्रयोग गर्ने कृषक | संख्या | ४५ | ५० | ५५ | ६० | ६५ | ७० | | |
| | कृषि व्यवसायमा सहुलियत ऋण, कृषि सामानमा अुदान तथा यान्त्रिकीकरणमा पूँजीगत अनुदानवाट लाभान्वित कृषक | संख्या | १००० | १०२५ | १०५० | १०७५ | ११०० | ११५० | | |
| | विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक | संख्या | ५०० | ५२५ | ५५० | ५७५ | ६०० | ६२५ | | |
| | प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना वाट लाभान्वित किसान | संख्या | २०० | २२५ | २५० | २७५ | ३०० | ३२५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालनमा रहेको कृषि वजार, हाटवजार तथा कृषि थोकवजार | संख्या | ५ | | | १ | | १ | | |
| | सञ्चालनमा रहेको कृषि पकेट, ब्लक, जोन तथा सुपरजोन | संख्या | - | | | | | | | |
| | कृषि उपजहरु विक्रीका लागि नजिकको वजार क्षेत्रमा पुग्न लाग्ने समयावधि | घण्टा | १५ | | | | | १० | | |
| | वेमौसमी तरकारी तथा उच्च नगदेवालीको विक्री | रु.करोड | १० | | | | | १२ | | |
| | कोण्ड स्टोरेज तथा रष्टिक स्टोर क्षमता | मे.टन | - | | | | | | | |
| | कृषि उपज सङ्कलन केन्द्र, बजार प्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र | संख्या | - | | | | | | | |
| | कृषि वीमा सेवावाट लाभान्वित कृषक | संख्या | १८० | २०० | २२५ | २५० | २७५ | ३०० | | |
| | व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक | संख्या | ८००० | ८०२५ | ८०५० | ८०७५ | ८१०० | ८१२५ | | |
| | कृषि सहकारी संस्था | संख्या | ९ | | १ | | | १ | | |
| | कृषि सहकारीमा आवद्ध कृषक | संख्या हजार | ५००० | ५०२५ | ५०५० | ५०७५ | ५१०० | ५१२५ | | |
| | क्रियाशील ग्रामीण कृषि कार्यकर्ता | संख्या | - | | | | | | | |

| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. कृषि सिंचाइको लागि विद्युतीय व्यवस्था<br>२. खेतीयोग्य जग्गाको वर्गीकरण तथा व्यवस्थापन<br>३. बिउबिजन स्टोर<br>४. शितभण्डारको व्यवस्था<br>५. मल खाद व्यवस्थापनको लागि र कम्पोस्ट मलको लागि भकारो संचार कार्यक्रम<br>६. उन्नत विउको व्यवस्थापन<br>७. वाली विमामा सहयोग<br>८. फलफूलको नमुना बगैंचा व्यवसायिक रूपमा व्यवस्थापन<br>९. कृषि यान्त्रिकीकरण | **९ करोड ३० लाख** |

### ५.५.२ पशुपंक्षी विकास

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका ११ पशुपालन - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ गाई, भैसी, बाख्रा पालन गर्न सकिने<br>➧ कुखुरा, हाँस पालनको लागि पर्याप्त सम्भावना रहेको<br>➧ समथर भू-धरातल र उष्ण क्षेत्रमा उपयूक्त जातका पशुपन्छी र माछा उत्पादन गर्न सकिने<br>➧ दुध, माछा, मासु र अण्डाको खपत बढिरहेकोले राम्रो आम्दानी गर्न सकिने<br>➧ राष्ट्रिय राजमार्ग प्रणालीसँग जोडिएको र ठूला उपभोक्ता बजारहरू समेत नजिक भएको<br>➧ पशुपन्छी जन्य उत्पादनमा आधारित उद्योगहरु सञ्चालन गर्न सकिने<br>➧ व्यवसायीक उत्पादन बढाउन सके माछाको बजारको समेत राम्रो सम्भावना रहेको | ➧ यस क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण हुन नसकेको<br>➧ कृषि पूर्वाधार विकासमा चुनौती रहेको<br>➧ युवा तथा व्यवसायीक सोचका कृषि उद्यमीहरुलाई यस क्षेत्रमा आर्कषण गर्न<br>➧ पशुपन्छी तथा मत्स्य सेवा केन्द्र तथा प्राविधिकहरुको पर्याप्त व्यवस्था गर्न<br>➧ दुध, मासु, अण्डा, माछाको माग अनुसार आपूर्ति पर्याप्त गर्न<br>➧ भारतिय उत्पादनसँग प्रतिस्पर्धा गर्न |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ विभिन्न वडाहरुमा व्यवसायिक कृषि तथा पशु फर्म सञ्चालनमा रहनुका साथै वडा नं. १ र २ मा प्रधानमन्त्री कृषि कार्यक्रम अन्तर्गतका परियोजनाहरु सञ्चालनमा रहेको<br>➧ नश्ल सुधार, कृत्रिम प्रजनन, प्राथमिक उपचार केन्द्रहरु क्रियाशील रहेको<br>➧ पशु, वाखा, भैसीपालन, कुखुरापालन जस्ता व्यवसायिक फर्महरु क्रियाशील रहेको<br>➧ पशुजन्य औषधी, उपचार, तथा खोपको व्यवस्था भएको<br>➧ पशु प्राविधिक तथा भेटेरीनरी सेवा उपलव्ध गराएको<br>➧ पशुपालन कृषकहरुलाई तालिम, परामर्श तथा प्राविधिक ज्ञानसीप प्रदान हुँदै आएको | ➧ उन्नत जातिको गाई, भैसी, बाख्राको उपलब्धता नरहेको<br>➧ पशुपक्षीको महामारी, रोग नियन्त्रण गर्ने खोप तथा औषधी जन्य सामाग्रीको अभाव रहेको<br>➧ कृत्रिम गर्भधान गर्ने केन्द्रको अभाव रहेको<br>➧ पशुपक्षीको चिकित्सकको अभाव रहेको<br>➧ माछा प्रजन्न (हेचरी) केन्द्रको अभाव रहेको<br>➧ माछाका लागि आहाराको अभाव रहेको<br>➧ पशुपक्षी पालनको ज्ञान, सीपको अभाव रहेको |

**ख) सोच**

स्थानीय जनजीवन सुधारको मुख्य आधार : पशुपंक्षीपालन व्यवसाय मर्यादित र आधुनिकीकरण

**ग) लक्ष्य**

आधुनिक वैज्ञानिक र व्यवसायिक पशुपन्छी तथा मत्स्यपालनमार्फत निर्यातमुखी उत्पादनलाई बढावा दिने

**घ) उद्देश्य**

- पशुपंक्षीपालनलाई व्यवस्थित, विविधीकरण एवं व्यवसायीकरण गर्नु
- कृषकहरुको आयआर्जनको भरपर्दो श्रोतको रुपमा विकास गर्नु

**ङ) रणनीति**

१. पशुपंक्षीपालनमा व्यवसायिकता विकास गर्ने
२. पशुपंक्षीजन्य वस्तुको वजार प्रवर्द्धन गर्ने
३. पशुपंक्षीपालनमा महिला, दलित एवं अति विपन्न वर्गको आवद्धतामा वृद्धि गर्ने
४. पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था विस्तार गर्ने
५. वातावरण तथा हावापानी अनुकुलमैत्री पशुपक्षी व्यवसायको प्रवर्द्धन गर्ने
६. पशुपंक्षी सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**च) कार्यनीति**

**रणनीति १ को पशुपंक्षीपालनमा व्यवसायिकता विकास अन्तर्गतका कार्यनीतिहरु**

१.१ कृषक समुदाय, सहकारी संस्था एवं कृषकहरुमा प्रतिस्पर्धी क्षमता वृद्धि गदै पशुपंक्षीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्राविधिक सेवा, वित्तीय सेवा लगायत अन्य सेवा उपलब्ध गराइनेछ ।
१.२ तुलनात्मक लाभ भएका पशुजन्य उत्पादनहरुको व्यवसायिकपालनका लागि कृषकहरुको क्षमतामा अभिवृद्धि ल्याई आय आर्जनको श्रोतको रुपमा स्थापित गराइनेछ ।
१.३ स्थानीय प्रजातिहरुको संरक्षण गर्दै नश्ल सुधारको माध्यमवाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।
१.४ व्यवसायिक कुखुरा, वङ्गुर र वाखापालनलाई प्रोत्साहित गरिनेछ ।
१.५ पशु आहारका लागि गुणस्तरीय एवं पोषणयुक्त घाँसबाली रोपणमा व्यापकता ल्याइने छ र चरिचरनका लागि उपयुक्त स्थानहरु निर्धारण गरी कृषकहरुको सहभागितामा चरन क्षेत्रलाई व्यवस्थित गरिनेछ । चरन क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि निर्देशिका वनाई नियमन गरिनेछ । डालेघाँस, भुईघाँस जस्ता पशुजन्य आहार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ ।
१.६ पशु वीमालाई प्रभावकारी रुपमा परिचालनका लागि निजी क्षेत्रहरुसंग समन्वय गरिनेछ ।
१.७ वेरोजगार युवा वर्गलाई पशुपंक्षी व्यवसायमा आवद्ध गर्न वित्तीय संस्थाहरुसंग सहकार्य गर्दै सहुलियत दरमा वित्तीय सेवा सुविधाको ब्यवस्था गरी प्रोत्साहित गरिनेछ ।
१.८ पशुपंक्षीको आहाराका लागि घाँस, दाना,चापट, ढुटो, पराल, साइलेस एवं स्वच्छ पानीको व्यवस्था गरिनेछ ।
१.९ आधुनिक प्रविधियुक्त गोठ तथा खोर निर्माण सञ्चालनमा ल्याइनेछ ।
१ १० गोवर तथा पिसाव जाच गर्ने पशुपंक्षी प्रयोगशाला संचालन गर्ने ।
१ ११ कृषिकहरुलाई पशुपंक्षी सम्बन्धी तालिम संचालन गर्ने ।
१ १२ कृषिकहरुलाई अनुदानको व्यवस्था गर्ने ।

**रणनीति २ को पशुपंक्षीजन्य वस्तुको वजार प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धन एवं निकासी वृद्धि गर्न वस्तुमा विविधीकरणका लागि प्रोत्साहित गरिने छ । कृषकहरुलाई व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन गरी क्षमतामा अभिवृद्धि गरिने छ । वस्तुहरुको विविधीकरण गर्न आवश्यक पर्ने मेशिन उपकरणहरु ढुवानीमा अनुदान व्यवस्था गरिनेछ ।
२.२ पशुपंक्षीजन्य उत्पादनहरुको स्थानीय एवं वाह्य वजार प्रवर्द्धन गर्न सङ्कलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विक्री केन्द्र, पशु हाटवजार र मेला प्रदर्शनी स्थल व्यवस्था जस्ता पूर्वाधारहरु आवश्यकताका आधारमा उपयुक्त स्थानमा निर्माण गरिनेछ । यसका लागि निजी क्षेत्र तथा सहकारी संस्थाहरुसंग सहकार्य गरिनेछ ।
२.३ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पशु सहकारी संस्था एवं अगुवा कृषकहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
२.४ सूचना प्रविधिमा कृषकहरुको पहुँचमा सहजता ल्याई पशुपंक्षी वजार सूचना सम्बन्धी स्थानीय तथा वाह्य वजार वारे जानकारी नियमित रुपमा गराउने संयन्त्र विकास गरिनेछ ।
२.५ मासु तथा दुग्घजन्य वस्तुहरुमा विविधीकरण, पशुपंक्षीका छाला प्रशोधन तथा छालाजन्य वस्तु उत्पादन, ऊन प्रशोधन जस्ता उद्योग व्यवसायको प्रवर्द्धनका लागि आवश्यक सीप तथा उद्यमशिलता विकास र एक निश्चित समयावधि सम्म विविध सेवाहरु, सुविधा तथा सहुलियतहरु उपलव्ध गरिनेछ ।

**रणनीति ३ को पशुपंक्षीपालनमा महिला, दलित एवं अति विपन्न वर्गको आवद्धता अन्तर्गतको कार्यनीतिहरु**

३.१ आवश्यक पूँजीको अभावमा पशुपंक्षी पालनलाई व्यवसायिक रुपमा अगाडि वढाउन नसक्ने महिला, दलित, तथा अति विपन्न वर्गलाई आवश्यकताका आधारमा वीउ पूँजी अनुदान उपलव्ध गराउदै पशुपंक्षी पालनलाई आय आर्जनको एक मुख्य श्रोतको रुपमा स्थापित गर्न सहयोग गरिनेछ।

३.२ पशुपंक्षीजन्य व्यवसायमा आर्थिक र भौगोलिक रुपमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो श्रोतको रुपमा विकास गरिनेछ।

३.३ न्यून लागत तथा तुलनात्मक रुपमा वढी लाभ आर्जन गर्न सकिने पशुपंक्षीजन्य वस्तुहरुको व्यवसायिक पालनमा प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलव्ध गराइनेछ।

३.४ सहकारी संस्था तथा सामुहिक रुपमा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक पालन गर्न प्रोत्साहित गरिनेछ । यसरी सामुहिक रुपमा गरिने पशुपंक्षी पालन व्यवसायका लागि नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।

३.५ महिला, दलित, तथा अति विपन्न वर्ग आर्थिक तथा सामाजिक अवस्थामा सुधारका लागि सहकारी तथा निजीक्षेत्रसंग समन्वय गरी उत्पादित वस्तुहरुको विक्री वितरणमा सहजता ल्याइनेछ ।

**रणनीति ४ को पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था अन्तर्गतका कार्यनीतिहरु**

४.१ प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग, महामारी नियन्त्रण गदै स्वास्थ्यवर्द्धक वस्तु उत्पादनमा जोड दिइनेछ।

४.२ पशुपंक्षीहरुमा लाग्ने सक्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजीवि नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवा संचालन गरिनेछ । यसका लागि पशु चिकित्सक सहित आवश्यक जनशक्तिहरु व्यवस्था गर्न स्थानीय वेरोजगार युवाहरुलाई आवद्ध गरिने छ र युवाहरुलाई तालिम प्रदान गरी क्षमता विकास गरिनेछ

४.३ मानबवाट पशुपंक्षी र पशुपंक्षीवाट मानव स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर राख्दै पशुपंक्षीको व्यवसायिक पालन गर्न एक कार्यविधि वनाई कार्यान्वयनमा ल्याइनेछ र नियमित रुपमा नियमन गरिनेछ।

४.४ खुल्ला मासु विक्री वितरण तथा ओसारपसारका लागि एक मापदण्ड वनाई त्यसको नियमन गरिनेछ । वजारका निश्चित क्षेत्रहरुमा पशुवधशाला निर्माण गरी फोहोरमैलाको व्यवस्थापन गरिनेछ।

**रणनीति ५ को वातावरण तथा हावापानी अनुकुलमैत्री पशुपक्षी व्यवसायको प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

५.१ पशुपंक्षी र पशुपंक्षीजन्य पदार्थको प्रमाणीकरण, हाटबजार, सङ्कल केन्द्र, मासु पसल, डेरी पसल, बधशाला, चिस्यान केन्द्र निर्माण गरिनेछ।

५.२ पशुपंक्षीपालनको श्रोत केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

५.३ मासु र दुधमा आत्मनिर्भरताका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५.४ गाईभैसी, बाखा, कुखुरा, वङ्गुरलाई एकै प्याकेजमा राखी पशुपंक्षीको प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ।

५.५ एक वस्ती एक टविज निर्माण गर्दै रैथाने पशुपंक्षीहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ।

५.६ पशुपालक कृषक सम्मान कार्यक्रम, उत्कृष्ट कृषक कार्यक्रम तथा पशु सुत्केरी कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति ६ को पशुपंक्षी सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतको कार्यनीति**

६.१ पशुपंक्षी व्यवसायिकपालन, पशुपंक्षी स्वास्थ्य सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना वनाई कार्यान्वयन गरिने छ र नियमित रुपमा अनुगमन र नियमनका लागि एक संयन्त्र विकास गरिनेछ।

**छ) तर्कवद्ध खाका**

तालिका १२ पशुपंक्षीपालन

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | वार्षिक दुध विक्री | रु.लाख | ४० | | | | | १०० | पालिकाको वार्षिक | अन्तर सरकार र |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खसीवोका, राँगाभैसी, वङगुर, सुंगुरको वार्षिक विकी | रु.करोड | १ | १.१० | १.२५ | १.३५ | १.५ | २ | प्रगति प्रतिवेदन | निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | व्यवसायिक पशुपंक्षी पालनमा संलग्न घरधुरी | संख्या | २५ | ५० | ७५ | १०० | १२५ | १५० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन पालिका पार्श्वचित्र | कृषकहरु व्यवसायिक पशुपंक्षी पालन प्रति प्रोत्साहित भएको हुने कृषकहरु लाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमित उपलब्ध भएको हुने निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने |
| | पशुपंक्षी बीमा सेवा वाट लाभान्वित कृषक | संख्या | ५० | ७५ | १०० | १२५ | १५० | १७५ | | |
| | नश्ल सुधार तथा प्राथमिक उपचारकेन्द्र | संख्या | १ | | | | १ | | | |
| | पशुपंक्षीपालनसम्बन्धी उपलब्ध प्रविधि खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) उपयोग गर्ने कृषक | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ३५ | | |
| | सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | १ | | | १ | | | | |
| | पशुजन्य संक्रामक रोग विरुद्ध खोप लगाएका पशुपंक्षी | संख्या | ९० | १०० | १२५ | १५० | १७५ | २०० | | |
| | व्यवसायिक कुखुरापालन फर्म | संख्या | १० | २० | ३० | ४० | ५० | ६० | | |
| | पशुजन्य संक्रामक रोगबाट वार्षिक क्षति | रु. लाख | ५० | | | | | ० | | |
| | दुध सङकलन केन्द्र तथा चिस्यान केन्द्र | संख्या | – | | | | | | | |
| | दुध उत्पादन (वार्षिक) | मे.टन | ६ | ६.५ | ७ | ८ | ९ | १० | | |

| **मुख्य कार्यक्रम तथा क्रियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. नरहा गोठ सुधार कार्यक्रम<br>२. पकेट क्षेत्र विस्तार कार्यक्रम (बाखा, भैसी, गाई, माछा कुखुरा)<br>३. पशु आहार कार्यक्रम<br>४. मासु प्रवर्द्धन कार्यक्रम<br>५. भेक्सिनेसन तथा पशु बीमा कार्यक्रम<br>६. डेरी उद्योग तथा पशुजन्य पदार्थ प्रशोधन केन्द्र स्थापना<br>७. माछा मासु पसल सुधार कार्यक्रम<br>८. पशु आधुनिकरण कार्यक्रम<br>९. माछा उत्पादन कार्यक्रम<br>१०. पशुजन्य सामग्री बजारीकरण<br>११. अण्डा उत्पादन कार्यक्रम<br>१२. वायोग्याँस निर्माण कार्यक्रम<br>१३. कृषक व्यवसायिक तालिम<br>१४. प्राविधिक तथा ल्याबको स्थापना<br>१५. पशु अनुदान कार्यक्रम<br>१६. पशु तथ्यांक संकलन गर्ने | **२४ करोड २० लाख** |

| | |
|---|---|
| १७. पशु बाजोपन निदान कार्यक्रम<br>१८. पशुपन्छी सम्बन्धी ऐन कानुन बनाउने | |

### ५.५.३ पर्यटन विकास

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका १३ पर्यटन विकास- सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ गीता माताले गोसाइ पोखरीमा स्नान गरी पूजा गर्ने गरेको माँडिबारिनी मन्दिर, फूल टिप्ने तथा बल गरेको फुलगामा बगैंचा, रामजानकी विवाहमा रामको घोडा बाँधिएको विस्वास गरिएको सोपारा जस्ता स्थानहरू विद्यमान रहेका कारण जनकपुरसँग जोडेर धार्मिक पर्यटनको विस्तार सकिने<br>➧ नगरपालिका क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका सम्पदाहरूको संरक्षण गरी नगराईन क्षेत्रलाई आकर्षक पर्यटकीय नगरको रूपमा विकास गर्ने नीति लिइएको<br>➧ नगरपालिकाका उपयुक्त स्थलमा निजीक्षेत्रलाई आकर्षित गरी गुणस्तरीय होमस्टे, होटेल खोल्न सकिने<br>➧ स्थानीय मौलिक कला र संस्कृतिमा तथा लोपोन्मुख जातजातिको सांस्कृतिक विकास र संरक्षण गरी अध्ययन केन्द्रको रूपमा विकास गर्न सकिने<br>➧ विभिन्न जातजातिको मौलिक संस्कृति, नाच, गीत, संगीत तथा अन्य अमूर्त सांस्कृतिक सम्पदाले सम्पन्न रहेकाले सांस्कृतिक पर्यटनको विकास गर्न सकिने<br>➧ नगरपालिकाले धार्मिक पार्क, पिकनिक पार्क, पर्यटक विश्रामस्थल, शौचालय, प्रवेशद्वार जस्ता पर्यटकीय सौन्दर्यकरणको निर्माण कार्य गर्दै जाने नीति लिएको<br>➧ प्रत्येक वर्ष विविध जातजाति महोत्सव आयोजना गरी सांस्कृतिक झाँकी, भेषभूषा प्रदर्शनी, खानपान तथा परम्परागत सिपहरूको प्रदर्शनी गर्न सकिने<br>➧ वडा नं. ३ को सेतपुरलाई पिकनिक, खेलकुद, तथा पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने<br>➧ पोखरी, तलाउ तथा खोलानालामा माछापालन, कृषि, तरकारी र फलफूल फर्महरू र अरु साना उद्योगहरू स्थापना गरी कृषि पर्यटकहरू भित्र्याउन सकिने साथै | ➧ समथर भूधरातल र पर्याप्त सडक सञ्जाल हुँदा हुँदै पनि पर्यटकीय हिसाबले सडक यातायात पर्याप्त र भरपर्दो नभएका तथा अधिकांश सडकहरू कच्ची अवस्थामा रहेका<br>➧ पर्यटन सूचना केन्द्र लगायतका सञ्चारका साधनहरूको पर्याप्त विकास गर्न<br>➧ पर्यटकको सुरक्षाको उचित प्रबन्ध गर्न<br>➧ नगरपालिकाको सीमित आयस्रोतका कारण पर्यटकीय पूर्वाधार विकास गर्न चुनौतीपूर्ण भएको सुविधा सम्पन्न होटल, रेष्टुरेन्ट तथा लजहरू खोल्न खर्चिलो भएको<br>➧ जनकपुर क्षेत्रमा ओइरिने पर्यटकहरूलाई आकर्षित गर्न व्यापक प्रचारप्रसार चुनौतीपूर्ण रहेको<br>➧ पर्यटन विकासको ठोस कार्यक्रम नभएकोले सामान्यतया सम्पूर्ण पर्यटन क्षेत्रको विकासका आधारभूत पूर्वाधारहरू नै स्थापना र विकास गर्न<br>➧ निजी क्षेत्रलाई आर्कषण गर्न<br>➧ बाह्य पर्यटकहरूको प्रभावले मौलिक संस्कृति लोप हुन सक्नेतर्फ सजग हुनुपर्ने<br>➧ सामाजिक विकृतिहरू बढ्न सक्ने जोखिम रहेको<br>➧ पर्यटन विकासको महत्व जनमानसलाई बुझाउन चुनौती रहेको |

| | |
|---|---|
| पुरै नगरपालिकालाई नै नमूना कृषि पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिने | |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ नगरपालिका क्षेत्रभित्र विभिन्न मन्दिर, मश्जिद तथा चर्च साथै विभिन्न प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरू रहेका (अकौरा - ठाकुर पोखरी- बडा नं.- ७, रामजानकी कूटी बडा नं.- ७, अकोरा - ठाकुरको चारै दिशामा सार्वजनिक पोखरी भएको, चभया, ठाडी पोखर नगराईन न. पा. - ६, वलहटी पोखरी नगराईन - ३, कौरना पोखरी - वडा नं.- ६, दुर्गा मन्दिर बडा नं.- ८)<br>➧ पर्यटकीय क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन हुँदै आएको<br>➧ पर्यटन विकासका पूर्वाधारहरु क्रमशः निर्माण हुँदै आएको<br>➧ पर्यटनलाई आयआर्जनसँग जोड्न प्रयास भएको<br>➧ पर्यटन उद्योगसँग सम्वन्धित जनशक्तिको क्षमता विकास तथा तालिम प्रदान भएको | ➧ दीर्घकालीन पर्यटन विकास गुरुयोजना तर्जुमा नभएको<br>➧ सम्भाव्य पर्यटकीय क्षेत्र र सेवाहरुको पहिचान नहुनु<br>➧ साहसिक पर्यटन क्षेत्रको विकास हुन नसक्नु<br>➧ धार्मिक एवं ऐतिहासिक क्षेत्रहरुको प्रचार प्रसार एवं प्रवर्द्धन नहुनु<br>➧ पर्यटन योग्य स्थल भएको तर पर्यटकको गन्तब्य रूपमा नरहेको<br>➧ पर्यटनमैत्री कतिपय धार्मिक तथा पर्यटकीय स्थलहरूको जिर्णोद्धार नभएको<br>➧ पर्यटक स्थलहरू सौन्दरीकरण नभएको<br>➧ मठ मन्दिरको अवस्था जिर्ण रहेको<br>➧ पर्यटकको लागी रिसोर्ट, राफटीङ्गको सुविधा नभएको<br>➧ पर्यटक स्थलको फोहर व्यवस्थापन हुन नसकेको |

**ख) सोच**

स्थानीय समृद्धिको आधार : पर्यटनको दिगो विकास

**ग) लक्ष्य**

आर्थिक, सामाजिक र सांस्कृतिक सम्पन्नताका लागि पर्यटन क्षेत्रलाई एक आधारशिलाको रुपमा विकास गर्ने

**घ) उद्देश्य**

- पर्यटकीय गन्तव्यहरु एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, प्रवर्द्धन एवं पूर्वाधारहरुको स्तरोन्नति गर्नु
- पर्यटक व्यवसायलाई विविधीकरण गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्नु

**ङ ) रणनीति**

१. गुणस्तरीय पर्यटन पूर्वाधार सुविधाको विकास र विस्तार गर्ने
२. ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने
३. महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने
४. पर्यटन विकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**च) कार्यनीति**

**रणनीति १ को गुणस्तरीय पर्यटन पूर्वाधार सुविधाको विकास र विस्तार अन्तर्गतका कार्यनीतिहरु**

१.१ पालिका भित्र सम्भावित पर्यटकीय क्षेत्र तथा पर्यटकीय उत्पादनहरु पहिचान गरी त्यसको विवरण तयार पार्दै त्यस्ता उत्पादनहरुको विकास गर्न तथा गन्तव्य क्षेत्रहरुमा पुग्न आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरु निर्माण र सुरक्षा व्यवस्था गरिनेछ ।

१.२ सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी गन्तव्य स्थलहरुको वारेमा जानकारी गराइनेछ ।

१.३ पर्यटन व्यवसायमा आवद्ध राष्ट्रिय तथा स्थानीय संघ संस्था, होटेल, ट्राभल्स एजेन्सीहरुसंग सहकार्य एकीकृत रुपमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१.४ पर्यटनमा आधारित उद्योग व्यवसायहरु सञ्चालनका लागि स्थानीय वेरोजगार युवाहरु एवं सहकारीमा आवद्ध सदस्यहरुलाई सीप तथा उद्यमशील विकास तालिमहरु सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

१.५ निजी क्षेत्रसंगको सहकार्यमा एक निश्चित समय निर्धारण गरी आन्तरिक एवं वाह्य पर्यटक वृद्धिका लागि पर्यटन महोत्सव नियमित रुपमा आयोजना गरिनेछ ।

१.६ पयर्टकहरुको सुरक्षा, औषधोपचार, होटेल, गाइड जस्ता न्यूनतम पूर्वाधारहरुको व्यवस्थाका लागि स्थानीय वासिन्दाहरुको क्षमतामा अभिवृद्धि गरिनेछ ।

१.७ पर्यटकीय गन्तव्य स्थानहरुमा पुग्न सम्भव भएसम्म सवैप्रकारका यातायातको व्यवस्थाका लागि निजीक्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

१.८ विद्यमान चालु अवस्थामा रहेका पर्यटकीय क्षेत्रहरुमा थप पर्यटकीय उत्पादन वृद्धि गरी पर्यटकहरुको वसाई लागि अरु लम्व्याइनेछ ।

**रणनीति २ को ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण, सम्वर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१ महत्वपूर्ण सम्पदाहरुको जीर्णोद्वार, मर्मत सम्भार, ताम्रापत्र राख्दै सम्पदाको व्यवस्थापन तथा नियमित सरसफाइका लागि स्थानीयहरुसंग सहकार्य गरिनेछ ।

२.२ लोपोन्मुख एवं अन्य सवैप्रकारका कला, भाषा र संस्कृतिहरु झल्कने गरी उपयुक्त स्थानमा एकीकृत सङ्ग्रहालय निर्माण गर्दै सम्पदाको संरक्षण एवं व्यवस्थापनका लागि स्थानीय वासिन्दाहरुसंग सहकार्य गरिनेछ । थारु संग्रहालयको स्तरोन्नति गरिने छ ।

२.३ स्थानीय संस्कृतिहरु झल्कने गरी होमस्टे सञ्चालन गर्न स्थानीय महिला, दलित तथा अति विपन्न वर्गलाई प्रोत्साहित गरिनेछ । होमस्टे सञ्चालन गर्न आवश्यक सीप तथा उद्यमशीलता विकास सम्बन्धी तालिमहरु सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ । संचालनमा रहेका होमस्टेहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

**रणनीति ३ को महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने अन्तर्गतका कार्यनीतिहरु**

३.१ दलित एवं अति विपन्न समुदायमा होमस्टे सञ्चालन गर्न आवश्यक सवै सीप तथा उद्यमशीलता विकास तालिमहरु प्रदान गरी क्षमता अभिवृद्धि एवं आवश्यक पूर्वाधारहरुको व्यवस्था मिलाउदै आय आर्जन एवं स्वरोजगारीको अवसर श्रृजना गरिनेछ ।

३.२ होमस्टे सञ्चालन गर्न आवश्यक लगानी पूँजीको अभावमा होमस्टे सञ्चालनमा अवरोध आएमा वित्तीय संस्थासंग समन्वय गरी सहयोग उपलव्ध गराइनेछ ।

**रणनीति ४ को पर्यटन विकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

४.१ पर्यटन विकासका लागि दीर्घकालीन नीति, गुरुयोजना वनाई सोही अनुसार कार्यान्वयन गरिनेछ ।

४.२ पयर्टन विकास, प्रवर्द्धनका लागि कानुन, मापदण्ड वनाई त्यसको अनुगमन र नियमन गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका १४ पर्यटन विकास

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | पर्यटन व्यवसायवाट कूल रोजगारीता प्रदान | संख्या (सयमा) | | | | | | | पालिकको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| **प्रतिफल** | धार्मिक पर्यटन | संख्या | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **हरु** | सञ्चालन स्थान | | | | | | | | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्र आकर्षित भएको हुने |
| | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल | संख्या | १ | | २ | | | ३ | | |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदाहरु | संस्था | | | | | | | | |
| | व्यवस्थित,सुविधा युक्त, आकर्षक, सुरक्षित, मनोरम पर्यटकीय गन्तव्य | संख्या | | | | | | | पालिका पार्श्व चित्र | संघ, प्रदेश र अन्तर पालिका वीच सहकार्य र समन्वय भएको हुने |
| | उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (पर्यटकीय क्षेत्र, सूचना केन्द्र, गाइड, सुरक्षा, मुद्रा सटही, होमस्टे, होटेल रेष्टुरेण्ट, यातायात, सपिङ, एजेण्ट, आदि) | संख्या | | | | | | | | |
| | सञ्चालित तथा व्यवस्थित पदमार्ग को लम्बाइ (कूल) | कि.मि. | | | | | | | | |
| | कृषि पर्यटन सञ्चालन स्थान | संख्या | | | | | | | | |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | | | | | | | | |
| | व्यवस्थित वनभोज, पार्क | संख्या | | | | | | | | |
| | तालिम प्राप्त टुर गाइड | संख्या | | | | | | | | |
| | तालिम प्राप्त कुक, वेटर | संख्या | | | | | | | | |
| | सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटकको | संख्या हजारमा | | | | | | | | |
| | सालभरी भ्रमण गर्ने वाह्य पर्यटकको | संख्या हजार | | | | | | | | |
| | भ्रमण गर्ने पर्यटक हरुको औषत वसाई | दिन | | | | | | | | |
| | पर्यटकको औषतमा दैनिक खर्च प्रति व्यक्ति | रु.हजार | | | | | | | | |
| | पर्यटनवाट राजस्व सङ्कलन | रु.लाख | | | | | | | | |
| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | | | | | | | | | **बजेट रु.** | |

| | |
|---|---|
| १. पर्यटन दीर्घकालीन नीति तथा गुरुयोजना तयारी<br>२. पर्यटन सम्बन्धी तालिम तथा उद्यमशीलता विकास<br>३. पर्यटकीय क्षेत्रहरुमा पूर्वाधार निर्माण<br>४. पर्यटकीय उत्पादनहरु (पदमार्ग, होम स्टे, क्युरियो पसल, हस्तकला उत्पादन) को विकास<br>५. पर्यटन क्षेत्रहरुको प्रचार प्रसार<br>६. ऐतिहासिक तथा पुरातात्विक महत्वका वस्तु तथा स्थलको संरक्षण<br>७. धार्मिक महोत्सव तथा मेला प्रदर्शनी कार्यक्रम | **२ करोड ५५ लाख** |

### ५.५.४ उद्योग, व्यापार तथा व्यवसाय

**क) वस्तुस्थिति विश्लेषण**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका १५ उद्योग, व्यापार तथा व्यवसाय- सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ पशुजन्य उत्पादनमा आधारित डेरी तथा मासु, हाड, छाला प्रशोधन उद्योगहरूको स्थापना गर्न सकिने<br>➧ कपडा उद्योग, हस्तकला, काष्ठकला तथा ललितकलामा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने<br>➧ नगरपालिकामा रहेका प्राकृतिक पोखरीहरू तथा कृत्रिम पोखरीमा व्यवसायिक माछापालन गर्न सकिने<br>➧ स्थानीय सम्भाव्यताका आधारमा धान खेती, गहुँ खेती, मुँग खेती, केरा खेती, कुखुरापालन, पशुपालन र तरकारी खेती उत्पादनलाई प्रर्वद्धन गर्न सकिने<br>➧ कृषि पर्यटन विकास गर्न सकिने<br>➧ स्थानीय कच्चा पदार्थमा आधारित कृषि उद्योगहरूको स्थापना गर्न सकिने<br>➧ औद्योगिक पूर्वाधारहरूको यथोचित विकास गर्न सके नगरपालिकामा रोजगारीको सम्भावना र अवसरहरूको प्रचुरता रहेको<br>➧ नगरपालिका भित्र सञ्चालित व्यवसायलाई दर्ता, नवीकरण तथा अन्य कानूनी प्रक्रियामा सरलता ल्याई प्रर्वद्धन र संरक्षण गर्न सकिने<br>➧ डेरी उद्योग र हस्तकलामा आधारित घरेलु उद्योगहरूको विकास गर्न सकिने प्रस्तावित औद्योगिक क्षेत्रहरू बिस्तार गरी नगरपालिकाभित्र रोजगारी सिर्जना गर्न सकिने<br>➧ सिलाइ कटाइ / बुनाइ, मैनबत्ती बनाउने तालिम, मोटरसाईकल तथा साइकल मर्मत तालिम, कृषिजन्य तालिम प्रदान गरी साना तथा घरेलु उद्योगको लागि दक्ष जनशक्ति तयार गर्न सकिन | ➧ उद्योगको प्रचुर सम्भावना भए तापनि औद्योगिक पूर्वाधारहरू जस्तै सडक, उर्जा, पूँजी, दक्ष जनशक्ति, प्रविधि आदिको व्यवस्था गर्न<br>➧ स्थानीय जनताहरू काठमाडौं र अन्य सुविधासम्पन्न शहरहरूतिर बसाई सरी जाने प्रवृति रोक्न<br>➧ युवा जनशक्तिको विदेश पलायन रोक्न<br>➧ औद्योगिक उत्पादनको सिप सिकाउने शिक्षा प्रणाली विकास गर्न<br>➧ नगरपालिकाका बजार केन्द्रहरूमा ठूलो स्तरको आर्थिक गतिविधि स्थापना गर्न<br>➧ निजी क्षेत्रको लगानी आर्कषण गर्न<br>➧ वित्तीय सुरक्षाको पर्याप्त प्रत्याभूति गर्न<br>➧ उद्योगमा संलग्न मजदुर तथा औद्योगिक क्रियाकलापका दौरान सामाजिक जटिलता, अपराध आदिको वृद्धि हुन सक्ने<br>➧ लगानी सुरक्षाको वातावरण सुनिश्चित गर्न<br>➧ औद्योगिक पूर्वाधार विकासमा यथेष्ट बजेट व्यवस्था गरी योजनाबद्ध ढङ्गले विकास गर्न<br>➧ उद्योग विकासको लागि सडक, यातायात, विद्युत् तथा अन्य भौतिक पूर्वाधारको विकास गर्न<br>➧ विभिन्न प्रकारका उद्योगहरू स्थापना गर्दा औद्योगिक प्रदूषण वृद्धि हुन सक्ने |

| | |
|---|---|
| ➧ नगरपालिकाले "उद्योगमैत्री समाज र सामाजमैत्री उद्योग" स्थापना गर्ने नीति लिएको | |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ नगरपालिकाको वडा नं १, २ र ४ मा ईटा उद्योगहरु, फर्निचर कारखाना र ग्रील कारखाना, वडा नं. ३ मा डेरी उद्योगहरु रहनुका साथै नगरपालिकामा विभिन्न उद्योगहरू रहेका<br>➧ कृषिमा आधारित औद्योगिक कच्चा पदार्थको उपलब्धता रहेको<br>➧ व्यावसायिक रूपमा माछा, कुखुरा, हाँस, गाई, भैसी, बाखापालन भइरहेको<br>➧ स्थानीय जनशक्तिको सदुपयोग हुने कम खर्चिलो श्रमशक्ति प्राप्त गर्न सकिने भूमिगत जल सम्पदामा आधारित मिनरल वाटर उद्योग स्थापना गर्न सकिने<br>➧ नगरपालिकाका बहिरी, नगराइन, गोसाई पोखरी, रामबाग, खिर्खिरिया, बहुअर्वा र घोडघाँस बजारकेन्द्रको रूपमा रहेका<br>➧ नगरपालिकाका विभिन्न वडाहरूमा साप्ताहिक तथा अर्धसाप्ताहिक हाटबजार लाग्ने गरेको | ➧ घरेलु उद्योग भएको तर सरोकारवाला निकायको सहयोग विना विस्तार, वृद्धि राम्ररी नभएको<br>➧ व्यापारीसँग पुजी, प्रविधि, सिप, ज्ञान तथा दक्ष जनशक्तिको अभाव रहेको<br>➧ प्राङ्गारीक तथा जैविक मल उद्योगको अभाव रहेको<br>➧ तरकारी प्रशोधन उद्योगको अभाव रहेको<br>➧ पशुपक्षी एवं माछा दानाको उद्योगको अभाव रहेको<br>➧ उत्पादित सामानको बजारीकरण तथा उपयुक्त दर भाउ नभएको |

**ख) सोच**

घरेलु तथा साना उद्योगको विकास र विस्तार : स्थानीय अर्थतन्त्रको दिगो आधार

**ग) लक्ष्य**

नगरपालिकाको कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान कम्तीमा २० प्रतिशत पुऱ्याई रोजगारी श्रृजना गर्ने

**घ) उद्देश्य**

- स्थानीय साधन, श्रोत तथा कच्चा पदार्थमा आधारित उद्योगहरुको प्रवर्द्धन एवं विकासलाई प्रोत्साहित गर्नु
- घरेलु तथा साना उद्योग व्यवसायमा स्थानीय समुदायलाई आकर्षित गर्दै आय तथा रोजगारीहरु श्रृजना गर्नु

**ङ) रणनीति**

१. स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोगमा वृद्धि गर्ने
२. स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गर्ने
३. उद्योग व्यवसायमा युवा, महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने
४. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**च) कार्यनीति**

**रणनीति १ को स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोगमा वृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.१ स्थानीय स्तरमा खेर गइरहेका साधन, श्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालनका लागि सहकारी तथा निजी क्षेत्रसंग समन्वय, सहकार्यवाट रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।

१.२ व्यवसायिक सम्भाव्यता भएका वस्तुहरुको विस्तृत अध्ययन अनुसन्धान गरी सोका आधारमा वेरोजगार युवाहरुलाई सीप विकास एवं उद्यमशीलता विकास तालिम प्रदानवाट क्षमता अभिवृद्धि गरिनेछ । प्रशिक्षित युबालाई सहुलियत दरमा वैकिङ्ग ऋृण उपलव्ध गर्न वित्तीय संस्थाहरुसंग सहकार्य गरिनेछ ।

१.३ वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई कृषि, पशुपंक्षीपालन, गैर-काष्ठ वन पैदावर, जडीवुटी, तरकारी, फलफुल तथा पर्यटन क्षेत्रमा व्यवसायिक विकास तथा उद्यमशीलता विकासका लागि प्रोत्साहित गर्दै स्थानीय आर्थिक कारोवारमा गतिशिलता ल्याइनेछ ।

१.४ सहकारी संस्थामा आवद्ध सवै सदस्यहरुलाई खासगरी रैथाने बाली, जडीवुटी, हस्तकलाका सामान जस्ता निर्यातजन्य उत्पादनका लागि सीप एवं उद्यमशीलता विकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय सञ्चालनका लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ ।

१.५ परम्परागत, मौलिक एवं कला संस्कृतिसंग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण, उद्यमशीलता विकासका लागि प्रोत्साहित गरिनेछ ।

१.६ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको व्यवसायिक विकासका लागि आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरुको निर्माण सहित औद्योगिक ग्रामको स्थापना गरिनेछ । यसरी स्थापित औद्योगिक ग्राममा उद्योग तथा वाणिज्य सम्बन्धी प्रशासनिक सेवाहरु, वैकिङ्ग सेवा, व्यवसायिक परामर्श लगायतका सेवाहरु एकै स्थानमा उपलव्ध गराई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि ल्याइनेछ । यसका लागि सहकारी एवं निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।

**रणनीति २ को स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१ पालिकाको एक प्रमुख वजार क्षेत्रमा विकी कक्ष, प्रदर्शनी कक्ष, कोशेलीघर स्थापना गर्दै स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गरिनेछ ।

२.२ ड्राईमीट उद्योग, राँगा, वङ्गुरको सुकुटी उत्पादन गर्ने, ड्राईफुट, मकै, कोदो, भटमासमा आधारित उत्पादनहरुको बजार व्यवस्थाको लागि निजी क्षेत्रलाई सहयोग उपलव्ध गरिनेछ ।

२.३ उन्नत जातका गाईभैसी पालन एवं दुग्ध सङ्कलन चिस्यान केन्द्र स्थापना र सञ्चालनमा ल्याइनेछ ।

२.४ कागती लगायत फलफुलहरुको जुस उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

२.५ स्थानीय हाटवजार केन्द्र निर्माण गरी नियमित रुपमा स्थानीय एवं प्रदेश स्तरीय व्यापार मेला, प्रदर्शनी आयोजनाका लागि सहकारी एवं निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।

२.६ विद्यमान वजार क्षेत्रहरुमा कमशः भौतिक पूर्वाधार, सेवा सुविधाहरु उपलव्ध गराउदै व्यापारिक केन्द्रको रुपमा विकास गरिनेछ ।

२.७ स्थानीय उत्पादनलाई वाह्य वजार क्षेत्र सम्म पुऱ्याउन सवै प्रकारका यातायात सेबालाई प्रभावकारी वनाइनेछ ।

२.८ औद्योगिक सेवा, सूचना प्रवाह, प्रविधि सम्बन्धी सूचना सङ्कलन र विरणलाई विस्तार गरिनेछ ।

**रणनीति ३ को उद्योग व्यवसायमा युवा, महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने अन्तर्गतका कार्यनीतिहरु**

३.१ महिला, दलित तथा अति विपन्न वर्गको रोजगारी एवं आय स्तरमा वृद्धिका लागि एकल, सामुहिक, साझेदारीमा उद्योग व्यवसाय स्थापनामा सहजीकरण र सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

३.२ परम्परागत सीपलाई पुस्तान्तरण गर्दै ब्यबसायीकरण गर्न प्रोत्साहित गरिनेछ ।

३.३ पूँजीको अभाव उद्योग व्यवसाय शुरुवात गर्न नसकेका सम्भावित उद्यमीहरुलाई सहकारी तथा वित्तीय संस्थासंग समन्वय गरी व्यवसाय सञ्चालनको वातावरण श्रृजना गरिनेछ ।

३.४ वैदेशिक रोजगारीवाट फर्केका युवाहरुको ज्ञान, सीप र पूँजीलाई परिचालन गर्न युवालाई प्रोत्साहित गरिनेछ ।

३.५ परियोजनामा आधारित कर्जा प्रवाहको व्यवस्थाका लागि वित्तीय क्षेत्रसंग सहकार्य गरिनेछ ।

**रणनीति ४ को उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

४.१ लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि नीति, दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

४.२ उद्योग व्यवसाय विकास सम्बन्धी कानुन, मापदण्ड वनाई अनुगमन तथा नियमन गरिनेछ ।

४.३ स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार र हित सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

| तालिका १६ उद्योग, व्यापार तथा व्यवसाय | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजाको तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष २०७८/७९ सम्म** | **लक्ष्य परिमाण** | | | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | | | | | | | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्र संग सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) | संख्या | | | | | | | घरेलु उद्योग कार्यालयको अभिलेख<br><br>पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br><br>अद्यावधिक पालिका पार्श्वचित्र | लगानी मैत्री वातावरण श्रृजना भएको हुने<br><br>सहकारी, निजी क्षेत्रसंग सहकार्य भएको हुने |
| | चालु मझौला उद्योग (रु.१५ करोड सम्मको) | संख्या | | | | | | | | |
| | कानुन अनुसार सम्वन्धित निकायमा कर चुक्ता गर्नेउद्योग | संख्या | | | | | | | | |
| | सुचारु व्यापार व्यवसाय | संख्या | | | | | | | | |
| | स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसाय | संख्या | | | | | | | | |
| | बाँस, अल्लो, केरा जस्ता वनस्पतिजन्य रेशामा आधारित उद्योग व्यवसाय | संख्या | | | | | | | | |
| | स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसाय | संख्या | | | | | | | | |
| | निकासीजन्य कच्चा पदार्थको उपलव्धता | मे.टन | | | | | | | | |
| | जडिवुटीमा आधारित उद्योग व्यवसाय | संख्या | | | | | | | | |
| | उद्यम श्रृजना, व्यवसायिक विकास सम्बन्धी | संख्या | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त उद्यमीहरु | | | | | | | | | |
| | सीपमूलक व्यवसायिक तालिम आर्जन गर्ने व्यक्ति | संख्या | | | | | | | | |
| | महिलाद्वारा सञ्चालित उद्योग व्यवसाय | संख्या | | | | | | | | |
| | सुचारु औद्योगिक ग्राम | संख्या | | | | | | | | |
| | पालिकाको वार्षिक आयात निर्यातको अनुपात (आयात : निर्यात) | अनुपात | | | | | | | | |
| | वौद्धिक सम्पत्ति संरक्षणका लागि आधिकारी रुपमा व्राण्डिङ भएका जडीवुटी, हस्तकला जन्य उत्पादनहरु | संख्या | | | | | | | | |
| | तरकारी, फलफुल, खाद्यान्न लगायत उत्पादनको नियमित आपूर्ति तथा विक्री वितरणका लागि सञ्चालनमा रहेका केन्द्रहरु | सख्यां | | | | | | | | |
| | सहकारी संस्था मार्फत सञ्चालित सुपथ मूल्यका पसलहरु | सख्यां | | | | | | | | |
| | मूल्य सूची सहित व्यवस्थित रुपमा सञ्चालित पसल व्यवसायहरु | सख्यां | | | | | | | | |
| | नियमित वजार अनुगमन तथा नियमन वाट दण्डित पसल व्यवसायहरु | संख्या | | | | | | | | |
| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | | | | | | | | | **बजेट रु.** | |

| | |
|---|---|
| १. भर्मी कम्पोष्ट बनाउने प्रविधिको तालिम<br>२. हरियो प्रर्दशन कार्यक्रम<br>३. भकारी सुधार कार्यक्रम<br>४. गौत संकलन कार्यक्रम<br>५. जैविक मल, प्राङारिक मल बनाउने<br>६. सानो वडा स्तरमा उद्योग सञ्चालन<br>७. जैविक विषादी बनाउने कार्य<br>८. बायो ग्यास प्लान्ट निर्माण गर्ने<br>९. र्कषकहरुलाई कीटनाशक विषादिहरु (Rhizobium, Beauveria verticillium, Phosphate Solubilizing Bacteria, potassium Solubilzing Bacteria, mycorhiza azetobacter) वितरण<br>१०. waste decomposer जिवाणुको प्रयोग गर्ने<br>११. बाखापालन, कसुरा, वंगुर पालन व्यवसायिक गर्ने<br>१२. उत्पादनका आधारमा कृषकलाई प्रोत्साहन कार्यक्रम संचालन गर्ने<br>१३. वायो ग्यास : हरेक घरमा एउटा गाई, भैसी पालना एक ग्यास चुलो अभियान<br>१४. आँप प्रोसेसिङ्ग सेन्टर | **११ करोड ६० लाख** |

### ५.५.५ वैंक, वित्तीय संस्था तथा सहकारी विकास

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका १७ बैंक, वित्तीय संस्था तथा सहकारी विकास क्षेत्र-सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ नगरपालिकामा महिला बचत समुह तथा महिला सहकारीहरूको विकास तथा क्षमता अभिवृद्धि गर्न सकिने<br>➧ अति विपन्न वर्गमा नियमित बचत गर्ने बानीको विकास गर्न प्रोत्साहन गर्न सकिने<br>➧ नगरपालिकाभित्र रहेका सहकारीहरूको सञ्चालन, व्यवस्थापन र नियमन कार्यलाई प्रभावकारी गर्ने नीति लिइएको<br>➧ नगरपालिकामा ऋण तथा कर्जा सेवा प्रदान गर्न विभिन्न कृषि तथा महिला समुहहरू सक्रिय रहेका<br>➧ उद्योग, कलकारखाना, बजार केन्द्र, व्यापारिक कारोबारको विस्तार गर्दै बैड तथा वित्तीय संस्थाहरूको विकास गर्न सकिने<br>➧ सहकारीको विकासमार्फत ग्रामीण अर्थतन्त्रको उचित विकास गर्न सकिने<br>➧ अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई आर्कषण गर्न सकिने | ➧ बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र पूँजी वृद्धि हुन गर्न<br>➧ ईटा उद्योगहरु, ससाना राइस मिल्स तथा डेरी उद्योग बाहेक उद्योग तथा कलकारखानाहरूको स्थापना गर्न<br>➧ वित्तीय संस्थाहरूमा सहज पहुँच नहुँदा तथा अर्थतन्त्र चलायमान नहुँदा स्थानीय पूँजीको विकास गर्न<br>➧ सहकारीको सङ्गठनात्मक विकास नभएका कारण लगानीको क्षेत्र र दायरा ठूलो बनाउन<br>➧ औद्योगिक पूर्वाधार, उद्योग, व्यापारिक केन्द्र र स्थानीय पूँजीको विकास गर्न<br>➧ बैंङ्क तथा वित्तीय संस्थाको स्थापना हुन नसक्दा स्थानीय लगानीकर्ता तथा पूँजीपतिको पूँजी पलायन भई ग्रामीण अर्थतन्त्र थप कमजोर बन्नु<br>➧ सबल सहकारीहरूको संस्थागत विकास नहुँदा स्थानीय पूँजी वृद्धिमा बाधा हुनु |

| | |
|---|---|
| ➧ स्थानीय जनताको अग्रसरतामा माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र बिस्तार गर्न सकिने<br>➧ सहकारीहरूको स्थापना भएकाले स्थानीय सहकारी नीतिअनुरूप "नगरनगरमा सहकारी घर- घरमा रोजगारी" अभियान सञ्चालन गर्न सकिने<br>➧ सबल पक्षमा उल्लेखित सम्पूर्ण क्षेत्रलाई व्यापक रूपमा विकास गरी नगरपालिकाको विकास गर्न सकिने | |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ नगरपालिकामा मेघा बैङ्क, कृषि विकास बैङ्क, माछापुच्छे बैङ्क तथा लघुवित्तहरू : स्वावलम्बन लघुवित्त, निर्धन उत्थान लघुवित्त, ग्लोबल आईएमई लघुवित्त, स्वरोजगार लघुवित्त, समाज लघुवित्त लगायत प्रशस्त बचत तथा ऋण सहकारी संस्थाहरु सञ्चालनमा रहेका<br>➧ नगरपालिकाल मेघा बैङ्क र माछापुच्छे बैङ्कबाट सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था गरेको<br>➧ सहकारी संस्थाहरुको क्षमता विकासमा सहयोग भएको<br>➧ वितीय तथा सहकारीले सहुलियत रूपमा विभिन्न किसिमको कर्जा आमनागरीकलाई उपलब्ध गरेको<br>➧ कर्जा तथा ऋण सेवा सुविधा उपलब्ध रहेको<br>➧ वचत, लगानी, रेमिट सेवा सुविधाहरु उपलब्ध रहेको | ➧ "क" वर्गका बैडक सीमित मात्रामा रहेको<br>➧ सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैङ्कहरुमा लामो लाईन हुने हुँदा झन्झटिलो भएको जनगुनासो रहेको<br>➧ वितीय संस्था पर्याप्त नभएको तथा नविन प्रविधि र दक्ष जनशक्ति नरहेको<br>➧ वितीय तथा सहकारी संस्थाहरूले आम नागरीकलाई ऋण प्रवाह उपयुक्त रूपमा नगरेको<br>➧ सहकारी प्रति जन विश्वास नरहेको<br>➧ वित्तीय साक्षरताको ज्ञान नभएको<br>➧ वित्तीय नीति, नियम तथा मापदण्डहरु निर्माण तथा कार्यान्वयन नहुनु<br>➧ महिला सहकारी संस्थाहरुको विस्तार गर्न नसक्नु<br>➧ सहकारी सदस्यहरुमा क्षमता अभिवृद्धिको कमि तथा व्यवसायिकताको विकास गर्न नसक्नु |

**ख) सोच**

वित्तीय पहुँचमा सहजता : उद्यमशीलता र रोजगारीता

**ग) लक्ष्य**

वैंक, वित्तीय संस्था तथा सहकारीको संस्थागत विकासमार्फत आम बचतकर्ताको जीवनस्तर उकास्ने

**घ) उद्देश्य**

➧ सहकारी संस्थाहरुलाई सवल, प्रतिस्पर्धी र व्यवसायिक वनाउदै वित्तीय सेवाको पहुँच वृद्धि गर्नु

➧ प्रतिस्पर्धात्मक एवं तुलनात्मक लाभ भएका व्यवसायिक क्षेत्रहरुमा वित्त परिचालनका लागि प्रोत्साहित गर्नु

**ङ) रणनीति**

१. सहकारीता विकास गर्ने
२. सङ्कलित पूँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने
३. विप्रेषण (रेमिटेन्स) लाई उद्यम र व्यवसायमा परिचालन गर्ने
४. वैंक, वित्तीय संस्था तथा सहकारी विकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**च) कार्यनीति**

**रणनीति १ को सहकारीता विकास अन्तर्गतका कार्यनीतिहरु**

१.१ छरिएर रहेका तथा अनुत्पादक क्षेत्रका पूँजीहरुलाई एकीकृत गर्दै सहकारी संस्था स्थापना गर्न प्रोत्साहन गरिनेछ। एकीकृत पूँजीलाई उद्योग, व्यवसाय तथा उत्पादनशील क्षेत्रमा परिचालन गरी रोजगारी श्रृजना एवं आय आर्जन वृद्धि ल्याउन सहकारी संस्थाहरुसंग सहकार्य गरिनेछ।

१.२ भइरहेको सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै व्यवस्थापकीय पक्षमा मजबुज वनाउदै एक घर एक सहकारी अवधारणा अवलम्वन गरिनेछ।

१.३ कृषक समूह, उद्यमी समूह, महिला, स्थानीय उद्यमी तथा व्यवसायीहरुलाई सहकारीमा आवद्ध हुन प्रोत्साहित गर्दै सहकारीका सदस्यहरुमा उद्यमशीलता विकास, उत्पादन, बजारीकरण, वित्तीय व्यवस्थापन, नेतृत्व विकास, सहकारी व्यवस्थापन, सहकारी शिक्षा, सूचना प्रणाली, लगानी व्यवस्थापन क्षमता अभिवृद्धि गरिनेछ।

१.४ एक वस्ती एक सहकारी अवधारणालाई अवलम्वन गर्दै विषय क्षेत्र अनुसारको अलग अलग सहकारी संस्था स्थापनाका लागि प्रोत्साहित गरिनेछ। यसका लागि सहकारी तथा बचत सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१.५ कृषि, पशुपंक्षी, गैर-काष्ठ वन पैदावरमा आधारित उपजहरुमा विविधीकरण गर्दै सहकारी संस्थाहरुको माध्यमवाट त्यस्ता उपजहरुको वजार विकास विस्तार तथा प्रवर्द्धनका लागि सहयोग उपलव्ध गरिनेछ।

१.६ सहकारी संस्थावाट सहज एवं सहुलियत दरमा कर्जा प्रवाहका लागि सहजीकरण गरिनेछ।

१.८ कृषि तथा बहुउद्देश्यीय सहकारीसंग समन्वय कायम गरी विपन्न वर्ग लक्षित सुपथ मूल्यमा उपभोग्य वस्तु उपलब्ध गराइनेछ।

**रणनीति २ को सङ्कलित पूँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन अन्तर्गतका कार्यनीतिहरु**

२.१ नगदेबाली, फलफुल, तरकारी लगायत छिटो नगद तथा पूँजी निर्माण हुने क्षेत्रहरुमा लगानी परिचालन गर्न वित्तीय क्षेत्रलाई प्रोत्साहित गर्दै स्थानीय स्तरमा रोजगारी तथा आयआर्जनका अवसरहरु श्रृजना गरिनेछ।

२.२ महिला, दलित तथा अतिविपन्न वर्गको आर्थिक उत्थानमा सहयोग पुऱ्याउन व्यवसायको प्रकृति र आवश्यकताका आधारमा सहुलियतपूर्ण कर्जा वा अनुदान व्यवस्था गरिनेछ ।

२.३ स्थानीय साधन, श्रोत, सीप र रोजगार प्रवर्द्धन हुने क्षेत्र एवं महिला समूहद्वारा सञ्चालित उद्योग व्यवसायहरुमा लगानी गर्न नीतिगत व्यवस्था, सामुहिक जमानीमा कर्जा व्यवस्था, कर्जा लिने प्रक्रियालाई सहज र ऋण सुविधामा पहुँच वृद्धि गरिनेछ ।

२.४ विषयक्षेत्रगत रुपमा र वर्गिय हिसाववाट तोकिएको प्राथमिकता प्राप्त क्षेत्रहरुमा सहुलियतपूर्ण ऋण कार्यक्रम सञ्चालन गरी समग्र अवस्थामा सुधार ल्याउन वित्तीय संस्थाहरुसंग सहकार्य गरिनेछ।

२.५ वित्तीय संस्थाहरुसंगको सहकार्यमा वैकिङ्ग ऋणलाई सहज, सुलभ र धितो मूल्याङ्कन एवं व्याँजदरलाई व्यवहारिक वनाइनेछ।

२.६ एक वडा एक सुपथ मूल्य पसलहरु विस्तार गरिनेछ।

२.८ न्यूनदरमा सुलभ कृषि कर्जा उपलब्ध गराउन सहकारी संस्थाहरुसंग सहकार्य गरिनेछ।

**रणनीति ३ को विप्रेषण (रेमिटेन्स) लाई उद्यम र व्यवसायमा परिचालन अन्तर्गतका कार्यनीतिहरु**

३.१ विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्न सम्वन्धित परिवारहरुमा वित्तीय साक्षरता, सीप विकास, उद्यमशीलता विकास तालिम कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ।

३.२ विप्रेषणलाई नगदेबाली, छिटो नगद तथा पूँजी निर्माण हुने क्षेत्रहरुमा लगानी गर्न नीतिगत व्यवस्था गरिनेछ।

**रणनीति ४ को वैंक, वित्तीय संस्था तथा सहकारी विकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

४.१ सम्पूर्ण वडामा वित्तीय संस्थाका शाखाहरु विस्तार गर्ने।

४.२ वित्तीय, सहकारी एवं विप्रेषण लगानी सम्बन्धी नीति, कानुन, मापदण्ड वनाई अनुगमन र नियमन गरिनेछ।

**छ) तर्कवद्ध खाका**

तालिका १८ बैंक, वित्तीय संस्था तथा सहकारी विकास क्षेत्र

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | | |

| | | | २०७८/ ७९ सम्म | /८० | /८१ | /८२ | /८३ | /८४ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर** | वैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह ( कूल निक्षेप संकलन रकमको) | प्रतिशत | | | | | | | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | सुचारु वैंक | संख्या | ३ | | | | | - | वैंक, वित्तीय तथा सहकारी संस्थाहरुको अभिलेख तथा प्रतिवेदन<br><br>पालिका पार्श्व चित्र | वैंक, वित्तीय तथा सहकारी संस्थाहरु संग सहकार्य भएको हुने<br><br>सरकारको प्राथमिक प्राप्त क्षेत्रमा लगानी अभिवृद्धि भएको हुने |
| | सहकारी संस्था | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| | वैंक तथा वित्तीय संस्थामा सङकलित निक्षेप | रु. करोड | | | | | | | | |
| | आर्थिक रुपमा सकिय जनसंख्या (१५- ६४) को वैंक खाता | संख्या | १७०० | १८०० | १९०० | २००० | २१०० | २२०० | | |
| | विमाले समेटेका जनसंख्या | संख्या | ५०० | ५५० | ६०० | ६५० | ७०० | ७५० | | |
| | कृषि तथा पशु विमाले समेटेको जनसंख्या | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | | |
| | लघु वित्तमा समेटिएका खेतीगर्ने परिवार | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | | |
| | मैद्रिक कारोवार गर्ने अनौपचारिक समुह | संख्या | ० | | १ | | १ | | | |
| | बैंकिङ तथा कुनै पनि औपचारिक वित्तय कारोवारको पहुँचमा आउन नसकेको परिवार | प्रतिशत | १० | | | | | ० | | |
| | मोवाईल वैंकिङ प्रयोग गर्ने संख्या | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ३५ | | |

| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. सहकारी सचेतना, सवलीकरण तथा व्यवस्थापन तालिम<br>२. सीप विकास तथा उद्यमशीलता विकास कार्यक्रम<br>३. सहकारी संस्थासंगको समन्वयमा वजार प्रवर्द्धन कार्यक्रम<br>४. सहकारी तथा वित्त संस्थाहरुको क्षमता वृद्धि कार्यक्रम<br>५. अनुदान व्यवस्था | **१ करोड ८० लाख** |

## ५.५.६ श्रम तथा रोजगार

### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

| तालिका १९ श्रम, रोजगार तथा सुरक्षित आप्रवासन- सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| ➧ युवा समूहको उपस्थिति अधिक रहेको<br>➧ विप्रेषण ठूलो रकममा भित्रिएको र आवद्ध घरधुरीको आर्थिक सामाजिक अवस्थामा सुधार भएको<br>➧ वैदेशिक रोजगारीबाट फर्केका युवाहरुमा सीप र पूँजी उपलब्ध भएको | ➧ विदेशी रोजगारवाट आएको युवाहरुसँग भएको ज्ञान स्वदेशमा उपयोग गर्ने वातावरण सिर्जना गर्न<br>➧ युवाहरुलाई रोजगार प्रदान गर्न<br>➧ सुरक्षित वैदेशिक रोजगारी क्षेत्रहरुको पहिचान र वैदेशिक रोजगारी सम्वन्धी कानुनी सहायता उपलब्ध गराउनु<br>➧ विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्न |
| **वलियो पक्ष** | **कमजोर पक्ष** |
| ➧ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको<br>➧ वैदेशिक रोजगारी सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको<br>➧ सीपमा आधारित तालिम कार्यक्रमहरु सञ्चालन भएको<br>➧ वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको उपस्थिति रहेको | ➧ श्रमको पारिश्रमिकको उचित व्यवस्था नरहेको<br>➧ रोजगारीको लागि ज्ञान, सीपको क्षमता विकास नभएको<br>➧ उत्पादनमुलक संस्थाको अभाव रहेको<br>➧ युवाहरू लागू पदार्थमा लागेका<br>➧ रोजगारमुलक उद्योग कलकरखानको संचालनमा कमि रहेको<br>➧ वित्त साक्षरता कार्यक्रम सञ्चालन नहुनु<br>➧ वैदेशिक रोजगारी सम्वन्धी सूचना केन्द्र सञ्चालन नहुनु |

**ख) सोच**

दक्ष जनशक्तिको विकास : गरिवी न्यूनीकरणको आधार

**ग) लक्ष्य**

बेरोजगार युवाहरुलाई रोजगार प्रदान गरी दक्ष जनशक्तिको विकास गर्ने ।

**घ) उद्देश्य**

➧ श्रमशक्तिको क्षमता, दक्षता तथा व्यवसायिक सीप अभिवृद्धि गर्नु ।
➧ वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित एवं व्यवस्थित वनाउनु ।

**ङ) रणनीति**

१. सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने

२. गन्तव्य स्थानवारे अभिमुखीकरण गर्ने
३. न्यायमा सहज पहुँच वृद्धि गर्ने
४. विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी गर्ने

**च) कार्यनीति**

**रणनीति १ को सीप विकास तथा क्षमता अभिवृद्धि अन्तर्गतको कार्यनीति**

१.१ अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त संस्थाहरुवाट विभिन्न व्यवस्थापन लगायतका मुख्य मुख्य विषयहरुमा आधारभूत सीप प्रदान गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित र सहज वनाउन सहयोग गरिनेछ ।

**रणनीति २ को गन्तव्य स्थानवारे अभिमुखीकरण अन्तर्गतको कार्यनीति**

२.१ गन्तव्य राष्ट्र/स्थानका वारेमा भाषा, संस्कृति, रहनसहन जस्ता सामाजिक पक्ष, सुरक्षा व्यवस्था, नीति नियम तथा दण्ड सजाय, सहायता केन्द्र जस्ता विषयहरुमा अभिमुखीकरण गर्दै आपतकालीन अवस्थामा समेत सुरक्षित रहन सक्ने सूचनाहरु प्रदान गरिनेछ ।

**रणनीति ३ को न्यायमा सहज पहुँच वृद्धि अन्तर्गतको कार्यनीति**

३.१ गन्तव्य क्षेत्रमा हुन सक्ने चोरी, ठगी, नोक्सानी, सम्झौता उल्लङ्घन, जालसाजी जस्ता विषयहरुमा पीडित पक्षलाई कानुनी सहायता सेवा उपलव्ध गराई अनावश्यक तनाववाट मुक्त गराइनेछ ।

**रणनीति ४ को विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी अन्तर्गतको कार्यनीतिहरु**

४.१ सम्वन्धित परिवारमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी विप्रेषणलाई सुरक्षित लगानी गर्न प्रोत्साहन गरिनेछ ।

४.२ सम्वन्धित परिवारमा छिटो प्रतिफल प्राप्त हुने क्षेत्र तथा नगदे बालीहरुमा व्यवसायिकता विकासका लागि सीप विकास एवं उद्यमशीलता तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।

४.३ वैदेशिक रोजगारीवाट फर्किआएका युवाहरुको सीप अभिवृद्धि तथा उद्यमशीलता विकास गरी स्वरोजगारीका अवसरहरु श्रृजना गर्न सहयोग प्रदान गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका २० श्रम, रोजगार तथा सुरक्षित आप्रवासन

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | | | | | | | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | रोजगार सूचना प्रणालीवाट लाभान्वित | संख्या हजार | | | | | | | बैदेशिक रोजगार विभाग वैदेशिक रोजगार वोर्ड आप्रवासन सूचना केन्द्र पालिकाको वार्षिक प्रगति प्रतिवेदन पालिका पार्श्व | वैदेशिक रोजगार वोर्ड तथा तालिम संस्थाहरु संग सहकार्य भएको हुनेछ वैङ्क, वित्तिय संस्था तथा सुरक्षित आप्रवासन सम्बन्धी संस्थासंग सहकार्य |
| | उत्पादन (कृषि एवं उद्योग) एवं पूर्वाधार निर्माण क्षेत्रमा रोजगारी श्रृजना | संख्या | | | | | | | | |
| | सिटिइभिटी वाट प्राविधिक, सीपमूलक, व्यवसायिक तालिम लिएका दक्षजनशक्ति | संख्या | | | | | | | | |
| | उत्पादकत्व अभिवृद्धि का लागि परम्परागत तरिका र औजार, उपकरणको आधुनिकी करण भएका पेशागत क्षत्रहरु | संख्या | | | | | | | | |
| | रोजगारीताका आधारमा पालिकाले प्रदान गर्ने सेवासुविधा | संख्या | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वाट लाभान्वित उद्योग व्यवसायहरुको संख्या | | | | | | | | चित्र | भएको हुनेछ |
| | वालश्रम एवं न्यून ज्यालादर जस्ता श्रम शोषणवाट प्रभावितहरु | संख्या | | | | | | | | |
| | वैदेशिक रोजगारीमा जाने | संख्या | | | | | | | | |
| | सम्वन्धित क्षेत्रको सीपमूलक तालिम लिई वैदेशिक रोजगारीमा जाने | संख्या | | | | | | | | |
| | वैदेशिक रोजगारीका लागि तालिम प्रदान गर्ने संस्थाहरु | संख्या | | | | | | | | |
| | विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्ने घरपरिवार संख्या ( कूल वैदेशिक रोजगारी भएका घरधुरीको) | प्रतिशत | | | | | | | | |
| | वैदेशिक रोजगारीता बाट फर्की स्वदेशमा उद्योग, व्यवसाय गर्ने | संख्या | | | | | | | | |
| | वैदेशिक रोजगारीता वाट आर्जन पूँजी,सीप, प्रविधि तथा अनुभव लाई उत्पादन मूलक क्षेत्रमा सदुपयोग गर्ने | संख्या | | | | | | | | |
| | विप्रेषण वित्तीय साक्षरता कार्यकमवाट लाभान्वित जनसंख्या ( वैदेशिक रोगजारीमा जानेको) | प्रतिशत | | | | | | | | |
| | विप्रेषणवाट वार्षिक रुपमा प्राप्त रकम | रु. करोड | | | | | | | | |

| **मुख्य कार्यकम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. रोजगार सूचना केन्द्र स्थापना र सञ्चालन<br>२. गन्तव्य राष्ट्र वारे अभिमुखीकरण तथा क्षमता अभिवृद्धि<br>३. सीप विकास तथा उद्यमशीलता<br>४. कानुनी सहायता | **१ करोड ८५ लाख** |

# परिच्छेद छ
# सामाजिक विकास

## ६.१ पृष्ठभूमि

शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, छुवाछुत तथा भेदभाव, सामाजिक न्याय र सामाजिक सुरक्षा जस्ता पक्षहरु नेपालको मौलिक अधिकारहरु हुन् । नेपाल संविधान, २०७२ ले उपरोक्त पक्षलाई संविधानको अनुसूची ८ मा उल्लेख गरी स्थानीय तहको एकल अधिकारमा सुचिकृत गरिएको छ । आधारभूत तथा माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाइ, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तहरुको व्यवस्थापन, भाषा, कला, संस्कृतिको संरक्षण तथा विकास सम्वन्धीको नीति, नियम, कानुन, मापदण्ड वनाउने, योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयन, अनुगमन, मूल्यांकन एवं नियमन गर्ने जिम्मेवारी पनि स्थानीय सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई दिइएको छ ।

नेपाल सरकारले शिक्षा क्षेत्रलाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक वनाउने, सक्षम, प्रतिस्पर्धी र नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य वनाई क्रमशः निःशुल्क वनाउने लक्ष्य लिइएको छ । त्यसैगरी स्वास्थ्यतर्फ आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क प्रदान गर्ने, स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ वनाई नागरिकको पहुँच स्थापित गर्ने नीति कार्यान्वयनमा ल्याएको छ भने खानेपानी तथा सरसफाइमा प्रत्येक नागरिकको पहुँच स्थापितलाई सुनिश्चित गरिएको छ । समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणको लागि लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित नीति पनि नेपाल सरकारले अङ्गिकार गरेको छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्गलाई समानुपातिक समावेशी सिद्धान्त आधारमा राज्यका सवै निकायमा सहभागिताको व्यवस्था मिलाएको छ भने बाल अधिकारको सम्मान, संरक्षण एवं प्रवर्द्धन गर्ने र अपाङ्गता भएका व्यक्तिको अधिकार एवं आत्मा सम्मानपूर्वक जीवन यापनका लागि संयुक्त राष्ट्र संघीय महासन्धीहरु अनुमोदन गर्दै अन्तर्राष्ट्रिय स्तरमा आफ्नो प्रतिवद्धता जाहेर गरिएको छ । नेपाल सरकारवाट ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षाका लागि ऐन, नियमावली र राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइएको छ भने राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक सामाजिक र साँस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण श्रृजना गरिएको छ । सवै मातृभाषालाई राष्ट्र भाषाको रुपमा अवलम्वन गर्दै आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन एवं ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासमा जोड दिइएको छ ।

राष्ट्रको १५ औं योजनामा सामाजिक क्षेत्रलाई उच्च स्थानमा राखिएको छ । यस अनुसार राष्ट्रिय उद्देश्य, रणनीति एवं लक्ष्य सूचकहरुमा समावेश गरी सामाजिक सुरक्षाको सुनिश्चिता गरिएको छ । सामाजिक साँस्कृतिक विविधताको संरक्षण, विभेद, हिंसा जस्ता पक्षहरुको न्यूनीकरण, अपराधमुक्त समाज निर्माणलाई समेत विशेष जोड दिइएको छ भने स्वास्थ्य नागरिक तथा गुणस्तरीय, रोजगारीमूलक तथा जीवनोपयोगी शिक्षालाई सुनिश्चित गरिएको छ । दिगो विकास लक्ष्यहरु कार्यान्वयन गर्न नेपाल सरकार प्रतिवद्ध भएको छ । यस अनुसार लैङ्गिक समानता हासिल गर्ने, महिला तथा बालबालिकाहरुलाई सशक्त वनाउने, स्वास्थ्य जीवन सुनिश्चिता गर्ने, समृद्ध जीवन प्रवर्द्धन गर्ने, समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा र सबैलाई स्वच्छ पानी एवं सरसफाइको दिगो व्यवस्थापन गर्ने भएको छ ।

उपरोक्त पक्षको सुनिश्चित गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी नगराईन नगरपालिकाबाट समग्र सामाजिक विकासको खाका तयार पारिएको छ । सामाजिक विकासका लागि प्रमुख क्षेत्रको रुपमा रहेका शिक्षा, आधारभूत स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र कला, भाषा, साहित्य तथा संस्कृतिका जस्ता क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यक्रमहरु समेत तर्जुमा भएको छ ।

## ६.२ वर्तमान अवस्था

सामाजिक सेवा अन्तर्गतका आधारभूत पक्षहरु शिक्षा, स्वास्थ्य र खानेपानी सेवा पालिका क्षेत्रभित्रका सबै वडाहरुमा उपलव्ध छ । विद्यालयहरु आइसिटि जडान, कम्प्युटर तथा विज्ञान प्रयोगशालाको व्यवस्था वढ्दो कममा रहे पनि शिक्षाको गुणस्तरमा

सुधार अपेक्षा अनुसार अझै भएको छैन । आधारभूत स्वास्थ्यतर्फ वडाहरुमा स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य सेवाको व्यवस्था छ । नगरपालिका स्तरीय अस्पताल निर्माणधीन अवस्थामा रहेको छ । तापनि जटिल प्रकृतिको औषधोपचारका लागि देशका विभिन्न स्थानहरु वा काठमाडौ वा भारत सम्म जानुपर्ने हुन्छ । वालमृत्यु तथा मातृमृत्यु न्यून दरमा छ । तापनि झाडापखला तथा स्वासप्रस्वासको सङ्क्रमणवाट हुने मृत्युलाई र कमतौल तथा कुपोषणका कारण उमेर अनुसारको तौललाई सामान्य रुपमा ग्रहण गर्न सकिदैन । त्यसैगरी सुरक्षित खानेपानी, निजी खानेपानी धाराको उपलब्धता र पाइपलाइनवाट वितरित खानेपानी उपभोग गर्नेहरुको संख्या कम छ । अधिकांश घरहरुमा शौचालयको कमि रहेको पाइन्छ । नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०७७/०७८ मा " घरभित्रको फोहर घरमा नै" भन्ने नारालाई कार्यान्वयनमा ल्याउन स्रोतमा नै फोहरको वर्गीकरण, न्यूनीकरण र व्यवस्थापन गर्न कार्यक्रम संचालन गर्ने उल्लेख गरिएको छ । हाल नगरपालिकाको वडा नं ६ लगमा पूर्वारी टोलको पूर्व जमुनी नदीको किनारमा फोहोर फाल्ने गरिएको छ । नदी किनारमा फोहोर फाल्नु वैज्ञानिक फोहरमैला व्यवस्थापन अन्तर्गत उपयुक्त नहुने हुँदा उपयुक्त ल्याण्डफिल साइटको पहिचान गरी प्रयोगमा ल्याउन बाँकी नै छ ।

लक्षित वर्गको क्षमता तथा सशक्तीकरणका लागि पालिकावाट विविध कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । स्थानीय नेतृत्व तहमा त्यस्ता वर्गको सहभागिता तथा प्रतिनिधित्व हुँदै आएको छ । सीप तथा व्यवसायिक तालिम कार्यक्रमवाट महिलाहरु ठूलो संख्यामा लाभान्वित छन् । महिलाहरुको सशक्तीकरणका लागि सहकारी संस्थाहरु सञ्चालनमा छन् । बालविवाह, बहुविवाह र बालबालिका विरुद्ध हुने दुर्व्यवहार, घरेलु हिंसा, असहाय बालबालिकाको संख्यामा शुन्यता आउन सकिरहेको छैन । सार्वजनिक संरचनाहरु वाल तथा अपाङ्गता र महिलामैत्री छैनन् । यसका वावजुद पनि युवाहरुको सम्लग्नता स्थानीय संरचना रहदै आएको छ । आयमूलक व्यवसायिक सीप विकास, प्रधानमन्त्री रोजगारी कार्यक्रम, युवा स्वरोजगार कोषवाट युवाहरु लाभान्वित छन् । स्थानीय भाषा संरक्षण हुने गरी प्रकाशन, अध्ययन अनुसन्धान नभएपनि जातीयताका हिसावले भिन्न भाषाहरु र सांस्कृतिक चाडपर्वहरु छन् ।

### ६.३ सामाजिक विकासको उद्देश्य

आवधिक योजनाका लागि निर्धारित गरिएको लक्ष्य प्राप्तीका लागि सामाजिक क्षेत्रको विकासका लागि निर्धारण गरिएको वृहत उद्देश्य देहाय वमोजिम रहेको छ : **"**गुणस्तरीय एवं प्राविधिक शिक्षा, आधारभूत स्वास्थ्य, सुरक्षित खानेपानीको सर्वसुलभताको सुनिश्चित, कला भाषा, संस्कृति, सम्पदाहरुको संरक्षण, प्रवर्द्धन, युवाहरुमा व्यवसायिकता तथा खेलकुदको विकास लगायतका सामाजिक सेवा सुविधाहरुमा लक्षित वर्ग एवं आम नागरिकको सहज पहुँच अभिवृद्धिवाट मानव विकास एवं सामाजिक न्याय सहितको समतामूलक समाज निमार्ण गर्नु**"** मुख्य उद्देश्य निर्धारण भएको छ ।

### ६.४ प्रमुख रणनीतिहरु

क) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गर्ने ।
ख) सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक आर्थिक, सामाजिक विकास गर्ने ।

### ६.५ विषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- शिक्षा विकास,
- आधारभूत स्वास्थ्य,
- खानेपानी तथा सरसफाइ,
- लक्षित वर्ग तथा सामाजिक समावेशीकरण,
- युवा तथा खेलकुद
- भाषा, साहित्य, कला तथा संस्कृति ।

### ६.५.१ शिक्षा

**क) वस्तुस्थिति विश्लेषण**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका २१ शिक्षा क्षेत्र- सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ नगरपालिकाले संस्थागत विद्यालयको अनुमति, नियम र अनुगमन तथा मुल्यांकन प्रणालीलाई व्यवस्थित गर्ने नीति लिएको<br>➧ नगरपालिकाले सबै बालबालिकालाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा उपलब्ध गराई सक्षम नगरपालिका बनाउने नीति अवलम्बन गरेको<br>➧ आवश्यक मात्रामा शैक्षिक संस्थाहरू एकआपसमा गाभ्न तथा नयाँ स्थापना गर्न सकिने<br>➧ नगरपालिकामा बहुप्राविधिक धारका शिक्षालयहरू स्थापना गर्न सकिने<br>➧ बाल विकास केन्द्रको भौतिक तथा शैक्षिक स्तरोन्नति गर्न सकिने<br>➧ निजी क्षेत्रको सहयोग लिई शिक्षामा लगानी तथा स्तर वृद्धि गर्न सकिने<br>➧ माध्यमिक तहमा कम्प्युटर शिक्षा तथा नगरपालिकामा आवश्यक जनशक्ति उत्पादन गर्न तद्अनुरुपका कार्यक्रम सञ्चालन गर्न विद्यालयहरूलाई प्रोत्साहन गर्न सकिने<br>➧ सम्पूर्ण विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था, पुस्तकालय तथा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरी व्यवहारिक शिक्षा प्रदान गर्न सकिने | ➧ बालविकास, आधारभूत, र सीमित माध्यमिक शिक्षाको सुविधा भए पनि स्नातक र स्नातकोत्तर वा सो भन्दा माथिको उच्च शिक्षालयको विकास गर्न<br>➧ विद्यालय भवन सुरक्षित साथै आवश्यक पूर्वाधार निर्माण गर्न<br>➧ उपयुक्त खेल मैदानको व्यवस्था गर्न<br>➧ लक्षित निरक्षर तथा सीमान्तकृत वर्गलाई विशेष शिक्षाको व्यवस्था गर्न<br>➧ छोरीहरूले छोराहरू सरह शैक्षिक अवसरहरू प्राप्त गर्न पूर्णरूपमा अझै नसकेको<br>➧ आदिवासी, जनजाति दलित र तथा पिछडा वर्ग/समुदायका महिलाहरूको शैक्षिक स्तर अगाडि बढाउन<br>➧ बालमैत्री तथा विद्यार्थीमैत्री शिक्षण सिकाइ तथा अन्य नवीनतम शिक्षण पद्धतिको विकास गर्न<br>➧ अन्तराष्ट्रिस्तरमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक गुणस्तर कायम गर्न<br>➧ हरेक विद्यालयलाई सूचना प्रविधियुक्त तथा गुणस्तरीय बनाउन |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ नगरपालिकामा १२ सम्म अध्यापन गराउने दुईवटा सामुदायिक माध्यमिक विद्यालयहहरू रहेका<br>➧ नगरपालिकाको वडा नं. ५ मा MBBS पढाइ हुने मिथिला आयुर्वेदिक क्याम्पस रहेको<br>➧ नगरपालिकामा आधारभूत र माध्यमिक गरी १६ वटा सामुदायिक तथा १२ वटा संस्थागत (निजी) विद्यालयहरु तथा ५ वटा मदरसा रहेका<br>➧ नगराईन नगरपालिकाको वडा नम्बर २ मा स्थित मा. वि. मा प्राविधिक धार शिक्षाको व्यवस्था भएको<br>➧ सबै विद्यालयमा लगभग शिक्षक सेवा आयोगबाट | ➧ विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायत आधारभूत भौतिक पूर्वाधारहरुको कमि र बालबालिका, अपाङ्गतामैत्री पूर्वाधारहरु, शैक्षिक सामाग्री, पुस्तकालय र प्रयोगशालाको कमि रहेको<br>➧ आइ.सि.टि को लागि उपयोगी उपकरणको व्यवस्थापन नभएको<br>➧ आइ.सि.टि को उपयोग गर्न सक्ने गरी शिक्षकहरुलाई दक्ष बनाउन नसकेको<br>➧ निम्न माध्यमिक तथा माध्यमिक तहमा विद्यार्थी संख्या अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था नभएको |

| | |
|---|---|
| स्थायी भएर आएको शिक्षक हुनु<br>➧ सबै विद्यालयमा इन्टरनेटको पहुँच आइ.सि.टि.को सुरुवात भएको<br>➧ दिवाखाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, निःशुल्क रुपमा उपलब्ध रहेको<br>➧ प्राथमिक उपचार र सेनिटरी प्याड अधिकांश विद्यालयमा उपलब्ध रहेको | ➧ एउटा पनि नमुना विद्यालय विकास गर्न नसकेको<br>➧ हालसम्म EMIS लाई नगर क्षेत्रका सबै विद्यालयलाई अनिवार्य रुपमा अध्यावधिक गराउन नसकेको<br>➧ विद्यालयहरूमा स्थानीय आवश्यकता समेट्ने पाठ्यक्रम निर्माण गरी लागू नगरिएको<br>➧ खाजाको रकम समय सापेक्ष नहुनु<br>➧ शिक्षकलाई पुरस्कार र सम्मानको व्यवस्था तर्फ त्यति ध्यान नपुगेको<br>➧ विद्यालयहरुको नियमित अनुगमन र सुपरीवेक्षण कमि रहेको<br>➧ आपतकालीन अवस्थामा वैकल्पिक माध्यमवाट सिकाइलाई निरन्तरता दिन नसक्नु<br>➧ शिक्षक र कर्मचारीको तलब भत्ता समय सापेक्ष नहुनु र भएको पनि समयमा नपाउनु<br>➧ विद्यालयगत विद्यालय सुधार योजना नहुनु जसले गर्दा नगर शिक्षा योजना पनि वनाउन नसकेको<br>➧ नगरपालिकामा शिक्षा शाखाको लागि आवश्यक जनशक्तिको अभाव रहेको<br>➧ अतिरिक्त क्रियाकलापलाई नियमित गराउन नसकेको |

**ख) सोच**

सीपमुलक, व्यवसायिक र व्यवहारिक शिक्षामा गुणस्तर : आर्थिक, सामाजिक विकासमा रुपान्तरण

**ग) लक्ष्य**

निरक्षरता शुन्यमा झारी आधारभूत देखि उच्च तह सम्मको गुणस्तरीय शिक्षा नगरपालिकाभित्र उपलब्ध गराउने

**घ) उद्देश्य**

➧ शिक्षामा गतिगरिव, विपन्न तथा सीमान्तकृत वर्ग लगायत सवैको सहज पहुँच अभिवृद्धि र समावेशीता सुनिश्चित गर्नु ।

➧ विद्यालयहरुमा आधारभूत भौतिक एवं शैक्षिक सुविधाको सुनिश्चिततावाट गुणस्तरीय, प्रयोगात्मक, व्यवहारिक, व्यवसायिक तथा प्राविधिक शिक्षा प्रदान गर्नु ।

**ङ) रणनीति**

१. साक्षरता वृद्धि तथा उमेर समूहका बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने
२. शिक्षालाई सर्वसुलभ वनाउने
३. शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने
४. शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने
५. प्राविधिक जनशक्ति विकास गर्ने
६. आधारभूत शिक्षा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**च) कार्यनीति**

**रणनीति १ को साक्षरता वृद्धि तथा पहुँच अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.१ आधारभूत शिक्षावाट वन्चित समूहलाई गृहणी, प्रौढ तथा अभिभावक शिक्षाको माध्यमवाट साक्षर वनाइनेछ ।

१.२ सामुदायिक सिकाइ केन्द्र वडाहरुमा स्थापना गरी सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरी सवै उमेर समूहका नागरिकलाई साक्षर वनाइनेछ ।

१.३ विद्यालय छाडेका तथा वाहिर रहेका बालबालिकाहरुलाई वैकल्पिक आधारभूत शिक्षा सञ्चालन गरिनेछ ।

१.४ विद्यालय वाहिरका अपाङ्गता भएका बालबालिकाको आधारभूत तह सम्मको साक्षरताका लागि साङ्केतिक भाषाका माध्यम तथा विशेष शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१.५ अनौपचारिक शिक्षा विस्तारवाट साक्षरता वृद्धि गर्दै जीवनोपयोगी वनाइनेछ ।

१.६ अनिवार्य शिक्षा, निःशुल्क शिक्षा एवं वैकल्पिक शिक्षा लगायतका माध्यमहरुवाट पालिकालाई पूर्ण साक्षर पालिका घोषणा गरिनेछ ।

१.७ विद्यालय भर्ना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । यसका लागि वालक्लव, नागरिक समाज, स्थानीय गैरसरकारी संस्था लगायत सामुदायिक संस्थाहरुसंग सहकार्य गरिनेछ ।

१.८ आधारभूत तह सम्म निःशुल्क र माध्यामिक तह सम्म अनिवार्य शिक्षा वारे प्रचारात्मक ढङ्गवाट अभिभावक तथा सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१.९ आधारभूत तह सम्मका बालबालिकाहरुलाई दिवाखाजा, कलम, कापि सहित पाठ्यपुस्तक, विद्यालय पोशाक एवं विद्यालय सम्म पुग्न विद्यालय वसहरु आदि सुविधाहरु निःशुल्क प्रदान गरी उमेर समूहका सवै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याइनेछ ।

**रणनीति २ को शिक्षालाई सर्वसुलभ वनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१ विद्यालय छोड्ने दरमा न्यूनता ल्याउन प्रोत्साहनमूलक कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२.२ विद्यालय वाहिरका उमेर समूहका किशोर किशोरीहरुलाई विद्यालयमा आधारित वैकल्पिक, खुल्ला तथा अनौपचारिक शिक्षा मार्फत निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२.३ आर्थिक रुपमा विपन्न, दलित र सीमान्तकृत समुदाय, शहीद परिवारका बालबालिका तथा किशोर किशोरीहरुको विद्यालयमा पहुँच वृद्धिको सुनिश्चित गरिनेछ । यसका लागि छात्रावासको व्यवस्था मिलाइनेछ ।

२.४ जेहन्दार छात्रछात्राहरुलाई छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

२.५ शिक्षामा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गरिनेछ ।

२.६ आधारभूत तहसम्म स्थानीय मातृभाषा, संस्कृत भाषामा शिक्षा प्रदान गर्न विद्यालयलाई प्रोत्साहित गर्दै नैतिक शिक्षा एवं व्यवहारिक शिक्षामा जोड दिइनेछ ।

**रणनीति ३ को शिक्षाको गुणस्तरमा अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

३.१ तालिम प्राप्त, विषयगत एवं दरबन्दी अनुसार शिक्षकहरुको व्यवस्था गरी पठनपाठनलाई नियमित रुपमा सञ्चालन गरी गुणस्तर कायम राखिनेछ ।

३.२ शिक्षकहरुलाई तालिम, पुर्नताजगी तालिम, अन्तरक्रिया एवं अनुभव आदनप्रदानमा सहभागि गराई पेशागत दक्षतामा अभिवृद्धि ल्याउदै शिक्षण पद्धतिहरुलाई प्रभावकारी वनाइनेछ ।

३.३ मण्टेश्वरी एवं त्यस्तै प्रकारका व्यवहारिक, प्रयोगात्मक शिक्षण पद्धतिहरु अवलम्वन गरी शिक्षणलाई बालमैत्री वनाइनेछ । यसका लागि आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ ।

३.४ बालबालिकाहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै बालबालिकाहरुको सिकाईमा अभिवृद्धि ल्याइनेछ ।

३.५ विद्यालय अनुगमन मूल्याङ्कनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ ।

३.६ विषयगत, कक्षागत सिकाई उपलब्धि दर बढाउन नतिजामा आधारित मूल्याङ्कन प्रणालीको अवलम्वन गरी शिक्षामा गुणस्तर कायम राख्न पहल गरिनेछ ।

३.७ शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, कम्प्युटर शिक्षालाई अनिवार्य, ई-लाइव्रेरी, इण्टरनेटको व्यवस्था मिलाई विद्यालयलाई आधुनिक प्रविधिमैत्री वनाइनेछ ।

३.८ शिक्षकहरु सवैलाई तालिम प्रदान गरी प्रविधिमैत्री वनाइनेछ ।

३.९ महिला-पुरुष शिक्षकको अनुपात र शिक्षक-विद्यार्थी संख्याको अनुपातलाई एक निश्चित मापदण्डका निर्धारण गरी कक्षागत रुपमा अलग अलग व्यवस्था गरिनेछ ।

३.१० विद्यालय नक्साङ्कन सम्वन्धी मापदण्ड वनाई सोका आधारमा विद्यालय र शिक्षक समायोजन गरिनेछ ।

३.११ मापदण्ड वनाई उत्कृष्ट शिक्षक र उत्कृष्ट परिणाम ल्याउने तथा प्रभावकारी व्यवस्थापन गर्ने विद्यालयहरुलाई पुरस्कृत गरी प्रोत्साहित गरिनेछ ।

३.१२ न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुमा सम्भाव्यता हेरी मल्टिग्रेड मल्टिलेवल शिक्षण विधि अवलम्वन गरिनेछ ।

**रणनीति ४ को शैक्षिक पूर्वाधारको व्यवस्था अन्तर्गतका कार्यनीतिहरु**

४.१ विज्ञान प्रयोगशाला, पुस्तकालय, सन्दर्भ सामाग्री, विषयगत शैक्षिक सामाग्री तथा पाठ्यपुस्तकको व्यवस्था गर्दै शिक्षक एवं विद्यार्थीहरुको ज्ञान भण्डारलाई फराकिलो वनाउन सहयोग गरिनेछ । प्रभावकारी रुपमा सञ्चालन नभएका स्थानीय पुस्तकालयहरुलाई सामुहिक सिकाइ केन्द्रमा स्तरोन्नति गरिनेछ ।

४.२ विद्यालयहरुमा डिजिटल प्रविधिमा आधारित शिक्षण सिकाइ विधिलाई प्रवर्द्धन गरिनेछ । विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरुका लागि ई-हाजिरी, सिसिटिभी, स्मार्ट वोर्डको व्यवस्था मिलाइनेछ ।

४.३ सवै प्रकारका भौतिक पूर्वाधारहरु (विजुली, खानेपानी, शौचालय, भवन निर्माण तथा मर्मत, फर्निचर, तारवार, पुस्तकालय, खेलमैदान, छात्रावास आदि) निर्माण गर्दै निर्मित पूर्वाधारहरु बालमैत्री, छात्रामैत्री, अपाङ्तामैत्री एवं भूकम्प प्रतिरोधात्मक वनाउदै विद्यालयमा एक सहजपूर्ण वातावरण श्रृजना गरिनेछ ।

४.४ विद्यालयको चारैतर्फ सफा, सुग्घर र विरुवा/वृक्षारोपण गरी हरियाली वातावरण कायम राख्न जोड दिइनेछ ।

४.५ विद्यार्थीहरुको स्वास्थ्योपचार तथा स्वास्थ्य शिक्षाका लागि विद्यालयहरुमा घुम्ति नर्स सेवा उपलव्ध गराइनेछ ।

४.६ विद्यार्थीहरुको शारिरीक मानसिक विकासका लागि खेलकुदमा जोड दिंदै खेल मैदान एवं खेलकुद सामाग्रीहरुको व्यवस्था मिलाइनेछ ।

**रणनीति ५ को प्राविधिक जनशक्ति विकास अन्तर्गतका कार्यनीतिहरु**

५.१ कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायतका विषयहरुको अध्ययनका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम (सिटिइभिटी) को सम्वद्धनमा सुविधा सम्पन्न प्राविधिक विद्यालय स्थापना गरिनेछ ।

५.२ प्राविधिक शिक्षालय स्थापना गरी प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तार गरी दक्ष जनशक्ति उत्पादन र तिनीहरुको रोजगारीतामा सहयोग गरिनेछ ।

५.३ महिला, विपन्न, दलितलाई छात्रवृत्ति प्रदान गर्दै प्राविधिक जनशक्ति विकास गरिनेछ ।

**रणनीति ६ को आधारभूत शिक्षा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतको कार्यनीति**

६.१ आधारभूत एवं माध्यमिक शिक्षा क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानुन तथा मापदण्डको निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका २२ शिक्षा क्षेत्र

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचना को श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | आधारभूत तहमा खूद भर्नादर (औषतमा) (२०७५/७६ अनुसार संघ ९२.३%,) | प्रतिशत | ९२ | ९२.५ | ९३ | ९३.५ | ९४ | ९५ | पालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफल हरु** | १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालय मा पहुँच हुने घरधुरी | प्रतिशत | ९५ | | | | | | ल्फेस रिपोर्ट/ पालिका को प्रतिवेदन | शिक्षा सम्बन्धी सामाजिक संस्था, गैसस लगायत |
| | विद्यालय वाहिरका ५-१५ वर्ष उमेर समूहका बालबालिका | प्रतिशत | ३ | | | | | ० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रवृत्ती पाउने विद्यार्थी | प्रतिशत | १०० | | | | | १०० | | निजी क्षेत्रसंग समन्वय र सहकार्य भएको हुने |
| | दिवा खाजा खुवाउने विद्यालय बाल वि.समेत | संख्या | १६ | | | | | - | | |
| | आधारभूत तह (कक्षा ८) सम्मको उत्तिर्ण दर | प्रतिशत | १०० | | | | | १०० | | |
| | माध्यामकि तह (९-१२) को खूद भर्नादर | प्रतिशत | ७० | ७२ | ७५ | ८० | ८५ | ९० | | |
| | सिकाइ उपलब्धि दर ( आधारभूत तह) | प्रतिशत | ७० | ७२ | ७५ | ८० | ८५ | ९० | | |
| | सिकाइ उपलब्धि दर ( माध्यामिक तह) | | ८० | ८२ | ८५ | ९० | ९५ | १०० | | |
| | बालमैत्री सिकाइ विधि अवलम्वन गर्ने विद्यालय | प्रतिशत | १०० | | | | | १०० | | |
| | विषयगत तालिम प्राप्त शिक्षक | प्रतिशत | ९६ | ९६.५ | ९७ | ९८ | ९९ | १०० | | |
| | शिक्षक विद्यार्थी अनुपात ( आधारभूत र माद्यामिक) (शिक्षक : विद्यार्थी) १-५/६-८/९-१०/ ११-१२ | संख्या | १:७० | १:६८ | १:६५ | १:६३ | १:६० | १:५५ | | |
| | महिला र पुरुष शिक्षकको अनुपात ( महिला :पुरुष) | अनुपात | ५:१ | ५:१.५ | ५:२ | ५:२.५ | ५:३ | ५:३.५ | | |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | १५७ | १७५ | २०० | २२५ | २५० | ३०० | | |
| | सामुदायिक विद्यालयमा प्राविधिक धार अध्यायपन गराउने विद्यालय | संख्या | १ | | | | | - | | |
| | वालमैत्री आधारभूत पूर्वाधार र सुविधा भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय | संख्या | १३ | | | | | १६ | | |
| | बालबालिकामैत्री, अपाङगता मैत्री र भूकम्प प्रतिरोधात्मक संरचना भएको विद्यालय | संख्या | १६ | | | | | - | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आइसिटि सेवा उपलब्ध विद्यालय | संख्या | १६ | | | | | - | | |
| | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | | |
| | व्यवस्थित विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| | सेनीटरी प्याड सहित नर्स सेवा उपलब्ध विद्यालय | संख्या | - | १ | २ | ३ | ४ | ५ | | |
| | वालक्लव कियाशील भएका विद्यालय | संख्या | १२ | १३ | १४ | १५ | १६ | | | |
| | आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय | संख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | | |
| | राष्ट्रपति शैक्षिक सुधार कार्यकमवाट लाभान्वित विद्यालय | संख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | | |

| **मुख्य कार्यकम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्थापन<br>२. अंग्रेजी माध्यमबाट सामुदायिक विद्यालयमा पठनपाठन<br>३. शिक्षकको लागि Laptop र Device<br>४. शिक्षकलाई तालिम<br>५. बालबालिकाका लागि दिवा खाजा कार्यक्रम<br>६. सबै बालबालिकाको विद्यालयमा पहुँच कार्यकम<br>७. सबै विद्यालयलाई आइ.सि.टि युक्त बनाउने (१६ वटा विद्यालय) | **५ करोड ९५ लाख** |

### ६.५.२ स्वास्थ्य

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका २३ स्वास्थ्य क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ नगरपालिकाले सबैको पहुँचमा सर्वसुलभ तवरले स्वास्थ्य सेवा उपलब्ध गराउन सबै वडामा स्वास्थ्य संस्था स्थापना तथा स्तरोन्नति र व्यवस्थापन प्रभावकारी गर्ने नीति लिएको<br>➧ नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुबाट निस्कने चिकित्साजन्य फोहोरमैलाको उचित बिसर्जन | ➧ नसर्ने रोगका भयावह समस्या दिनानुदिन (क्यानसर, डायविटिज, हृदयरोग) बढ्दै गइरहेको<br>➧ औलो, डेंगु, रोगहरुको प्रकोप बढिरहेको<br>➧ स्वास्थ्य सेवाको उचित व्यवस्था र प्रबन्ध नहुँदा बिरामीको अकालमै मृत्यु हुन सक्ने<br>➧ १५ शैय्याको अस्पतालका निर्माण भई आवश्यक |

| | |
|---|---|
| एवं व्यवस्थापन गर्ने नीति लिएको<br>➧ नगरपालिकाले नगरका सरकारी स्वास्थ्य संस्थाहरुको नियमन र अनुगमन कार्यलाई प्रभावकारी बनाउने नीति लिएको<br>➧ सबै स्वास्थ्य संस्था तथा नगरपालिकाबाट निस्कने फोहोरमैलाको प्रवन्ध गर्न कुहिने र नकुहिने फोहोर अलग्याई उचित व्यवस्थापनको प्रवन्ध भइरहेको<br>➧ वैकल्पिक चिकित्सा पद्दति जस्तै जडीबुटी, होमियोप्याथी, प्राकृतिक चिकित्सा तथा योग तथा ध्यान केन्द्रको व्यवस्था गर्न सकिने<br>➧ विद्यमान स्वास्थ्य पूर्वाधारहरूलाई स्तरोन्नति गरी तिनीहरूको सेवा प्रभावकारी बनाउन सकिने<br>➧ प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गरी नगरपालिकाबासीमा स्वास्थ्य सेवाको पहुँच विकास गर्न सकिने<br>➧ महिला स्वास्थ्य स्वयंसेवीलाई थप सबलीकरण गरी स्वास्थ्य सेवामा परिचालन गर्न सकिने<br>➧ एम्बुलेन्स थप गरी जेष्ठ नागरिक तथा गर्भवती महिलालाई सुत्केरी हुने बेला नगरपालिकाबाट निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न सकिने | जनशक्तिसहित पूर्ण रुपमा सेवा प्राप्त गर्न नगरपालिकाबासीले लामै समय कुर्नु पर्ने<br>➧ स्वास्थ्य चेतनाको अभावका कारण बालबालिका स्वास्थ्य, महिला तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा पर्न सक्ने<br>➧ समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि ठूलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्नुपर्ने<br>➧ स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको स्तर वृद्धि गरी सुविधा सम्पन्न बनाउनु पर्ने<br>➧ आधारभूत तहबाट नै पूर्वाधारहरूको विकास गर्न ठूलो बजेटको व्यवस्थापन गर्ने चुनौती रहेको<br>➧ कतिपय निजी औषधी पसलले बिना प्रेस्क्रिप्सन औषधी बेच्ने प्रचलनमाथि नगरपालिकाले निगरानी गर्नुपर्ने |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ नगरपालिकामा स्वास्थ्य चौकी, बर्थिङ सेन्टर र गाउँघर क्लिनिकहरु रहेको<br>➧ नगरपालिकामा प्राइभेट स्तरबाट संचालित ३ वटा हस्पिटलहरु साथै MBBS समेत पढाइ हुने आयुर्वेदिक क्याम्पस पनि रहेको<br>➧ नगरपालिकाका सबै वडाहरू पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको<br>➧ नगरपालिकाले पूर्ण खोप घोषणालाई दिगोपन तथा सुनिश्चितता गर्ने नीति लिएको<br>➧ प्रत्येक वडामा स्वास्थ्य स्वयम् सेविकाहरू रहेका<br>➧ स्वास्थ्य संस्थामा पुग्ने दुरी ५०० मी. देखि १ कि. मी. रहेको<br>➧ नेपाल सरकारबाट निर्धारित स्वास्थ्य चौकीबाट स्तरिय सेवा प्रदान भएको<br>➧ स्वास्थ्य सेवा प्रवर्द्धन (गाउँघर क्लिनिक तथा बर्थिङ सेन्टर सञ्चालनमा रहेको | ➧ स्वास्थ्य संस्थामा आपतकालीन उपचार सेवा, शल्यक्रिया सेवा, रक्तसञ्चार सेवाको अभाव रहेको<br>➧ सर्जिकल सामग्री तथा अन्य आवश्यक उपकरणको अभाव रहेको<br>➧ २४ सै घण्टा आकस्मिक सेवाको अभाव रहेको<br>➧ सुविधासम्पन्न अस्पताल तथा विज्ञ डाक्टरहरूको अभाव रहेको<br>➧ स्वास्थ्य चौकीमा कर्मचारीको उपस्थितिमा नियमितता नभएको<br>➧ महामारी प्रतिकार्य इकाई तथा संयन्त्रको व्यवस्था नभएका<br>➧ स्वास्थ्य चौकीको अवधारणा अनुसारको भौतिक पूर्वाधार नभएको र आधारभूत स्वास्थ्य संस्था व्यवस्थापन भए पनि कर्मचारीको दरबन्दी नभएको<br>➧ स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रम गाउँघर क्लिनिक तथा बर्थिङ क्रियाकलाप नभएको र भौतिक पूर्वाधार नभएको |

| | |
|---|---|
| ➧ बर्थिङ सेन्टरबाट लाभाम्वित बालबालिका संख्या ६५ % रहेको<br>➧ पूर्ण खोप लिएका बालबालिका संख्या ९५ % रहेको | ➧ समयमा आवश्यकता अनुसार औषधि आपूर्ति नभएको<br>➧ आयुर्वेदिक तथा प्राकृतिक चिकित्साको व्यवस्थापन नभएको |

**ख) सोच**

समृद्ध र स्वस्थ जीवन : गुणस्तरीय स्वास्थ्य र पोषण

**ग) लक्ष्य**

आगामी पाँच वर्ष भित्र आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण सम्पन्न गर्ने

**घ) उद्देश्य**

- प्राकृतिक एवं वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन एवं स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्नु ।
- आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच वृद्धिवाट नागरिकको स्वास्थ्य अवस्थामा सुधार ल्याउनु ।

**ङ) रणनीति**

१. स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि तथा रोग न्यूनीकरण गर्ने
२. स्वास्थ्य सेवा विस्तार गर्ने
३. स्वास्थ्य सेवामा गुणस्तरता वृद्धि गर्ने
४. स्वास्थ्य सेवामा पहुँच सुनिश्चित
५. आपतकालीन तथा आकस्मिक स्वास्थ्य सेवा सञ्चालन गर्ने
६. स्वास्थ्य सेवा सम्बन्धी नीति तर्जुमा तथा योजनाको कार्यान्वयन गर्ने

**च) कार्यनीति**

**रणनीति १ को स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि तथा रोग न्यूनीकरण अन्तर्गतका कार्यनीतिहरु**

१.१ बालविवाह, दुई सन्तान बीचको जन्मान्तर, परिवार नियोजन, मातृशिशु कल्याणका वारेमा सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

१.२ सरसफाइ र पोषणयुक्त खानेकुरामा जनचेतनाको अभिबृद्धि गरी कुपोषणलाई र रोग लाग्ने दरलाई घटाउँदै मानव स्वास्थ्यता निर्माणमा सहयोग पुर्‍याइनेछ ।

१.३ स्वास्थ्य स्वयंसेविकाको सेवालाई प्रभावकारी रुपमा परिचालन गर्न अझै प्रोत्साहित गरिने छ ।

१.४ प्राणघातक तथा नसर्ने रोगहरु एचआईभी एड्स, लागुऔषध दुर्व्यसन, मधुमेह, उच्च रक्तचाप, मुटुरोग, क्यान्सर तथा मोटोपनाका वारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।

१.५ योग, ध्यान, प्राकृतिक तथा वैकल्पिक उपचार (आयुर्वेदिक, युनानी, आम्नी, पञ्चकर्म, होमोप्याथिक, फिजियोथेरापी, लेजरथेरापी, अकुपञ्चर, अकुप्रेसर, म्युजिकथेरापी) का वारेमा प्रचार प्रसार गरी त्यसमा अभ्यस्तताका लागि प्रयास गर्दै शारीरिक र मानसिक स्वास्थ्यतामा अभिवृद्धि ल्याइनेछ ।

१.६ शरीर एवं स्वास्थ्यलाई हानी पुर्‍याउने रसायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य एवं जङ्कफुड, सूर्तीजन्य पदार्थ, मदिरा सेवन जस्ता विकृति विरुद्ध अभियान सञ्चालन गरी नागरिकहरुमा चेतना अभिवृद्धि गरिनेछ ।

१.७ रोग प्रतिरोधात्मक क्षमता विकासको लागि पोषण, जनस्वास्थ्य, सरसफाइ तथा वातावरण प्रदुषण, निरोधात्मक स्वास्थ्य जनचेतना वारे जनचेतना अभिवृद्धि गरिनेछ । यसका लागि स्थानीय नागरिक समाज, सामुदायिक संस्था, शैक्षिक संस्था, स्थानीय क्लवहरुसंग सहकार्य गरिनेछ ।

१.८ महिनावारी स्वास्थ्य सम्वन्धी व्यवस्थापन कार्यक्रम र महिनावारीसँग सम्बन्धित अन्धविश्वासका विरुद्ध जनचेतना अभिवृद्धि गरिनेछ ।

**रणनीति २ को स्वास्थ्य सेवा विस्तार अन्तर्गतका कार्यनीतिहरु**

२.१ उपयुक्त स्थान पहिचान गरी प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गरी स्वास्थ्य सेवाको प्रभावकारीताका लागि आवश्यक औषधी, उपकरण र दक्ष जनशक्तिको व्यवस्था मिलाइनेछ ।

२.२ सबै स्वास्थ्य चौकीहरुमा वर्थिङ सेबालाई प्रभावकारी ढङ्गवाट सञ्चालन गर्न आवश्यक सवै प्रकारका उपकरणहरुको व्यवस्था गर्दै मातृ तथा शिशु मृत्यु दरलाई न्यूनीकरण गरिनेछ ।

२.३ स्वास्थ्य चौकीहरुको क्षमता अभिवृद्धिका लागि न्यूनतम सवै प्रकारका औषधी, उपकरण जडान र दक्ष जनशक्तिको व्यवस्था गरी स्वास्थ्य सेवा सुविधालाई प्रभावकारी वनाइनेछ ।

२.४ विद्यालयहरुमा घुम्ति स्वास्थ्यकर्मी (नर्स) व्यवस्था गरी विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ ।

२.५ निर्धारित मापदण्ड पूरा गरेका सामुदायिक अस्पताल, स्वास्थ्य क्लिनिक, औषधी पसलहरुलाई आवश्यकताका आधारमा पालिकाको विभिन्न स्थानहरुमा सञ्चालन व्यवस्था मिलाइनेछ । यसका लागि स्थानीय स्वास्थ्य संस्था तथा औषधी पसल सञ्चालन सम्वन्धी मापदण्ड निर्माण गरिनेछ ।

२.६ स्वास्थ्य सम्वन्धी प्राविधिक जनशक्ति विकासका लागि पालिकामा प्राविधिक शिक्षा सञ्चालनमा ल्याइनेछ । यसका लागि महिला, विपन्न दलित वर्गलाई विशेष छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

**रणनीति ३ को स्वास्थ्य सेवामा गुणस्तरता वृद्धि अन्तर्गतका कार्यनीतिहरु**

३.१ प्राथमिक स्वास्थ्य केन्द्र, चौकी लगायत अन्य स्वास्थ्य सेवामा कार्यरत जनशक्ति एवं महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई विभिन्न तालिम, शिविरहरुमा सहभागिता गराई उनीहरुको दक्षता र क्षमतामा अभिवद्धि गर्दै स्वास्थ्य सेबालाई भरपर्दो वनाइनेछ ।

३.२ दरबन्दी अनुसार स्वास्थ्य कर्मचारी, दक्ष र अनुभवी स्वास्थ्यकर्मीहरुको व्यवस्थाका लागि प्राथमिकता दिइनेछ । जनशक्ति एवं औषधी उपकरणको अभाववाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गरिनेछ ।

३.३ स्वास्थ्य संस्थाहरुको स्तर र मापदण्ड अनुसार हुनुपर्ने न्यूनतम पूर्वाधारहरुको व्यवस्था गरी सुविधा सम्पन्न वनाइनेछ । त्यस्ता पूर्वाधारहरुको संरचना अपाङ्गता, लैङ्गिक र बालमैत्री हुनेछ ।

३.४ स्वास्थ्य प्रयोगशाला, व्लड वैंक, र आपतकालीन सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार एवं संयन्त्रको विकास गरी असमायिक मृत्युलाई न्यूनीकरण गरिनेछ ।

३.५ नसर्ने तर प्राणघातक रोगहरुवाट हुने अकाल, अल्पायु, असमायिक मृत्युलाई नियन्त्रण एवं निरोधात्मक उपायहरु अवलम्वन गर्दै बिशेषज्ञ सहितको अस्पताहरुबाट घुम्ती सेवा सञ्चालन गरी स्वास्थ्य संस्थाहरुमा निःशुल्क स्वास्थ्य जाँचको व्यवस्था गरिनेछ ।

३.६ बालबालिकाहरुलाई विसिजि, पोलियो र आवश्यक सवै भिटामिनको उचित व्यवस्थापन र पोषण कार्यक्रम सञ्चालन गरी पूर्ण खोपयुक्त पालिका वनाइनेछ ।

३.७ प्राकृतिक प्रकोप, विपद तथा आपतकालीन, सङ्क्रमण तथा महामारीको रोकथाम, व्यवस्थापन सम्वन्धी पूर्व तयारी तालिम, प्रशिक्षण, अभिमुखीकरण, जनचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३.८ जिल्ला अस्पतालसंग समन्वय गरी स्वास्थ्य सेवाहरु सञ्चालन गरिनेछ ।

**रणनीति ४ को स्वास्थ्य सेवामा पहुँच सुनिश्चित अन्तर्गतका कार्यनीतिहरु**

४.१ ज्येष्ठ नागरिक एवं विविध कारणहरुवाट स्वास्थ्य सेवा उपलव्ध हुन नसकेको क्षेत्र, समुदाय र वस्तीहरुमा स्वास्थ्य शिविरहरु सञ्चालन गरी स्वास्थ्य जाँच लगायतका सेवा सुविधाहरु उपलव्ध गराइ स्वास्थ्य सेबालाई विस्तार गरिनेछ ।

४.२ निःशुल्क र सुरक्षित प्रसुती सेवा विस्तार गरी प्रसुती अघि र पछि स्वास्थ्य सेवा लिन प्रोत्साहन गरिनेछ ।

४.३ स्वास्थ्य संस्थाहरुबाट शतप्रतिशत प्रसुती सेवा उपलब्ध गराउने गरी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

४.४ मातृ तथा शिशु स्वास्थ्य सेवाहरु, खोप सेवा, सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवाहरु विस्तार तथा सेवा सुदृढीकरण गरिनेछ । यसका लागि आवश्यकता अनुसार समुदाय परिचालन गरिनेछ ।

४.५ सरकारबाट निःशुल्क उपलब्ध गरिने सबै प्रकारका औषधीहरु पालिकाको आवश्यकता अनुसार बर्गीकरण गरी नियमित उपलब्ध हुने बाताबरण श्रृजना गरिनेछ र औषधी वितरणलाई नियमित अनुगमन र नियमन गरिनेछ ।

४.६ स्वास्थ्य संस्थाहरुमा दक्ष प्रसुतिकर्मी तथा अन्य जनशक्तिको सुनिश्चितता गरी चौविसै घण्टा सेवा प्राप्त गर्न सकिने वातावरण श्रृजना गरिनेछ ।

४.७ स्वास्थ्य वीमालाई प्रभावकारी ढङ्गवाट परिचालन गरी स्वास्थ्य सेवा पहुँचमा सहजता ल्याइनेछ ।

४.८ विपन्न तथा पछाडिपरेका वर्ग, क्षेत्र र समुदायमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न घुम्ती शिविर र सामुदायिक स्वास्थ्य इकाई, गाउँ घर क्लिनिक वृद्धि गरिनेछ।

४.९ दलित, अतिविपन्न तथा ७० वर्ष माथिका नागरिकहरु स्वास्थ्य जाँच एवं उपचारका लागि स्वास्थ्य चौकी तथा अस्पतालवाट निःशुल्क उपलब्ध गराइनेछ ।

**रणनीति ५ को आपतकालीन तथा आकस्मिक स्वास्थ्य सेवा सञ्चालन अन्तर्गतका कार्यनीतिहरु**

५.१ स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य चौकीहरुको स्तरोन्नति गर्दै आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिनेछ। यसका लागि दक्ष जनशक्ति, उपकरण सहितको ल्यावको व्यवस्था गरिनेछ।

५.२ आकस्मिक उपचारका लागि स्वास्थ्य चौकीमा एक अलगै यूनिटको व्यवस्था गरिनेछ।

५.३ अस्पताल पुग्नु अगावैको एम्वुलेन्समै सम्भव हुन सक्ने आपतकालीन उपचारका लागि पूर्व-अस्पताल सेवाको व्यवस्था गरिनेछ।

५.४ स्वास्थ्य संस्थाहरुवाट चौविसै घण्टा स्वास्थ्य सेवा दिन सक्ने गरी क्षमता विकास गरिनेछ।

५.५ भौगोलिक अवस्था र सडक सुविधाका आधारमा आपतकालीन सेवाका लागि एम्वुलेन्स सेबालाई व्यवस्थित र प्रभावकारी वनाइनेछ।

५.६ महामारी तथा सरुवा रोगहरुको उपचारका लागि आवश्यकताका आधारमा प्रभावित क्षेत्रहरुमा सवै प्रकारका सुविधा सहितको आइसोलेशन सेन्टरहरु स्थापना गरी उपचार व्यवस्था मिलाइनेछ।

**रणनीति ६ को स्वास्थ्य सेवा सम्बन्धी नीति तर्जुमा तथा योजनाको कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

६.१ आधारभूत स्वास्थ्य तथा पोषण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन तथा नियमन गरिनेछ।

६.२ संघ तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी नीति, लक्ष्य र गुणस्तर निर्धारण गरिनेछ।

६.३ स्वास्थ्य संस्था एवं स्वास्थ्य चौकी आदिवाट निस्कने फोहोरमैला, प्रदुषण, रोग, महामारी नियन्त्रणका लागि स्वास्थ्य सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, अनुगमन र नियमन गरिनेछ।

**छ) तर्कवद्ध खाका**

तालिका २४ आधारभुत स्वास्थ्य

| **नतिजाको तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष २०७८/७९ सम्म** | **लक्ष्य परिमाण** | | | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ | ९० | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफल हरु** | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या | प्रतिशत | | | | | | | पलिकाको प्रतिवेदन र HMIS जनस्वास्थ्य | अन्तर सरकार समन्वय र निजी क्षेत्रसंग सहकार्य भएको |
| | नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य | घण्टा | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल) पुग्न लाग्ने औषत समय | | | | | | | | कार्यालय<br><br>पालिकाको पार्श्वचित्र | हुने |
| | गाउँघर क्लिनिकको संख्या | संख्या | | | | | | | | |
| | सञ्चालनमा रहेको पालिका स्तरीय अस्पतालमा उपलब्ध शैया संख्या | संख्या | | | | | | | | |
| | घुम्ती लगायत स्वास्थ्य शिविर पटक | संख्या | | | | | | | | |
| | सबै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | | | | | | | | |
| | आधारभूत स्वास्थ्य सेवा उपलब्ध भएका वडाहरु | संख्या | | | | | | | | |
| | २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | | | | | | | | |
| | कुपोषणका कारण ५ वर्ष मुनीका वाल वालिकाको पुडकोपन र उचाई अनुसारको कम तौल भएकाहरु | सख्या | | | | | | | | |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | प्रतिशत | | | | | | | | |
| | प्रसुति सेवा उपलब्ध भएका स्वास्थ्य संस्थाहरु | संख्या | | | | | | | | |
| | मातृमृत्यु दर ( प्रतिलाख जीवित जन्ममा) | सख्यां | | | | | | | | |
| | झाडापखालाको सङकमण दर(प्रति हजारमा) | संख्या | | | | | | | | |
| | स्वाप्रश्वासको सङ्कमण दर प्रति हजारमा | संख्या | | | | | | | | |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | | | | | | | | |
| | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | | | | | | | | |
| | नवजात शिशु | दर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | | | | | | | | | |
| | शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | दर | | | | | | | | |
| | ५ वर्ष मुनीको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | | | | | | | | |
| | कूल प्रजनन दर ( प्रति महिला शिशु जन्म) | दर | | | | | | | | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | | | | | | | | |
| | स्वास्थ्य वीमामा आवद्ध जनसंख्या | प्रतिशत | | | | | | | | |
| | स्वास्थ्य सूचना, शिक्षा र सञ्चार सचेतना कार्यक्रममा सहभागि | संख्या | | | | | | | | |
| | क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु, क्षयरोग,एडस, कुष्ठरोगको निःशुल्क स्वास्थ्य परीक्षणवाट लाभान्वित | संख्या | | | | | | | | |
| | आधारभुत सुविधा ( खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड रपरामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | | | | | | | | |
| | क्रियाशील महिला स्वास्थ्य स्वयंसेविका | संख्या | | | | | | | | |
| | महामारी, भाइरसको सङकमण,आपतकालीन उपचारको अभाव वाट मृत्यु | संख्या | | | | | | | | |
| | महामारी, भाइरसको सङकमण,आपतकालीन उपचारका लागि उपकरण एवं जनशक्ति सहितको क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रय स्थाल | संख्या | | | | | | | | |
| | नागरिक आरोग्य | संख्या | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालन | | | | | | | | |
| | योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा ( आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति सञ्चालन गर्ने संस्था | सख्या | | | | | | | |
| | सामुदायिक संस्थाको सहभागितामा सञ्चालित आरोग्य केन्द्र, योग केन्द्र तथा व्यायामशाला | सख्या | | | | | | | |

| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. स्वास्थ्य चौकी भवन निर्माण<br>२. बर्थिङ सेन्टर निर्माण<br>३. योग भवन निर्माण<br>४. मलेरिया, डेंगू रोग तथा कालाजार नियन्त्रण<br>५. आयुर्वेदिक औषधालय स्थापना<br>६. नगर अस्पताल निर्माण तथा व्यवस्थापन<br>७. स्वास्थ्यको लक्ष्य १०० प्रतिशत प्राप्त गर्न क्षमता विकास, तालिम, जनचेतना कार्यक्रम<br>१०. स्वास्थ्यमा काम गर्नका लागि प्रशिक्षण कार्यक्रम | **१९ करोड ५० लाख** |

### ६.५.३ खानेपानी तथा सरसफाइ

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका २५ खानेपानी तथा सरसफाइ क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ स्वच्छ खानेपानी र सरसफाईको सुविधा उपलब्ध गराउने कार्यलाई प्राथमिकीकरण गरिएको<br>➧ नगरपालिकामा पानी संरक्षण गरी दीगो रुपमा पानीको सदुपयोग गर्ने योजना कार्यान्वयन गर्न सकिने<br>➧ घरघरमा पानी संकलन ट्यांकी राख्न प्रोत्साहन गरेमा दीर्घकालीन हिसाबले पिउने पानीको समस्या समाधान गर्न सकिने<br>➧ “घर भित्रको फोहर घरमा नै” भन्ने नीतिलाई कार्यान्वयनमा ल्याउन स्रोतमा नै फौहरको वर्गीकरण, न्यूनीकरण र व्यवस्थापन गर्न विभिन्न कार्यक्रमहरु | ➧ सबै नागरिक एवं सार्वजनिक संस्थाहरुलाई सुरक्षित र शुद्ध खानेपानीमा पहुँच अभिवृद्धि र चुना रहित बनाउन<br>➧ फोहोरमैलाको सुरक्षित र दिगो विसर्जन गर्न<br>➧ पानीका उपलब्ध प्रमुख स्रोतहरूको वैज्ञानिक हिसाबले संरक्षण र व्यवस्थापन गर्न<br>➧ विशेषगरी सघन वस्तीमा रहेका बजार केन्द्रहरुमा सडकहरुमा नाला व्यवस्थापन हुन नसकेको<br>➧ वैज्ञानिक फोहोरमैला व्यवस्थापन गर्न<br>➧ फोहोर व्यवस्थापनको ठोस योजना नबन्दा विशेषगरी |

| | |
|---|---|
| संचालनमा ल्याउने नीति लिएको<br>➧ "मेरो फोहर मेरो जिम्मेवारी" भन्ने भावना हरेक नगरबासीमा जागृत गराउने नीति लिइएको<br>➧ घरबाट निस्कने फोहोरलाई असंगठित रुपमै भए पनि जैविक मलको रुपमा प्रयोग गर्ने गरिएको | बजार क्षेत्रमा दीर्घकालीन हिसाबले जटिलता सिर्जना हुन सक्ने<br>➧ पिउने पानी तथा सरसफाइको उचित व्यवस्थापन नहुँदा विभिन्न सरुवा रोगको संक्रमण हुन सक्ने |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ प्रचुर मात्रामा भूमिगत जलस्रोतको उपलब्धता भएको<br>➧ घरधुरीमा पाइपलाइनबाट वितरित खानेपानी आपूर्ति भएको<br>➧ पिउने पानी अभावका कारण नगरपालिकाबासीले सास्ती भोग्न नपरेको<br>➧ सरसफाइ अभियान सञ्चालन हुँदै आएको, घरघरबाट फोहोर सङ्कलन गर्ने अभ्यास भएको (सीमित क्षेत्रमा)<br>➧ नगरपालिकाको वडा नं. २ को जटही, राधोपुरमा २५०० घरधुरी लाभान्वित हुने पुर्नाही पोखरी डिल खानेपानी आयोजना निर्माणाधीन अवस्थामा रहेको<br>➧ सहरी इलाकाहरुमा विकास नभई सकेकोले फोहोर व्यवस्थापन जटिल नभएको | ➧ खानेपानीको शुद्धिकरण जाँचको व्यवस्थापन नभएको<br>➧ नगरस्तरीय खानेपानी तथा ढल निकासको व्यवस्थापन नभएको<br>➧ ल्याण्डफिल साइटको व्यवस्था नभएको<br>➧ सार्वजनिक स्थलहरुमा फोहर राख्ने व्यवस्थापन नभएको<br>➧ प्रचुर मात्रामा भूमिगत जल स्रोतको उपलब्धता भए तापनि पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको<br>➧ सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ पिउने पानी वितरण प्रणालीमा जोड्न नसकिएको<br>➧ अधिकांश घरहरुमा व्यवस्थित शौचालयको साथै नगरपालिकाको अधिकांश सार्वजनिक स्थलमा शौचालयको व्यवस्था नभएको |

**ख) सोच**

स्वच्छ, सुरक्षित, सुविधायुक्त दिगो खानेपानी

**ग) लक्ष्य**

नगरपालिका सम्पूर्ण वडाहरुमा/बस्तीहरुमा स्वच्छ खानेपानी पुऱ्याउने तथा सरसफाइको प्रभावकारी व्यवस्थापन गर्ने

**घ) उद्देश्य**

- सुरक्षित खानेपानीमा नागरिक सवैको सहज पहुँच अभिवृद्धि गर्नु ।
- स्थानीयहरुको सहभागितामा फोहोरमैला तथा सरसफाई को व्यवस्थापनवाट स्वच्छ र सफा वातावरण कायम राख्नु ।

**ङ) रणनीति**

१. स्वच्छ र सुरक्षित खानेपानीमा सवैको पहुँच वृद्धि गर्ने

२. व्यवस्थित सरसफाइ र फोहोरमैलाको सुरक्षित विसर्जन

३. खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**च) कार्यनीति**

**रणनीति १ को स्वच्छ र सुरक्षित खानेपानीमा सवैको पहुँच वृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.१ पर्याप्त पानीका श्रोत तथा मुहान भएका पालिकाहरुसंग सहकार्य र समन्वय गरी सुरक्षित खानेपानीमा पहुँच वृद्धि गरिनेछ । यसका लागि सीमाना जोडिएका तथा छिमेकी पालिकाहरुसंग सहकार्यमा जोड दिइनेछ ।

१.२ पानी मुहानहरुको संरक्षण र सम्वर्द्धन र दिगो उपभोगका लागि लाभान्वित समुदायको सहभागितामा खानेपानी उपभोक्ता समिति वनाई समितिको पहलमा मुहान तथा पानी श्रोत क्षेत्रमा वृक्षारोपण एवं पानी वितरणको व्यवस्था मिलाइनेछ ।

१.३ पानी मुहान र खानेपानी संरचनाहरुको नियमित मर्मत सम्भार, स्तरोन्नति र वितरण प्रणालीलाई व्यवहारिक र व्यवस्थित गर्दै थप क्षेत्रहरुमा खानेपानी सेवा सुविधा उपलव्ध गराइनेछ ।

१.४ परम्परागत पानीका श्रोतहरुको संरक्षण तथा दिगो व्यवस्थापन गर्दै थप सुविधा उपभोगका लागि विशेष जोड दिइनेछ ।

१.५ पानी अपुग क्षेत्रहरुमा आकाशे पानी सङ्कलन, प्लाष्टिक पोखरी तथा पानी भण्डारण ट्याङ्की जस्ता वैकल्पिक उपायहरु अवलम्वन गरी जीवनशैलीलाई सहज वनाइनेछ ।

१.६ स्थानीयहरुको सहभागितामा खानेपानी आपूर्तिलाई नियमित गर्दै एक घर एक धारालाई प्रभावकारी सञ्चालन गर्दै उब्रेको तथा खेरजाने पानीवाट करेसावारी खेतीलाई प्रभावकारी वनाइनेछ ।

१.७ सार्वजनिक स्थल, कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाहरुमा नियमित खानेपानीको व्यवस्था मिलाइनेछ ।

१.८ स्थानीय गैसस लगायतका संस्थाहरुको समन्वय, सहकार्य एवं जवाफदेहितामा खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रम प्रभावकारी ढङ्गवाट कार्यान्वयन गरिनेछ ।

**रणनीति २ को व्यवस्थित सरसफाइ र फोहोरमैलाको सुरक्षित विसर्जन अन्तर्गतका कार्यनीतिहरु**

२.१ फोहोरलाई न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन जस्ता विधिवाट श्रोतमै फोहोर व्यवस्थापन गर्दै गाउँ वजारलाई प्लाष्टिकमुक्त, धुवामुक्त घर वनाई स्वच्छ, सफा एवं सवैप्रकारका प्रदुषणहरुवाट मुक्त वनाउन महिला समूहको भूमिकालाई प्रभावकारी वनाइनेछ ।

२.२ एक घर, एक धारा र एक शौचालयको नीति अवलम्वन गरिनेछ ।

२.३ अतिविपन्न एवं सीमान्तकृत वर्गको श्रम लागत सहभागितामा घरघरमा खानेपानी र चर्पी निर्माणलाई प्राथमिकता दिदै सरसफाइलाई प्रभावकारी ढङ्गवाट परिचालन गरिनेछ ।

२.४ स्थानीय समुदायको सहभागितामा पानी सुविधा सहितको सार्वजनिक शौचालय निर्माण एवं सरसफाइलाई व्यवस्थित गर्दै खुल्ला दिसामुक्त वनाइनेछ ।

२.५ घर शौचालयवाट निष्कृत फोहोर पानीलाई व्यवस्थित गर्न वजार क्षेत्रहरुमा ढल निकासको व्यवस्था गरिनेछ ।

२.६ स्थानीयहरुको सहभागितामा स्यानिटेरी पार्क (ल्यान्डफिल साइड) लाई व्यवस्थित गरी सम्भावित रोग महामारीको नियन्त्रण गर्दै स्थानीयहरुलाई सुरक्षित राखिनेछ ।

२.७ सार्वजनिक स्थलहरुमा राखिएका डष्टपिनवाट फोहोर सङ्कलन गरी व्यवस्थित गरिनेछ ।

२.८ विद्यालय, स्वास्थ्य चौकी तथा संस्थाहरुवाट निस्केका फोहोरहरुलाई सङ्कलन गरी स्यानिटरी पार्क (ल्याण्डफिल साइड) मा विसर्जन गर्ने व्यवस्था मिलाइनेछ ।

२.९ फोहोरमैलाको सुरक्षित विसर्जनका लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

**रणनीति ३ को खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतको कार्यनीति**

३.१ खानेपानी तथा सरसफाइसँग सम्बन्धित स्थानीय नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन गरिनेछ र आयोजनाहरुको अनुगमन तथा नियमनलाई पालिकामा आवश्यक संयन्त्र निर्माण गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका २६ खानेपानी तथा सरसफाइ

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | सुरक्षित खानेपानीमा पहुँच भएको जनसंख्या | प्रतिशत | ७ | १० | १५ | २० | २५ | ३० | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल हरु** | पाइपलाइनको निजी धारा उपलब्ध भएका घरधुरी | प्रतिशत | ५.३ | १० | १५ | २० | २५ | ३० | पालिका को वार्षिक प्रगति प्रतिवेदन<br><br>पालिका पार्श्वचित्र | घरधुरी र गैर सरकारी संस्थासंग सहकार्य भएको हुनेछ |
| | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | | | | | | | | |
| | कुवा, मुल, ढुङ्गेधारा को पानी उपभोग गर्ने घरघुरी | प्रतिशत | ९३ | ९० | ८५ | ८० | ७५ | ७० | | |
| | नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | ० | | | | | 0 | | |
| | खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | | | | | | | | |
| | सक्रिय खानेपानी र सरसफाइ उपभोक्ता समिति | संख्या | | | | | | | | |
| | सरसफाइ सेवा उपलब्ध घरधुरी (निजीक्षेत्र तथा पालिकावाट सेवा सञ्चालन) | प्रतिशत | | | | | | | | |
| | खुल्ला दिसामुक्त घोषणा गरिएका वडा | संख्या | | | | | | | | |
| | शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी | प्रतिशत | १७.२ | १५ | १२.५ | १० | ५ | ० | | |
| | स्वच्छ (प्यानभएको) शौचालय भएका घरधुरी | प्रतिशत | १ | ५ | १० | १५ | २० | २५ | | |
| | खाल्डे शौचालय भएको घरधुरी | प्रतिशत | २४.९ | २० | १५ | १० | ५ | ० | | |
| | सार्वजनिक शौचालय प्रयोग गर्ने घरधुरी | प्रतिशत | ०.३ | | | | | ० | | |
| | जोखिमयुक्त अवस्थामा साबुन पानीले हातधुने जनसंख्या | प्रतिशत | | | | | | | | |
| | फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | | | | | | | | |
| | घर,आँगन,शौचालय वाट निष्कृत फोहोर लाई व्यवस्थित गर्ने घरपरिवार | प्रतिशत | | | | | | | | |

| मुख्य कार्यक्रम तथा कियाकलापहरु | बजेट रु. |
|---|---|
| १. ढल विकास व्यवस्थापन<br>२. घरघरमा पाइपधारावाट वितरित खानेपानी स्तरोन्नति<br>३. फोहोर व्यवस्थापन, प्रशोधन तथा सुरक्षित विसर्जन<br>४. डष्टविन वितरण तथा फोहोर सङ्कलन गाडी खरिद (निजी क्षेत्रसँग सहकार्य) | ३२ करोड ९० लाख |

## ६.५.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका २७ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ नगरपालिकाले टोल विकास संस्था, महिला समुह, आमा समुह लगायत समुदायमा आधारित संघ संस्थाहरुको गठन र परिचालन गर्ने नीति लिएको<br>➧ नगरपालिकाले आर्थिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा नीति योजना तर्जुमा देखि कार्यान्वयन स्तर सम्म समावेशी अवधारण अनुरुप महिलाहरुको नेतृत्व र अर्थपूर्ण सहभागिता गराउन प्रोत्साहन गर्ने र महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउन क्षमता र सिपको विकास गरी रोजगार र स्वरोजगारमूलक आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिएको<br>➧ महिला हिंसा, शोषण, बेचबिखन, विभेद तथा दुर्व्यवारलाई शुन्य शहनशिलताको नीति अवलम्बन गरेको<br>➧ दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, जेष्ठ नागरिक, फरक क्षमता भएका तथा अल्पसंख्यक, सीमान्तकृत र पिछडा वर्ग आदिको आर्थिक, सामाजिक, शैक्षिक, संस्कृति र परम्पराको विकास, संरक्षण तथा प्रवर्धन गर्ने नीति लिएको<br>➧ अपाङ्गता परिचयपत्र वितरण व्यवस्थित गरी सहायता सामाग्री वितरणमा नगरपालिकाले जोड दिएको<br>➧ नगरपालिकामा सांस्कृतिक तथा धार्मिक सहिष्णुता कायम रहेको<br>➧ कतिपय महिलाहरू राजनीति, सामाजिक कार्य लगायत विभिन्न विकासका गतिविधिहरूमा सरिक हुन थालेको<br>➧ महिलाहरूले घरको मात्र काम नभई घर बाहिरको काम पनि गर्न सक्छन् भन्ने सन्देश दिएका अपाङ्ग पुनर्स्थापना केन्द्र, विपन्न सहायता केन्द्र, अनाथालय तथा जेष्ठ नागरिक स्याहार केन्द्र स्थापना गरी न्यायपूर्ण समाजको | ➧ वालविवाह एवं वहुविवाह नियन्त्रण गर्न<br>➧ लैङ्गिक हिंसा, भेदभाव, छुवाछुत जस्ता सामाजिक कुरीतिहरुको नियन्त्रण गर्न<br>➧ अपाङ्गता भएकाहरुलाई स्वरोजगार बनाउन<br>➧ महिलाहरुमा गुणात्मक क्षमता विकास गर्दै निर्णय तहमा उनीहरुको अर्थपूर्ण सहभागिता वृद्धि गर्न<br>➧ वसाइ सराइ नियन्त्रण गर्न<br>➧ लैङ्गिक विभेद तथा हिंसाले समाजमा सामाजिक विग्रह ल्याउनुका साथै विकासको गतिमा नकारात्मक असर पर्न सक्ने<br>➧ महिला पछाडि पर्दा समग्र पारिवारिक संगठन र समाज नै विकृत बन्न सक्ने<br>➧ सामाजिक सौहार्दता, मेलमिलाप, शान्ति र समृद्धिका लागि सामाजिक विवेकको प्रयोग गरी सामाजिक अन्तरघुलनका साथै महिला शसक्तिकरण र सीमान्तकृत वर्गको मूल प्रवाहिकरण गर्न<br>➧ घरेलु हिंसा र महिला हिंसा निर्मूल गर्न<br>➧ बालमैत्री, अपाङ्गमैत्री तथा महिलामैत्री संरचनाहरू निर्माण गर्न |

<table>
<tr><td>स्थापनामा सहयोग पुयाउन सकिने<br>➧ शिक्षा र जनचेतनामा आएको क्रमिक सकारात्मक सुधारका कारण महिला तथा सीमान्तकृत वर्गको उत्थानमा उपयुक्त वातावरण बन्दै जाने<br>➧ महिलाहरू राजनीतिक गतिविधिमा संलग्न हुन थालेकाले उनीहरूका आवाजहरू सम्बन्धित निकायमा पुऱ्याउन सहज भएको</td><td></td></tr>
<tr><td>सवल पक्ष</td><td>कमजोर पक्ष</td></tr>
<tr><td>➧ नगरपालिकाले वर्षेनी जेष्ठ नागरिक तथा महिला स्वयंसेवी सम्मान र सामाजिक सुरक्षा भत्ता माछापुच्छे तथा मेघा बैङ्कमार्फत गर्ने गरेको<br>➧ नगरपालिकाको सहयोगमा सिलाईबुनाई तालिम, मैनवत्ती बनाउने तालिम जस्ता कार्यक्रम सञ्चालन गरिएको<br>➧ आस्मा नेपाल संस्थाले नगरपालिका भर बालबालिका क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने गरेको<br>➧ महिला हिंसा विरुद्धको कार्यक्रम सञ्चालन गर्ने गरेको<br>➧ विपन्न महिलालाई सिपमूलक तालिम दिई आय आर्जनका कार्यक्रम गर्ने गरिएको<br>➧ दलित वर्गमाथि हुने भेदभाव न्यूनीकरण गरी परम्परागत ज्ञान र सिपलाई व्यवसायीकरण गर्ने प्रयत्न गरिएको<br>➧ प्रत्येक वडामा १ महिला सदस्य र १ दलित महिला सदस्य अनिवार्य रूपमा निर्वाचित हुने व्यवस्था गरेको हुँदा उनीहरूले सम्पूर्ण महिला, दलित, जनजातिहरूको हक हित तथा अधिकारको पक्षमा आवाज उठाएका कारण सामाजिक न्याय, समानता लगायत समाज सुधारका पक्षमा केही प्रगति भएको<br>➧ जेष्ठ नागरिकको सुरक्षा भत्ताको व्यवस्था भएको<br>➧ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति गठन भएको<br>➧ निर्णय तहमा ३३% महिला को पहुंच भएको<br>➧ महिला समूह सञ्चालनमा रहेको</td><td>➧ नगरपालिकामा सामुदायिक भेटघाट केन्द्र, दलित सञ्जाल, महिला सञ्जाल, वृद्धाश्राम, बाल सुरक्षा तथा सुधार गृह जस्ता भवनहरूको अभाव रहेको<br>➧ नगरपालिकामा परम्परागत रूपमा रहेको लैङ्गिक विभेद पूर्ण रुपमा अन्त्य हुन नसकेको<br>➧ समाजमा महिलाको समग्र सामाजिक स्तर अत्यन्त कमजोर रहेको<br>➧ जातीय भेदभाव पूर्ण रूपले अन्त्य हुन नसकेको<br>➧ सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरण हुन नसकेको<br>➧ जनचेतनामूलक कार्यक्रमहरू अपेक्षाकृत रूपमा प्रभावकारी हुन नसकेको<br>➧ लुकिछिपी बाल विवाह गर्ने प्रचलन हालसम्म कायम रहेको<br>➧ व्यवसाय तथा पेशाहरूमा महिलाको सहभागिता नभएको<br>➧ महिला समूह सञ्जाल स्थापना भए पनि प्रत्येक वडामा नभएको र ऐन, कानुन निर्माण नभएको<br>➧ लैङ्गिक परिक्षण नभएको<br>➧ लैङ्गिक हिंसा समिति गठन भएको र योजना, रणनीति नभएको<br>➧ अपाङ्ग क्लब, व्यवसायिक तालिमको व्यवस्था नभएको<br>➧ जेष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा मनोरञ्जन हल नभएको</td></tr>
</table>

### ख) सोच

विभेदरहित, समतामुलक सभ्य समाजको निर्माण

### ग) लक्ष्य

सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्ने

### घ) उद्देश्य

➧ महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका, सीमान्तकृत एवं अति विपन्न वर्ग, समुदायको क्षमता विकास, सशक्तीकरण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता गर्नु ।

➧ वर्गीय तथा जातीय विभेदको अन्त्य गर्दै निर्णय तथा नेतृत्व तहमा पहुँच अभिवृद्धिवाट सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणमा सहयोग गर्नु ।

**ङ) रणनीति**

१. महिला सशक्तीकरण र समावेशीकरणमा जोड दिने
२. बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बालमैत्री वनाउने
३. ज्येष्ठ नागरिकहरुको सम्मान र संरक्षण गर्ने
४. अपाङ्गता भएका नागरिकहरुको संरक्षण र सशक्तीकरण गर्ने
५. दलित समुदायको सशक्तीकरण गर्ने
६. जनजाति समुदाय सशक्तीकरण गर्ने
७. लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**च) कार्यनीति**

**रणनीति १ को महिला सशक्तीकरण र समावेशीकरण अन्तर्गतका कार्यनीतिहरु**

१.१ महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक रुपमा सशक्तीकरण, दक्षता तथा क्षमता अभिवृद्धि गर्दै त्यस्ता क्षेत्रहरुमा सामर्थक, अर्थपूर्ण सहभागिता वढाउदै समान पहुँचको व्यवस्था मिलाइनेछ ।
१.२ महिला संगठन, समूह तथा सञ्जालहरुको विकास विस्तार र सशक्तीकरण गर्दै त्यस्ता संस्थाहरुको प्रभावकारी प्रतिनिधित्व सवै क्षेत्रमा गराइनेछ ।
१.३ लैङ्गिक हिंसावाट पीडित महिलाहरुको संरक्षणका लागि सेवा केन्द्रहरु स्थापना र गर्दै मनोसामाजिक विमर्श उपचार एवं कानुनी सहायताहरु उपलब्ध गरिनेछ ।
१.४ कार्यस्थलमा हुने लैङ्गिक तथा यौनिक हिंसा, छुवाछुत एवं विभेदपूर्ण ज्यालादर लगायत सवैप्रकारका अन्याय र हिंसालाई निरुत्साहित र दण्डित गर्न स्थानीय कानुन वनाई कडाइका साथ लागू गरी पालिकालाई महिला हिंसामुक्त वनाइनेछ ।
१.५ सीप विकास एवं उद्यमशीलता तालिमवाट रोजगारी, स्वरोजगारी तथा आय आर्जनका अवसरहरु श्रृजना गर्दै महिलाहरुलाई आर्थिक रुपमा सक्षम र सवल वनाइनेछ ।
१.६ महिला सहकारी संस्थालाई विकास विस्तार एवं आवद्ध सदस्यहरुको क्षमता अभिवृद्धिका लागि सहकारी व्यवस्थापन तालिमहरु प्रदान गर्दै संस्था सुचारु रुपले सञ्चालन गर्न वीउ पूँजी कोष स्थापना गरिनेछ ।
१.७ किशोरी तथा युवतीहरुलाई वजारको मागमा आधारित रोजगारीमूलक तालिमहरु प्रदान गरी क्षमता अभिवृद्धि गर्दै प्रतिस्पर्धी, सक्षम र सवल वनाइनेछ ।
१.८ लैङ्गिक संवेदनशील बजेट र लैङ्गिक बजेट परीक्षण प्रणाली अवलम्वन गरी महिला सशक्तीकरणलाई विशेष प्राथमिकता दिइनेछ ।
१.९ पालिकाको आवधिक योजना एवं वार्षिक कार्यक्रम तर्जुमामा महिलाहरुको सहभागितालाई प्रभावकारी वनाई कार्यक्रमहरु तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गरिनेछ ।

**रणनीति २ को बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बालमैत्री वनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१ स्थानीय समुदाय, विद्यालय, सञ्चार जगत र बाल अधिकारका क्षेत्रमा क्रियाशील संस्थाहरुसंग सहकार्य गरी बालबालिका र किशोर किशोरी माथि हुने दुर्व्यवहार, हिंसा, भेदभाव, बाल शोषण, बालश्रम, वेचविखनको अन्त्य गरिनेछ । यसका लागि नीतिगत व्यवस्था गर्दै आवश्यक कानुन कार्यान्वयनमा ल्याइनेछ ।
२.२ बाल सहभागिता, बाल विकास, बाल बचाउ, वाल संरक्षणका लागि सवै सार्वजनिक कार्यालयहरुमा नीतिगत व्यवस्था गरी सोही अनुसार वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दै संस्थागत विकास गरिनेछ ।
२.३ पालिकाको आवधिक विकास योजना तर्जुमा तथा वार्षिक नीति कार्यक्रम विकासका चरणहरुमा बालवालिकाको सहभागितालाई अर्थपूर्ण वनाइनेछ ।
२.४ बाल क्लव तथा सञ्जालको क्षमता अभिवृद्धि गर्दै विभिन्न समितिहरुमा हुने बाल प्रतिनिधित्वलाई प्रभावकारी वनाइनेछ ।
२.५ कानुनी विवाद परेका बालबालिकाका लागि बाल सुधार गृह सञ्चालन गरी संरक्षण गरिने र अनाथ, अति विपन्न बालवालिकाहरुको शिक्षा, स्वास्थ्यमा पहुँचको व्यवस्था मिलाइनेछ ।
२.६ संविधान लगायत विभिन्न ऐन कानुनहरुद्वारा व्यवस्था गरिएका बाल अधिकारवारे अभिमुखीकरण, जनचेतना अभिवृद्धि गर्दै क्रमिक रुपमा कार्यान्वयन गरिनेछ ।

२.७ बालबालिकाहरुको शारीरिक र मानसिक विकासका लागि आवश्यक सवैप्रकारका व्यवस्था गरी प्रतिभावान र सभ्य नागरिक विकास वनाउन सहयोग गरिनेछ ।

२.८ वालमैत्री असल शासन पालिका घोषणा गर्न आवश्यक नीति तथा रणनीति तर्जुमा गरिनेछ।

**रणनीति ३ को ज्येष्ठ नागरिकहरुको सम्मान र संरक्षण अन्तर्गतका कार्यनीतिहरु**

३.१ ज्येष्ठ नागरिकका ज्ञान, सीप र अनुभवहरु नीति निर्माणमा उपयोगि हुने र भावि पुस्ताहरुका लागि एक मार्गदर्शन हुनसक्ने भएकोले त्यस्ता ज्ञान अनुभवहरुलाई पुस्तान्तरण गर्ने वातावरण श्रृजना गरिनेछ ।

३.२ हिंसा, दुर्व्यवहार, भेदभावमा परेका, मानसिक तनावमा परेका, अशक्त, घरवारविहिन, विपन्न ज्येष्ठ नागरिकहरुको संरक्षणका लागि स्थानीय गैर सरकारी संस्थाहरुसंग सहकार्यमा वृद्धाश्रम स्थापना र सञ्चालन व्यवस्था मिलाइनेछ। यसका लागि स्थानीय मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ।

३.३ ज्येष्ठ नागरिलाई परिवारवाटै सम्मानपूर्ण रहन सक्ने वातावरण तथा परम्परालाई प्रोत्साहित गरिने छ।

३.४ ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम, निःशुल्क स्वास्थ्य वीमा, स्वास्थ्य जाँच लगायत संविधान र अन्य ऐनहरुमा भएको प्रावधानहरुलाई प्रभावकारी ढङ्गवाट कार्यान्वयन गरिनेछ।

३.५ उपयुक्त स्थानमा सुविधा सम्पन्न ज्येष्ठ नागरिक भवन निर्माण गरी दिवा सेवा कार्यक्रम सञ्चालन गर्दै ज्येष्ठ नागरिकहरुको जीवन यापनलाई सहज र सरल वनाइनेछ।

**रणनीति ४ को अपाङ्गता भएका नागरिकहरुको संरक्षण र सशक्तीकरण अन्तर्गतका कार्यनीतिहरु**

४.१ उपयुक्त हुने सीप विकास एवं उद्यमशीलता तालिम प्रदान गरी अपाङ्गता भएका नागरिकहरुको क्षमता अभिवृद्धि गर्दै स्वरोजगार एवं आय आर्जनका अवसरहरु श्रृजना गर्न सहयोग र सहजीकरण गरिनेछ।

४.२ आधारभूत शिक्षा, स्वास्थ्य सेवा लगायत ऐन कानुनद्वारा व्यवस्था गरिएका सवै प्रकारका सेवा सुविधाहरु प्रदान गर्दै अपाङ्गता भएका नागरिकहरुको जीवन यापनलाई सहजता वनाइनेछ।

४.३ अपाङ्गता भएकाको किसिम अनुसारको विशेष शिक्षा प्रदायक विद्यालयसंग सहकार्य गरी त्यस्तो शिक्षा उपलब्ध गराउन विशेष व्यवस्था मिलाइने छ।

४.४ स्थानीय स्तरमा अपाङ्गता भएका नागरिकहरुको समिति निर्माण गर्दै पालिकाको नीति, कार्यक्रम तर्जुमाका चरणहरुमा प्रतिनिधित्व गराई नीति कार्यक्रम तर्जुमामा प्रभावकारी सहभागिता गराइनेछ।

**रणनीति ५ को दलित समुदायको सशक्तीकरण अन्तर्गतका कार्यनीतिहरु**

५.१ सीप विकास एवं उद्यमशीलता तालिम कार्यक्रमहरु सञ्चालन गरी दलित समुदायको क्षमता अभिवृद्धि गर्दै रोजगार एवं आय आर्जनका अवसरहरु श्रृजना गर्न सहयोग गरिनेछ। दलितहरुको परम्परागत सीप र दक्षताको भरपूर उपयोग गर्न आधुनिकीकरण गरिनेछ ।

५.२ दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक रुपमा सशक्तीकरणका लागि कार्यक्रमहरु सञ्चालन गर्दै स्थानीय सरकार सञ्चालनमा अर्थपूर्ण सहभागि गराइनेछ।

५.३ जातीय भेदभावको अन्त्यका लागि स्थानीय नागरिक समाजसंग सहकार्य गर्दै छुवाछुतमुक्त घोषणा गरिनेछ।

५.४ अति विपन्न दलित समुदायको वस्तीमा उत्थानका लागि सवै प्रकारका पूर्वाधारहरुको निर्माण, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रहरुमा निःशुल्क पहुँचको व्यवस्था मिलाइनेछ।

**रणनीति ६ को जनजाति समुदाय सशक्तीकरण अन्तर्गतका कार्यनीतिहरु**

६.१ आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यसै समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, भाषा, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गरिनेछ।

६.२ पालिका स्तरीय आदिवासी जनजाति समन्वय समिति/समूह, महिला समन्वय समिति/समूह, दलित समन्वय समिति/समूह, अपाङ्गता समन्वय समिति/समूह, एकल महिला समन्वय समिति/समूह तथा बाल क्लव समन्वय समिति/समूहको गठन गरी उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**रणनीति ७ को लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

७.१ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण गर्दै लक्षित समूह, सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

७.२ आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसख्याक, सीमान्तकृत समुदायको अभिलेख तथा खण्डिकृत तथ्याङ्क राखी सामाजिक र आर्थिक उत्थान कार्यमक्रम लागू गरिनेछ ।

७.३ पालिकाको नीति निर्माण, निर्णय प्रक्रिया र विकासका सबै गतिविधिमा सबै लक्षित वर्गको अनिवार्य प्रतिनिधित्व र सहभागिता वृद्धि गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका २८ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३५ | ३७ | ४० | ४५ | ४७ | ५० | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफल हरु** | महिलाको औषत आयु | वर्ष | ७० | | | | | ७१ | केतवि<br>EMIS<br>पालिकाको वार्षिक प्रगति प्रतिवेदन | तिनै तहको सरकार, निजी क्षेत्र, सामुदायिक संस्थाहरु, गैसस नागरिक समाजसंग समन्वय र साझेदारी भएको हुने |
| | लक्षित वर्गका लागि बजेट विनियोजन महिला बालबालिका, पिछडिएका, विपन्न वर्ग) | प्रतिशत | | | | | | | | |
| | रोजगारी, पेशा,व्यवसाय मा महिलाको उपस्थिति | संख्या | | | | | | | | |
| | राष्ट्रपति महिला उत्थान कार्यक्रमवाट लाभान्वित महिला | संख्या | | | | | | | | |
| | स्थानीय संस्थावाट सञ्चालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा क्लववाट लाभान्वित ज्येष्ठ नागरिक | संख्या | | | | | | | | |
| | सुरक्षित, | संख्या | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्मानजनक जीवन यापन गर्ने ज्येष्ठ नागरिक | | | | | | | | | |
| | अन्य क्षेत्रहरुमा वसाइ सराई गर्ने घरपरिवार | संख्या | | | | | | | | |
| | घरव्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | | | | | | | | |
| | सम्पत्ति माथिको स्वामित्व भएकामहिला | प्रतिशत | | | | | | | | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | | | | | | | | |
| | महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि बजेट व्यवस्था | रु. लाख | | | | | | | | |
| | कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायत क्षेत्रमा महिला प्राविधिक | संख्या | | | | | | | | |
| | महिला सहकारी संस्था | संख्या | | | | | | | | |
| | महिला सहकारी संस्था मा आवद्ध सदस्य | संख्या हजार | | | | | | | | |
| | महिला सञ्जाल तथा आमा समूहहरु | संख्या | | | | | | | | |
| | अपाङगतको शिक्षा, स्वास्थ्य, सीप तथा क्षमता विकास र रोजगारी वृद्धिमा रकम विनियोजन | रु. लाख | | | | | | | | |
| | व्यवसायिक सीप तथा क्षमता विकास भएका अपाङगता | संख्या | | | | | | | | |
| | असहाय, अशक्त, वेवारिसे ज्येष्ठ नागरिक को संख्या | संख्या | | | | | | | | |
| | लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रकम | रु.लाख | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (कूल वार्षिक घटनाको) | प्रतिशत | | | | | | | | |
| | वहुविवाह दर | प्रतिशत | | | | | | | | |
| | एकल महिला सुरक्षा कोषमा जम्मा भएको रकम | रु. लाख | | | | | | | | |
| | हिंसापीडित महिलाको मनोसामाजिक परामर्श, उद्धार, राहत र कानुनी उपचारका लागि पुनर्स्थापना केन्द्र | संख्या | | | | | | | | |
| | बाल विवाह (कूल जनसंख्याको) | प्रतिशत | | | | | | | | |
| | बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, दुर्व्यवहार, घरेलु हिंसा आदि घटना | संख्या | | | | | | | | |
| | असहाय, वेसहारा तथा आश्रयहीन बालबालिका (आमा बुवा गुमाएका) | संख्या | | | | | | | | |
| | अन्तरपाटी महिला सञ्जाल | संख्या | | | | | | | | |

| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. महिला सीप परिमार्जन आयोजना सञ्चालन<br>२. लैङ्गिक परिक्षण गर्ने<br>३. अपाङ्ग संरक्षण नीति तथा सार्वजनिक भौतिक संरचना निर्माण तथा पहुँच<br>४. दलित जनजाति तथा गरिवि पहिचान गर्ने | **५ करोड ७० लाख** |

### ६.५.५ कला भाषा, साहित्य र संस्कृति

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका २९ कला भाषा साहित्य र संस्कृति क्षेत्र

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ ढोलक, मादल, तवला, खैजेडी, झ्याल बजाउने, डम्फु, हार्मोनियम जस्ता सांस्कृतिक बाजाहरू प्रचलनमा रहेको<br>➧ नगरपालिकाभित्र लोक गायक, नृत्यकार र संगीतकारहरू रहेका | ➧ पश्चिमा संस्कृति तथा विदेशी सञ्चार माध्यमको प्रभावका कारण मौलिक संस्कृति लोप हुने जोखिम रहेको<br>➧ समुदाय र राज्य दुवैका उदासिनताका कारण स्थानीय र मौलिक संस्कृतिहरू लोप भई पहिचान नै संकटमा पर्न |

| | |
|---|---|
| ➧ विविध समुदायहरूको मानवशास्त्रीय अध्ययनका लागि शैक्षिक पर्यटनको गन्तव्यस्थल बनाउन सकिने<br>➧ आदिवासी जनजातिका विविध सांस्कृतिक सम्पदाहरू रहेकोले सांस्कृतिक सङ्ग्रहालय तथा सांस्कृतिक केन्द्रहरूको रूपमा विकास गर्ने पहल भएको<br>➧ नगराईन नगरपालिकालाई मौलिक संस्कृति र सभ्यताको केन्द्रको रूपमा विकास गरी सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने<br>➧ नगरपालिका क्षेत्रका सर्जक तथा कलाकारको उत्थान र वृत्ति विकास गर्न सकिने<br>➧ आदिबासी धानुक, मुसहर, तेली, खत्वे संस्कृति उजागर गर्न होमस्टे सञ्चालन गर्न सकिने<br>➧ नगरपालिका क्षेत्रमा रहेका विभिन्न धार्मिक तथा सांस्कृतिक स्थलहरूको विकास गर्न सकिने<br>➧ लोपोन्मुख झिझिया, कुवर वृजभान, अल्हा रुदल, झुकना झुकनी आदि नाच, झिझिया, समाचकेवा, छठ गीत, पुराण, भजनकिर्तन जस्ता लोकभाका तथा परम्परागत बाजागाजाको संरक्षण गरी लोक संस्कृतिको उत्थान गर्न सकिने | सक्ने<br>➧ मैथिली, मगादी, ल्होपा, अवधी, तामाङ भोजपुरी आदि भाषाको संरक्षण गर्न<br>➧ सम्बन्धित समुदाय र राज्यले मिलेर सांस्कृतिक संरक्षण प्रर्वद्धनमा ठोस र दीर्घकालीन कार्यक्रमहरू तत्काल सञ्चालन गर्न<br>➧ विभिन्न लोक भाकाको संरक्षण गर्न<br>➧ धार्मिक सहिष्णुता कायम राख्न<br>➧ आर्थिक प्रलोभनमा पारी धर्म परिवर्तन गराउने परिपाटी रोक्न |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ ऐतिहासिक स्थल अकौरा ढाहुर पोखरी, राधो वावा थान, राम जानकी छुटी (विर्ता), सिराही पोखरी, सुनैर मुनैर मन्दिर (किर्ता), महारानी जी मन्दिर, प्रत्येक (वडामा डिहवार स्थान) छठ पर्व स्थल रहेको<br>➧ यस पालिकाका सम्पूर्ण समुदायका व्यक्तिहरु मैथिली ९० प्रतिशत, हिन्दी १ प्रतिशत र ९ प्रतिशत नेपाली भाषा प्रयोग गरेको<br>➧ चार्डपर्व तथा मेलाहरुमा जमुनी मेला, दुर्गा मेला,सल्देश मेला आयोजना हुने गरेको<br>➧ नगरपालिकामा धानुक, यादव, तेली, ब्राम्हण तराई, मुसलमान, चमार / हरिजन / राम, बेल्दार आदि समुदायको बसोबास रहेको<br>➧ विविध जात, धर्म, सम्प्रदाय र संस्कृतिका समुदायहरू सौहार्दपूर्ण तरिकाले बसेको<br>➧ धार्मिक हिसाबले विभिन्न धर्मावलम्बीहरूले आफ्ना धर्म, संस्कृति र परम्परा कायम राखिरहेको चौरचन, जितिया पर्व, मकर संक्रान्ति, जुड शितल, काली पुजा, बक्र इद, छठ, होली जस्ता चाडपर्वहरू प्रचलनमा रहेको | ➧ सांस्कृतिक धरोहरहरूको संरक्षणका लागि ठोस कार्ययोजना नबनेको<br>➧ विभिन्न धार्मिक स्थलहरू मर्मत सम्भार नहुँदा जीर्ण अवस्थामा पुगेका<br>➧ कतिपय आदिवासी जनजातिहरू विपन्न अवस्थामा रहेकोले उनीहरूको सबलीकरणका लागि ठोस कार्यक्रमहरू नभएको<br>➧ भाषा तथा साहित्यको नगरस्तरीय अभिलेख नभएको<br>➧ सांस्कृतिक चार्डपर्व मेला लाग्ने ठाउँको व्यवस्थापन नभएको<br>➧ ऐतिहासिक स्थललाई कलात्मक रुपमा संरक्षण नभएको<br>➧ कला, भाषा, संस्कृतिको जर्गेना, संरक्षण, प्रवर्द्धन नहुनु<br>➧ साँस्कृतिक संरक्षण तथा प्रदर्शनी नहुनु<br>➧ स्थानीय संस्कृतिमा आधारित पर्यटन प्रवर्द्धन तथा आयमूलक कार्यकम सञ्चालन नहुनु |

### ख) सोच

कला, भाषा, साहित्य संस्कृतिको संरक्षण र सम्वर्द्धन : जातजातिको पहिचान

### ग) लक्ष्य

संस्कृति, भाषा कला र साहित्यको जर्गेना र विकासमार्फत सभ्य र सौहार्द समाजको स्थापना गर्ने

**घ) उद्देश्य**

परम्परागत, मौलिक एवं लोपोन्मुख कला, भाषा, साहित्य, संस्कृति तथा सम्पदाहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनवाट स्थानीयहरुको पहिचान स्थापित गर्नु ।

**ङ) रणनीति**

१. मौलिक कला भाषा, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने
२. कला, भाषा, साहित्य र सम्पादन सम्बन्धी नीति र योजना कार्यान्वयन गर्ने

**च) कार्यनीति**

**रणनीति १ को मौलिक कला भाषा, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

१.१ परम्परागत, मौलिक एवं लोपोन्मुख कला, संस्कृति, भाषा र साहित्यको संरक्षण एवं प्रवर्द्धनका लागि पालिकामा एक कला केन्द्र स्थापना गरी प्रवर्द्धन गरिनेछ ।
१.२ स्थानीय सम्पदा, संस्कृतिलाई विद्यालयको पाठ्यक्रममा समावेश गरी पठनपाठनको व्यवस्था मिलाइनेछ ।
१.३ स्थानीय भाषा, संस्कृति र सम्पदालाई पर्यटन विकाससंग जोड्दै यसको प्रवर्द्धन गरिनेछ ।
१.४ आवधिक रुपमा पालिका स्तरीय प्रतियोगिताका माध्यमवाट साहित्य, कला, लोकगीतको प्रवर्द्धन गरिने छ ।

**रणनीति २ को कला, भाषा, साहित्य र सम्पादन सम्बन्धी नीति र योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

२.१ भाषा, कला, साहित्य तथा संस्कृति संरक्षण सम्बन्धी नीति, कानुन तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ ।
२.२ स्थानीय लोपोन्मुख एवं जातीय भाषा, संस्कृति तथा सम्पदाहरुको संरक्षण एवं प्रवर्द्धन सम्बन्धी दीर्घकालीन नीति तथा गुरुयोजना वनाई कार्यान्वयन गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका ३० कला भाषा साहित्य र संस्कृति

| नतिजको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | स्थानीय कला, भाषा र साहित्यलाई पेशाको रुपमा ग्रहण गर्ने व्यक्ति | संख्या | | | | | | | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफलहरु** | कला, भाषा संस्कृति, र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | | | | | | | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | भाषा आयोग, संस्कृति संग सम्बन्धित निकाय बीच अन्तर सरकार सम्बन्ध भएको हुने । |
| | संरक्षित कला, भाषा र संस्कृतिका प्रकार | संख्या | | | | | | | भाषा आयोग को प्रतिवेदन | |
| | संरक्षण गर्नुपर्ने स्थानीय संस्कृति तथा चाँडपर्व | संख्या | | | | | | | | |
| | ठूला-ठूला मेला, पर्व तथा जात्राहरु | संख्या | | | | | | | पालिका पार्श्व चित्र | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वोलीचालीका स्थानीय भाषाहरु | संख्या | ३ | | | | | - | | जनजाति प्रतिष्ठान र अन्य विषयगत आयोग, स्थानीय समुदाय संग समन्वय भएको हुने छ । |
| | स्थानीय, कला,भाषा, साहित्य, संस्कृति सम्बन्धी अध्ययन | संख्या | | | | | | | | |
| | स्थानीय कला, भाषा, साहित्य संस्कृतिमा आधारित प्रकाशन | संख्या | | | | | | | | |
| | स्थानीय कला, भाषा, संस्कृति झल्किने म्युजियम तथा कला केन्द्र | संख्या | ० | | | | | १ | | |

| मुख्य कार्यक्रम तथा क्रियाकलापहरु | बजेट रु. |
|---|---|
| १. भाषा तथा नगर साहित्य केन्द्रको स्थापना<br>२. सांस्कृतिक चाँड पर्व मेला लाग्ने स्थलको संरक्षण तथा भौतिक पूर्वाधार निर्माण | २ करोड |

### ६.५.६ युवा तथा खेलकुद

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका ३१ युवा तथा खेलकुद क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ शिक्षित, ऊर्जावान युवाहरुको उपस्थिति अधिक रहेको<br>➧ स्थानीय संरचनामा युवाहरुको आवद्धता बढ्दो रहेको<br>➧ नगरपालिकाले “युवा परिचालन समृद्ध नगरको आधार” भन्ने मूल मर्मको साथ युवा वर्गलाई स्वदेशमा टिकाई विकासको मूलधारमा ल्याउन युवा लक्षित व्यवसायिक तथा जीवन उपयोगी सिपमूलक तालिम संचालन गरी रोजगारका अवसरहरु सृजना र असल नागरिक बनाउन प्रेरित गर्ने नीति लिएको<br>➧ नियमित रुपमा खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिका लागि रंगशाला, खेलकुद मैदान तथा मनोरञ्जनात्मक गतिबिधीहरुलाइ प्राथमिकतामा राखेर क्रमशः स्तरोन्नती गर्न सकिने<br>➧ गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी युवामैत्री तालिम, गोष्ठी तथा सेमिनार आयोजना गरी आय आर्जनका गतिविधिमा आवद्ध गराउन सकिने | ➧ युवाहरुको विदेश तथा शहरीतर्फको पलायनलाई रोक्न<br>➧ रैथाने स्थानीय खेलहरु डन्डिवियो, कबड्डी, गट्टा खेलहरु प्रवर्द्धन गर्न<br>➧ कतिपय युवाहरू गलत संगत, लागूपदार्थ सेवन, भैंझगडा लगायतका कुलतमा फस्ने अवस्था रहेको<br>➧ नगरपालिकामा अध्ययन तथा रोजगारका लागि शहर तथा विदेश गएकाहरुलाइ स्वदेशमै रोजगार सृजना गर्ने चुनौती रहेको<br>➧ नगरपालिकामा सम्पूर्ण वेरोजगार युवाहरुलाइ थेग्न सक्ने गरी रोजगारीको सिर्जन गर्न चुनौती रहेको<br>➧ पूर्वाधारपूर्वाधारको समुचित विकास गर्न नसकिएको कारण तोकिएका खेलकुद मैदानहरु, क्लव तथा मनोरञ्जनात्मक स्थलहरु स्तरोन्ती गर्ने कार्य चुनौतीपूर्ण रहेको<br>➧ व्यवस्थित खेलकुद पूर्वाधारहरूको विकास गर्न ठूलो आकारको बजेटको व्यवस्थापनको चुनौती रहेको<br>➧ भौगौलिक अवस्थिति सहज हुँदाहुँदै पनि एकीकृत खेलकुद जागरण अभावका कारण खेलकुद पूर्वाधारको विकास गर्न चाहेजति सहज र चुस्त रूपमा विकास गर्न कठिन रहेको<br>➧ खेलकुदलाई व्यवसायीकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय |

| | |
|---|---|
| ➧ नगरपालिकाले नगर स्तरीय खेलकुद कार्यक्रमलाई आवश्यक प्रवर्धन र प्रोत्साहन गर्ने नीति लिएको<br>➧ प्रत्येक वर्ष मेयर कप रनिंग क्रिकेट संचालन गर्ने साथै अन्य खेलकुदका अतिरिक्त क्रियाकलापहरुलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरेको<br>➧ स्वास्थ्यका लागि मनोरञ्जन भन्ने तथ्यलाई मनन गर्दै निजी क्षेत्रको साझेदारीमा नगर भित्र विविध किसिमका मनोरञ्जन स्थान विकासका लागि आवश्यक प्रोत्साहन गर्ने नीति लिएको<br>➧ विभिन्न स्थानीय तथा राष्ट्रिय खेलहरू मार्फत स्थानीय प्रतिभाहरू जगेर्ना गर्न सकिने खेलपूर्वाधारको विकास मार्फत विभिन्न खेल प्रतियोगिताहरू आयोजना गरी खेलकुद पर्यटनको विकास गर्न सकिने | प्रतियोगितामा खेलाडीहरू समावेश गराउन कठिन परिस्थिति रहेको<br>➧ ऐतिहासिक, पर्यटकीय तथा धार्मिक महत्वका क्षेत्रहरूमा पार्क, वनभोज स्थल आदिको विकास गर्न कठिन रहेको |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ घरधुरी तथ्याङ्क संकलन, २०७७ अनुसार नगरपालिकामा १५ देखि ३९ उमेर समूहको जनसंख्या ४०.३ प्रतिशत भएको<br>➧ नगरपालिकामा बेरोजगार युवाको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नहर सुधार कार्यक्रम सञ्चालन भएको<br>➧ युवासँग सम्बन्धित क्लव, खेलकुद मैदान तथा सांस्कृतिक टोलीहरू नगरपालिकामा रहेको<br>➧ नगरपालिकाको वडा नं. २ को जटहीमा १२ कट्ठा क्षेत्रफलमा फैलिएको शहिद दुर्गानन्द झा क्रिकेट मैदान, वडा नं. ५ मा सरकारी स्वामित्वमा रहेको १४ कट्ठा क्षेत्रफलमा फैलिएको जलवा गाछी खेलमैदान, वडा नं ८ मा सरकारी स्वामित्वमा रहेको २ विगा क्षेत्रफलमा फैलिएको ओलार खेलमैदान रहेको | ➧ नगरपालिकामा युवा लक्षित कार्यक्रमले युवा वर्गलाई यथोचित सम्बोधन गर्न नसकेको<br>➧ प्रधानमन्त्री युवा रोजगार कार्यक्रम आशातित रूपमा युवा आकर्षण र युवामैत्री हुन नसकेको<br>➧ युवा जनशक्तिलाई यथोचित अभिमुखीकरण तथा तालिमको व्यवस्था हुन नसकेको<br>➧ नगरपालिकाको वडा नं ३ विद्यालय परिसर बाहेक अन्य विद्यालयमा खेलमैदानको अभाव हुनु<br>➧ नगरपालिकामा भएका खेल मैदान, पार्क तथा पिकनिक स्थल व्यवस्थित एवं पूर्वाधारयुक्त हुन नसक्नु<br>➧ नगरपालिका खुल्ला चौर, खेल मैदान, पार्क तथा पिकनिक स्थल प्राय पोखरीको किनार हुनाले खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिले पर्यावरणलाई असर पार्नु<br>➧ नगरपालिका भर सार्वजनिक पुस्तकालय, सिनेमा हल तथा नाट्यशाला, स्वीमिङपुल, व्यायामशाला जस्ता अध्ययन तथा मनोरञ्जनस्थलको अभावमा हुनु<br>➧ नगरपालिकामा खेलकुदको विकास गर्न स्थानीय स्तरमा खेलकुद प्रशिक्षकको अभाव हुनु<br>➧ सीमित बजेटका कारण नगरपालिकाले खेलकुद तथा मनोरञ्जनमा यथोचित लगानी गर्न नसक्नु |

**ख) सोच**

सवल, सक्षम र व्यवसायिक युवा जनशक्ति

**ग) लक्ष्य**

नगरपालिकाको युवा जनसंख्यालाई पूर्ण रोजगार र उच्च उत्पादनमुखि बनाउने

**घ) उद्देश्य**

युवाहरुमा क्षमता विकास, उद्यमशीलता एवं व्यवसायिकता विकासवाट रोजगारीका अवसरहरु श्रृजना गर्दै सवै प्रकारका खेलकुदहरुको भौतिक पूर्वाधार तथा संरचनाको निर्माण गरी प्रतिस्पर्धी, प्रतिभाशाली युवा खेलाडीहरुको विकास गर्नु ।

**ङ) रणनीति**

१ युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता विकास गर्ने
२. विकास निर्माणमा युवाहरुको सहभागिता अभिवृद्धि गर्ने
३. खेलकुद विकासका लागि पूर्वाधार निर्माण र संस्थागत विकास गर्ने

**च) कार्यनीति**

**रणनीति १ को युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता विकास अन्तर्गतका कार्यनीतिहरु**

१.१ क्षमता अभिबृद्धि कार्यक्रम मार्फत युवा उद्यमशीलता तथा स्वरोजगारीमा अभिबृद्धि गरिनेछ ।
१.२ युवाका लागि सीप, प्रविधि, कर्जा, व्यवसाय परामर्श, बजार सुविधा सहित उद्यम विकास सम्बन्धी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।
१.३ वैदेशिक रोजगारीवाट हासिल गरेका दक्षता, सीप, अनुभव, ज्ञान एवं पूँजीलाई सही सदुपयोगका लागि उपयुक्त वातावरण श्रृजना गर्दै औद्योगिक व्यवसायिक क्षेत्रमा लगानी गर्न युवाहरुलाई प्रोत्साहित गरिनेछ ।

**रणनीति २ को विकास निर्माणमा युवाहरुको सहभागिता अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

२.१ स्थानीय योजना तर्जुमा, कार्यान्वयन, नतिजामापन प्रक्रियामा युवाहरुको संलग्न बृद्धि गर्न क्षमता अभिवृद्धि गरिनेछ ।
२.२ युवा समूह, क्लब सञ्जालको विकास, विस्तार, सदृढीकरण क्षमता अभिवृद्धि गर्दै स्थानीय सरकार सञ्चालनको विभिन्न क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व एवं सहभागिता गराइनेछ ।
२.३ लागु औषध प्रयोग गर्ने युवाहरूको पुनर्स्थापना गर्न परामर्श तथा पुनर्स्थापना केन्द्रहरू सञ्चालन गरिनेछ ।

**रणनीति ३ को खेलकुद विकासका लागि पूर्वाधार निर्माण र संस्थागत विकास अन्तर्गतका कार्यनीतिहरु**

३.१ युवाहरुको शारिरीक, मानसिक विकासका लागि सानो उमेर देखि नै अभ्यस्त गराउदै खेल संस्कृतिको विकास गरिनेछ ।
३.२ खेलकुद विकासका लागि आवश्यक पूर्वाधारहरु विद्यालय, वस्ती, वडाहरु र पालिका स्तरीयमा निर्माण गरी खेलकुदको प्रवर्द्धन गरिनेछ ।
३.३ खेलकुदमा महिला सहभागिता बढाउन उचित वातावरण श्रृजना गरिनेछ ।
३.४ स्थानीयस्तरका खेलकुद प्रशासन तथा संघ संस्थासंग समन्वय र नियमन गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका ३२ युवा तथा खेलकुद

| नतिजको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| असर | उद्योग, व्यापार व्यवसाय तथा खेल क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ | १० | पालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| | वैदेशिक रोजगारीमा गएका युवा | प्रतिशत | १५ | | | | | १२ | | |
| प्रतिफल हरु | शिक्षित युवा वेरोजगारी (एइइ वा सो भन्दा माथिको शिक्षा आर्जन) | संख्या | | | | | | | EMIS<br>पालिका को बार्षिक प्रगति | प्रधानमन्त्री रोजगार कार्यक्रम, स्वरोजगार कोष, |
| | आयमूलक व्यवसायिक सीप | संख्या | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास तालिम तथा प्राविधिक शिक्षा हासिल गरेको युवा | | | | | | | | प्रतिवेदन<br><br>श्रम मन्त्रालय वार्षिक प्रतिवेदन | उद्योग वाणिज्य, तालिम संस्था तथा निजी क्षेत्रसंग समन्वय भएको हुने<br><br>अन्तर सरकार समन्वय भएको हुने |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रवाट लाभान्वित युवा | संख्या | | | | | | | | |
| | युवा स्वरोजगार कोष अन्तर्गत स्वरोजगार कर्जा कार्यक्रमवाट लाभान्वित युवा | संख्या | | | | | | | | |
| | स्थानीय तहको संरचनामा युवाहरुको सलग्नता | प्रतिशत | | | | | | | | |
| | युवा क्लव, तथा संस्था | संख्या | ३ | | | | | ५ | | |
| | व्यवसायिक युवा खेलाडी | संख्या | | | | | | | | |
| | युवा खेलकुद अभ्यास प्रशिक्षण केन्द्र | संख्या | ० | | | | | | | |
| | कवर्डहल तथा खेलकुद मैदान | संख्या | ० | | १ | | १ | | | |
| | पालिका स्तरीय खेलाडी | संख्या | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | | |

| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. युवा क्लब भवन निर्माण<br>२. युवाहरूको लागि पाविधिक तालिम तथा उद्यम व्यवसाय संचालन गर्ने<br>३. लागु औषध तथा दुर्बेसन सम्वन्धि नीति, ऐन,नियम कार्यविधि निर्माण<br>४. खेलमैदान रङ्गशाला निर्माण | **३१ करोड ५० लाख** |

# परिच्छेद सात : पूर्वाधार विकास

## ७.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ अनुसार स्थानीय सडक, ग्रामीण तथा कृषि सडक र सिंचाइ जस्ता पूर्वाधारलाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखिएको छ । उपरोक्त पक्षहरु सम्वन्धी नीति, कानुन, मापदण्ड तथा सोको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय सरकार सञ्चालन सञ्चालन ऐन, २०७४ वाट स्थानीय तहलाई प्रदान गरिएको छ । यस अनुसार गाउँ तथा नगरपालिकाहरुले यातायात सुरक्षाको व्यवस्थापन, पुलपुलेसा, तटबन्धन सम्वन्धी गुरुयोजना, स्थानीय सिंचाइ प्रणाली निर्माण, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन गर्नुपर्ने जिम्मेवारी स्थानीय सरकारको काँधमा आएको छ ।

बसोबासलाई व्यवस्थित गर्ने, योजनावद्ध रुपमा वस्ती विकास गर्ने, नागरिकहरुलाई सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने, यातायात सुरक्षा उपलव्ध गराउने र गुणस्तरीय तथा दिगो भौतिक पूर्वाधारको विकास जस्ता पक्षहरुलाई राष्ट्रिय नीतिका रुपमा ग्रहण गरिएको छ र सुर्वसुलभ एवं आधुनिक पूर्वाधारहरुलाई १५ औं योजनामा उच्च प्राथमिकतामा राखिएको छ भने दिगो शहरी विकास तथा वस्ती विकासलाई राष्ट्रको दीर्घकालीन रणनीतिमा ग्रहण गरिएको छ । त्यसैगरी देशको रुपान्तरणको प्रमुख सम्वाहकको रुपमा गुणस्तरीय एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा सञ्चार पूर्वाधार, वृहत सञ्जालीकरण, आधुनिक, दिगो तथा व्यवस्थित शहरीकरण, आवास र वस्ती विकासलाई लिइएको छ भने दिगो विकास लक्ष्यमा गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील पूर्वाधार विकास गर्ने, दिगो र आधुनिक ऊर्जामा सवैको पहुँच अभिवृद्धि गर्ने, सडक सुरक्षामा सुधार ल्याउने र सङ्कटग्रस्थ व्यक्ति, महिला, अपाङ्गता र प्रौढमैत्री वनाउदै दिगो यातायात प्रणालीको विकास, शहरीकरण र मानववस्तीलाई दिगो र व्यवस्थित गर्ने जस्ता पूर्वाधारलाई विशेष महत्वका साथ समावेश गरिएको छ ।

उपरोक्त पक्षहरुको सुनिश्चितता गर्दै नगराईन नगरपालिकाबाट संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र पूर्वाधार विकासको खाका तयार पारिएको छ । पूर्वाधार विकासका लागि प्रमुख क्षेत्रको रुपमा रहेको सडक, यातायात, पुलपुलेसा, आवास, भवन तथा वस्ती विकास, सिंचाइ, विद्युत तथा वैकल्पिक ऊर्जा र सूचना, सञ्चार र प्रविधि जस्ता क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यक्रमहरु तर्जुमा भएको छ ।

## ७.२ वर्तमान अवस्था

सडक यातायात क्षेत्रमा नगरपालिकाले उल्लेख्य प्रगति हाँसिल गरेको छ । दैनिक उपभोग्यका सामानहरुको ढुवानी तथा कारोवारहरु खासगरी जनकपुर बजारसँग हुने गरेको पाइन्छ भने यस क्षेत्रका कृषि उत्पादनहरुको विकी वितरण पनि जनकपुर बजारमा हुने गरेको छ । सडकको अवस्था स्तरीय भएकोले बाह्रै महिना यातायात संचालन आउने गरेको छ ।

नगरपालिकामा थुप्रै सिंचाई आयोजनाहरुबाट तथा भूमिगत जलस्रोत मार्फत कृषियोग्य जमीनमा सिंचाई गरिँदै आएको छ, तथापि अपर्याप्त सिंचाई सुबिधाका कारण सम्पूर्ण खेतीयोग्य जमिन सिंचित हुन सकेको छैन । बस्तीहरु सबैमा आधारभूत भौतिक पूर्वाधारहरु पुगेका छन् । तापनि पूर्वाधारहरु अपाङ्गतामैत्री तथा वालमैत्री हुन सकेका छैनन् । भूकम्प प्रतिरोधात्मक तथा मापदण्ड पूरा गरी वनेका सार्वजनिक संरचनाहरुको संख्या न्यून छ । विद्युत सेवा आपूर्ति केन्द्रीय विद्युत प्रशारण लाइनवाट हुँदै आए तापनि विद्युत सेवा सुधार तथा विस्तारका साथसाथै वैकल्पिक र नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि समेत ठोस कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने देखिन्छ । सामान्यतया वस्तीहरू बाक्लो भएका क्षेत्रहरूमा नेपाल टेलिकम तथा एनसेलजस्ता दुरसञ्चार सेवा प्रदायक कम्पनीहरूले सेवा प्रदान गरेका छन् । मोबाइल फोनको प्रयोग मार्फत सूचना र खबर आदानप्रदानमा एक प्रकारको क्रान्ति नै भए तापनि यो नगरपालिकामा इन्टरनेट प्रविधिको विस्तार र गुणस्तर सुधारमा थप लगानी गर्नुपर्ने देखिन्छ । नगरपालिकामा रेडियो नेपालको प्रसारण र विभिन्न स्थानीय एफएमहरू जस्तै मिथिलान्चल एफ.एम, जानकी एफ.एम, रेडियो जनकपुर, जनकपुर एफ.एम, कान्तिपुर एफ. एम आदिको प्रसारण भएको सुनिन्छ ।

## ७.३ पूर्वाधार विकास क्षेत्रको उद्देश्य

आवधिक नगरविकास योजनाको लक्ष्य हासिल गर्न पूर्वाधार विकास क्षेत्रको लागि "सडक, यातायात, पुल पुलेसा, ऊर्जा, जलश्रोत, खानेपानी, सार्वजनिक भवन, आवास तथा वस्ती विकास, सूचना तथा सञ्चार प्रविधि लगायतका भौतिक एवं सामाजिक पूर्वाधारहरुको विकास र विस्तारवाट आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै आमनागरिकहरुको जन जीवनमा सहजता ल्याउनु" मुख्य उद्देश्य निर्धारण गरिएको छ ।

## ७.४ प्रमुख रणनीतिहरु

क) गुणस्तरीय एवं वातावरणमैत्री यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधारहरुको विकास गर्ने
ख) श्रृजित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार गर्ने

## ७.५ विषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- सडक, पुल तथा यातायात,
- सिंचाई,
- आवास, बस्ती विकास, सार्वजनिक निर्माण तथा वजार व्यवस्थापन,
- विद्युत तथा वैकल्पिक उर्जा
- सूचना तथा सञ्चार प्रविधि ।

### ७.५.१ सडक तथा यातायात

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका ३३ सडक यातायात क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| • सडकहरुको निर्माण, विस्तार तथा मर्मत हुँदै जाने तर पुल / कल्भर्टहरु क्रमशः साँधुरा र जिर्ण हुँदै गएको तथ्यलाई ध्यानमा राखी नगरपालिका क्षेत्रमा आर. सि. सि. बक्स सहितका कर्भटहरु निर्माण गर्ने नीतिलाई प्राथमिकिकरण गरेको<br>• नगरभित्रका सम्पूर्ण बाटोहरुको नामाकरण गरी वैज्ञानिक घर नम्बर वितरण गर्ने कार्यको आरम्भ गर्ने नीति लिएको<br>• नगरपालिकाका सडकहरुलाई मापदण्ड बनाई सो अनुसारको स्तरोन्नती कार्यलाई तीव्रता दिइएको हुनाले केही वर्षभित्रै गुणस्तरीय सडक सञ्जाल तयार हुने<br>• नगरपालिकाले ९ वटै वडा केन्द्रमा सडकको पहुँच हुनाले नगरपालिकामा कृषि, पर्यटन तथा उद्योगको विकासको राम्रो सम्भावना रहेको | • गुणस्तरीय, दिगो र सर्वसुलभ सडक यातायात सेवाबाट आम नागरिक लाभान्वित गर्न<br>• पालिका क्षेत्रभित्रका सडक सञ्जालमा सार्वजनिक सवारी साधन नियमित रुपमा सञ्चालनमा ल्याउन<br>• १२ है महिना नियमित रुपमा सडक सञ्चालनमा ल्याउन<br>• नगरपालिकाभित्र दैनिक आवतजावतका लागि आवश्यक भरपर्दो यातायातको असुविधा भएकाले विभिन्न रूटहरूको निर्धारण गरी सार्वजनिक यातायात सेवा संचालन गर्न<br>• सडक वरपर प्रदुषण भई वातावरण र जनस्वास्थ्यमा पर्न गएको नकारात्मक असर कम गर्न<br>• सडकको स्थिति कमजोर हुँदा उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय, कृषि, पर्यटन जस्ता क्षेत्रहरु चलायमान गर्न<br>• सडकको स्तरउन्नती गर्न ठूलो आकारको बजेट आवश्यक पर्ने |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| • जनकपुर जट्टही पुल सडक रहेको | • योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड मुताविक |

| | |
|---|---|
| ➧ जनकपुरधाम- अग्रहरघाट - मुखियापट्टी (मुसहरमिया गाउँपालिका) - घोडघाँस (९) -फुलगामा (४)- फुलगामा (३) **(राष्ट्रिय राजमार्ग) र**हेको<br>➧ नगराईन (वडा २) देखि देवडिहा (वडा ७, ८), बहुअर्वा बहुअर्वा हुँदै जनकपुरसम्म जोड्ने सडक रहेको<br>➧ मटिहानी नगरपालिका - घोडघाँस (९) गंगुली (५) - हैरनी (भारत) सडक रहेको<br>➧ नगरपालिका पूर्वपश्चिम राजमार्गको ढल्केवर खण्डबाट करिब ३१ कि. मी. तथा जनकपुरबाट करिब ८ कि. मी. दूरीमा रहेको<br>➧ रामजानकी परिक्रमा (चक्रपथ) सडक (जनकपुरदेखि भारत बोर्डरसम्म) को १५ किलोमिटर सडक रहेको<br>➧ निमचोकदेखि थलिघाटसम्म (भारतको मटिहानी सडक जोड्ने) को १३ कि.मी गिरिजा पथले ९, ४ र ३ वडालाई जोड्ने<br>➧ हरेक वस्तीसम्म कच्ची बाटो पुगेको<br>➧ वडा कार्यालय देखि जमुनी नदी सडक छुने | सडक सञ्जाल विस्तार नभएको<br>➧ कच्ची सडक वर्षातको समयमा हिलाम्मे हुने र अन्य समयमा धुलाम्मे हुने हुँदा आवागमन जोखिमपूर्ण र कष्टप्रद हुने गरेको<br>➧ धुले बाटो भएकोले आवत-जावतमा कठिनाइ भएको<br>➧ अधिकांश खोलाहरुमा पर्याप्त पुल नभएको र भएका पुलहरू स्तरोन्नति नभएको<br>➧ वडा नम्बर ६, २ को कुकुरधारा नदिमा पुल निर्माण नभएको<br>➧ सार्वजनिक यातायात नभएको |

**ख) सोच**

गुणस्तरीय, सुरक्षित, वातावरणमैत्री सडक पूर्वाधार : अन्तरआवद्धताको विकास

**ग) लक्ष्य**

नगराईन नगरपालिका अन्तर्गतका आवश्यक सडक पुल तथा यातायातको समुचित व्यवस्थापन गरी नगरवासीलाई सहज पहुँच दिने

**घ) उद्देश्य**

- सुरक्षित र वातावरणमैत्री सडक यातायात पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नतिवाट आवागमनलाई सहज र व्यवस्थित गर्नु ।
- सडक सञ्जालको विकासवाट अन्तर आवद्धता वढाउनु ।

**ङ) रणनीति**

१. यातायात पहुँचमा सुधार एवं सडक सञ्जाल विकास गर्ने ।
२. सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने ।
३. सडक निर्माण, सडक स्तरोन्नती, सडकको वर्गीकरण तथा मापदण्ड निर्धारण, योजना तर्जुमा, बजेट विनियोजन, योजना स्वीकृती गर्ने ।

**च) कार्यनीति**

**रणनीति १ को यातायात पहुँचमा सुधार एवं सडक सञ्जाल विकास अन्तर्गतका कार्यनीतिहरु**

१.१ नेपाल ग्रामीण सडक मापदण्ड, २०७१ लाई आधार मानी सडक निर्माणमा गुणस्तर कायम राखिनेछ ।
१.२ सडक निर्माण, स्तरोन्नति र ट्र्याक खोल्ने काममा सन्तुलन मिलाउदै सडक निर्माण गरिनेछ ।
१.३ सडक निर्माण कार्यमा स्तरोन्नति तथा मर्मत सम्भारमा प्राथमिकता दिइनेछ ।
१.४ कार्यपालिका कार्यालयसंग वडा कार्यालयहरु, स्थानीय सार्वजनिक कार्यालयहरु वीच सडक सञ्जाल विकास गरी सेवाग्राहीहरुलाई सहजता प्रदान गरिनेछ ।

१.५ जिल्ला सडक, प्रदेश स्तरीय क्षेत्रीय सडक एवं राष्ट्रिय सडक सञ्जालसंग जोडिने गरी सडक विस्तार गरी वाह्य क्षेत्रसंगको सम्बन्धलाई सुदृढ वनाइनेछ ।

१.६ सिंचाइ, पर्यटन, उद्योग व्यवसायलाई सहयोग पुग्ने एवं कृषि, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि हुने गरी सडकको निर्माण एवं स्तरोन्नति गरिनेछ।

१.७ सडक तथा भौतिक संरचना संरक्षणप्रति स्थानीयहरुलाई सचेत गराउदै वस्ती वस्तीमा समितिहरु गठन गरी मर्मत सम्भारको जिम्मेवारी दिइनेछ। यसलाई व्यवस्थित गर्न कार्यविधि वनाइनेछ।

१.८ सडक निर्माणमा जलवायु परिवर्तनका पक्षलाई विशेष ध्यान दिइनेछ।

**रणनीति २ को सार्वजनिक यातायातलाई व्यवस्थित अन्तर्गतका कार्यनीतिहरु**

२.१ पालिका क्षेत्रभित्र सिटी वस सञ्चालन गरिनेछ। यसका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

२.२ पालिका कार्यालय देखि वडा कार्यालयहरु सम्म र पालिका क्षेत्रका मुख्य वजार क्षेत्रहरु सम्म साना सवारी साधनहरु सञ्चालनमा ल्याइनेछ।

२.३ सर्वसुलभ, नियमित, भरपर्दो र सुरक्षित यातायात सेवाका लागि निजी क्षेत्र तथा सहकारी संस्थालाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ । महिला, बालबालिका, बिरामी, असहाय, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री यातायात सेवा सञ्चालन गरिनेछ।

२.४ निर्माण सम्पन्न सडकहरुमा सडक रुटको व्यवस्था गर्दै यात्रु प्रतिक्षालय र गन्तव्य स्थानमा वसपार्क निर्माण गरिनेछ।

२.५ वस्ती क्षेत्रसम्म सार्वजनिक यातायात सेबालाई विस्तार गरी सेवा सुविधा पहुँचमा सहज वनाइनेछ ।

२.६ पालिकाका वाह्य प्रमुख गन्तव्य क्षेत्रहरुसम्म पुग्न दैनिक तथा नियमित रुपमा सार्वजनिक यातायात सञ्चालन गरी सहजता ल्याइनेछ।

२.७ सडक दुर्घटनालाई न्यूनीकरण गर्न आवश्यक सवै सुरक्षाका उपायहरु अवलम्वन गराइने छ र यात्रुहरुको सवारी दुर्घटना वीमाको व्यवस्था मिलाइनेछ।

२.८ यातायात सुरक्षाका सबै मापदण्ड लागू गरी यातायात सेवालाई सुरक्षित वनाइनेछ।

२.९ पालिका क्षेत्रमा सञ्चालित सवारी साधनहरुको प्रदुषण परीक्षणलाई प्रभावकारी वनाइनेछ।

**रणनीति ३ को** सडक निर्माण, सडक स्तरोन्नती, सडकको वर्गीकरण तथा मापदण्ड निर्धारण, योजना तर्जुमा, बजेट विनियोजन, योजना स्वीकृती गर्ने

३.१ सडक यातायात तथा सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड वनाई कार्यान्वयन र नियमन गरिनेछ।

३.२ स्थानीय सडक, झोलुङ्गे पुल, पुलेसा सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार र नियमन गरिनेछ।

३ ३ निर्धारित मापदण्ड बमोजिम सडक निर्माण, सडक स्तरोन्नती, पुल निर्माण, योजना अनुगमन तथा मुल्यांकन, दक्ष जनशक्ति प्रयोग तथा व्यवस्थापन गरी योजना निर्माणको प्रक्रिया पुरा गरी समयमै आयोजनाको कार्य सम्पन्न गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका ३४ सडक यातायात तथा पुलपुलेसा

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | | | | | | | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरधुरी | प्रतिशत | ३० | ४० | ५५ | ६० | ८५ | १०० | पालिका तथा प्रदेश | संघ प्रदेश र अन्तर सरकार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कालोपत्रे सडकको लम्वाइ | किमि | ३० | ३४ | ४० | ४५ | ५० | ५५ | सरकारको प्रतिवेदन हरु | तथा आन्तर पालिका वीच समन्वय भएको हुनेछ । |
| | ग्राभेल सडकको लम्वाइ | किमि | ४० | ४२ | ४५ | ५० | ५५ | ६० | | |
| | धुले सडक लम्वाइ | किमि | ३० | २५ | २० | १५ | १० | ५ | | |
| | आर.सि.सि. ढलान सडक लम्बाइ | किमि | ३ | ५० | ७ | १० | १२ | १५ | | |
| | सहायक नदीमा झोलुङ्गे पुल | संख्या | ० | २ | ४ | ६ | ८ | १० | | |
| | पालिका केन्द्रबाट वडा कार्यालय सम्म जोडिएको सडक | संख्या | ६ | | | | | ९ | | |
| | सडक सञ्जालवाट नजोडिएका वस्तीहरु | संख्या | – | | | | | | | |
| | नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने औषत समय | घण्टा | ०.२५ | | | | | ० | | |
| | वार्षिक सडक दुर्घटनाका संख्या | संख्या | ५ | | | | | ० | | |
| | सडक नालीको लम्वाइ | किमि | २५ | ३५ | ४५ | ५५ | ६५ | ७५ | | |
| | नियमित मर्मत संभार भएको सडकको लम्वाइ | किमि | ५ | १० | १५ | २० | २५ | ३० | | |
| | वायो इन्जिनियरिङ प्रविधि र सडक साइड वृक्षारोपण | किमि | – | | | | | | | |
| | जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक सञ्जाल | संख्या | ५ | | | | | | | |
| | अन्तरपालिका सडक सञ्जाल संख्या | संख्या | ८ | | | | | | | |

| **मुख्य कार्यकम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. यातायात गुरुयोजना तयार गरी सडकको वर्गीकरण गर्ने<br>२. हरेक वडामा कम्तीमा एउटा सडक स्तरोन्नती गर्ने<br>३. ६ लेन देखि सबै वडाको खेती जन्य जमीन सम्म बहुउद्देश्यीय कृषि सडक निर्माण गर्ने<br>४. हरेक वडामा आवश्यक कुल पक्की वा कल्भर्ट निर्माण गर्ने<br>५. वडा भित्रका सम्पूर्ण सडकहरूको प्राथमिकता अनुसार स्तरोन्नती गर्ने<br>६. सिटी बसपार्क निर्माण गर्ने | **२ अर्ब ९ करोड** |

## ७.५.२ आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण

### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका ३५ आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ समथर भूमि भएकाले प्रत्येक वडामा रहेका खुला क्षेत्रलाई सम्भाव्यता अध्ययन गरी एकीकृत बस्ती विकास गर्न सजिलो हुने<br>➧ स्थानीय स्तरमा आवास निर्माण सामग्रीहरु जस्तै- गिट्टी बालुवा आदि उपलब्धता भएको र यथेष्ट मात्रामा सडक सञ्जालको विस्तारका कारण ढुवानीमा समस्या नरहेको हुँदा स्थानीय स्रोतसाधनको प्रयोग गरी निर्माण गर्न सकिने<br>➧ नगरभित्र बन्ने नयाँ घरहरुलाई व्यवस्थित गर्न घर निर्माण सम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याउने नीति लिएको | ➧ जोखिम क्षेत्रका वस्तीहरुको सुरक्षित संरक्षण गर्न<br>➧ सार्वजनिक निर्माणमा सवैको सहज पहुँच अभिवृद्धि गर्न<br>➧ छरिएर रहेका बस्तीहरूलाई एकीकृत गर्न तथा आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला, सामुदायिक भवन आदि निर्माण गर्न प्रशस्त मात्रामा बजेटको पूर्ति गर्न<br>➧ मौलिक संस्कृति र वास्तुकलाको लोप हुँदै जाने अवस्था रहेको<br>➧ सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका निम्ति आवास निर्माणसम्बन्धी ठोस नीति आवश्यक रहेको<br>➧ भवन तथा सुरक्षित आवास निर्माणका लागि स्थानीयस्तरमा प्राविधिक र दक्ष जनशक्तिको अभाव भएको |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ भूकम्प प्रतिरोधी वातावरण मैत्री सुविधासम्पन्न तथा सुरक्षित भवन निर्माणमा जनचासो बढ्दै गएको<br>➧ पक्की घर २५ प्रतिशत रहेको<br>➧ भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार सार्वजनिक भवन तथा संरचना निर्माणको क्रममा रहेको<br>➧ विद्यालय, स्वास्थ्य संस्था, अस्पताल भवनहरु निर्माणको क्रममा रहेको<br>➧ मनोरन्जन पार्क र बाल उद्यानहरु विस्तार हुँदै | ➧ अधिकांश घरहरु कच्ची/झुप्रोको रुपमा रहेकाले सुरक्षित नभएको<br>➧ नक्सा पास नगरी घर बनाउने गरेको<br>➧ समथर भू-धरातलका कारण बस्तीमा डुबान तथा कटान हुने गरेको<br>➧ भू-उपयोग योजना निर्माण र कार्यान्वयनमा आउन नसकेको<br>➧ वडा नं. १, ५,८ वडा कार्यालय भवन नभएको<br>➧ वडा नं. ९ कार्यालय भवन जिर्ण रहेको |

### ख) सोच

सवैको पहुँच : सुरक्षित र व्यवस्थित आवास

### ग) लक्ष्य

सुरक्षित र न्यूनतम सुविधायुक्त आवास तथा बस्ती विकास गर्ने

### घ) उद्देश्य

➧ सम्पूर्ण नगरवासीलाई भ-ूउपयोग नीति बमोजिम आवास वस्ती विकास तथा सार्वजनिक निर्माण गर्नु

**ङ) रणनीति**

१. आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने
२. सुरक्षित र व्यवस्थित आवास तथा वस्ती विकास गर्ने
३. सुरक्षित तथा वहुउद्देश्यीय सार्वजनिक संरचना निर्माण गर्ने

**च) कार्यनीति**

**रणनीति १ को भौगोलिक अवस्थाको आधारमा भू-उपयोग निर्माण अन्तर्गतका कार्यनीतिहरु**

१.१ संघीय र प्रादेशिक कानुनको अधिनमा रही सार्वजनिक निर्माण, सुरक्षित बस्ती तथा बजार विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड वनाई अनुगमन तथा नियमन गरिनेछ ।

१.२ भू-उपयोग नीति वनाई सो अनुसार योजनाहरु कार्यान्वयन गर्दै व्यवस्थित एवं नमूना पालिका वनाइने छ ।

१.३ भवन निर्माण संहिता तथा न्यूनतम मापदण्ड लागू गरी प्रकोपवाट हुन सक्ने सम्भावित क्षतिहरुवाट मानव तथा धनजन सुरक्षित राखिनेछ ।

१.४ पालिका क्षेत्रभित्र निर्माण गरिने निजी भवनको समेत मापदण्ड निर्धारण गरी नक्सापास पश्चात भवन निर्माण इजाजत दिइने छ ।

१.५ आवास, बस्ती विकास र सार्वजनिक निर्माणको विकास र विस्तार योजना तर्जुमा तथा कार्यक्रम सञ्चालन गर्दा विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिइनेछ ।

१.६ बस्ती विकास तथा आवास कार्यक्रम सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

**रणनीति २ को आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण आवश्यक पूर्वाधारको विकास अन्तर्गतका कार्यनीतिहरु**

२.१ पहिचान गरिएका जोखिमयुक्त वर्गलाई थप अनुदान तथा ऋणको व्यवस्था गरी सुरक्षित वासस्थानका लागि सहयोग गरिनेछ ।

२.२ अत्याधिक छरिएका वस्तीहरुलाई एकीकृत वस्ती विकासको अवधारणा अनुसार एकीकृत गरी न्यूनतम पूर्वाधारका सेवा सुविधाहरु उपलब्ध गराउदै सहज र सुविधायुक्त वस्ती विकास गरिनेछ ।

२.३ प्रमुख वजार क्षेत्रहरुमा पूर्वाधारहरुको निर्माण तथा व्यवस्थापन गर्दै शहरी क्षेत्रको रुपमा विकास विस्तार गर्दै शहरीकरण गरिनेछ ।

२.४ विद्यमान वस्ती तथा समुदायहरुमा सवैप्रकारका पूर्वाधारहरुको सेवा सुविधाहरु उपलब्ध गराई वसाइ सराइलाई न्यूनीकरण गर्नमा सहयोग पुऱ्याइनेछ ।

२.५ आधारभूत भौतिक संरचनाहरु निर्माण गरी अति विपन्न समुदायको वस्तीहरुलाई सुविधा सम्पन्न वनाइनेछ ।

२.६ प्राकृतिक प्रकोप तथा भूकम्पीय जोखिमयुक्त अतिसंवेदनशील क्षेत्रमा वस्तीलाई एकीकृत वस्तीमा स्थानान्तरण गरिनेछ ।

२.७ आवास तथा वस्तीहरुको विकास गर्दा वातावरणीय सन्तुलन कायम राख्दै विपद जोखिम न्यूनीकरणका पक्षहरुलाई विशेष ध्यान दिइनेछ ।

**रणनीति ३ को नक्सापास गर्ने आवश्यक मापदण्ड निर्माण अन्तर्गत कार्यनीतिहरु**

३.१ सुरक्षित आश्रय स्थल, ज्येष्ठ नागरिक, युवा तथा बाल क्लव, पुस्तकालय समेतको व्यवस्था गरी सामुदायिक भवन निर्माण गरिनेछ ।

३.२ पालिकाको उपयुक्त स्थानमा सभाहल निर्माण गरी सभा, सम्मेलन जस्ता कार्यक्रम सञ्चालनमा सहजता ल्याइनेछ । सभाहल निर्माण गर्दा वहुउद्देश्य लाभको सिद्धान्तलाई अंगिकार गरिनेछ ।

३.३ उपयुक्त स्थानमा खुल्ला क्षेत्र, खेलमैदान, पार्क सहित सुविधा सम्पन्न संरचना तथा आश्रयगृहहरु निर्माण गरिनेछ ।

३.४ सार्वजनिक भौतिक संरचनाहरु बालमैत्री, आपङ्गतामैत्री, महिला तथा ज्येष्ठ नागरिकमैत्री वनाइनेछ र विपद जोखिम न्यूनीकरणका पक्षलाई विशेष ध्यान दिइनेछ ।

## छ) तर्कवद्ध खाका

तालिका ३६ आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु (खानेपानी, शिक्षा, स्वास्थ्य, विजुली, सञ्चार, सडक) | प्रतिशत | २ | | | | | ३ | पालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफलहरु** | सुविधा सम्पन्न उद्यान सहित को खुल्ला पार्क क्षेत्र | संख्या | – | | | १ | | | पालिकाको वार्षिक प्रतिवेदन<br>पालिका जोखिम मूल्याङ्कन प्रतिवेदन | भवन तथा शहरी विकास कार्यालय र निजी क्षेत्रसंग समन्वय भएको हुने |
| | व्यवस्थित वसपार्क तथा वस स्टेशन | संख्या | १ | | | | २ | | | |
| | वजार क्षेत्रमावसोवास गर्ने जनसंख्या | प्रतिशत | २ | ५ | ७ | १० | १२ | १५ | | |
| | सुविधा सम्पन्न (खानेपानी, शौचालय, विजुली, सञ्चार) सामुदायिक भवन, महिला,ज्येष्ठ नागरिक भवन तथा सभाहल | संख्या | १० | | ११ | | १२ | | | |
| | जोखिमयुक्त वस्तीहरु | संख्या | २ | | | | | ० | | |
| | सुरक्षित तथा प्रवर्द्धन गरिएका आवास क्षेत्र तथा वस्ती | संख्या | – | | | १ | | | | |
| | जनता आवास कार्यकमबाट लाभानिवत घरपरिवार | संख्या | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | १५० | १७५ | २०० | २२५ | २५० | ३०० | | |
| | भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष जनशक्ति | संख्या | ५० | ६० | ७० | ८० | ९० | १०० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु | प्रतिशत | ७० | ७१ | ७२ | ७३ | ७४ | ७५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिलामैत्री, वालमैत्री, अपाङगतामैत्री सार्वजनिक संरचना | संख्या | – | | | | | | | |

| **मुख्य कार्यकम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. नगरपालिकाको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गर्ने<br>२. वडा कार्यालयको नयाँ भवन निर्माण तथा पुरानो भवनहरूको स्तरोन्नती गर्ने<br>३. सार्वजनिक ढलान/सामुदायिक भवन निर्माण (प्रत्येक टोलमा) हरेक आर्थिक वर्षमा आवश्यकता अनुसार निर्माण गर्ने<br>४. नक्सा पास सम्बन्धि मापदण्ड तयार गरी कार्यान्वयन गर्ने<br>५. एकीकृत वस्ती विकासको अवधारणा<br>६. परालले छोपेको घरलाई UPVC जस्तापाताले स्तरोन्नती गर्ने | **१९ करोड ४० लाख** |

### ७.५.३ सिंचाइ

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

| तालिका ३७ सिंचाइ क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| ➧ पर्याप्त भूमिगत जलस्रोतको भण्डार रहेकोले बोरिंग तथा डिप बोरिङमार्फत नगरपालिकाका सबै वडाहरुलाई सहजै सिंचित गर्न सकिने<br>➧ नगरपालिकामा रहेका पानीका मुहानहरुलाई संरक्षण गरी उक्त क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरी सिंचाई योजना निर्माण गरी कृषि उत्पादनमा व्यापक वृद्धि गर्न सकिने<br>➧ प्रत्येक वडामा रहेका परम्परागत सिंचाई कुला र नहरहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाउन सकिने<br>➧ कृषि विद्युतीकरणमार्फत सिंचाई सहजीकरण गर्न सकिने<br>➧ एकीकृत सिंचाई कार्यक्रमको सम्भाव्यता अध्ययन गरी स्रोतको बहु उपयोग गर्न सकिने<br>➧ भौगोलिक अवस्थालाई हेर्दा कृत्रिम जलाशयहरु निर्माण गरेर समेत खेतीयोग्य भूमिमा सिंचाइ सुविधा पुर्‍याउन सकिने | ➧ कृषियोग्य सवै भूमिमा वाहै महिना सिंचाइको व्यवस्था गर्न<br>➧ खेतीयोग्य भूमिमा सिंचाइ विस्तार गरी कृषि उपजहरुको व्यवसायिक उत्पादन बढाउन<br>➧ कोशीको पानी कमला नदीमा खसालेर कमला नदीबाट नहर बनाई सिंचाई गर्ने नगरपालिकाको सोच पूरा गर्न<br>➧ उपलब्ध जलस्रोतको पूर्ण रूपमा सही सदुपयोग हुन नसकेको हुँदा खेतीयोग्य जमिन बाँझो हुने गरेको<br>➧ नदीजन्य प्रकोपका कारण कुलो तथा सिंचाइका आयोजनाहरुमा प्रत्येक वर्ष क्षति पुग्ने गरेको<br>➧ पोखरी र परम्परागत तलाउहरुमा मानवीय क्रियाकलापका कारण अतिक्रमण बढ्दो<br>➧ कृषि विद्युतीकरणमार्फत खेतखेतमा बिजुलीको लाइन लगेर सिंचाइका मेसिन चलाउन खर्चिलो रहेको र सिंचाइका लागि उपयोग हुने मोटरहरुबाट उत्पन्न हुने धुवाले प्रदूषण बढाउने |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ सिंचाइ आयोजनाहरुमा ठूलो संख्यामा सञ्चालनमा आएको (वलहट्टी पोखरी, ओलारा पोखरी, सगरदिना | ➧ खेती योग्य जमिन मध्ये अधिकाशं जग्गामा सिचाईको अभाव रहेको |

| | |
|---|---|
| बढकी, सगरदिना छोट्की, घवहा पोखरी, डबरा, डोरा, भरैया पोखरी, भइन पोखरी, डोढी खता जस्ता आयोजनाहरुबाट सिंचाई हुँदै आइरहेको साथै मनियारी सिंचाई आयोजना तथा जमुनी कटाहा सिंचाई आयोजनाहरु रहेका)<br>➧ सिंचाइ कुलोहरु निर्माण भएको<br>➧ नगरपालिकाको कतिपय स्थानमा बोरिङ गरिएको स्थानबाट पानी आफैं जमिनमाथि आउने हुनाले कुनै उर्जाको प्रयोग नै नगरी पानी तानेर सिंचाई गर्ने गरिएको | ➧ परम्परागत प्रविधिमा आधारित कुलो तथा नहरहरूको मर्मत संभार नियमित हुन नसकेको<br>➧ कृषि विद्युतीकरण नभएको<br>➧ पानीको स्रोतको मुहानको अभाव रहेको<br>➧ जमिन मुनिको सतह कम हुँदै गएको<br>➧ सार्वजनिक वोरिङ्ग संचालनमा नरहेको |

**ख) सोच**

दिगो सिंचाइ : कृषि उत्पादन र उत्पादकत्वको अभिवृद्धि

**ग) लक्ष्य**

पाँच वर्षभित्र कृषि क्षेत्रमा सिचाईको समुचित व्यवस्थापन गर्ने

**घ) उद्देश्य**

➧ जलाधार क्षेत्र, सीमसार, ताल तलैया, खोला खोल्सी, तथा मुहानहरुको दिगो संरक्षण एवं उपयोग गर्दै नियमित रुपमा सिंचाइ सेवा उपलव्ध गराउनु ।
➧ सिंचाइका आधुनिक तथा वैकल्पिक प्रविधिहरुको अवलम्वनवाट सिंचाइ सेवा सुनिश्चित गर्नु ।
➧ समुचित सिचाईको व्यवस्थापन गरी कृषि उपज बढाई किसानहरूको आर्थिक विकास गर्नु ।

**ङ) रणनीति**

१. नगरपालिका अन्तर्गतमा रहेका चलादे, दुधमति जमुनी, बुकुरधारा, बरहा नदी समेट्ने सिचाइको स्तरोन्नती गरी शाखा विस्तार गर्ने ।

२. सबै नदीमा सिँचाइ योजना निर्माण गर्ने ।

३. नाला जीर्णोद्धार गर्ने तथा पोखरी तथा नदीहरुलाई सिचाइ तथा पर्यटकीय स्थलको आधारमा विकास गर्ने ।

४. सिंचाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**च) कार्यनीति**

**रणनीति १ को नगरपालिका अन्तर्गतमा रहेका चलादे, दुधमति जमुनी, बुकुरधारा, बरहा नदी समेट्ने सिचाइको स्तरोन्नती गरी शाखा विस्तार अन्तर्गतका कार्यनीतिहरु**

१.१ चालु अवस्थाका सिंचाइ आयोजनाहरुको मर्मत सम्भार गर्दै नियमित रुपमा सिंचाइ सुविधा उपलव्ध गराउदै कृषि उत्पादनमा वृद्धि ल्याइनेछ ।

१.२ चालु अवस्थाका सिंचाइ प्रणालीको स्तरोन्नति गरी थप नयाँ क्षेत्र र आंशिक रुपमा सिंचाइ हुँदै आएका क्षेत्रमा नियमित रुपमा सिंचाइ सुविधा उपलव्ध गराइ कृषि उत्पादनमा सहजता ल्याइनेछ ।

**रणनीति २ को सबै नदीमा सिँचाइ योजना निर्माण गर्ने अन्तर्गतका कार्यनीतिहरु**

२.१ पानीका स्थायी श्रोत तथा मुहानहरुको पहिचान गरी सम्भाव्यताका आधारमा श्रोतहरुको सदुपयोग गर्दै खेतीयोग्य क्षेत्रहरुमा सिंचाइ सुविधा उपलव्घ गराइनेछ ।

२.२ संघीय र प्रदेश सरकारको सहयोगमा सतह सिंचाइलाई व्यवस्थित गरी कृषि उपजहरुको उत्पादनमा वृद्धि ल्याइनेछ ।

२.३ उपभोक्ताहरु मार्फत नजिकको तालतलैया, सिमसार र जलाधार क्षेत्रहरुको संरक्षण गरिनेछ र नजिकका क्षेत्रहरुमा नियमित सिंचाइ सेवा उपलव्ध गराइनेछ । यसको व्यवस्थापनका लागि नीतिगत व्यवस्था गरिनेछ ।

२.४ पानी पर्याप्त उपलब्ध छिमेकी पालिकाहरुसंग सहकार्य र समन्वय गरी कृषियोग्य क्षेत्रहरुमा नियमित सिंचाइ सेवा उपलब्ध गराइनेछ ।

**रणनीति ३ को पैनि नाला जीर्णोद्धार गर्ने तथा पोखरी तथा नदीहरुलाई सिचाइ तथा पर्यटकीय स्थलको आधारमा विकास अन्तर्गतका कार्यनीतिहरु**

३.१ स्थानीय प्रविधि एवं सामाग्रीहरुको प्रयोग गर्दै वर्षातको पानी सङ्कलन गर्न प्रोत्साहन गर्दै महिला, दलित र विपन्न वर्गको आय वृद्धिका लागि करेसावारीमा व्यावसायिक तरकारी खेती गर्न सहयोग उपलब्ध गराइनेछ ।

३.२ पानी सुविधा उपलब्ध नभएका खेतीयोग्य बाँझो जमिनमा सिंचाइका वैकल्पिक प्रविधिहरुलाई (थोपा र छर्किने) प्रयोगमा ल्याउन प्रोत्साहन गर्दै थोरै पानीमा खेतीगर्न सकिने बालीहरु लगाउन जोड दिइनेछ ।

३.३ आकाशे पानी सङ्कलनका लागि प्लाष्टिक पोखरी निर्माणमा र एक वडामा एक पोखरीका माध्यमबाट पानीको श्रोत संरक्षण समेत गरी सिंचाइ र पशुपंक्षीहरुलाई पानीको व्यबस्था गरिनेछ ।

**रणनीति ४ को सिंचाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

४.१ सिंचाइ सम्बन्धी दीर्घकालीन नीति, कानुन, मापदण्ड तर्जुमा गरी गुरुयोजना, त्यसको कार्यान्वयन र नियमन गरिनेछ ।

४.२ उपभोक्ताहरुको लागत सहभागितामा सिंचाइ आयोजनाहरु सञ्चालन गर्दै आयोजना माथि स्थानीयहरुको अपनत्व श्रृजना गर्ने, नियमित रुपमा तिनीहरुको मर्मत सम्भार गर्ने वातावरण विकास गरिनेछ ।

४.३ सिंचाइ योजना निर्माण गर्दा क्षेत्रगत, लैङ्गिक, जातीय समानुपातिक प्रतिनिधित्व सहितको उपभोक्ता समिति गठन गरी लक्षित वर्गलाई प्राथमिकता दिइनेछ र उक्त समितिको आवश्यकता अनुरुप क्षमता अभिवृद्धि गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका ३८ सिंचाइ

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | | | | | | | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | खेतीयोग्य जमिन मध्ये सिंचित क्षेत्र | प्रतिशत | | | | | | | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| | आकाशेपानीमा निर्भर सिंचाइ भूमि | प्रतिशत | | | | | | | | |
| | खोला तथा मुहानवाट सिंचित भूमि | प्रतिशत | | | | | | | | |
| | सिंचाइका लागि निर्मित कुलोको लम्वाइ | किमि | | | | | | | | |
| | कुलो सिंचाइवाट लाभान्वित भूमि | हेक्टर | | | | | | | | |
| | स्तरोन्नति तथा मर्मत संभार भएका कुलो | संख्या | | | | | | | | |
| | लिफ्ट प्रणालीवाट लाभान्वित भूमि | हेक्टर | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रयोगमा आएको आकासे पानीसङकलन तथा प्लाष्टिक पोखरी) | सख्यां | | | | | | | | |
| | प्रयोगमा आएका सिंचाइ प्रविधि (सतह पोखरी, ड्रिप,स्पिङक्लर) | संख्या | | | | | | | | |
| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | | | | | | | | | **बजेट रु.** | |
| १. हरेक वडामा चारवटा डिप बोरिङ्ग निर्माण गर्ने<br>२. हरेक वडामा २ कि.मि. नहर निर्माण<br>३. हरेक वडामा १ वटा पोखरीलाई सिचाँइ तथा पर्यटकीय स्थलका आधारमा स्तरोन्नती गर्ने । | | | | | | | | | **७ करोड ५० लाख** | |

### ७.५.४ विद्युत तथा वैकल्पिक ऊर्जा

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका ३९ विद्युत तथा वैकल्पिक ऊर्जा क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जालाई उचित व्यवस्थापन गरी सदुपयोग गर्न सकिने<br>➧ समथर भूभाग भएको हुँदा विद्युतीय सवारी साधनहरु प्रयोगमा ल्याउन सकिने<br>➧ नगरपालिकाबासीलाई विद्युतीय उपकरणको उपयोगमा प्रोत्साहन गरी काठ दाउरा र ग्याँसको खपत न्यूनीकरण गर्न सकिने | ➧ खाना पकाउने दाउराको प्रयोगमा कमि ल्याउन<br>➧ स्थानीय स्तरमा विद्युत खपतमा वृद्धि ल्याउन<br>➧ निम्न जीवनस्तर तथा न्यून आय भएका घरधुरीहरुले विद्युत जडान गर्न नसक्ने अवस्था रहेको<br>➧ छरिएर रहेका बस्तीको कारण प्रसारण लाइन विस्तार खर्चिलो तथा थप जटिलता |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ नगरपालिकाका करिब ९५ % भन्दा वढि घरहरुमा विद्युत तथा सोलार सेवा पुगेको<br>➧ नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा विद्युत तथा इन्टरनेट सुविधा भएको<br>➧ नगरपालिकाका राइस मिल्स, फर्निचर उद्योग तथा अन्य व्यवसायिक क्रियाकलापहरुमा विद्युत उपयोग भएको | ➧ मुख्य प्रसारण लाइन बाहेक नगरपालिकामा विद्युतीकरणका लागि प्रयोग भएका काठका पोलहरु जीर्ण तथा असुरक्षित रहेका<br>➧ विभिन्न स्थानमा ट्रान्सफर्मरहरूको अभाव रहेको<br>➧ सार्वजनिक सडक बत्तिहरुको पर्याप्त प्रबन्ध नभएको<br>➧ विद्युत लाइन सिङ्गल फेज मात्र रहेको<br>➧ भोल्टेज नपुगेर विद्युतीकरण प्रभावकारी नभएको<br>➧ पानी तान्नको लागि मुख्य खेतसम्म विद्युत लाइन विस्तार नभएको |

#### ख) सोच

भरपर्दो र पहुँचयोग्य विद्युत सेवा

#### ग) लक्ष्य

पाँच वर्षभित्र सम्पूर्ण नगरपालिकामा विद्युत् तथा वैकल्पिक ऊर्जा जल विद्युतको विकास विस्तार गर्ने

**घ) उद्देश्य**

- विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउदै विद्युत खपतमा वृद्धि ल्याउनु
- खाना पकाउने उर्जा तथा ग्रामीण विद्युतीकरणमा वैकल्पिक उर्जाको प्रयोग बढाउनु

**ङ) रणनीति**

१. वैकल्पिक ऊर्जा विकास सम्बन्धी स्थानीय नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

२. विपन्न वर्गलाई निश्शुल्क वैकल्पिक ऊर्जाको पहुँच गराउने ।

३. सार्वजनिक स्थलमा सोलार लाइट जडान गर्ने ।

४. वैकल्पिक उर्जा अन्तर्गत कृषिका लागि सोलार वटार पम्प जडान गर्ने ।

**च) कार्यनीति**

**रणनीति १ को बिद्युत ऊर्जा विकास सम्बन्धी स्थानीय नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१ वैकल्पिक ऊर्जा उत्पादन तथा वितरण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

१.२ वैकल्पिक ऊर्जाका माध्यमबाट स्थानीय नागरिकको आर्थिक तथा सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दिगोपनामा सहयोग पुग्ने खालका एकीकृत कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१ ३ नेपाल विद्युत प्राधिकरण कार्यालयसँग समन्वय सहकार्य गरी आवश्यक उपकरण जडान गर्ने

**रणनीति २ को विपन्न वर्गलाई निश्शुल्क वैकल्पिक ऊर्जाको पहुँच वनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१ वडा तथा वस्तीहरु सवैमा केन्द्रीय विद्युत प्रसारण ग्रिडबाट विद्युत आपूर्तिको व्यवस्था गरी विद्युत सेवा सुविधालाई भरपर्दो र नियमित आपूर्तिको व्यवस्था मिलाइनेछ ।

२.२ अतिविपन्न, सीमान्तकृत घरपरिवार तथा वस्तीहरुमा निःशुल्क ऊर्जाको व्यवस्था गरी विद्युत सेवा सुविधावाट लाभान्वित वनाइनेछ ।

२.३ विद्युत आपूर्तिलाई भरपर्दो, विश्वासनीय र गुणस्तरीय वनाइनेछ । यसका लागि नेपाल विद्युत प्राधिकरणसंग सहकार्य गरिनेछ ।

**रणनीति ३ को सार्वजनिक स्थलमा सोलार लाइट जडान अन्तर्गतका कार्यनीतिहरु**

३.१ सडक छेउ, सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रहरुमा सौर्य ऊर्जा प्रयोग गरिनेछ ।

३.२ घरघरमा सुधारिएको चुल्हो तथा वायोग्याँस प्रयोगलाई प्राथमिकता दिई दाउरा बाल्ने अभ्यासलाई न्यूनीकरण गरिनेछ ।

**रणनीति ४ को विद्युत खपतमा अभिवृद्धि ल्याउने अन्तर्गतका कार्यनीतिहरु**

४.१ खाना पकाउन एलपि ग्याँस तथा दाउराको सट्टामा विद्युतीय उपकरणहरुको प्रयोगलाई प्रोत्साहित गरिनेछ । यसका लागि विद्युतीय चुल्हो (इन्डक्सन) र राइसकुकुरको विकी वितरणलाई सहज वनाइनेछ ।

४.२ निर्धारित यूनिट भन्दा वढी विद्युत खपत गर्ने उद्योग व्यवसायहरुलाई पालिकावाट प्रदान गरिने सेवा सुविधाहरुमा विशेष व्यवस्था मिलाइनेछ ।

४.३ वढी विद्युत खपत गर्ने उद्योग व्यवसायहरु चिस्यान केन्द्र, कोल्ड स्टोरेज आदिको स्थापना, सञ्चालन तथा प्रवर्द्धनमा विशेष प्राथमिकता दिइनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका ४० विद्युत तथा वैकल्पिक ऊर्जा

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | विद्युत सेवावाट | प्रतिशत | | | | | | | पलिकाको | अन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लाभान्वित जनसंख्या | | | | | | | | वार्षिक प्रतिवेदन | सरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | केन्द्रीय विद्युत लाइन प्रसारणवाट लाभान्वित घरधुरी | प्रतिशत | ९८.५ | | ९९ | | | १०० | पालिकको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| | विद्युत सेवावाट लाभान्वित हुन नसकेका घरधुरी | संख्या | ० | | | | | | | |
| | सोलार प्रणालीमा आवद्ध घरघुरी | संख्या | ०.२ | १ | २ | ३ | ४ | ५ | | |
| | सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने घरघुरी | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ५५ | | |
| | सुधारिएको वा धुँवा रहित चुल्हो जडान भएका घरधुरी | संख्या | | | | | | | | |
| | सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती | संख्या | | | | | | | | |
| | स्थानीय स्तरमा विद्युत उत्पादन | कि.वा | | | | | | | | |
| | स्थानीय स्तरमा जल विद्युत र लघु जल विद्युतको उत्पादन गर्ने संस्था | संख्या | | | | | | | | |
| | वैकल्पिक उर्जा प्रयोग गर्ने घरघुरी | प्रतिशत | ०.२ | १ | २ | ३ | ४ | ५ | | |
| | प्रति घरधुरी प्रति वर्ष विद्युत उपभोग | किलो वाट/ प्रति घण्टा | | | | | | | | |

| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. हरेक वडामा २ कि.मि. कृषि सडक विद्युतीकरण गर्ने ।<br>२. हरेक वडामा ३ कि.मि. विद्युत लाइन विस्तार गर्ने ।<br>३. हरेक वडामा आवश्यकता अनुसार गोबर ग्याँस निर्माण गर्ने । | **९० करोड** |

### ७.५.५ सूचना तथा सञ्चार प्रविधि

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

| तालिका ४१ सूचना तथा सञ्चार क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |

| | |
|---|---|
| ➧ मोवाइल फोनको वढ्दो प्रयोग रहेको<br>➧ उपभोक्ताको माग राम्रो भएको खण्डमा निजी सञ्चार सेवा प्रदायक मोबाइल तथा इन्टरनेट कम्पनीहरुलाई सेवा विस्तारमा आकर्षण गर्न सकिने<br>➧ स्थानीय स्तरवाट रेडियो एफएम, अनलाइन न्यूजहरु अपलोड गर्न सकिने<br>➧ विभिन्न राष्ट्रिय दैनिकहरु गोरखापत्र, कान्तिपुर तथा स्थानीय पत्रिकाहरु जनकपुर टुडे, डेली एक्सप्रेस, रेजा टुडे आदिको नगरपालिका तथा अन्य सरकारी कार्यालयहरुमा पहुँच भएको | ➧ साइवर सेक्युरिटी नियन्त्रण गर्न<br>➧ सूचना प्रवाह तथा जानकारीको पहुँच सबैमा पुऱ्याउन<br>➧ सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि गर्न<br>➧ नगरपालिकावासीमा सञ्चारका सबै प्रविधि सँगको पहुँच स्थापना गरी साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्न |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ नगरपालिकाका विभिन्न वडाहरुमा मोबाइल टावर रहेका<br>➧ नगरपालिकाको नगराईन बजारमा तार सहितको टेलिफोन सेवा तथा नगरपालिकाका केही स्थानहरुमा इन्टरनेट सेवा पुगेको<br>➧ नगरपालिका अन्तर्गतका कार्यालयहरुमा इन्टरनेट सुविधा रहेको<br>➧ केही विद्यालयमा आइ.सि.टी जडान भएको<br>➧ मिथिलान्चल एफ.एम, जानकी एफ.एम, रेडियो जनकपुर, लगायतका स्थानीय एफएम रेडियो सुन्न तथा डिजिटल प्रविधिबाट टेलिभिजन हेर्न सकिने | ➧ ल्याण्डलाइन टेलिफोन तथा द्रुत इन्टरनेट सेवा विस्तार गर्नुपर्ने आवश्यकता रहेको<br>➧ विद्यालय तथा सार्वजनिक स्थानहरुमा इन्टरनेट सुविधा तथा निःशुल्क वाईफाईको व्यवस्था नभएको<br>➧ नगरपालिकाभित्र रेडियो तथा टेलिभिजन प्रसारण केन्द्र नभएको<br>➧ कम्प्युटर चलाउने दक्ष जनशक्तिको अभाव रहेको<br>➧ सार्वजनिक अपराध सम्बन्धी क्रियाकलाप नियन्त्रण गर्न कठिनाई रहेको<br>➧ सि.सि. क्यामरा सार्वजनिक स्थलमा जडान नभएको |

**ख) सोच**

सूचना सञ्चार, प्रविधियुक्त नगर

**ग) लक्ष्य**

नगरपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने

**घ) उद्देश्य**

सार्वजनिक स्थल, विद्यालय, भवन, कार्यालयहरुमा सूचना तथा सञ्चारका आधुनिक प्रविधिहरुको विस्तारवाट सूचना तथा सञ्चारमा आमनागरिकहरुको सहज पहुँच अभिवृद्धि गर्नु ।

**ङ) रणनीति**

१. सूचना प्रविधि तथा सञ्चार क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।
२. सूचना सञ्चार प्रविधि सेबालाई सरल र सुलभ बनाउने ।
३. प्रभावकारी व्यवस्थापनका लागि आइसिटि प्रयोग गर्ने ।
४. सूचनामा पहुँचमा अभिवृद्धि गर्ने ।

**च) कार्यनीति**

**रणनीति १ को सूचना प्रविधि तथा सञ्चार क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१ संघीय तथा प्रदेश कानुनको अधिनमा रही सूचना प्रविधि तथा सञ्चार क्षेत्रसंग सम्बन्धित सञ्चालन र प्रसारणको अनुमति, नवीकरण, नियमन तथा खारेजी गरिनेछ ।

१.२ सबै सञ्चार माध्यम तथा प्रसारणका भाषा लैङ्गिकमैत्री वनाउने नीति अबलम्वन गरिनेछ ।

**रणनीति २ को सूचना सञ्चार प्रविधि सेबालाई सरल र सुलभ वनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१ भरपर्दो टेलिफोन नेटवर्कको व्यवस्था गर्दै दूरसञ्चार सेवामा आम नागरिकहरुको पहुँचमा सहजता ल्याइनेछ ।

२.२ दूरसञ्चार सेवा विस्तार र भरपर्दो वनाउन निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।

**रणनीति ३ को प्रभावकारी व्यवस्थापनका लागि आइसिटि प्रयोग अन्तर्गतका कार्यनीतिहरु**

३.१ सामुदायिक विद्यालय, सरकारी कार्यालय एवं सार्वजनिक भवनहरुलाई सूचना प्रविधिमैत्री वनाइनेछ ।

३.२ आधुनिक सञ्चार प्रविधिहरुको प्रयोगवाट विद्यालयको पठनपाठनमा सहजता ल्याइनेछ ।

३.३ कार्यालयहरुमा अनलाईन मार्फत सार्वजनिक सेवा प्रवाहलाई चुस्त तथा प्रभावकारी वनाइनेछ ।

**रणनीति ४ को सूचनामा पहुँचमा अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

४.१ मुख्य सार्वजनिक क्षेत्रहरुमा फ्रि वाईफाईको व्यवस्था मिलाई सूचना तथा सञ्चारमा सहजता ल्याइनेछ ।

४.२ स्थानीय स्तरमा अनलाईन सेवा, केवुल टिभि तथा एफएम रेडियो सञ्चालन गर्न निजी क्षेत्र, सहकारी तथा समुदायसंग सहकार्य गर्दै नागरिकहरुलाई अद्यावधिक खवर तथा सूचनाहरुवाट लाभान्वित गराइनेछ ।

४.३ स्थानीय अनलाइन पत्रपत्रिकाको प्रकाशनलाई प्रोत्साहन गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका ४२ सूचना तथा सञ्चार क्षेत्र

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ५० | | | | | | पालिकाको वार्षिक प्रतिवेदन | अन्तरसरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | | | | | | | केन्द्रीय तथ्याङ्क विभाग<br>दूर सञ्चार प्राधिकरण<br>हुलाक कार्यालय<br>पालिकाको वार्षिक प्रतिवेदन | दूरसञ्चार प्राधिकरण संग समन्वय र सहकार्य भएको हुने<br>निजी क्षेत्र ( इण्टरनेट प्रदायक) संग सहकार्य भएको हुने |
| | सञ्चार सेवावाट वञ्चित घरधुरी | प्रतिशत | | | | | | | | |
| | मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | ७५ | ७७ | ८० | ८५ | ९० | ९९ | | |
| | ल्याण्डलाइन टेलिफोन वितरण | प्रतिशत | २ | | | | | - | | |
| | स्थानीय केवलनेटवर्क सेवा प्रदायक संस्था | संख्या | | | | | | | | |
| | निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलव्ध भएका क्षेत्र | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | |
| | स्थानीय स्तरमा सञ्चालित एफएम रेडियो | संख्या | ५ | | | | | - | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सेवा सुचारु | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ | १०० | | |
| | सार्वजनिक स्थल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामेरा | संख्या | ५ | १० | २० | ३० | ४० | ५० | | |

| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. प्रत्येक वडाको एउटा मुख्य स्थल वा चोकमा सि.सि.टि.भि. क्यामरा जडान गर्ने<br>२. प्रत्येक विद्यालयमा दुई वटा कम्प्युटर खरिद गर्ने<br>३. प्रत्येक विद्यालयमा इन्टरनेट र सि.सि.टि.भि क्यामेरा जडान गर्ने | **२ करोड १० लाख** |

# परिच्छेद आठ :
# वन, वातावरण तथा विपद व्यवस्थापन

## ८.१ पृष्ठभूमि

स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई नेपालको संविधान २०७२ ले नागरिकहरुको मौलिक हकको रुपमा ग्रहण गरेको छ । यसै अनुरुप प्राकृतिक साधन श्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगलाई राष्ट्रिय नीतिको रुपमा अङ्गिकार गरिएको छ भने प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनीकरण, पर्यावरणीय दिगो विकास, प्रकृति तथा वातावरण वा जैविक विविधतामा नकरात्मक प्रभाव पार्ने पक्षहरुको न्यूनीकरण, वातावरणीय सन्तुलन कायम, जलउत्पन्न प्रकोप नियन्त्रण तथा नदीको व्यवस्थापन गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोगलाई समेत राष्ट्रिय नीतिमा समावेश गरिएको छ ।

नेपाल संविधान २०७२ बाट वातावरण संरक्षण र जैविक विविधता, विपद व्यवस्थापन, जलाधार तथा वन्यजन्तु संरक्षण गर्ने कार्यलाई स्थानीय तहको एकल अधिकारको रुपमा सूचिकृत गरिएको छ । यसै अनुरुप स्थानीय सरकारलाई स्थानीय स्तरमा वातावरण जोखिम न्यूनीकरण, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन, न्यून कार्वनमुखी तथा वातावरणमैत्री अवलम्वन, हरित क्षेत्रको संरक्षण, वातावरण संरक्षण क्षेत्र निर्धारण तथा व्यवस्थापन र वातावरण संरक्षण, जैविक विविधता सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्ने जिम्मेवारी प्रदान गरिएको छ र विपद व्यवस्थापनलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नका लागि विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ कार्यान्वयनमा ल्याइएको छ ।

देशको १५ औं योजनामा प्राकृतिक श्रोतको संरक्षण र परिचालन तथा उत्थानशील विकासलाई राष्ट्रिय रणनीतिमा समावेश गरिएको छ । दिगो विकास लक्ष्यको सूचकहरुमा जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोप न्यूनीकरण तथा अनुकूलन गर्ने पक्षलाई विशेष महत्वका साथ समावेश गरिएको छ । यस सम्वन्धमा क्षमता सुदृढ गर्ने, राष्ट्रिय नीति, रणनीति र योजनामा एकीकृत गर्ने, पूर्व सावधानी शिक्षा, सचेतना, मानवीय तथा संस्थागत क्षमतामा सुधार गर्ने सम्वन्धी प्रतिवद्धता पनि नेपाल सरकारवाट जाहेर गरिएको छ । यसका साथै भू-परिधि स्तरीय पारिस्थितिकीय प्रणालीको दिगो उपयोग, रक्षा र पुनस्थापन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, जमिनको क्षयीकरण रोक्ने र जैविका विविधताको क्षतिलाई रोक्ने जस्ता लक्ष्यहरु पूरा गर्न पनि नेपाल सरकारवाट आफ्नो प्रतिवद्ध प्रकट भएको छ ।

यसै क्रममा उपरोक्त पक्षको सुनिश्चितता गर्दै नगराईन नगरपालिकाबाट संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको खाका तयार पारिएको छ । वन, वातावरण तथा विपद व्यवस्थापनका लागि प्रमुख क्षेत्रको रुपमा रहेका वन तथा जैविक विविधता, भू तथा जलाधार संरक्षण, वातावरण तथा स्वच्छता, विपद तथा जलवायु परिवर्तन अनुकूलनता जस्ता क्षेत्रहरुको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यक्रमहरु तर्जुमा भएको छ ।

## ८.२ वर्तमान अवस्था

नगराईन नगरपालिकामा ठूला वन जंगल नभए तापनि नगरपालिकाको कुल भ-भाग मध्ये करीब ६.६७ प्रतिशत भुभाग आँप, कटहर, लिची, जामुन, केरा लगायतको बगैंचाले ओगटेको छ । यस नगरपालिकामा बगैंचा क्षेत्रबाहेक बाँझो जमिन प्रशस्त मात्रामा रहेकोले उक्त जमिनमा ब्यापक जनपरिचालन गरी बृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा नगरपालिकालाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी सीमित मात्रामै भएपनि वनलाई आयआर्जनसँग जोड्न सकिन्छ ।
फोहोरमैलातर्फ घर, आँगन, कार्यालय तथा अस्पतालको फोहोरमैला विसर्जन गर्ने अभ्यास रहेको पाइन्छ । अधिकांश क्षेत्रहरुमा फोहोरको वर्गीकरण गरी सुरक्षित विसर्जन हुन सकिरहेको छैन र वजार क्षेत्रमा सतह ढलको व्यवस्था प्रभावकारी हुन सकेको छैन । तर केही प्रयासहरु हुँदै आएको छ । घरहरुमा खाना पकाउने ऊर्जाको रुपमा दाउरा वाल्ने अभ्यास कायम छ । घरहरुमा सुधारिएको चुल्हो जडान गर्ने अभ्यास कमै छ । नदीजन्य प्रकोप खासगरी वाढी पहिरोबाट पालिका क्षेत्र अझै सुरक्षित छैन । केही क्षेरु प्राकृतिक प्रकोपको दृष्टिमा संवेदनशील छन् । त्यस्ता क्षेत्रहरुको संरक्षणका प्रयासहरु पालिकाबाट पर्याप्त हुन सकिरहेका छैनन् । भूकम्प प्रतिरोधात्मक घरहरु निर्माण गर्ने प्रयासहरु भएको पाइन्छ । वायो इन्जिनियरिङ गरी भूक्षयको संरक्षण अभ्यास न्यून छ । पालिकासंग आपतकालीन उद्धारका लागि एम्वुलेन्सको व्यवस्था गरिएको छ । विपद

व्यवस्थापनका लागि स्थानीय कोष स्थापना गरिएको छ । आपतकालीन उद्धारका लागि तालिम प्राप्त जनशक्तिहरुको अभाव छ, स्थानीय संस्थाहरु, नमूना अभ्यासहरु, जनचेतना सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा आएका छन् र जलवायु परिवर्तन अनुकूलनका लागि जनचेतना सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा छन् ।

### ८.३ वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य

आवधिक योजना अन्तर्गत वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लागि **"**विपद न्यूनीकरण एवं जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै भू तथा जलाधार, वन, जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं वातावरणीय सन्तुलन र प्राकृतिक सम्पदाहरुको दिगो उपयोगवाट नागरिकहरुको जीविकोपार्जनका अवसरहरु वृद्धि गर्नु**"** मुख्य उद्देश्य निर्धारण भएको छ ।

### ८.४ प्रमुख रणनीतिहरु

क) विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने

ख) प्राकृतिक सम्पदाको दिगो उपयोग एवं वातावरणको संरक्षण गर्ने

### ८.५ विषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- वन तथा जैविक विविधता,
- भू तथा जलाधार व्यवस्थापन,
- वातावरण तथा स्वच्छता
- विपद वयवस्थापन तथा जलवायु परिवर्तन ।

### ८.५.१ वन तथा जैविक विविधता

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका ४३ वन तथा जैविक विविधता क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ "क्लिन नगराईन, ग्रीन नगराईन भन्ने मूल नारालाई आत्मसाथ गर्दै "एक घर दुई विरुवा", "बाटोको दायाँ बायाँ वृक्षारोपण" जस्ता कार्यक्रमलाई निरन्तरता दिने नीति लिएको<br>➧ नगराईन नगरपालिकाकावे शहरी क्षेत्रमा रहेका चौक, चौबाटो र बाटोको बिचमा रहेको क्षेत्रलाई हरित क्षेत्रको रुपमा विकास गरी सुन्दर नगराईन बनाउने नीति लिइएको<br>➧ खेर गएका तथा खाली रहेका सार्वजनिक जग्गालाई सामुदायिक वनको रुपमा विस्तार गरी आयआर्जनका विशेष कार्यक्रममा आवद्ध गरी गरिबी निवारणमा जोड्न सकिने<br>➧ पर्यापर्यटनको विकास गर्न सकिने | ➧ मिचाहा प्रजातिको वढोत्तरीवाट रैथानी प्रजातिहरुको संरक्षण गर्न<br>➧ वन क्षेत्रमा रहेका मिचाहा प्रजातिका वनस्पति नियन्त्रण गर्न<br>➧ वैज्ञानिक वन व्यवस्थापन तथा भू-संरक्षणका लागि प्राविधिक जनशक्ति उत्पादन गर्न<br>➧ करीब ७४.४ % इन्धन काठ दाउराले ओगटेको हुनाले वैकल्पिक ऊर्जाको प्रयोगमा व्यापकता ल्याई वनमाथिको निर्भरता घटाउन<br>➧ सामुदायिक वनको आयस्रोत एवं क्रियाकलापलाई पारदर्शी एवं जवाफदेही बनाउन<br>➧ लोपोन्मुख वनस्पति र वन्यजन्तुको संरक्षण गर्न |
| **सवल पक्ष** | **कमजोर पक्ष** |

| | |
|---|---|
| ➧ नगरपालिकाको कुल भू-भाग मध्ये आँप, कटहर, लिची, जामुन, केरा लगायतको बगैंचाले करिब ६.६७ प्रतिशत भू-भाग ओगटेको<br>➧ वृक्षारोपण हुँदै आएको<br>➧ गैरकाष्ठ वन पैदावरमा आधारित उद्योग, व्यवसाय सञ्चालनमा रहेको<br>➧ वातावरणीय प्रभाव मूल्याङ्कन तथा परीक्षण गर्ने जस्ता कार्यहरु अभ्यासको क्रमिक विकास भएको | ➧ नगरपालिकामा ठूला वन जंगल नभएको<br>➧ नगरपालिका भित्र सामुदायिक वन नभएको<br>➧ जडीबुटी सम्बन्धी यस नगरपालिका नितिगत कार्यक्रम नभएको |

**ख) सोच**

जैविक विविधताको दिगो संरक्षण र सम्वर्द्धन

**ग) लक्ष्य**

नगरपालिकालाई वातावरण सन्तुलित हरित क्षेत्रको रुपमा विकास गर्ने

**घ) उद्देश्य**

- वन्य जीवजन्तुहरुको संरक्षण एवं जैविक विविधताको दिगो संरक्षण गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु ।
- वन क्षेत्रको विस्तार, जडीवुटी तथा वहुमूल्य प्रजातिको व्यवसायिक विस्तार एवं उद्यमशीलताको विकास गर्नु ।
- वृक्षारोपण रोपण कार्यक्रम संचालन गर्नु ।
- तटबन्धन सम्बन्धित कार्यक्रम गर्नु।

**ङ) रणनीति**

१ वन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

२. जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने ।

३. वन पैदावरको दिगो उपयोग गर्ने ।

**च) कार्यनीति**

**रणनीति १ को वन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१ संघीय तथा प्रदेश कानुनको अधिनमा रही वन तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड वनाई अनुगमन तथा नियमन गरिनेछ ।

१.२ वन तथा जैविक विविधता संरक्षण प्रवर्द्धनका लागि विस्तृत अध्ययन, अभिलेख अद्यावधि एवं गुरुयोजना वनाई कार्यान्वयन गरिनेछ ।

१.३ सहभागितामूलक, समावेशी र अधिकारमुखी पद्धतिमा आधारित अवधारणा बमोजिम पालिकास्तरीय वन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति २ को जैविक विविधताको संरक्षण र प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१ जैविक विविधताको संरक्षण गर्न समुदाय स्तरमा चेतना अभिवृद्धि, वन व्यवस्थापन समितिको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२ वनमा आधारित समितिहरु मार्फत मिचाहा प्रजातिको बोट विरुबालाई नियन्त्रण, नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरुवाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।

२.३ वनमा लाग्ने रोग, किरा र मिचाहा प्रजातिहरुको न्यूनीकरण गर्दै वन जङ्गल संरक्षण गरिनेछ ।

२.४ बन्यजन्तुहरुबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जङ्गल क्षेत्रमै उपयुक्त हुने घाँस, विरुवा, फलफूलहरु रोपण गरी बन्यजन्तुको आहारा व्यवस्था मिलाइनेछ ।

२.५ वन्यजन्तुहरुको चोरी शिकारीलाई कडाईका साथ कार्यान्वयन गर्दै लोपोन्मुख चराचुरुङ्गीको वासस्थान संरक्षण गरिनेछ ।

२.६ व्यवसायिक मूल्य भएका जडीवुटी लगायतका आयमुलक रुखहरुको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ ।

२.७ चरिचरनका लागि निश्चित क्षेत्रहरु निर्धारण गरी छाडा चरिचरन, वन अतिक्रमण, आगलागी जस्ता कियाकलापहरुलाई पूर्ण बन्देज लगाई दण्ड जरिवानाको व्यवस्था गरिनेछ ।

२.८ जैविक विविधतालाई पर्यटन प्रवर्द्धनसंग जोड्दै वन क्षेत्रको सम्पदा तथा विविधताको प्रोफाइल तथा इन्भेष्ट्रि तयार पारी नियमित रुपमा अभिलेख अद्यावधि गरिनेछ ।

**रणनीति ३ को वन पैदावरको दिगो उपयोग अन्तर्गतका कार्यनीतिहरु**

३.१ गैरकाष्ठ वन पैदावरमा आधारित जडीवुटीहरुको व्यवसायिक खेती तथा उद्यमशीलता विकास गर्दै सहकारी संस्थाका सदस्यहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

३.२ वन आधारित उपभोक्ता समूह तथा सहकारी संस्था मार्फत गैरवन पैदावर सङ्कलन, प्रशोधन केन्द्र, बजार व्यवस्थापन, होमस्टे सञ्चालन गरी वन पैदावरवाट रोजगारी एवं आय आर्जनका अवसरहरु श्रृजना गरिनेछ ।

३.३ सामुदायिक र कवुलियती वनको विकास र विस्तारमा महिला, विपन्न, दलितहरुको सहभागिता वढाउदै जीविकोपार्जनमा जोड दिइनेछ ।

३.४ नदी उकास जमिन, खेती नहुने भूभाग, ताल तलैया तथा पानी श्रोत भएका खुल्ला क्षेत्रहरुमा कृषि-वनको व्यवसायिक विकासका लागि महिला, विपन्न एवं दलितलाई प्रोत्साहित गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका ४४ वन तथा जैविक विविधता

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | प्रतिशत | | | | | | | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | जैविक संरक्षणका लागि मिचाहाप्रजाति नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नी रेखा, झाडी सफाइ जस्ता कार्यहरु | संख्या | | | | | | | प्रदेश सरकारको वार्षिक प्रतिवेदन<br>पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार, प्रदेश सरकार, अन्तर पालिका वीच समन्वय र सहकार्य भएको हुने |
| | सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | | | | | | | | |
| | सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध सदस्य | संख्या | | | | | | | | |
| | वन्यजन्तुवाट अन्नवालीमा पुगेको वार्षिक क्षति | रु.लाख | | | | | | | | |
| | वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | | | | | | | | |
| | संरक्षित चरन क्षेत्र | संख्या | | | | | | | | |
| | वन जङगल क्षेत्र | प्रतिशत | | | | | | | | |
| | वन तथा जडीवुटीमा | संख्या | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारित उद्योग | | | | | | | | | |
| | गैरकाष्ठ वन पैदावार को व्यवसायिक खेती | हेक्टर | | | | | | | | |
| | जडीवुटीमा आधारित उद्योग, व्यावसाय वाट रोजगारी | संख्या | | | | | | | | |
| | वातावरणीय अध्ययन प्रतिवेदनकाआधारमा निर्माणजन्य तथा नदीजन्य पदार्थको उत्खनन | संख्या | | | | | | | | |
| | प्रारम्भिकवातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालित उद्योग व्यवसाय | संख्या | | | | | | | | |
| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | | | | | | | | | **बजेट रु.** | |
| १. वनले ढाकेको क्षेत्रफल तथा संख्या आवधिक गर्ने<br>२. निजी र सामुदायिक वनको स्थापना कार्यक्रम<br>३. वृक्षारोपण कार्यकम (सडकको छेउछाउमा, भु-क्षय हुने स्थान, घरबारी आदि)<br>४. जडिबुटी उत्पादन कार्यक्रम<br>५. वन वातावरण र जैविक विविधता सम्वन्धी शाखा स्थापना गर्ने<br>६. काष्ठ वन पैदावार उद्योगको स्थापना<br>७. जनावर नियन्त्रणको कार्यकम (निलगाई, वन सुंगुर) | | | | | | | | | **११ करोड २५ लाख** | |

## ८.५.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका ४५ वातावरण तथा स्वच्छता क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ पार्क तथा हरित क्षेत्र विस्तार गर्न नगरपालिकाले योजनाबद्ध रुपमा काम गरिरहेको<br>➧ नगरपालिकाका सार्वजनिक स्थल, नदी खोला किनार तथा अनुकूल स्थानमा वृक्षारोपण गरिएको<br>➧ हरित क्षेत्र बढाई जलवायु परिवर्तनले निम्त्याएको जोखिमलाई न्यूनिकरण गर्न "क्लिन नगराईन ग्रीन नगराईन" कार्यक्रम अन्तर्गत "एक घर दुई विरुवा रोपण", "बाटोको दायाँबायाँ वृक्षारोपण" जस्ता कार्यक्रमलाई निरन्तरता दिने नीति लिएको<br>➧ यातायातका साधन र कलकारखानाहरू न्युन रहेका तथा | ➧ फोहोर प्रशोधनको व्यवस्था गर्न<br>➧ फोहोर र वातावरणीण वीच सन्तुलन कायम राख्न<br>➧ खाना पकाउन दाउराको प्रयोगमा कम ल्याउन<br>➧ प्राकृतिक सम्पदाहरूको पूर्ण संरक्षण र सदुपयोग हुन नसकेको<br>➧ काठ दाउरालाई घरायसी इन्धनको रुपमा अत्यधिक प्रयोग गर्नाले घरायसी प्रदूषण बढेको<br>➧ समयमै स्तरउन्नती नहुँदा तथा अनावश्यक मानवीय गतिविधि कारण पोखरीहरू सुक्ने खतरा रहेको |

| | |
|---|---|
| हरियाली पर्याप्त भएका कारण तुलनात्मक रुपमा सहरी क्षेत्रभन्दा स्वच्छ वातावरण रहेको<br>➧ नगरपालिकाका विभिन्न ठाउँमा व्यापक वृक्षारोपण गर्नुका साथै बगैंचा, पार्कहरु निर्माण गरी हरियाली प्रवर्द्धन गर्न सकिने | ➧ ईटाभट्टा धेरै भएका कारण वायु प्रदुषण हुने गरेको<br>➧ वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसकेको<br>➧ पर्यावरणीय असन्तुलन तथा प्रदुषणको नकारात्मक असरका कारण जीवन कष्टकर हुन सक्ने |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ घर आँगन, बजार क्षेत्र नियमित सफाइ गर्ने अभ्यास रहेको<br>➧ बजार, चोक, गल्लीहरुमा फोहोर सङ्कलनका प्रयासहरु भएको<br>➧ एक घर एक चर्पीको व्यवस्था, खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएको<br>➧ बजार क्षेत्रमा ढल निकासको सुरुवाट भएको (सीमित क्षेत्रमा)<br>➧ धुवा रहित सुधारिएको चुल्हो प्रायः अधिकांश घरमा जडन भएको | ➧ आमनागरिकमा वातावरण सचेतनाका कार्यक्रमहरु प्रभावकारी ढंगले नहुनु<br>➧ सडक, चोक, वजार एवं सार्वजनिक क्षेत्रहरुमा सार्वजनिक शौचालय नहुनु<br>➧ हरितपार्क, उद्यानहरुको प्रवर्द्धन हुन नसक्नु<br>➧ फोहोरमैलाको सुरक्षित विसर्जन हुन नसक्नु |

**ख) सोच**

स्वच्छ एवं सन्तुलित पर्यावरण

**ग) लक्ष्य**

फोहर मुक्त नगर विकास गर्ने

**घ) उद्देश्य**

- ➧ घर, आँगन, वजार क्षेत्रका फोहोरमैलालाई व्यवस्थित तवरले सङ्कलन, प्रशोधन, न्यूनीकरण एवं सुरक्षित विसर्जन गर्नु ।
- ➧ वातावरण प्रदुषणका उपायहरु अवलम्वनवाट स्वच्छ वातावरण कायम राख्नु ।

**ङ) रणनीति**

१. वातावरण तथा जलवायु अनुकुलन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने ।
२. वातावरण संरक्षण तथा स्वच्छता व्यवस्थापन गर्ने ।

**च) कार्यनीति**

**रणनीति १ को वातावरण तथा जलवायु अनुकुलन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन अन्तर्गका कार्यनीतिहरु**

१.१ वातावरण संरक्षण तथा जलवायु अनुकूलन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड वनाई कार्यान्वयन र अनुगमन तथा नियमन गरिनेछ ।
१.२ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन गुरुयोजना वनाई कार्यान्वयन गरिनेछ ।

**रणनीति २ को वातावरण संरक्षण तथा स्वच्छता व्यवस्थापन अन्तर्गतका कार्यनीतिहरु**

२.१ सबै प्रकारका प्रदुषणहरुको नियन्त्रणका लागि स्थानीयहरुलाई अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरी सचेतना विकास गरिनेछ ।
२.२ वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम राखिनेछ । यसका लागि आवश्यकता अनुसार समूहहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
२.३ निजी क्षेत्र तथा सामुदायिक संस्थाहरुसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरु अवलम्वन गरी फोहोरको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गरिनेछ ।

२.४ वजार क्षेत्रहरुमा ढलहरु निर्माण र वस्तीका घर आँगनवाट निस्कने फोहोरपानीलाई नजिकको खेतवारीमा सुरक्षित निकास तथा करेसावारी प्रवर्द्धन गरिनेछ ।

२.५ दलित, अति विपन्न समुदायको घरघरमा चर्पीको व्यवस्था गरी खुल्ला क्षेत्रमा हुने शौचलाई न्यूनीकरण र सुधारिएको चुलो निर्माणमा सहयोग उपलव्ध गराउदै वातावरण संरक्षण गरिनेछ ।

२.६ घर घरमा खाना पकाउने तथा घरयासी प्रयोजनका लागि दाउरा वाल्ने अभ्यासलाई क्रमिक रुपमा न्यूनीकरण गर्दै वैकल्पिक तथा नवीकरणीय उर्जामा जोड दिइनेछ ।

२.७ निजी क्षेत्रसंगको सहकार्यमा फोहोर संकलन, प्रशोधन केन्द्र तथा स्यानिटरी पार्कलाई व्यवस्थित र सुरक्षित वनाइनेछ ।

२.८ स्थानीय समुदायसंगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरुमा फलफुल तथा वृक्षारोपण गर्दै पानी पोखरी, हरियाली पार्क क्षेत्रहरु निर्माण गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका ४६ वातावरण तथा स्वच्छता

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/ ७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९ /८० | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | | |
| **असर** | घर, कार्यालय एवं अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिक जन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | प्रतिशत | | | | | | | पालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | प्रयोगमा आएको फोहोर व्यवस्थापन प्रणाली | संख्या | | | | | | | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| | निष्काशित फोहोरको औषत वार्षिक परिमाण | मे.टन | | | | | | | | |
| | नियमित सरसफाइ को अभ्यास गर्ने घरधुरी | प्रतिशत | | | | | | | | |
| | कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | प्रतिशत | | | | | | | | |
| | व्यवस्थित ढल निकास भएको वस्तीहरु | संख्या | | | | | | | | |
| | परम्परागत उर्जा(दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | | | | | | | | |
| | घरभित्रको धुवाँमुक्त घरधुरी (सुधारिएको चुल्हो समेत) | प्रतिशत | | | | | | | | |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | | | | | | | | |
| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | | | | | | | | | **बजेट रु.** | |

| | |
|---|---|
| १. वातावरण तथा फोहोमैला व्यवस्थापन सम्बन्धी ऐन कानुन निर्माण<br>२. ल्याण्डफिल्ड साइट निर्माण<br>३. फोहोर व्यवस्थापन समितिको गठन<br>४. जैविक मल उत्पादन उद्योग स्थापना गर्ने | **१२ करोड ९० लाख** |

### ८.५.३ भू तथा जलाधार व्यवस्थापन

**क) वस्तुस्थिति विश्लेषण**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका ४७ भू तथा जलाधार क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहुरु

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ जलाधार क्षेत्रमा कछुवा, भ्यागुता, सर्प, कोका, धाँगा, माछा, बेड, विच्छी, गंगटो जस्ता जलचरहरु पाइने<br>➧ जलस्रोत तथा जलाधार क्षेत्रको उच्चतम प्रयोग गरी कृषि, उद्योग, पर्यटन आदिको विकास गरी आर्थिक समृद्धि हासिल गर्न सकिने | ➧ सम्वेदनशील क्षेत्रहरुको व्यवस्थापन तथा वस्तीहरुको संरक्षण गर्न<br>➧ जलाधार तथा पानीमुहानहरु सुक्दै गएकोले सोको दिगो संरक्षण गर्न<br>➧ डढेलो, बाढी, पहिरो तथा भूक्षयको नियन्त्रण तथा क्षति कम गर्न<br>➧ वन, जलाधार र भू-संरक्षणका लागि दिगो रुपमा दीर्घकालीन कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गर्न<br>➧ जलस्रोत तथा जलाधार क्षेत्रको संरक्षण गर्न नसके भविष्यमा पानीको मुहानहरु सुक्न गई पिउने पानी तथा सिँचाइको चरम अभाव हुनसक्ने |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ नगरपालिकाको कुल ४०.६२ वर्ग किमि क्षेत्रफलमध्ये १.१८ वर्ग किमि भू-भाग पोखरी तथा ताल क्षेत्रले र ०.६१ वर्ग किमि खोलानालाले ओगटेको<br>➧ सोती नदी, जलाइद नदी, जमुनी नदी, धाधैर नदी, सरन्विया नदी जस्ता प्रशस्त जलाधार क्षेत्र भएको र यस्ता क्षेत्रहरूको क्रमिकरुपमा संरक्षण भइरहेको | ➧ बर्षेनी कटान, बाढी र डुबानको समस्या आउने गरेको साथै जलाधार क्षेत्र वरिपरिका मानव बस्ती उच्च जोखिममा रहेको<br>➧ तटबन्धन को व्यवस्थापन नभएकोले वार्षिक वाढीले खेतीयोग्य जग्गा र घर बारीक्षति पुऱ्याउनु<br>➧ जलाधार क्षेत्र संरक्षणको महत्व आममानिसमा बुझाउन नसकिएको<br>➧ वैज्ञानिक जलाधार व्यवस्थापन कार्यक्रम लागू नभएको |

**ख) सोच**

भू तथा जलाधार क्षेत्रको दिगो संरक्षण र सम्वर्द्धन

**ग) लक्ष्य**

नगरपालिकाको भू तथा जलाधार क्षेत्रको दिगो संरक्षण गरी जल सम्पदामा आत्मनिर्भर बन्ने

**घ) उद्देश्य**

➧ वाढी पहिरो, जोखिम तथा संवेदनशील क्षेत्रहरुमा वायो इन्जिनियरिङ एवं वृक्षारोपण गर्दै नदी, खोला, ताल तलैया सीमसार तथा पानी मुहानहरुको संरक्षणवाट भू-क्षय नियन्त्रण र जलाधार क्षेत्रको व्यवस्थापन गर्नु ।

**ङ) रणनीति**

१. भु संरक्षण तथा जलाधार व्यवस्थापन नीति तथा गुरुयोजना वनाउन कार्यक्रम सञ्चालन गरी कार्यक्रम सञ्चालन गर्ने ।

२. भू-क्षय नियन्त्रण तथा खेत-खेतमा सिंचाइ को व्यवस्थापन गर्ने ।

३. जलाधार क्षेत्रको संरक्षण एवं उपयोग गर्ने ।

**च) कार्यनीति**

**रणनीति १ को** भु संरक्षण तथा जलाधार व्यवस्थापन नीति तथा गुरुयोजना वनाउन कार्यक्रम सञ्चालन गरी कार्यक्रम सञ्चालन **अन्तर्गतको कार्यनीति**

१.१ भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

**रणनीति २ को भू-क्षय नियन्त्रण** तथा खेत-खेतमा सिंचाइ को व्यवस्थापन गर्ने **अन्तर्गका कार्यनीतिहरु**

२.१ भू-क्षय तथा वाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरिनेछ ।

२.२ जोखिम क्षेत्रका वस्तीहरुलाई स्थानान्तरण गर्दै वाँस, वावियो, अम्रिसो जस्ता वोट विरुवाहरुको वृक्षारोपण गरी भू-क्षयलाई नियन्त्रण गरिनेछ ।

२.३ जथाभावी सडक निर्माण गर्ने कार्यलाई पूर्णत निषेध गरी वातावरण प्रभाव मूल्याङ्कन, विस्तृत परियोजना प्रतिवेदन ( डिपिआर) अध्ययन एवं वायो इन्जिनियरिङ प्रविधि अपनाई सडक निर्माण गर्ने परिपाटिको विकास गरिनेछ ।

२.४ बगेर जाने पानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियोहारको व्यवस्था, गरासुधार व्यबस्थापन गरी सम्भावित भू-क्षयलाई न्यूनीकरण गरिनेछ ।

२ ५ खेत-खेतमा सिंचाइ को व्यवस्थापन गरिनेछ ।

**रणनीति ३ को जलाधार क्षेत्रको संरक्षण एवं उपयोग अन्तर्गतका कार्यनीतिहरु**

३.१ लाभान्वित समुदायहरुसंगको सहकार्यमा पानी मुहान, सीमसार, पोखरी, तालतलैया संरक्षण गर्दै जलश्रोतको उपयोग गरिनेछ ।

३.२ नदी तथा खोला किनाराहरुमा तटबन्ध निर्माण गरी जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।

३.३ जलक्षेत्रको संरक्षण गर्दै वगरखेती सम्बन्धी सीप प्रदान गरी आय श्रोत वृद्धि गर्न अति विपन्न समुदायलाई प्रोत्साहित गरिनेछ ।

३.४ पूर्वाधार निर्माणलाई वातावरणमैत्री वनाउन मापदण्ड निर्धारण गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका ४८ भू तथा जलाधार व्यवस्थापन

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | | | | | | | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफलहरु** | संरक्षित पानी मुहान क्षेत्र | संख्या | | | | | | | पालिकाको वार्षिक प्रतिवेदन तथा अभिलेख | अन्तर तह समन्वय भएको हुने |
| | वायोइन्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाइ | किमि | | | | | | | | |
| | जलउत्पन्न | संख्या | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रकोपवाट प्रभावित घरधुरी | | | | | | | | | |
| | संरक्षित गल्छी, पहिरो | संख्या | | | | | | | | |
| | संरक्षित र व्यवस्थित तालतलैया, सिमसार | संख्या | | | | | | | | |
| | जलाधार संरक्षण | संख्या | | | | | | | | |
| **मुख्य कार्यकम तथा कियाकलापहरु** | | | | | | | | | **बजेट रु.** | |
| १. तटबन्धन कार्यक्रम<br>२. भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी जनचेतनामुलक कार्यक्रम | | | | | | | | | **५ करोड २५ लाख** | |

### ८.५.४ विपद व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका ४९ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनूकूलन - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ नगरपालिकाले विपद जोखिम न्यूनीकरण र विपद जोखिम व्यवस्थापनका लागि विशेष कार्यक्रमहरु कार्यान्वयनमा ल्याउने नीति लिएको<br>➧ विपद व्यवस्थापन तथा प्रतिकार्य योजना तयार भएको | ➧ कृषि उपजहरुलाई जलवायु परिवर्तन अनुकुलन बनाउनु<br>➧ नगरपालिकामा भएका बस्ती वर्षायाममा बाढी र डुबानको जोखिममा रहेको<br>➧ जलवायु परिवर्तनले भएको अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर परिवर्तन हुन थालेको, बालीनालीमा रोग, किराको समस्या देखिनुका साथै उत्पादनमा नकारात्मक प्रभाव देखिन थालेको<br>➧ प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माणले विपद जोखिम बढ्दै गएको |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ नगरपालिकामा एम्बुलेन्सको व्यवस्था रहेको<br>➧ सार्वजनिक भवन तथा निजी घरहरु भूकम्प प्रतिरोधी हुँदै आएको<br>➧ जलवायु परिवर्तन अनुकूलन सम्वन्धी जनचेतना अभिवृद्धि कार्यकमहरु हुँदै आएको<br>➧ विपद जोखिम व्यवस्थापनको लागि जमुनी नदीको किनारमा विक्षारोपण गरिएको<br>➧ विपत पीडितलाई रेडक्रस तथा अन्य सहयोगी संस्थाबाट सहयोग प्राप्त हुने गरेको | ➧ जलवायु पूर्वानुमान व्यवस्थापन समिति नभएको<br>➧ आपतकालीन साधनको व्यवस्था नभएकाले भौतिक एवं मानवीय क्षति न्यूनीकरण तथा पीडितहरुलाई तत्काल उद्धार गर्न नसकेको<br>➧ भवन संहिताका मापदण्ड लागू नहुनु<br>➧ बर्सेनि वर्षातको समयमा नदी कटान तथा भू-क्षय समस्या हुने गरेको<br>➧ जलवायु परिवर्तनका नकारात्मक असर तथा विपद न्यूनीकरणका लागि ठोस योजना नभएको |

**ख) सोच**
सुरक्षित र विपद उत्थानशील नगरपालिका

**ग) लक्ष्य**
जोखिम न्युनीकरण गरि भयरहित वातावरणको निर्माण गर्ने ।

**घ) उद्देश्य**
जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै प्रतिरोधात्मक भौतिक संरचनाहरु निर्माण र आपतकालीन उद्धार व्यवस्थावाट मानवीय तथा भौतिक सम्पत्तिहरुको क्षति न्यूनीकरण गर्नु ।

**ङ) रणनीति**
१. विपद व्यवस्थापन सम्बन्धी नीति, योजना कार्यान्वयन गर्ने ।
२. विपद व्यवस्थापन पूर्वतयारी सुदृढीकरण गर्ने ।
३. जोखिमवाट क्षति न्यूनीकरण गर्ने ।
४. जलवायु परिवर्तन अनुकुलन गर्ने ।

**च) कार्यनीति**

**रणनीति १ को विपद व्यवस्थापन सम्बन्धी नीति, योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१ विपद व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड वनाई कार्यान्वयन एवं अनुगमन तथा नियमन गरिनेछ ।
१.२ विपद व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति तथा योजना विकास गरी कार्यान्वयन गरिनेछ ।

**रणनीति २ को विपद व्यवस्थापन पूर्वतयारी सुदृढीकरण अन्तर्गतका कार्यनीतिहरु**

२.१ विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र विपदपूर्व सूचना प्रणालीको व्यवस्था गरी सम्भावित क्षतिवाट जोगिन सर्वसाधारणहरुलाई पूर्व तयारी अवस्थामा राखिनेछ ।
२.२ जोखिमयुक्त क्षेत्र पहिचान गरी जोखिम संवेदनशील भू-नक्सा तयार पार्दै जनचेतना अभिवृद्धि गरिनेछ ।
२.३ विपद व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरी जनमानसमा विपद पूर्वतयारी, उद्धार, पुनस्थापन, युवा स्वयंसेवक तथा उद्धार टोली व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ ।
२.४ भूकम्प तथा विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु निर्माण गर्न प्रोत्साहन गरिनेछ । यसका लागि मापदण्ड वनाई कार्यान्वयन गरिनेछ ।
२.५ विपद पश्चातको उद्धार र राहत सहितको प्रभावकारी प्रतिकार्य र दिगो विकासमूलक पुनर्स्थापना र पुननिर्माणका लागि तयारी हालतमा रहने गरी ब्यबस्था गरिनेछ ।
२.६ आपतकालीन व्यवस्थापनका लागि प्रत्येक वस्तीहरुमा एक निश्चित खुल्ला क्षेत्र व्यवस्था गरिने र सोको संरक्षण एवं अत्यावश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।
२.७ एक वडा एक पानीपोखरीको अवधारणा अनुसार प्रत्येक वडामा एक-एक पानीपोखरी र हेलीप्याड निर्माण गरिने
२.८ विपद ब्यबस्थापन कोष स्थापना गरी संघ, प्रदेश तथा अन्य सरोकारवालाहरुबाट प्राप्त रकम समेत उक्त कोषमा राखी एकद्वार प्रणाली मार्फत राहत र उद्धार लगायतका विपद ब्यबस्थापन कार्य सञ्चालन गरिनेछ ।
२.९ सरोकारवालाहरुको प्रतिनिधित्वमा पालिका स्तरीय विपद ब्यबस्थापन समिति गठन गरिनेछ र वडा स्तरसम्म समन्वयको ब्यबस्था गरिनेछ । समितिहरुमा लक्षित वर्गको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरिनेछ ।
२.१० आपतकालीन सहयोग, राहत, पुनर्स्थापना र पुननिर्माण कार्यक्रम लागू गर्दा अशक्त, असहाय, भूमिहीन, महिला, बालबालिका, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएकालाई विशेष रुपमा सम्बोधन गरिनेछ

**रणनीति ३ को जोखिमवाट क्षति न्यूनीकरण अन्तर्गतका कार्यनीतिहरु**

३.१ एकीकृत वस्ती विकासको अवधारणा अनुसार जोखिमयुक्त क्षेत्रवाट बस्ती स्थानान्तरण गर्दै आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरुको सेवा सुविधाहरु उपलब्ध गरी सुरक्षित वस्ती विकास गरिनेछ ।
३.२ भवन निर्माण संहितालाई कडाइका साथ लागु गर्दै भौतिक पूर्वाधारहरुको निर्माण गर्दा वातावरणमैत्री वनाइनेछ ।

३.३ आपतकालीन उद्धारका लागि दमकल, एम्बुलेन्स, दक्ष जनशक्तिको व्यवस्था गरिने र उद्धार सामाग्रीहरुको व्यवस्थाका लागि स्थानीय रेडक्रस संस्थासंग सहकार्य गरिनेछ।

३.४ नजिकको अस्पताल तथा स्थानीय स्वास्थ्य चौकीहरुमा औषधी एवं उपकरणहरुको व्यवस्था गरी प्रारम्भिक तहको औषधोपचारलाई सहज वनाइनेछ।

३.५ विकास पूर्वाधारवाट हुनसक्ने जोखिमको न्यूनीकरण गर्न सवै उपाय अवलम्वन गरिने छ।

**रणनीति ४ को जलवायु परिवर्तन अनुकूलन अन्तर्गतका कार्यनीतिहरु**

४.१ पूर्वाधारहरुको निर्माण गर्दा जलवायु समानुकुलन हुने गरी निर्माण गरिनेछ।

४.२ वाँझो छाडिएको निजी तथा पर्ति जग्गा, वाढी पहिरोग्रस्त, भिरालो जमिनमा वहुलाभदायक प्रजातिका रुखहरु वृक्षारोपण गरिनेछ। यसका लागि सामुदायिक वन उपभोक्ताहरुसंग सहकार्य गरिनेछ।

४.३ दिगो वन व्यवस्थापन, कृषि-वन, चरन क्षेत्र तथा भू संरक्षणलाई विशेष प्राथमिकता दिइनेछ।

४.४ डडेलो, आगलागीलाई पूर्ण रुपमा नियन्त्रण गरिनेछ र पानीपोखरी, अग्नीरेखा, आकाशेपानी सङ्कलन एवं माटो तथा पानी संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

**छ) तर्कवद्ध खाका**

तालिका ५० विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनूकूलन

| नतिजा को तह | नतिजा सूचक | इकाइ | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | | | | | | | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | विपदको समयमा आश्रय लिन सक्ने सुरक्षित खुल्ला स्थान | संख्या | | | | | | | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| | आपतकालीन उद्धार गर्न तालिम प्राप्त स्वयंसेवक | संख्या | | | | | | | | |
| | विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु.करोड | | | | | | | | |
| | विपद व्यवस्थापन मा कियाशील संस्था | संख्या | | | | | | | | |
| | विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | | | | | | | | |
| | विपद प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास | संख्या | | | | | | | | |
| | विपद व्यवस्थापन सम्वन्धी जनचेतना मूलक कार्यक्रम | संख्या | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आपतकालीन उद्धारका लागि एम्बुलेन्स व्यवस्था | संख्या | | | | | | | | |
| | जलवायु परिवर्तन न्यूनीकरण सम्वन्धी सचेतनालगायतका कार्यक्रम सञ्चालन | संख्या | | | | | | | | |

| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. विपद जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूल सम्बन्धी ऐन कानून बनाउने<br>२. अग्नि नियन्त्रणको व्यवस्था गर्ने<br>३. आपतकालीन प्रतिकार्य सञ्चालन केन्द्रको स्थापना (स्वास्थ्य संस्था, एम्बुलेन्स)<br>४. विपद व्यवस्थापन कोष स्थापना गर्ने<br>५. रक्तसञ्चार केन्द्रको निर्माण गर्ने<br>६. विपद जोखिम समिति गठन गर्ने सो मार्फत जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने<br>७. भवन सहिता निर्माण | **७ करोड ८० लाख** |

# परिच्छेद नौ
# सुशासन तथा संस्थागत विकास

## ९.१ पृष्ठभूमि

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शि, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने पक्ष नेपालको संविधान, २०७२ को शासन सम्वन्धी नीतिमा उल्लेख गरिएको छ र नेपालको संविधान २०७२ को प्रस्तावनामै दिगो सुशासन कायम राख्ने कुरालाई विशेष महत्वका साथ उल्लेख गरिएको छ । सवै प्रकार तथा स्वरुपका भ्रष्टाचार घटाउने, सवै तहमा प्रभावकारी, जवाफदेहिता, पारदर्शिता कायम राख्ने र निर्णय निर्माणमा सहभागितामूलक प्रतिनिधित्व गराउने पक्षहरु विशेष महत्वका साथ दिगो विकास लक्ष्यमा उल्लेख छ भने १५ औं योजनामा सुशासनलाई राष्ट्रिय लक्ष्य सूचकमा राखिएको छ र दीर्घकालीन राष्ट्रिय रणनीति अन्तर्गत सार्वजनिक सेवालाई सुदृढीकरण गर्ने भनिएको छ । शासकीय सुधार र सुशासन अभिवृद्धिलाई रुपान्तरणको एक प्रमुख सम्वाहकको रुपमा लिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा जनसहभागिता, उत्तरदायी, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने कुरा उल्लेख गरिएको छ । सेवा प्रवाहलाई प्रभावकारी व्यवस्थापन गर्न सूचना तथा सञ्चार प्रविधि उपयोग, प्रवर्द्धन र नियमन गर्ने एवं सेवा प्रवाह सम्वन्धी नीति, मापदण्ड बनाउने, सेवा शर्त तोक्ने, योजना तर्जुमा गर्ने र कार्यान्वयन र नियमन गर्ने अधिकार पनि स्थानीय सरकारलाई दिइएको छ ।

यसै क्रममा नगराईन नगरपालिकाबाट उपरोक्त पक्षको सुनिश्चितता गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र सुशासन तथा संस्थागत विकास क्षेत्रको खाका तयार पारिएको छ । सुशासन तथा संस्थागत विकास लागि प्रमुख क्षेत्रको रुपमा रहेका सुशासन, ऐन, नियम, कानुन तथा जवाफदेहिता, वित्तीय श्रोत परिचालन, मानव संशाधन तथा संस्थागत विकास र योजना व्यवस्थापनका जस्ता क्षेत्रहरुको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सो प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रमहरु तर्जुमा भएको छ ।

## ९.२ वर्तमान अवस्था

पालिकाबाट विभिन्न ऐन, नियम, मापदण्डहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । विधायन, सुशासन, लेखा, राजस्व लगायतका विभिन्न समिति तथा उपसमितिहरु गठन गरी स्थानीय शासन सञ्चालनको अभ्यास भएको छ । न्यायिक समितिवाट मुद्दाहरुको सुनुवाई भएको छ । सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासमा छन् । सेवाग्राही सहायता कक्षको व्यवस्था गरिएको छ । सेवा प्रवाहलाई प्रभावकारी पारदर्शि वनाउने सन्दर्भमा अनलाइन सेवाहरु प्रारम्भ भएको छन् । आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिहरुको सहभागिता हुँदै आएको पाइन्छ तापनि स्थानीय संस्थाहरु, गैसस लगायत निजी क्षेत्रसंगको सहकार्य प्रभावकारी हुन सकेको देखिदैन । विषयक्षेत्रगत गुरु योजनाहरु तर्जुमा हुनसकेको छैन । आयोजनाहरु कार्यान्वयन पश्चात सहभागितामूलक अनुगमन मूल्याङ्कन गर्ने अभ्यास हुँदै आएको छ । पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट हुने सेवाग्राहीहरुको संख्या मध्यम स्तरमा रहेको पाइन्छ । कर्मचारीसंग कार्यसम्पादन करार गरी कार्यसम्पादन गर्ने अभ्यासमा प्रभावकारीताको खाँचो देखिन्छ ।

## ९.३ सुशासन तथा संस्थागत क्षेत्रको उद्देश्य

आवधिक योजना अन्तर्गत सुशासन तथा संस्थागत विकास क्षेत्रको लागि "वित्तीय श्रोतहरुको प्रभावकारी परिचालन गर्दै मानव संशाधन एवं स्थानीय संस्थाहरुको क्षमता विकास र ऐन, कानुन, योजना तथा सेवा प्रवाहको प्रभावकारी कार्यान्वयनवाट सुशासनको अनुभूति गराउनु" मुख्य उद्देश्य निर्धारण गरिएको छ ।

## ९.४ प्रमुख रणनीतिहरु

क) सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री र प्रभावकारी वनाउने ।

ख) सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गर्ने ।

## ९.५ विषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- सुशासन, ऐन नियम तथा जवाफदेहीता,
- संस्थागत विकास तथा मानव संशाधन विकास,
- वित्तीय श्रोत परिचालन
- योजना व्यवस्थापन ।

### ९.५.१ सुशासन ऐन, कानुन र जवाफदेहिता

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

| तालिका ५१ सुशासन, ऐन कानुन तथा जवाफदेहिता क्षेत्र - सम्भावना, नौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| • सेवा प्रवाहमा उच्चतम प्रविधिको प्रयोग गरी कागजविहिन (Paperless Office) को रुपमा विकास गर्दै लैजाने नीति अवलम्बन गरिएको<br>• सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी विद्युतीय शासन (E– Governance) लाई तीव्रता दिने नीति लिएको<br>• नगरपालिकाको कार्यसम्पादनलाई छिटो छरितो पारदर्शी, गुणस्तरीय र प्रविधि मैत्री बनाउदै भ्रष्टाचार विरुद्धको शुन्य सहनशीलताको नीति अवलम्बन गरेको<br>• नगरपालिका तथा मातहतका कार्यालयहरूमा क्षतिपुर्ति सहितको नागरिक वडापत्रको व्यवस्था गर्न सकिने<br>• कार्यपालिकाको निर्णय ४८ घण्टाभित्र सार्वजनिक गरी जनताप्रति उत्तरदायी हुने संस्कार विकास गर्न सकिने<br>• न्यायिक समितिलाई पूर्णता दिई आफ्नो अधिकार क्षेत्रभित्रका विवाद व्यवस्थापन गर्न सकिने<br>• व्यक्तिगत घटना दर्तालाई विद्युतीय सूचना प्रणालीमा लैजाने योजना भएको<br>• स्थानीय सरकार स्वायत्त भएका कारण नगरपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकताअनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास, योजना निर्माण तथा कार्यान्वयन र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने<br>• आवश्यकताअनुसार प्रहरी तथा सुरक्षा निकायको व्यवस्थापन गर्न सकिने | • सुशासनयुक्त समाज तथा संस्कार विकास गर्न<br>• जनचासो र जनगुनासोको समयमै सम्बोधन नहुँदा जनतामा निराशा उत्पन्न भई सङ्घीय व्यवस्थामा नै प्रश्न खडा हुन सक्ने<br>• पूर्वाग्रहरहित न्याय प्रणाली विकास गर्न<br>• जनप्रतिनिधि र कर्मचारीतन्त्रको समन्वय कायम राख<br>• जनउत्तरदायी शासन प्रणालीको विकास गर्न |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| • जनादेश प्राप्त निर्वाचित जनप्रतिनिधिहरूले उत्साहका साथ काम गरिरहेको<br>• नागरिक वडापत्रको व्यवस्था रहेको<br>• न्यायिक समितिको व्यवस्था भएको<br>• नागरिकहरूमा सुशासन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको | • लामो राजनैतिक संक्रमणबाट हालसालै स्थापित नयाँ सङ्घीय प्रणालीको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइनसकेको<br>• स्थानीयवासीको राजनैतिक चेतनाको स्तर माथि उठी नसकेको<br>• नगराईन नगरपालिकाको आफ्नो कुनै किसिमको |

| | |
|---|---|
| ➧ ज्येष्ठ नागरिक, अपाङ्ग, दीर्घरोगी, सीमान्तकृत र विपन्न वर्गका बासिन्दाका लागि विशेष सहयोगको व्यवस्था भएको | जनतासँग प्रत्यक्ष लाभ हुने ऐन, नियम र कानुन निर्माण नभएको<br>➧ सरोकारवाला, स्थानीय संघ संस्था तथा नागरिक समाजहरुसंग छलफल तथा अन्तरक्रियाको कमि रहेको<br>➧ कार्यविधि तयार नगरी विभिन्न कार्य हुने गरेको |

**ख) सोच**

सुशासन, पारदर्शि, जवाफदेही तथा उत्तरदायी नगरपालिका

**ग) लक्ष्य**

सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने

**घ) उद्देश्य**

स्थानीय ऐन, नियम तथा मापदण्डहरुको निर्माण तथा कार्यान्वयनमा स्थानीय सवै सरोकारवालाहरुको सहभागिता र सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासवाट सार्वजनिक सेवा प्रवाहमा सुशासन अभिवृद्दि गर्नु ।

**ङ) रणनीति**

१. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धी नीति, योजना र कार्यान्वयन गर्ने ।
२. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्ने ।

**च) कार्यनीति**

**रणनीति १ को सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धी नीति, योजना र कार्यान्वयन अन्तर्गतको कार्यनीति**

१.१ सुशासन तथा जवाफदेहिता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ । नीति, कानुन तथा मापदण्ड सम्वन्धित सवै सरोकारवालाहरुको सहमतिमा र विज्ञहरुसंगको परामर्शको आधारमा निर्माण गरिनेछ ।

**रणनीति २ को सुशासन तथा जवाफदेहिता प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे अनुसारका समिति एवं कार्य प्रकृतिका आधारमा बन्ने समितिहरुलाई पूर्णता दिदै कार्यक्षेत्रको स्पष्टताका साथ कार्यसम्पादनमा प्रभावकारी ल्याइनेछ ।
२.२ संविधान एवं स्थानीय सरकार सञ्चालन ऐनमा गरिएको प्रावधान अनुसारको कार्यसम्पादनका लागि आवश्यक सबै प्रकारका ऐन, नियम, कार्यविधि एवं मापदण्डहरु वनाई राजपत्रबाट सार्वजनिकीकरण गर्दै कार्यान्वयनमा ल्याइनेछ ।
२.३ पालिकाको नीति कार्यक्रम, निर्णय तथा प्रगति समीक्षाहरुका बारेमा सर्वसाधारण सवैलाई वेबसाइट एवं अन्य प्रकाशनहरु मार्फत जानकारी गराइनेछ ।
२.४ जवाफदेहिता एवं पारदर्शिता अभिवृद्धिका लागि क्षतिपूर्ति सहितको नागरिक वडापत्र लगायत सामाजिक जवाफदेहिताका औजारहरुलाई अभ्यासमा ल्याइनेछ ।
२.५ सम्भव भएजति पालिकाका सेवा प्रवाहलाई अनलाइन गरिनेछ र सेवा प्रवाहलाई प्रभावकारी वनाइनेछ ।
२.६ सूचनाको हक सम्बन्धी ऐनलाई कार्यान्वयनमा ल्याइनेट र पालिकामा सूचना अधिकृत र गुनासो सुन्ने अधिकृतको व्यवस्था मिलाइनेछ ।
२.७ लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा गर्नु गरिनेछ र पालिकाका सबै योजनाहरुमा यसलाई मूलप्रवाहीकरण गरिनेछ ।
२.८ वडाबाट प्रवाह गरिने सार्वजनिक सेवामा सजह पहुँच अभिवृद्धिका लागि वडाहरुको क्षमता अभिवृद्धि गरिने छ ।
२.९ सुशासन प्रवर्द्धनका लागि पालिकामा जनप्रतिनिधि एवं कर्मचारीहरुका लागि आचार संहिता (कोड अफ कण्डक) तयार पारिनेछ र यसलाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका ५२ सुशासन, ऐन कानुन तथा जवाफदेहिता क्षेत्र

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रक्रिया, नागरिक पृष्ठपोषण तथा सुझाव दिने माध्यमहरु | संख्या | | | | | | | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| **प्रतिफल हरु** | नियमावली बनाई पालिका सभाले गठन गरेका समितिहरु (विधायन, सुशासन, लेखा आदि समितिहरु) | संख्या | ५ | | | | | - | पालिकाको वार्षिक प्रतिवेदन तथा अभिलेख | सामुदायिक संस्था गैसस, तथा नागरिक समाजसंग सहकार्य भएको हुने |
| | नियमावली बनाई कार्यपालिकाले गठन गरेका समिति, उपसमितिहरु | संख्या | ० | | | | | ५ | | |
| | नागरिक वडापत्र अनुसार सेवा प्रवाहमा क्षतिपूर्ति गरिएको | संख्या | ० | ५ | ५ | ५ | ५ | ५ | | |
| | अभ्यास भएका सामाजिक जवाफदेहिताका औजारका प्रकारहरु | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | |
| | वर्षभरीमा भएका सार्वजनिक सुनुवाई | संख्या | ० | ५ | ५ | ५ | ५ | ५ | | |
| | हेल्प डेष्कवाट लाभान्वित सेवाग्राही | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | | |
| | पालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फछर्यौट | प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० | | |
| | कूल दर्ता मध्ये न्यायिक समितिबाट मुद्दाहरु फछ्र्यौट | प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० | | |
| | उपलब्ध अनलाइन सेवाका प्रकारहरु (निवेदन, सिफारिस, पञ्जीकरण....) | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनलाइन सेवाबाट लाभान्वित सेवाग्राही | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | | |
| | पालिकाको मोबाइल एप्स प्रयोगकर्ता | संख्या | ० | ५ | १० | १५ | २० | २५ | | |
| | पालिकावाट प्रकाशित दस्तावेज एवं प्रतिवेदनहरु | संख्या | - | १ | २ | ३ | ४ | ५ | | |
| **मुख्य कार्यक्रम तथा क्रियाकलापहरु** | | | | | | | | | **बजेट रु.** | |
| १. न्यायिक समितिको गठन<br>२. सुशासन ऐन कानुन निर्माण गर्न समितिको गठन<br>३. सार्वजनिक सुनुवाइ (प्रत्येक त्रैमासिक) कार्यक्रम<br>४. मध्यावधि खर्च संरचना निर्माण<br>५. मेलमिलाप केन्द्र स्थापना | | | | | | | | | **७० लाख** | |

### ९.५.२ वित्तीय श्रोत परिचालन

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

| तालिका ५३ वित्तीय श्रोत परिचालन क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| ➧ संघ र प्रदेश सरकारबाट अनुदानहरु प्राप्त<br>➧ विकास साझेदार संस्था एवं निजी क्षेत्रसंग सहकार्य हुन सक्ने<br>➧ आन्तरिक आय श्रोत अभिवृद्धिको सम्भावना<br>➧ आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागू गर्न सकिने | ➧ वाह्य श्रोत माथिको अधिक परनिर्भरता घटाउन<br>➧ जनस्तरमा कर तिर्नुपर्छ भन्ने भावनाको विकास गर्न<br>➧ आन्तरिक कर राजस्व अभिवृद्धि गर्न<br>➧ सबै कार्यालयलाई कर सूचनामैत्री तथा प्रविधियुक्त बनाउन |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ लेखा र प्रशासन सञ्चालनार्थ विभिन्न सफ्टवेयरहरूको विकास भएको<br>➧ सार्वजनिक निजी साझेदारी हुने गरेको<br>➧ लक्षित वर्गलाई बजेट व्यवस्था हुने गरेको | ➧ आन्तरिक आय अनुमान महत्वकांक्षी हुने गरेको<br>➧ राजस्व सुधार कार्ययोजना निर्माण नभएको<br>➧ बेरुजु रकम उल्लेख्य हुने गरेको<br>➧ कार्यपालिकाको समझदारी विकास नहुँदा समयमै बजेट स्वीकृत नभएको |

#### ख) सोच

सुदृढ, व्यवस्थित स्रोत परिचालन, प्रविधिमैत्री राजस्व प्रशासन

#### ग) लक्ष्य

उत्तरदायी राजश्व प्रशासन र पारदर्शी लेखा प्रणाली विकास गरी वित्तीय सुशासन कायम गर्ने ।

#### घ) उद्देश्य

➧ दिगो, भरपर्दो तथा पूँजी निर्माण एवं आयआर्जनका क्षेत्रहरुमा परिचालनवाट आन्तरिक श्रोत अभिवृद्धि गर्नु ।

➧ वित्तीय सुशासन कायम राख्दै श्रोत परिचालनमा मितव्ययिता र कुशलता कायम राख्नु ।

#### ङ) रणनीति

१. वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति निर्माण गर्ने ।
२. वित्तीय श्रोत परिचालन गर्ने ।
३. वित्तीय सुशासन प्रवर्द्धन गर्ने ।

**च) कार्यनीति**

**रणनीति १ को वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति निर्माण अन्तर्गतको कार्यनीति**

१.१ वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, नियमन गरिनेछ ।

**रणनीति २ को वित्तीय श्रोत परिचालन अन्तर्गका कार्यनीतिहरु**

२.१ आन्तरिक श्रोत परिचालनका लागि राजस्व सुघार कार्ययोजना तयार पारी पालिकाको आन्तरिक आय श्रोतमा वृद्धि ल्याइनेछ ।
२.२ स्थानीय राजस्व परामर्श समितिको क्षमता अभिबृद्धि गरी राजस्व सुधार कार्य योजना लागु गरिनेछ ।
२.३ सार्वजनिक खर्चलाई पूँजी निर्माण (आय आर्जन) का क्षेत्रमा लगानी गरी आन्तरिक आयलाई सुदृढ पारिनेछ ।
२.४ सम्भावित करदाताहरुको पहिचान गर्दै कर शिक्षा कार्यक्रमहरु सञ्चालन गरी कर तिर्ने अभ्यासलाई प्रोत्साहन गरिनेछ । करको दरमा वृद्धि गर्ने भन्दा पनि दायरामा बिस्तार ल्याइनेछ ।
२.५ उपभोक्ता समितिहरुसंग लागत सहभागितामा आयोजनाहरु सञ्चालन गरी पालिकाको लागत भारलाई न्यून गरिनेछ ।
२.६ निजी क्षेत्रसंग सहकार्य र समन्वय गरी आयोजनाहरु कार्यान्वयनमा ल्याइने छ । यसका लागि सार्वजनिक निजी साझेदारी नीति ल्याइनेछ ।
२.७ पालिकाको चल अचल सम्पत्तिहरु परिचालन गरी सेवा शुल्क सङ्कलन गरिनेछ ।

**रणनीति ३ को वित्तीय सुशासन प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

३.१ पालिकाको आर्थिक ऐनका प्रावधानहरुलाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।
३.२ लेखा प्रणालीलाई आइसिटिमा जोड्दै आन्तरिक लेखा परीक्षण तथा वित्तीय प्रशासनलाई सक्षम, प्रभावकारी वनाइनेछ ।
३.३ आर्थिक प्रशासन प्रणालीलाई प्रभावकारी एवं भरपर्दो वनाइने छ ।
३.४ वार्षिक खरिद योजना वनाउदै सार्वजनिक खरिदलाई पारदर्शिता, ई-विडिङ्ग तथा प्रक्रियागत ढङ्गवाट खरिद गर्ने व्यवस्था मिलाइनेछ ।
३.५ नियमित लेखापरीक्षण, पेश्की तथा वेरुजु फछ्र्यौटलाई प्रभावकारी वनाई वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।
३.६ निश्चित अवधि (मासिक, चौमासिक, वार्षिक) मा भएको आर्थिक कारोवारहरुलाई वेवसाइट तथा प्रकाशनहरु मार्फत आम नागरिकहरुलाई जानकारी हुनेगरी सार्वजनिकीकरण गरिनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका ५४ वित्तीय श्रोत परिचालन

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | पालिकाको वार्षिक आन्तरिक आय रकम | रु. लाख | ७ | ८.४ | १०.१ | १२.१ | १४.५ | १७.४ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| **प्रतिफलहरु** | पालिकाको कूल वार्षिक बजेट | रु.करोड | ४६.८ | ५४.७ | ५०.८ | ५५,४ | ६०,९ | ६६.९ | पालिकाको वार्षिक प्रतिवेदन तथा अभिलेख | सामुदायिक संस्था गैसस, तथा नागरिक समाजसंग सहकार्य भएको हुने |
| | प्रतिव्यक्ति बजेट खर्च | रु.हजार | | | | | | | | |
| | कूल बजेटको वास्तविक खर्च | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | | |
| | कूल बजेटको पूँजीगत खर्च | प्रतिशत | ६९.७ | ५४.५ | ४३.१ | ४३.१ | ४३ | ४३ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लैङ्गिक उत्तरदायी बजेट विनियोजन | प्रतिशत | | | | | | | | |
| | सङ्कलित कर राजस्व र गैरकर राजस्वको | अनुपात | | | | | | | | |
| | कूल बजेटमा वाह्य श्रोतको हिस्सा | प्रतिशत | | | | | | | | |
| | आन्तरिक राजस्व अभिवृद्धि हुने क्षेत्रमा भएको लगानी (कूल बजेटको) | प्रतिशत | | | | | | | | |
| | कूल वेरुजु मध्येको फछ्र्यौट रकम | प्रतिशत | | | | | | | | |
| | संघीय सरकारवाट राजस्व वाँडफाड प्राप्त रकम | रु.करोड | | | | | | | | |
| | प्रदेश सरकारवाट राजस्व वाँडफाडवाट प्राप्त रकम | रु.करोड | | | | | | | | |
| | संघीय सरकारवाट वित्तीय समानीकरण वाट प्राप्त अनुदान | रु.करोड | | | | | | | | |
| | प्रदेश सरकारवाट वित्तीय समानीकरण वाट प्राप्त अनुदान | रु.लाख | | | | | | | | |
| | आयोजना कार्यान्वयन मा उपभोक्ता समूहको योगदान हिस्सा (वार्षिक कूल खर्चमा) | प्रतिशत | | | | | | | | |
| | निजी क्षेत्रसंगको सहकार्यमा भएको लगानी | रु.लाख | | | | | | | | |
| | सहकारी संस्था तथा सामुदायिक संस्था संगको सहकार्यमा भएको लगानी | रु.लाख | | | | | | | | |
| | सम्भावित करदाताहरु मध्येमा नियमित कर भुक्तानी गर्ने करदाता संख्या | प्रतिशत | | | | | | | | |

| **मुख्य कार्यक्रम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. आन्तरिक आयको दायरा फराकिलो वनाउने<br>२. पालिका र वडा कार्यालयहरु बीच कम्प्युटराइज सञ्जाल विकास गर्ने<br>३. राजस्व संकलनमा संलग्न कर्मचारी तथा जनशक्तिलाई तालिमको व्यवस्था | **४५ लाख** |

### ९.५.३ मानव संशाधन तथा संस्थागत विकास

#### क) वस्तुस्थिति विश्लेषण

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका ५५ मानव संशाधन तथा संस्थागत विकास क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ आवश्यक नगरपालिका तथा वडा कार्यालय भवन निर्माण योजना बनेको<br>➧ नगरपालिकाले नगरको समग्र विकासका लागि विभिन्न विषयगत विज्ञहरुको रोष्टर तयार पार्ने साथै विज्ञ परिचालन सम्बन्धी कार्यविधि बनाई प्रयोगमा ल्याउने नीति लिएको<br>➧ नगरपालिका कार्यालय तथा वडा कार्यालयका कर्मचारीहरूको आचार संहिता बनाएर लागू गर्न सकिने<br>➧ विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट अभ्यासहरूको अनुशरण गर्न सकिने<br>➧ वडा कार्यालयहरू तथा नगरपालिकाको भवन निर्माण गर्न जग्गा व्यवस्थापन र निर्माण कार्य अगाडि बढाउन सकिने | ➧ सार्वजनिक सेवालाई गुणस्तरीय, छिटोछरितो, न्यून लागत र समयमा सेवा प्रवाह प्रदान गर्न<br>➧ सेवाग्राहीहरुको सन्तुष्टि अभिवृद्धि तथा सेवा प्रवाहलाई पारदर्शि एवं उत्तरदायि बनाउन |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ नगरपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन स्थानीय सरकारमा सम्पूर्ण अधिकार प्राप्त भएको<br>➧ कर्मचारीको सेवाग्राहीसँगको व्यवहार सुमधुर रहेको<br>➧ विषयगत समिति तथा उप-समितिहरु गठन र कियाशील<br>➧ पालिका केन्द्र एवं वडाहरुमा इण्टरनेट लगायत विद्युतीय उपकरणहरुको व्यवस्था भएको<br>➧ जनप्रतिनिधि एवं कर्मचारीहरु क्षमता अभिवृद्धि तालिमबाट लाभान्वित | ➧ नगरपालिकाको आफ्नै कार्यालय भवन नभएको<br>➧ सबै वडा कार्यालयको आफ्नो भवन निर्माण हुन नसकेको<br>➧ नागरिक पहुँच कायम हुने गरी वडा कार्यालय भवन कायम हुन नसकेको<br>➧ नगरपालिका केन्द्र / वडाकेन्द्रमा पर्याप्त भौतिक सामग्री ( फर्निचर, कम्प्युटर, ल्यापटप आदि) उपलब्ध नभएको<br>➧ सबै वडाकेन्द्रमा समान रुपले बहुउद्देश्यीय सेवाहलको व्यवस्था हुन नसकेको<br>➧ पर्याप्त कर्मचारीको व्यवस्था नभएको<br>➧ संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नभएको<br>➧ नगरपालिकाका सम्भाव्य सेवाहरु अनलाइन हुन नसक्नु |

#### ख) सोच

प्रभावकारी संगठनात्मक संरचना, दक्ष जनशक्ति र सूचना प्रविधिमा आधारित सेवा प्रवाह

#### ग) लक्ष्य

प्रभावकारी संगठनात्मक संरचना, दक्ष जनशक्ति र सूचना प्रविधिमा आधारित सेवा प्रवाह गर्ने

#### घ) उद्देश्य

प्रभावकारी संगठन संरचना निर्माण, संस्थागत क्षमता विकास र मानव संशाधनको कार्यदक्षता अभिवृद्धिवाट सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी वनाउनु ।

**ङ) रणनीति**

१. मानव संसाधन विकास सम्बन्धी स्थानीय नीति निर्माण गर्ने ।
२. संस्थागत संरचना चुस्त वनाउने ।
३. मानव संशाधन विकास गर्ने ।

**च) कार्यनीति**

**रणनीति १ को मानव संसाधन विकास सम्बन्धी स्थानीय नीति निर्माण अन्तर्गतको कार्यनीति**

१.१ मानव संशाधन विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, नियमन गरिनेछ ।
१.२ संस्थागत विकास तथा सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय वनाउन नीति, कानुन, मापदण्डहरु निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**रणनीति २ को संस्थागत संरचना चुस्त वनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१ बिषयगत समिति एवं न्यायिक समितिको क्षमता विकास गरी कार्यसम्पादन स्तरमा अभिबृद्धि ल्याइनेछ ।
२.२ संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण अनुसारको कर्मचारी व्यवस्था गरिनेछ । पालिकामा लैङ्गिकमैत्री एवं समावेशीताका आधारमा कर्मचारी दरबन्दी निर्धारण गरिनेछ ।
२.३ कार्यवोभ्र विश्लेषणको आधारमा जनशक्ति व्यवस्थापन गरी कार्यसम्पादनस्तरलाई चुस्त दुरुस्त वनाइनेछ र कार्यसम्पादन करार प्रणाली लागु गरी कार्य उपलब्धिका आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरिने प्रणाली अवलम्वन गरिनेछ ।
२.४ सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलव्ध वनाउन सम्भव भएका सेवा सुविधाहरु अनलाइन, वडा कार्यालय एवं सेवा केन्द्रवाट उपलव्ध गराउदै वडा कार्यलयहरुलाई भौतिक श्रोत साधन सुविधायुक्त वनाइनेछ ।
२.५ सेवा प्रवाहसंग सम्वन्धित विषयगत शाखाहरुको आवश्यकतानुसार वडा स्तरसम्म पुनः संरचना गरिनेछ ।

**रणनीति ३ को मानव संशाधन विकास अन्तर्गतका कार्यनीतिहरु**

३.१ तालिम, तथा अभिमुखीकरणवाट पालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी निर्णय प्रक्रिया र सेवा प्रवाहमा प्रभावकारी ल्याइनेछ ।
३.२ कार्यपालिका तथा सभाका सवै समितिलाई क्रियाशील वनाई उत्तरदायित्व र जिम्मेवार संस्थाका रुपमा विकास गर्दै स्थानीय लोकतन्त्रलाई सुदृढ गरिने छ ।
३.३ पालिकाका अन्तर्गत विद्यालय, विषयगत कार्यालय एवं सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरिने छ र नियमित मूल्याङ्कनका मापदण्ड निर्धारण गरी मापदण्डका आधारमा उत्कृष्टलाई पुरस्कृत गर्ने अभ्यासको थालनी गरिनेछ ।
३.४ पालिका अन्तर्गत सहकारी, गैसस, नागरिक समाज, सामुदायिक संस्था, निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई तालिम, अभिमुखीकरण मार्फत क्षमता अभिवृद्धि गरी दक्ष, सवल, सक्षम जनशक्ति विकास गरिनेछ ।
३.५ जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्ने र महिला तथा दलित वडा सदस्यको क्षमता विकासमा जोड दिइनेछ ।
३.६ पालिका कार्यक्रमहरुमा लक्षित समूहको प्रतिनिधित्वलाई सुनिश्चित गरिने छ र क्षमता विकास कार्यक्रमहरुमा सहभागी छनौट गर्दा महिला, दलित, जनजाति र अपाङ्ता भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।
३.७ कर्मचारीहरुको वृत्ति विकासको सुनिश्चित गरिनेछ । यसका लागि आवश्यकताका आधारमा उच्च शिक्षा हासिल, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका तालिम, सेमिनारहरुमा सहभागि गराइनेछ ।
३.८ कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ र निर्धारित आधार भन्दा पनि न्यून सम्पादन भएका कर्मचारीहरुलाई दण्ड, सजाय गरिने छ । यसका लागि कार्यसम्पादन कार्यविधि निर्माण गरिनेछ ।

## छ) तर्कवद्ध खाका

| तालिका ५६ मानव संशाधन तथा संस्थागत विकास | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजको तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष २०७८/ ७९ सम्म** | **लक्ष्य परिमाण** | | | | | **सूचनाको श्रोत** | **पूर्वानुमान** |
| | | | | **२०७९ /८०** | **२०८० /८१** | **२०८१ /८२** | **२०८२ /८३** | **२०८३ /८४** | | |
| **असर** | पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | | | | | | | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| **प्रतिफल हरु** | पालिका अन्तर्गत कियाशील शाखा, उप शाखा, इकाइ | संख्या | ९ | | | | | १० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| | पालिकामा कार्यरत जनशक्ति : अधिकृत तह र सोभन्दा मुनी | संख्या | ६:१२ | | | | | १०:२० | | |
| | पालिकामा कार्यरत प्राविधिक जनशक्ति ( स्थायी र अस्थायी) | संख्या | ७ | | | | | १० | | |
| | कार्यसम्पादन करार गरिएका कूल कर्मचारी | संख्या | ११ | | | | | २० | | |
| | कार्य विवरण दिई कार्यसम्पादन गर्ने कर्मचारी | संख्या | | | | | | | | |
| | संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार पदपूर्ति गर्नुपर्ने कर्मचारी | संख्या | | | | | | | | |
| | प्रति एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि | घण्टा | | | | | | | | |
| | क्षमता विकासकार्यकम वाट लाभान्वित जन प्रतिनिधि र कर्मचारी | संख्या | | | | | | | | |
| | क्षमता विकासकार्यकम वाट लाभान्वित गैसस संघसंस्था,सरोकारवाला | संख्या | | | | | | | | |
| | संस्थागत क्षमता स्वमूल्याङ्कनमा प्राप्ताङ्क | प्रतिशत | | | | | | | | |
| | उत्कृष्ट कार्यसम्पादन गरेवापत पुरष्कृत कर्मचारी | संख्या | | | | | | | | |
| | पालिका केन्द्र तथा वडा कार्यालयको आफ्नै भवन | संख्या | ६ (३ वटा कार्यान्वयनमा रहेको) | | | | | | | |
| **मुख्य कार्यकम तथा कियाकलापहरु** | | | | | | | | | **बजेट रु.** | |

| | |
|---|---|
| १. कर्मचारीहरूको विकास तथा पुरस्कार दिने परिपाटि सञ्चालन गर्ने<br>२. कर्मचारी तथा दक्ष जनशक्तिको संरचना अनुसार व्यवस्थापन गर्ने<br>३. पुरानो सबै फाइल तथा रेकर्ड, पंजीकरण डिजिटलाइजेसन गर्ने<br>४. नागरिक सुचना केन्द्र स्थापना | **७२ लाख** |

### ९.५.४ योजना व्यवस्थापन

**क) वस्तुस्थिति विश्लेषण**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

तालिका ५७ योजना व्यवस्थापन क्षेत्र - सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

| **सम्भावना तथा अवसरहरु** | **समस्या तथा चुनौतिहरु** |
|---|---|
| ➧ योजना तर्जुमामा स्थानीय सरोकारबाला, निकाय, गैसस, सामुदायिक संस्था र नागरिक समाजहरुको सहभागिता<br>➧ आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिको सहभागिता हुने गरेको<br>➧ सञ्चार माध्यम मार्फत् नगरपालिकाका काम र विकास निर्माणका योजना सुसूचित गर्न सकिने<br>➧ दीर्घकालीन गुरुयोजना निर्माण गर्न सकिने<br>➧ बालश्रम र महिला हिंसा नियन्त्रणको योजना बनाई नियन्त्रण गर्न सकिने | ➧ आयोजनाहरुमा गुणस्तरीयता कायम राख्दै निर्धारित समयमै सम्पन्न गर्न<br>➧ आयोजनाहरुको दिगोपना, मर्मत सम्भार र स्थानीयहरुको अपनत्व श्रृजना गर्न |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ वार्षिक नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुँदै आएको<br>➧ सहभागितामूलक ढङ्गवाट आयोजनाहरुको अनुगमन<br>➧ आयोजनाहरुको वार्षिक समीक्षा हुने गरेको<br>➧ आवधिक योजना, गौरव आयोजना, मध्यमकालीन खर्च संरचना तर्जुमा हुने क्रममा रहेको | ➧ वार्षिक प्रगति समीक्षा बैठक नभएको<br>➧ कृषि, पर्यटन, यातायात, वातावरण जस्ता अग्रणी क्षेत्रहरुको दीर्घकालीन गुरुयोजना तर्जुमा हुन नसक्नु<br>➧ आयोजनाहरुको दिगोपना तथा मर्मत सम्भारका लागि लाभान्वितवाट उपभोग शुल्क सङ्कलन हुन नसक्नु<br>➧ नतिजामा आधारित अनुगमन मूल्याङ्कन अभ्यास नहुनु |

**ख) सोच**

नतिजामुखी योजना र उत्तरदायी विकास प्रशासन

**ग) लक्ष्य**

नतिजामुखी योजना र उत्तरदायी विकास प्रशासन कायम गर्ने ।

**घ) उद्देश्य**

➧ स्थानीय जनसहभागिता एवं सरोकारवालाहरुको सहभागितामा योजनाहरुको तर्जुमा गर्नु ।

➧ प्रभावकारी कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनवाट योजना व्यवस्थापन गर्नु ।

**ङ) रणनीति**

१. योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण गर्ने ।

२. योजना तर्जुमा सहभागिता गर्ने ।

३. योजना कार्यान्वयनमा प्रभावकारीता ल्याउने ।

**च) कार्यनीति**

**रणनीति १ को योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण अन्तर्गतको कार्यनीति**

१.१ योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

**रणनीति २ को योजना तर्जुमा सहभागिता अन्तर्गतका कार्यनीतिहरु**

२.१ स्थानीय सरोकारबालाहरुको सहभागितामा आवधिक नगरविकास योजना तर्जुमा गरिने छ । आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्ययोजना (एक्सन प्रान) वनाइनेछ ।

२.२ आवधिक नगरविकास योजना, मध्यमकालीन खर्च संरचना र बार्षिक योजना बीच तादत्म्यता स्थापित गरिनेछ र आवधिक योजनाले लिएका लक्ष्य, उद्देश्य, रणनीतिहरु कार्यान्वयन गर्न बार्षिक योजनालाई प्रभावकारी वनाइनेछ ।

२.३ आवश्यकताका आधारमा सरोकारबालाहरुको वृहत सहभागितामा विषयक्षेत्रगत गुरुयोजनाहरु वनाई कार्यान्वयनमा ल्याइनेछ ।

२.४ सहभागितामूलक र समावेशी योजना तर्जुमाका निर्दिष्ट चरण र प्रक्रिया अवलम्वन गर्दै वस्ति स्तरवाटै वार्षिक योजना तर्जुमा गरिने छ र विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिदै अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

२.५ उपभोक्ता समितिमा लक्षित वर्गहरुको सहभागितालाई अर्थपूर्ण वनाउन प्रोत्साहन गरिनेछ ।

**रणनीति ३ को योजना कार्यान्वयनमा प्रभावकारीता अन्तर्गतका कार्यनीतिहरु**

३.१ पालिकाका आयोजनाहरुको लागत अनुमान स्वीकृती र सम्भाव्यता अनुमान सहित आयोजना बैंकमा समावेश गर्दै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।

३.२ नगरसभाबाट स्वीकृत योजनाको कार्यान्वयन योजना (Calender of Operation) अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई जिम्मेबारी तालिका समेत तोकी कार्यान्वयनमा ल्याइनेछ ।

३.३ योजनाहरु कार्यान्वयनमा उपभोक्ता समूहको लागत सहभागितामा सम्पन्न गर्दै आयोजनको मर्मत सम्भार र दिगोपनमा अपनत्व श्रृजना गराइनेछ ।

३.४ आयोजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि लैङ्गिक तथा समावेशी संयन्त्र एवं बिषयक्षेत्रगत सूचक निर्धारण गरी सूचकका आधारमा नियमित अनुगमन गरिनेछ ।

३.५ उपभोक्ता समितिमा महिलाहरुको सहभागितालाई अर्थपूर्ण गराउन योजना तर्जुमा सम्बन्धी क्षमता विकास मार्फत सशक्तीकरण गरिनेछ ।

३.६ पालिका अन्तर्गतका क्षेत्रमा विद्यमान विकास साझेदार, गैर सरकारी संघ संस्था, नागरिक समाज, सामुदायिक संस्थाहरु परिचालनका लागि कार्यविधि तजँमा गदै विकास आयोजनाहरुको कार्यान्वयनमा सहकार्य गरिनेछ ।

३.७ योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी रुपमा परिचालनका लागि पालिकामा योजना शाखा स्थापना गरी साधन सम्पन्न वनाइनेछ ।

**छ) तर्कवद्ध खाका**

तालिका ५८ योजना व्यवस्थापन

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | नतिजामूलक अनुगमन र मूल्याङ्कन भएका योजना | प्रतिशत | | | | | | | पालिका को वार्षिक प्रतिवेदन तथा अभिलेख | गैसस, तथा नागरिक समाज संग सहकार्य भएको हुने |
| **प्रतिफलहरु** | आयोजना वैंकमा समावेश भएका | संख्या | | | | | | | पालिका | सामुदायिक |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आयोजनाहरु डिपिआर हुन बाँकी समेत | | | | | | | को वार्षिक प्रतिवेदन तथा अभिलेख | संस्था गैसस, तथा नाग रिक समाजसंग सह कार्य भएको हुने |
| | तर्जुमा भएका विषय क्षेत्रगत गुरुयोजना ( कृषि,पर्यटन,यातायात वातावरणगुरुयोजना...) | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| | श्रोत नक्शा सहित खण्डीकृत वस्तुगत विवरण (प्रोफाइल) तयारी तथा अद्यावधिक भएको विषयगत क्षेत्र | संख्या | ० | | | १ | | | | |
| | कार्यान्वयन भएका स्थानीय गौरब आयोजनाहरु | संख्या | ० | | १ | | | १ | | |
| | कूल आयोजना मध्ये उपभोक्ता समितिवाट कार्यान्वयन भएका आयोजना | प्रतिशत | ६० | | | | | ५० | | |
| | निर्धारित समय वा सो अगावै सम्पन्न आयोजना | प्रतिशत | ७० | | | | | ९० | | |
| | आयोजना/कार्यकमको अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, वार्षिक) | संख्या | | | | | | | | |
| | सहभागितामुलक योजना तर्जुमा तथा अनुगमन प्रकियामा लक्षित वर्ग/समुदाय को प्रतिनिधित्व | संख्या | | | | | | | | |
| | पालिकावाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | | | | | | | | |

| **मुख्य कार्यकम तथा कियाकलापहरु** | **बजेट रु.** |
|---|---|
| १. कृषि, पर्यटन तथा यातायात सम्बन्धि गुरुयोजना निर्माण<br>२. लक्षित वर्गको प्रवर्द्धन तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सशक्तीकरण गर्न कार्यकम निर्माण गरी बजेट विनियोजन गर्ने कार्यशैली निर्माण | **८० लाख** |

# परिच्छेद दश
# वित्तीय व्यवस्था

## १०.१ पृष्ठभूमि

वित्त व्यवस्थाको भूमिका पालिकाको मध्यमकालीन एवं आवधिक योजनाहरु सञ्चालनमा महत्वपूर्ण हुने गर्दछ। वित्तको अभाव तथा वित्त अपुग भएमा, वा निर्धारण गरिए अनुसारका आयश्रोतहरु निर्धारित समय भित्र उपलव्ध हुन नसकेमा विनियोजित कार्यक्रमहरु सफलतापूर्वक कार्यान्वयन हुन सक्दैनन । परिणाम स्वरुप, कार्यक्रमहरु अधुरो हुने, कार्यान्वयन नहुने र सम्पन्न कार्यक्रमहरुको पनि गुणस्तर कायम हुन नसक्ने सम्भावनाहरु रहन्छ । यसर्थ, पर्याप्त वित्त व्यवस्थावाट मात्रै नागरिकहरुको आवश्यकतालाई प्रभावकारी ढङ्गवाट सम्वोधन गर्न सकिने छ । यसका लागि आन्तरिक र वाह्य गरी दुई प्रकारका श्रोतहरुको व्यवस्था गरिएको छ । आन्तरिक श्रोतमा स्थानीय करहरु खासगरी सम्पत्तिकर, भूमिकर, व्यवसाय कर, घर वहाल आयकर, जडीवुटी तथा जीवजन्तु, कवाडी कर नै प्रमुख छन् भने वाह्य श्रोतहरुमा संघ र प्रदेश सरकारका अनुदानहरु । यस अनुदानहरुमा सशर्त अनुदान, वित्तीय समानीकरण, राजस्व वाँडफाँड, समपूरक र विशेष अनुदान पर्दछन् । जसको अधिकतम उपयोगबाट आवधिक लक्ष्य वा प्रभाव तहको नतिजा, उद्देश्य वा असर तहको नतिजा र वार्षिक रुपमा प्राप्त गर्ने प्रतिफल तहको नतिजाहरु हासिल गर्न सहयोग पुग्ने गर्दछ ।

## १०.२ वर्तमान अवस्था

नगराईन नगरपालिकाको आन्तरिक आयमा तुलनात्मक रुपमा गैरकर राजस्वकै भूमिका उल्लेख्य छ । करराजस्व अन्तर्गत सम्पत्ति कर, व्यवसाय कर र घर वहाल करको योगदान वढी छ । कूल आन्तरिक आयमा कर राजस्वको योगदान न्यून र गैरकर राजस्वको योगदान आन्तरिक आयमा तुलनात्मक रुपमा वढी देखिन्छ । गैरकर राजस्व अन्तर्गत खासगरी सिफारिस तथा प्रमाणित शुल्कको भूमिका अग्रणी छ । पालिकाको कूल श्रोतमा आन्तरिक आयको हिस्सा केवल ज्यादै न्यून जसले वाह्य आयमा पालिकाको परनिर्भरता अधिक देखिन्छ । मनोरन्जन कर, हाटवजार, विज्ञापन कर, कवाडी तथा जीवजन्तु कर, प्राकृतिक श्रोत शुल्क, पर्यटन शुल्क, पाकिङ शुल्क आदिवाट पालिकाले राजस्व सङ्कलन गर्न सक्ने सम्भावना भएरपनि खासै पहल हुन सकेको देखिदैन । प्राकृतिक श्रोत अन्तर्गत गिटी, ढुङगा, वालुवा तथा स्लेटको सम्भावना पनि अघिक छ । वातावरणीय परीक्षणका आधारमा यसको उत्खनन हुन सकेमा पालिकाको आन्तरिक आयमा यसको योगदान पनि उल्लेख्य हुन सक्छ ।

## १०.३ अवसर तथा चुनौतीहरू

नगरपालिकाको विद्यमान आर्थिक तथा सामाजिक स्थितिका सूचकहरु कमजोर रहेकाले आगामी वर्षहरूका वित्तीय व्यवस्थापन गर्न त्यति सहज छैन । बढ्दो जनअपेक्षाको तुलनामा नगरपालिकाको न्यून श्रोतबाट सार्वजनिक खर्च र सेवाको बीचमा तादात्म्यता कायम गर्न निकै कठिन हुने देखिन्छ । आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याई जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रूपले सहज पहुँच पुर्‍याउन आवश्यक पर्ने पूँजीगत लगानी लगायतको कार्यक्रम खर्च र सामाजिक सुरक्षा तथा चालु खर्च गरी कूल व्ययको व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसैगरी उपलब्ध श्रोत साधनको ठूलो अंश उपभोगमा ( चालु) खर्च गर्नुपर्ने बाध्यताले विकास कार्यका लागि थोरै मात्र खर्च गर्न सकिने अवस्था विद्यमान छ ।

संघीयताको कार्यान्वयनको क्रममा स्थानीय सरकार सञ्चालन ऐन र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐनले पालिकालाई आन्तरिक राजस्व र संघ तथा प्रदेशबाट प्राप्त हुने गरी थप श्रोत तथा साधनहरू जुटाउन सक्ने कानुनी अवसरहरू प्राप्त छ । त्यसैगरी स्थानीय स्तरमा निजी, सहकारी, गैरसरकारी क्षेत्र र नागरिक समाजको सहकार्यमा वित्तीय श्रोतहरू जुटाउन सक्ने थप अवसरहरू पनि विद्यमान छन् ।

## १०.४ उद्देश्य

आवश्यकता र प्राथमिकताका आधारमा समग्र आर्थिक एवं सामाजिक विकासका लागि नगरपालिकाको आन्तरिक एवं वाह्य वित्तीय श्रोतहरुलाई समुचित एवं न्याय सङ्गत ढङ्गवाट वितरण गर्दै परिचालन गर्नु ।

## १०.५ रणनीति

- आन्तरिक एवं वाह्य श्रोतहरुको पहिचान, प्राप्त हुन सक्ने परिमाणको आंकलन गर्दै श्रोतको सुनिश्चिता गर्ने ।
- वित्तीय श्रोतलाई प्राथमिकताका आधारमा विषयक्षेत्रगत रुपमा न्यायसंगत ढङ्गले बाँडफाँड तथा वितरण गर्ने ।
- वित्तीय श्रोतहरुको परिचालनको व्यवस्था मिलाउने ।

## १०.६ बजेट व्यवस्था

### (क) आन्तरिक आय प्रक्षेपण

आर्थिक वर्ष २०७८/७९ को यथार्थ प्राप्तीका आधार वर्ष मानी आ.व.२०७९/८० देखि आगामी वर्षहरुका लागि आय अनुमान तथा प्रक्षेपण गरिएको छ । आय प्रक्षेपण गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको स्थानीय कर तथा सेवा शुल्क वाट सङ्कलन हुन सक्ने राजस्वलाई आधार मानिएको छ । यस अन्तर्गत सम्पत्ति कर वा घरजग्गा कर, भूमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, जडीवुटी कवाडी तथा जीवजन्तु कर, वहाल विटौरी कर, पार्किङ शुल्कका साथ साथै मनोरञ्जन कर, विज्ञापन कर लगायत सेवा शुल्क रहेका छन् ।

पालिकाले आगामी ५ वर्षको अवधिमा आन्तरिक आयवाट करीव रु.६ करोड २४ लाख २० हजार राजस्व सङ्कलन गर्न सक्ने अनुमान गरिएको छ । यो राजस्व आर्थिक वर्ष २०७९/८० देखि हरेक आर्थिक वर्षमा औषतमा करीव २० प्रतिशतले आन्तरिक आय वढ्न सक्ने आधारमा आय प्रक्षेपण गरिएको छ ।

तालिका ५९ आन्तरिक आय प्रक्षेपण

| **राजस्व शिर्षक** | **२०७९/८० को अनुमान** | **अनुमान प्रक्षेपण (रकम रु हजारमा)** | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | |
| एकीकृत सम्पत्ति कर | १०० | १२० | १४४ | १७२.८ | २०७.३६ | २४८.८३ | ८९३ |
| भूमिकर (मालपोत) | ४४०० | ५२८० | ६३३६ | ७६०३.२ | ९१२३.८४ | १०९४९ | ३९,२९२ |
| घरवहाल कर | ९९० | ११८८ | १४२५.६ | १७१०.७२ | २०५२.८६ | २४६३.४ | ८,८४१ |
| पशुजन्य वस्तुपय व्यवसायिक कर | १० | १२ | १४.४ | १७.२८ | २०.७३६ | २४.८८३ | ८९ |
| न्यायिक दस्तुर | १० | १२ | १४.४ | १७.२८ | २०.७३६ | २४.८८३ | ८९ |
| अन्य प्रशासनिक सेवा शुल्क | ५०० | ६०० | ७२० | ८६४ | १०३६.८ | १२४४.२ | ४,४६५ |
| नक्सापास दस्तुर | ५० | ६० | ७२ | ८६.४ | १०३.६८ | १२४.४२ | ४४६ |
| सिफारिस शुल्क | ५०० | ६०० | ७२० | ८६४ | १०३६.८ | १२४४.२ | ४,४६५ |
| व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | १०० | १२० | १४४ | १७२.८ | २०७.३६ | २४८.८३ | ८९३ |
| नाता प्रमाणित दस्तुर | १०० | १२० | १४४ | १७२.८ | २०७.३६ | २४८.८३ | ८९३ |
| अन्य दस्तुर | १०० | १२० | १४४ | १७२.८ | २०७.३६ | २४८.८३ | ८९३ |
| व्यवसाय रजिष्टेशन दस्तुर | १० | १२ | १४.४ | १७.२८ | २०.७३६ | २४.८८३ | ८९ |
| धरौटी सदर स्याहा | १० | १२ | १४.४ | १७.२८ | २०.७३६ | २४.८८३ | ८९ |
| व्यवसाय कर | १० | १२ | १४.४ | १७.२८ | २०.७३६ | २४.८८३ | ८९ |
| अन्य आय | १०० | १२० | १४४ | १७२.८ | २०७.३६ | २४८.८३ | ८९३ |
| **जम्मा आन्तरिक आय (हजारमा)** | **६,९९०** | **८,३८८** | **१०,०६६** | **१२,०७९** | **१४,४९४** | **१७,३९३** | **६२,४२०** |
| **वृद्धि दर (प्रतिशत)** | | २० | २० | २० | २० | २० | |

**ख) वाह्य श्रोत प्रक्षेपण**

नगरपालिकाको बजेट श्रोतमा वाह्य श्रोतले महत्वपूर्ण एवं उल्लेखनीय भूमिका खेल्ने गरेको छ । कूल बजेटको करीव ९९ प्रतिशत भन्दा वढी योगदान यिनै वाह्य श्रोतको रहने छ । यस अर्थमा नगरपालिका पूर्णत वाह्य श्रोतमा आश्रित देखिन्छ । वाह्य श्रोतहरुमा वित्तीय समानीकरण, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र राजस्व वाँडफाँड रहेका छन् । नगरपालिकाले आन्तरिक ऋृण, सहयोगी संघ संस्था, गैसस तथा वैदेशिक संस्थावाट प्राप्त हुन सक्ने सहयोग र उपभोक्ता तथा लाभान्वित वर्ग समुदायवाट हुन सक्ने लागत सहभागितावाट प्राप्त हुन सक्ने श्रोतलाई पनि प्रक्षेपण गरिएको छैन ।

समग्रमा १० प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमान गरिएको छ । ५ वर्षको अवधिमा संघ र प्रदेश सरकारवाट प्राप्त हुने सहयोगमा तुलनात्मक रुपमा संघवाट प्राप्त हुने अनुदानको अंश अधिक छ । यस सम्वन्धी विस्तृत विवरण तालिकामा उल्लेख भएको छ ।

तालिका ६० बाह्य श्रोत प्रक्षेपण

| आय शिर्षक | आ.व. ०७७।७८ | आ.व. ०७८।७९ | आ.व. ०७९।८० | आ.व. ०८०।८१ | आ.व. ०८१।८२ | आ.व. ०८२।८३ | आ.व. ०८३।८४ | आ.व. ०८४।८५ | कुल राजश्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | ६० | ७० | ४७९.३३ | १२८६.८७५ | ३१५.५६ | ३४७.१२ | ३८१.८३ | ४२०.०१ | ३३६०.७२५ |
| | १.७६% | १.७४% | १०.२३% | | | | | | ८.२१% |
| आन्तरिक श्रोत (चालु) | ६० | ७० | ४७९.३३ | १८६.८७५ | २०५.५६ | २२६.१२ | २४८.७३ | २७३.६ | |
| आन्तरिक श्रोत (पूजीँगत) | | | | | ११० | १२१ | १३३.१ | १४६.४१ | |
| आन्तरिक श्रोत (बैङ्क मौज्दात) | | | | ११०० | | | | | |
| संघीय सरकार | २३६१ | ३०२६ | ३१३५.६४ | ३०६७ | ३४७३.७ | ३८११.०७ | ४१८२.१८ | ४५९०.४ | २७६४६.९९ |
| | ६९.३२% | ७५.२८% | ६६.९३% | | | | | | ६६.३५% |
| समानीकरण | ८४४ | १२४२ | ९४४ | ११२९ | १२४१.९ | १३६६.०९ | १५०२.७ | १६५२.९७ | |
| सशर्त | १५१७ | १६४९ | २१९१.६४ | १७१६ | १८८७.६ | २०७६.३६ | २२८४ | २५१२.४ | |
| समपूरक | | १३५ | | १५० | १६५ | १८१.५ | १९९.६५ | २१९.६२ | |
| विशेष | | | | ७२ | ७९.२ | ८७.१२ | ९५.८३ | १०५.४१ | |
| अन्य | | | | | ५० | ५० | ५० | ५० | |
| सामाजिक सुरक्षा | | | | | ५० | ५० | ५० | ५० | |
| प्रदेश सरकार | २०३.१९ | १३४.५८ | २७७.०१ | १८३.३७ | २३३.७७ | २५७.१५ | २८२.८७ | ३११.१६ | १८८३.१ |
| | ५.९७% | ३.३५% | ५.९१% | | | | | | १८.३८% |
| समानीकरण | ७३.१९ | ८४.५८ | ४९.४३ | ८३.३७ | ९१.७१ | १००.८८ | ११०.९७ | १२२.०७ | |
| सशर्त | ८० | | १२७.५८ | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२१ | |
| समपूरक | २० | २० | १०० | २० | २२ | २४.२ | २६.६२ | २९.२८ | |
| विशेष | ३० | ३० | | ३० | ३३ | ३६.३ | ३९.९३ | ४३.९२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अन्य | | | | | ३२०६. | ३५.२७ | ३८.८ | ४२.६८ | |
| राजश्व बाँडफाड | ७८१.७२४१ | ७८९.०९५३२ | ७९२.९२ | ९३१.५१२ | १०२४.६६ | ११२७.१३ | १२३९.८५ | १३६३.८४ | ८०५०.७३१४२ |
| | २२.९५% | १९.६३% | १६.९३% | | | | | | ९.१६% |
| संघ | ७४१.६३४१ | ७४६.८६ | ७९२.९२ | ८८६.५१२ | ९७५.१६ | १०७२.६८ | ११७९.९५ | १२९७.९५ | |
| प्रदेश | ४०.०९ | ४२.२३५३२ | | ४५ | ४९.५ | ५४.४५ | ५९.९ | ६५.८९ | |
| जम्मा आय (१००) | ३४०५.९१४ | ४०१९.६७५३ | ४६८४.९ | ५४६८.७५७ | ५०४७.६९ | ५५४२.४७ | ६०८६.७३ | ६६८५.४१ | ४०९४१.५४६४२ |
| | १००.००% | १००.००% | १००.००% | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | |
| प्रशासनिक खर्च | ९६७९३. | ९१०७२. | ९१०७२. | ९३१.५१२ | ११६४.२९ | १२८०.७१ | १४०८.७९ | १५४९.६६ | |
| सशर्त अनुदानको ४० प्रतिशत | | | | १०२०.४६ | ११२२.५ | १२३४.७५ | १३५८.२३ | १४९४.०५ | |
| विपद् व्यवस्थापन कोष | | १० | ३० | १० | १० | १० | १० | १० | |
| अन्य | | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | |
| सामाजिक सुरक्षा भत्ता २० प्रतिशत | ८८९.६२८ | ४५७.१४ | ४६३.८४४ | ५१०.२३ | ५६१.२५ | ६१७.३८ | ६७९.११ | ७४७.०३ | |
| कुल चालु खर्च | १८५७५५. | १३९२८६. | १४१९५६. | २४८७२. | २८७३०४. | ३१५७८४. | ३४७११३. | ३८१५७४. | २०४७४.९२९ |
| कुल लगानी योग्य राजश्व | १५४८.३६१ | २६२६.८१५ | ३२६५.३३६ | २९८१.५५५ | २१७४.६५० | २३८४.६३० | २६१५.६०० | २८६९.६७० | २०४६६.६१७४२ |
| | ४५.४६% | ६५.३५% | ६९.७०% | ५४.५२% | ४३.०८% | ४३.०२% | ४२.९७% | ४२.९२% | |
| आवश्यक बजेट (रु लाखमा) | | | | ६९१३ | ८३०२.२५ | १३९६०.२५ | १२१९५.२५ | ९६३६.२५ | |
| अपुग बजेट (रु लाखमा) | | | | -३९३१.४४५ | -६१२७.६ | -११५७५.६२ | -९५७९.६५ | -६७६६.५८ | |

### ग) विषयक्षेत्रगत बजेट बाँडफाँड

आवधिक नगर विकास योजना तजुमा कार्यशालाको क्रममा निर्धारण गरिएको आवधिक लक्ष्य (Goal) अर्थात प्रभाव तहको नतिजा, वृहत उद्देश्य तथा क्षेत्रगत उद्देश्य (Objectives) अर्थात असर तहको नतिजा र बिषय क्षेत्र तथा उपक्षेत्रगत उद्देश्य र लक्ष्य परिमाण हासिल गर्न तथा प्रस्तावित कार्यक्रमहरु सञ्चालनका लागि बजेट विषयक्षेत्रगत रुपमा बाँडफाँड गरिएको छ । ५ वर्षको अवधिमा प्राप्त हुन सक्ने कूल अनुमानित रकम रु.५ अर्व ११ करोड ४२ लाखमा आर्थिक क्षेत्रलाई १०.०४ प्रतिशत बजेट बाँडफाँड भएको छ भने सामाजिक क्षेत्रलाई १९.०७ प्रतिशत बजेट निर्धारण भएको छ । त्यसैगरी पूर्वाधार क्षेत्रलाई ६३.७२ प्रतिशत, वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रलाई ६.७९ प्रतिशत र सुशासन तथा संस्थागत विकासलाई ०.३७ प्रतिशत बजेट अनुमान भएको छ । यस सम्वन्धी विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६१ विषय क्षेत्रगत वजेट प्रक्षेपण

| क्र.सं | विषय क्षेत्र । उपक्षेत्र | कुल पुँजि (रु लाखमा) | प्रतिशतमा |
|---|---|---|---|
| 1 | आर्थिक क्षेत्र | ५,१४५.०० | १०.०७% |
| | कृषि क्षेत्र | ९३०.०० | १.८२% |
| | पशुपंक्षी | २,४३०.०० | ४.७६% |
| | पर्यटन | २५५.०० | ०.५०% |
| | उद्योग, व्यापार, व्यवसाय | १,१६०.०० | २.२७% |
| | वित्तीय संस्था तथा सहकारी विकास | १८५.०० | ०.३६% |
| | श्रम तथा रोजगारी | १८५.०० | ०.३६% |
| 2 | सामाजिक क्षेत्र | ९,७५५.०० | १९.०९% |
| | स्वास्थ्य | १,९५०.०० | ३.८२% |
| | शिक्षा | ५९५.०० | १.१६% |
| | खानेपानी तथा सरसफाइ | ३,२९०.०० | ६.४४% |
| | संस्कृति तथा सम्पदा | २००.०० | ०.३९% |
| | लक्षित वर्ग तथा समावेशीकरण | ५७०.०० | १.१२% |
| | युवा तथा खेलकुद | ३,१५०.०० | ६.१७% |
| 3 | पूर्वाधार क्षेत्र | ३२,५९०.०० | ६३.७९% |
| | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | १,८४०.०० | ३.६०% |
| | सडक, पुल तथा यातायात | २०,९००.०० | ४०.९१% |
| | सिंचाइ | ६४०.०० | १.२५% |
| | विद्युत तथा वैकल्पिक उर्जा | ९,०००.०० | १७.६२% |
| | सुचना तथा सञ्चार | २१०.०० | ०.४१% |
| 4 | वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | ३,३३०.०० | ६.५२% |
| | वन तथा जैविक विविधता | १,१२५.०० | २.२०% |
| | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ५२५.०० | १.०३% |
| | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १,०३५.०० | २.०३% |
| | विपद् जोखिम न्युनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ६४५.०० | १.२६% |

| | | | |
|---|---|---|---|
| 5 | संस्थागत विकास तथा सुशासन क्षेत्र | २६७.०० | ०.५२% |
| | सुशासन | ७०.०० | ०.१४% |
| | वित्तीय श्रोत परिचालन | ४५.०० | ०.०९% |
| | संस्थागत विकास | ७२.०० | ०.१४% |
| | योजना व्यवस्थापन | ८०.०० | ०.१६% |
| कुल पूँजीगत बजेट (रु लाखमा) | | ५१,०८७.०० | १००.००% |

## परिच्छेद एघार
## नगरपालिकाको आयोजना बैंक

### ११.१ पृष्ठभूमि
नगराईन नगरपालिकाको आवधिक योजना तर्जुमाका लागि गरिएको वडागत भेलाबाट प्राप्त आयोजनाहरुलाई नगरपालिकाको आयोजना बैंकका रुपमा राखिएको छ । सात चरणको योजना छनौट प्रकृयाबाट आउने आयोजनाहरुलाई आयोजना बैंकका आयोजनाहरुसँग सामेल गरी नगरपालिकाले आयोजनाहरुको कमिक रुपमा कार्यान्वयन गर्दै जान सक्ने छ। आयोजनाको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ।

### ११.२ आयोजना बैंक
आगामी ५ वर्षका लागि नगराईन नगरपालिकाका लागि देहाय वमोजिमका आयोजना बैंक तयार पारिएको छ। आयोजना हरु वडागत रुपमा विस्तृत छलफल गरी सूचिकृत गरिएको छ । यसरी सूचिकृत गरिएका आयोजनाहरु संघ तथा प्रदेश सरकारका अनुदानहरु र आन्तरिक श्रोतहरुवाट सञ्चालन गरिने छ । सूचीकृत आयोजनाहरुलाई नगरपालिकाको वार्षिक कार्यक्रमहरुवाट सम्वोधन गरिनेछ ।

| विषयगत उपक्षेत्रः कृषि | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | कृषि सिंचाइको लागि विद्युतीय व्यवस्था | १०० | ५० | २० | १० | १० | १० | संघ |
| २ | खेतीयोग्य जग्गाको वर्गीकरण तथा व्यवस्थापन | ५० | १५ | १० | २५ | | | स्थानीय तह |
| ३ | बिउबिजन स्टोर | २५ | | २५ | | | | संघ |
| ४ | शित भण्डारको व्यवस्था | २० | | | २० | | | संघ |
| ५ | मल खाद व्यवस्थापनको लागि र कम्पोस्ट मलको लागि भकारो संचार कार्यक्रम | ६० | ३० | १८ | ६ | ६ | | प्रदेश, स्थानीय तह |
| ६ | उन्नत विउको व्यवस्थापन | ५० | १० | १० | १० | १० | १० | प्रदेश, स्थानीय तह |
| ७ | वाली विमामा सहयोग | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश, स्थानीय तह |
| ८ | फलफूलको नमुना बगैंचा व्यवसायिक रूपमा व्यवस्थापन | १०० | २० | २० | २० | २० | २० | स्थानीय तह |
| ९ | कृषि यान्त्रीकीकरण | ५०० | १०० | १५० | १५० | ५० | ५० | संघ |
| | | **९३०** | **२३०** | **२५८** | **२४६** | **१०१** | **९५** | |

| विषयगत उपक्षेत्रः पशुपंक्षी | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | नरहा गोठ सुधार कार्यक्रम | ३०० | ६० | ६० | ६० | ६० | ६० | स्थानीय तह |
| २ | पकेट क्षेत्र विस्तार कार्यक्रम (बाखा, भैसी, गाई, माछा कुखुरा) | ३०० | ४० | ८० | ८० | ५० | ५० | प्रदेश, स्थानीय तह |
| ३ | पशु आहार कार्यक्रम | २०० | ४० | ४० | ४० | ४० | ४० | संघ |
| ४ | मासु प्रवर्द्धन कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | स्थानीय तह |
| ५ | भेक्सिनेसन तथा पशु बीमा कार्यक्रम | १०० | २० | २० | २० | २० | २० | संघ |
| ६ | डेरी उद्योग तथा पशुजन्य पदार्थ प्रशोधन केन्द्र | ४०० | ५० | १०० | १०० | १५० | | संघ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थापना | | | | | | |
| ७ | माछा मासु पसल सुधार कार्यक्रम | १०० | ५० | ५० | | | स्थानीय तह |
| ८ | पशु आधुनिकरण कार्यक्रम | ३०० | १०० | १०० | १०० | | संघ |
| ९ | माछा उत्पादन कार्यक्रम | २०० | १० | ३० | ७० | ८० | २० | संघ |
| १० | पशुजन्य सामग्री बजारीकरण | १०० | २० | २० | २० | २० | २० | प्रदेश, स्थानीय तह |
| ११ | अण्डा उत्पादन कार्यक्रम | १०० | २० | २० | २० | २० | २० | स्थानीय तह |
| १२ | वायोग्याँस निर्माण कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | संघ |
| १३ | कृषक व्यवसायिक तालिम | २० | ४ | ४ | ४ | ४ | ४ | संघ |
| १४ | प्राविधिक तथा ल्याबको स्थापना | ५० | २० | ३० | | | | संघ |
| १५ | पशु अनुदान कार्यक्रम | १०० | २० | २० | २० | २० | २० | संघ |
| १६ | पशु तथ्यांक संकलन गर्ने | २० | १० | १० | | | | प्रदेश, स्थानीय तह |
| १७ | पशु बाजोपन निदान कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | प्रदेश, स्थानीय तह |
| १८ | पशुपन्छी सम्बन्धी ऐन कानुन बनाउने | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह |
| | | **२४२०** | **४९०** | **६१०** | **५६०** | **४९०** | **२८०** | |

| विषयगत उपक्षेत्रः पर्यटन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | पर्यटन दीर्घकालीन नीति तथा गुरुयोजना तयारी | १०० | २० | २० | २० | २० | २० | संघ, स्थानीय तह |
| २ | पर्यटन सम्बन्धी तालिम तथा उद्यमशीलता विकास | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश, स्थानीय तह |
| ३ | पर्यटकीय क्षेत्रहरुमा पूर्वाधार निर्माण | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ |
| ४ | पर्यटकीय उत्पादनहरु (होम स्टे, क्युरियो पसल, हस्तकला उत्पादन) को विकास | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ, स्थानीय तह |
| ५ | पर्यटन क्षेत्रहरुको प्रचार प्रसार | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह |
| ६ | ऐतिहासिक तथा पुरातात्विक महत्वका बस्तु तथा स्थलको संरक्षण | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ, स्थानीय तह |
| ७ | धार्मिक महोत्सव तथा मेला प्रदर्शनी कार्यक्रम | ३० | ६ | ६ | ६ | ६ | ६ | संघ, स्थानीय तह |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | **२५५** | **५१** | **५१** | **५१** | **५१** | **५१** | |

**विषयगत उपक्षेत्रः उद्योग, व्यापार, व्यवसाय**

| क. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | भर्मी कम्पोष्ट बनाउने प्रविधिको तालिम | २०० | ४० | ४० | ४० | ४० | ४० | प्रदेश, स्थानीय तह |
| २ | हरियो प्रर्दशन कार्यक्रम | १०० | २५ | २५ | २५ | २५ | | स्थानीय तह |
| ३ | भकारी सुधार कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | स्थानीय तह |
| ४ | गौत संकलन कार्यक्रम | १० | ३ | २ | २ | २ | १ | स्थानीय तह |
| ५ | जैविकमल प्राङारिक मल बनाउने | ५० | १० | १० | १० | १० | १० | प्रदेश, स्थानीय तह |
| ६ | सानो वडा स्तरमा उद्योग सञ्चालन | ५० | १० | १० | १० | १० | १० | संघ, स्थानीय तह |
| ७ | जैविक विषादी बनाउने कार्य | २०० | ४० | ४० | ४० | ४० | ४० | प्रदेश, स्थानीय तह |
| ८ | बायो ग्यास प्लान्ट निर्माण गर्ने | २०० | ४० | ४० | ४० | ४० | ४० | संघ |
| ९ | कृषकहरुलाई कीटनाशक विषादिहरु (Rhizobium, Beauveria verticillium, Phosphate Solubilizing Bacteria, potassium Solubilzing Bacteria, mycorhiza azetobacter) वितरण | ५० | १० | १० | १० | १० | १० | संघ, स्थानीय तह |
| १० | waste decomposer जिवाणुको प्रयोग गर्ने | ५० | १० | १० | १० | १० | १० | संघ, स्थानीय तह |
| ११ | बाखापालन, कसुरा, वंगुर पालन व्यवसायिक गर्ने | ५० | १० | १० | १० | १० | १० | संघ, स्थानीय तह |
| १२ | उत्पादनका आधारमा कृषकलाई प्रोत्साहन कार्यक्रम संचालन गर्ने | ५० | १० | १० | १० | १० | १० | संघ, स्थानीय तह |
| १३ | वायो ग्यास : हरेक घरमा एउटा गाई, भैसी पालना एक ग्यास चुलो अभियान | ५० | १० | १० | १० | १० | १० | संघ, स्थानीय तह |
| १४ | आँप प्रोसेसिङ्ग सेन्टर | ५० | १० | १० | १० | १० | १० | संघ |
| | | **११६०** | **२३८** | **२३७** | **२३७** | **२३७** | **२११** | |

**विषयगत उपक्षेत्रः वित्तीय संस्था तथा सहकारी विकास**

| क. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | सहकारी सचेतना, सवलीकरण तथा व्यवस्थापन तालिम | २० | ४ | ४ | ४ | ४ | ४ | संघ, स्थानीय तह |
| २ | सीप विकास तथा उद्यमशीलता विकास कार्यक्रम | २० | ५ | ५ | ५ | ५ | ५ | संघ, स्थानीय तह |
| ३ | सहकारी संस्थासंगको समन्वयमा बजार प्रवर्द्धन कार्यक्रम | १५ | ३ | ३ | ३ | ३ | ३ | प्रदेश, स्थानीय तह |
| ४ | सहकारी तथा वित्त संस्थाहरुको क्षमता वृद्धि कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ, स्थानीय तह |
| ५ | अनुदान व्यवस्था | १०० | २० | २० | २० | २० | २० | संघ |
| | | **१८०** | **३७** | **३७** | **३७** | **३७** | **३७** | |

**विषयगत उपक्षेत्रः श्रम तथा रोजगारी**

| क. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | रोजगार सूचना केन्द्र स्थापना र सञ्चालन | ५० | १० | १० | १० | १० | १० | संघ, स्थानीय तह |
| २ | गन्तव्य राष्ट्र वारे अभिमुखीकरण तथा क्षमता अभिवृद्धि | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश, स्थानीय तह |
| ३ | सीप विकास तथा उद्यमशीलता | १०० | २० | २० | २० | २० | २० | संघ, स्थानीय तह |
| ४ | कानुनी सहायता | १० | २ | २ | २ | २ | २ | स्थानीय तह |
| | | **१८५** | **३७** | **३७** | **३७** | **३७** | **३७** | |

**विषयगत उपक्षेत्रः शिक्षा**

| क. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | समन्वयमा गर्ने) |
| १ | विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्थापन | ३०० | ६० | ६० | ६० | ६० | ६० | संघ |
| २ | अंग्रेजी माध्यमबाट सामुदायिक विद्यालयमा पठनपाठन | १०० | ४० | ३० | २० | ५ | ५ | संघ |
| ३ | शिक्षकको लागि Laptop र Device | १० | १० | ३ | २ | २ | २ | संघ |
| ४ | शिक्षकलाई तालिम | १० | १० | ३ | २ | २ | २ | प्रदेश, स्थानीय तह |
| ५ | बालबालिकाका लागि दिवा खाजा कार्यक्रम | २५ | २५ | ५ | ५ | ५ | ५ | संघ |
| ६ | सबै बालबालिकाको विद्यालयमा पहुँच कार्यक्रम | ५० | ५० | २० | ५ | १० | ५ | संघ, प्रदेश, स्थानीय तह |
| ७ | सबै विद्यालयलाई आइ.सि.टि युक्त बनाउने (१६ वटा विद्यालय) | १०० | ३० | ३० | २० | १० | १० | संघ, स्थानीय तह |
| | | **५९५** | **१६१** | **१३४** | **११९** | **८९** | **९२** | |

| विषयगत उपक्षेत्रः स्वास्थ्य | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | स्वास्थ्य चौकी भवन निर्माण | २०० | ५० | ५० | ४० | ३० | ३० | संघ, स्थानीय तह |
| २ | बर्थिङ सेन्टर निर्माण | २०० | ५० | ५० | ४० | ३० | ३० | संघ, स्थानीय तह |
| ३ | योग भवन निर्माण | २०० | ५० | ५० | ४० | ३० | ३० | संघ |
| ४ | मलेरिया, डेंगू रोग तथा कालाजार नियन्त्रण | २०० | ५० | ५० | ४० | ३० | ३० | स्थानीय तह |
| ५ | आयुर्वेदिक औषधालय स्थापना | २०० | ५० | ५० | ४० | ३० | ३० | प्रदेश, स्थानीय तह |
| ६ | नगर अस्पताल निर्माण तथा व्यवस्थापन | ८०० | ५० | ३०० | ३०० | १५० | | संघ, स्थानीय तह |
| ७ | स्वास्थ्यको लक्ष्य १०० प्रतिशत प्राप्त गर्न क्षमता विकास, तालिम, जनचेतना कार्यक्रम | १०० | २० | २० | २० | २० | २० | संघ, स्थानीय तह |
| ८ | स्वास्थ्यमा काम गर्नका लागि प्रशिक्षण कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | संघ, स्थानीय तह |
| | | **१९५०** | **३३०** | **५८०** | **५३०** | **३३०** | **१८०** | |

| विषयगत उपक्षेत्रः खानेपानी तथा सरसफाइ | | | |
|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | जिम्मेवारी (स्थानीय तह |

| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| १ | ढल विकास व्यवस्थापन | २७०० | ५४० | ५४० | ५४० | ५४० | ५४० | संघ |
| २ | घरघरमा पाइपधाराबाट वितरित खानेपानी स्तरोन्नति | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ, स्थानीय तह |
| ३ | फोहोर व्यवस्थापन, प्रशोधन तथा सुरक्षित विसर्जन | १८० | ३६ | ३६ | ३६ | ३६ | ३६ | संघ, स्थानीय तह |
| ४ | डष्टविन वितरण तथा फोहोर सङ्कलन गाडी खरिद (निजी क्षेत्रसँग सहकार्य) | १६० | 80 | 80 | | | | प्रदेश, स्थानीय तह |
| | | **३२९०** | **७०६** | **७०६** | **६२६** | **६२६** | **६२६** | |

| **विषयगत उपक्षेत्रः लक्षित वर्ग तथा सामाजिक सामावेशीकरण** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | महिला सीप परिमार्जन आयोजना सञ्चालन | २७० | ५४ | ५४ | ५४ | ५४ | ५४ | संघ, स्थानीय तह |
| २ | लैङ्गिक समानताका लागि प्रशिक्षण गर्ने | १०० | २० | २० | २० | २० | २० | प्रदेश, स्थानीय तह |
| ३ | अपाङ्ग संरक्षण नीति तथा सार्वजनिक भौतिक संरचना निर्माण तथा पहुँच | १०० | २० | २० | २० | २० | २० | संघ, स्थानीय तह |
| ४ | दलित जनजाति तथा गरिब पहिचान गर्ने | १०० | ४० | १० | १० | २० | २० | स्थानीय तह |
| | | **५७०** | **१३४** | **१०४** | **१०४** | **११४** | **११४** | |

| **विषयगत उपक्षेत्रः संस्कृति तथा सम्पदा** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | भाषा तथा नगर साहित्य केन्द्रको स्थापना | १०० | २० | २० | २० | २० | २० | संघ, स्थानीय तह |
| २ | सांस्कृतिक चाँड पर्व मेला लाग्ने स्थलको संरक्षण तथा भौतिक पूर्वाधार निर्माण | १०० | २० | २० | २० | २० | २० | संघ, स्थानीय तह |
| | | **२००** | **४०** | **४०** | **४०** | **४०** | **४०** | |

**विषयगत उपक्षेत्रः युवा तथा खेलकुद**

| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | युवा क्लब भवन निर्माण | २०० | ८० | ४० | २० | २० | ४० | संघ, स्थानीय तह |
| २ | युवाहरूको लागि प्राविधिक तालिम तथा उद्यम व्यवसाय संचालन गर्ने | ९०० | १८० | १८० | १८० | २७० | ९० | संघ, स्थानीय तह |
| ३ | लागु औषध तथा दुर्बेसन सम्वन्धि नीति, ऐन,नियम कार्यविधि निर्माण | ५० | १० | १० | १० | १० | १० | स्थानीय तह |
| ४ | खेलमैदान रङ्गशाला निर्माण | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | प्रदेश |
| | | **३१५०** | **६७०** | **६३०** | **६१०** | **७००** | **५४०** | |

**विषयगत उपक्षेत्रः सडक, पुल तथा यातायात**

| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | यातायात गुरुयोजना तयार गरी सडकको वर्गीकरण र निर्माण गर्ने (रिङ्गरोड) | १४०० | २०० | ३०० | ३०० | ६०० | | संघ, स्थानीय तह |
| २ | हरेक वडामा कम्तीमा एउटा सडक स्तरोन्नती गर्ने | ६६०० | ४०० | ६०० | १८०० | १८०० | २००० | संघ, स्थानीय तह |
| ३ | ६ लेन देखि सबै वडाको खेती जन्य जमीन सम्म बहुउद्देश्यीय कृषि सडक निर्माण गर्ने | ३३०० | २०० | ३०० | ९०० | ९०० | १००० | संघ, स्थानीय तह |
| ४ | हरेक वडामा आवश्यक कुल पक्की वा कल्भर्ट निर्माण गर्ने | ५१०० | २०० | ३०० | १५०० | १५०० | १६०० | प्रदेश, स्थानीय तह |
| ५ | वडा भित्रका सम्पूर्ण सडकहरूको प्राथमिकता | २७०० | १०० | २०० | ८०० | ८०० | ८०० | स्थानीय तह |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अनुसार स्तरोन्नती गर्ने | | | | | | | |
| ६ | सिटी बसपार्क निर्माण गर्ने | १८०० | १०० | २०० | ५०० | ५०० | ५०० | संघ, स्थानीय तह |
| | | **२०९००** | **१२००** | **१९००** | **५८००** | **६१००** | **५९००** | |

**विषयगत उपक्षेत्रः वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण**

| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | नगरपालिकाको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गर्ने | ५०० | ५० | १०० | १०० | १५० | | संघ, स्थानीय तह |
| २ | वडा कार्यालयको नयाँ भवन निर्माण तथा पुरानो भवनहरूको स्तरोन्नती गर्ने | ३५० | १५० | ५० | ५० | ५० | ५० | संघ, स्थानीय तह |
| ३ | सार्वजनिक ढलान/सामुदायिक भवन निर्माण (प्रत्येक टोलमा) हरेक आर्थिक वर्षमा आवश्यकता अनुसार निर्माण गर्ने | ३५० | ९० | ९० | १०० | ७० | | संघ, प्रदेश, स्थानीय तह |
| ४ | नक्सा पास सम्बन्धि मापदण्ड तयार गरी कार्यान्वयन गर्ने | ४० | २० | २० | | | | स्थानीय तह |
| ५ | एकीकृत वस्ती विकासको अवधारणा | १०० | २० | २० | २० | २० | २० | संघ, स्थानीय तह |
| ६ | परालले छोपेको घरलाई UPVC जस्तापाताले स्तरोन्नती गर्ने | ६०० | २०० | २०० | २०० | | | संघ, स्थानीय तह |
| | | **१९४०** | **५३०** | **४८०** | **४७०** | **२९०** | **७०** | |

**विषयगत उपक्षेत्रः सिंचाइ**

| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | हरेक वडामा चारवटा डिप बोरिङ्ग निर्माण गर्ने | २०० | ४० | ४० | ६० | ६० | | संघ, स्थानीय तह |
| २ | हरेक वडामा २ कि.मि. नहर निर्माण | ३०० | ६० | ६० | ६० | ६० | | संघ, प्रदेश, स्थानीय तह |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | हरेक वडामा १ वटा पोखरीलाई सिचाँइ तथा पर्यटकीय स्थलका आधारमा स्तरोन्नती गर्ने | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ, स्थानीय तह |
| | | **७५०** | **१५०** | **१५०** | **१७०** | **१७०** | **५०** | |

| विषयगत उपक्षेत्रः विद्युत तथा वैकल्पिक उर्जा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | हरेक वडामा २ कि.मि. कृषि सडक विद्युतीकरण गर्ने | ३००० | १००० | १००० | १००० | | | संघ |
| २ | हरेक वडामा ३ कि.मि. विद्युत लाइन विस्तार गर्ने | १००० | | ५०० | ५०० | | | संघ |
| ३ | हरेक वडामा आवश्यकता अनुसार गोबर ग्याँस निर्माण गर्ने | ५००० | | | २००० | २००० | १००० | प्रदेश, स्थानीय तह |
| | | **९०००** | **१०००** | **१५००** | **३५००** | **२०००** | **१०००** | |

| विषयगत उपक्षेत्रः सुचना तथा सञ्चार | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | प्रत्येक वडाको एउटा मुख्य स्थल वा चोकमा सि.सि.टि.भि. क्यामेरा जडान गर्ने | ६० | २० | २० | १० | १० | | संघ, स्थानीय तह |
| २ | प्रत्येक विद्यालयमा दुई वटा कम्प्युटर खरिद गर्ने | ५० | २० | १० | १० | १० | | संघ |
| ३ | प्रत्येक विद्यालयमा इन्टरनेट र सि.सि.टि.भि क्यामरा जडान गर्ने | १०० | २० | २० | ३० | २० | १० | संघ, स्थानीय तह |
| | | **२१०** | **६०** | **५०** | **५०** | **४०** | **१०** | |

| विषयगत उपक्षेत्रः वन तथा जैविक विविधता | | | |
|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | जिम्मेवारी (स्थानीय तह |

| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| १ | वनले ढाकेको क्षेत्रफल तथा संख्या आवधिक गर्ने | १० | २ | २ | २ | २ | २ | स्थानीय तह |
| २ | निजी र सामुदायिक वनको स्थापना कार्यक्रम | २५० | ५० | ५० | ५० | ५० | ५० | स्थानीय तह |
| ३ | वृक्षारोपण कार्यक्रम (सडकको छेउछाउमा, भु-क्षय हुने स्थान, घरबारी आदि) | २५० | ५० | ५० | ५० | ५० | ५० | प्रदेश, स्थानीय तह |
| ४ | जडिबुटी उत्पादन कार्यक्रम | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ, स्थानीय तह |
| ५ | वन वातावरण र जैविक विविधता सम्वन्धी शाखा स्थापना गर्ने | ९० | १८ | १८ | १८ | १८ | १८ | संघ, स्थानीय तह |
| ६ | काष्ठ वन पैदावार उद्योगको स्थापना | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ, स्थानीय तह |
| ७ | जनावर नियन्त्रणको कार्यक्रम (निलगाई, सुंगुर) | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ, स्थानीय तह |
| | | **११२५** | **२२५** | **२२५** | **२२५** | **२२५** | **२२५** | |

**विषयगत उपक्षेत्रः वातावरण तथा फोहोरमैला व्यवस्थापन**

| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | वातावरण तथा फोहोमैला व्यवस्थापन सम्बन्धी ऐन कानुन निर्माण | १५ | १५ | | | | | स्थानीय तह |
| २ | ल्याण्डफिल्ड साइट निर्माण | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ |
| ३ | फोहोर व्यवस्थापन समितिको गठन | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह |
| ४ | जैविक मल उत्पादन उद्योग स्थापना गर्ने | १००० | २०० | २०० | २०० | २०० | २०० | संघ, प्रदेश, स्थानीय तह |
| | | **१२९०** | **२७०** | **२५५** | **२५५** | **२५५** | **२५५** | |

**विषयगत उपक्षेत्रः भूसंरक्षण तथा जलाधार व्यवस्थापन**

| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | जिम्मेवारी (स्थानीय तह |
|---|---|---|---|

| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| १ | तटबन्धन कार्यक्रम | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| २ | भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी जनचेतनामुलक कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश, स्थानीय तह |
| | | **५२५** | **१०५** | **१०५** | **१०५** | **१०५** | **१०५** | |

| विषयगत उपक्षेत्रः विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूल सम्बन्धी ऐन कानून बनाउने | १५ | १० | ५ | | | | स्थानीय तह |
| २ | अग्नि नियन्त्रणको व्यवस्था गर्ने | १०० | | २५ | २५ | २५ | २५ | संघ, स्थानीय तह |
| ३ | आपतकालीन प्रतिकार्य सञ्चालन केन्द्रको स्थापना(स्वास्थ्य संस्था, एम्बुलेन्स) | ३०० | १०० | ५० | ५० | ५० | ५० | संघ |
| ४ | विपद् व्यवस्थापन कोष स्थापना गर्ने | २०० | ५० | ५० | ५० | २५ | २५ | स्थानीय तह |
| ५ | रक्तसञ्चार केन्द्रको निर्माण गर्ने | १०० | | २५ | २५ | २५ | २५ | संघ, स्थानीय तह |
| ६ | विपद् जोखिम समिति गठन गर्ने सो मार्फत जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | ५० | १० | १० | १० | १० | १० | प्रदेश, स्थानीय तह |
| ७ | भवन संहिता निर्माण | १५ | ५ | ५ | ५ | | | स्थानीय तह |
| | | **७८०** | **१७५** | **१७०** | **१६५** | **१३५** | **१३५** | |

| विषयगत उपक्षेत्रः सुशासन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | न्यायिक समितिको गठन | १० | १० | | | | | स्थानीय तह |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | सुशासन ऐन कानुन निर्माण गर्न समितिको गठन | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह |
| ३ | सार्वजनिक सुनुवाइ (प्रत्येक त्रैमासिक) कार्यक्रम | २० | ४ | ४ | ४ | ४ | ४ | स्थानीय तह |
| ४ | मध्यावधि खर्च संरचना निर्माण | ५ | ५ | | | | | संघ, स्थानीय तह |
| ५ | मेलमिलाप केन्द्र स्थापना | १० | | १० | | | | स्थानीय तह |
| | | **७०** | **२४** | **१९** | **९** | **९** | **९** | |

| विषयगत उपक्षेत्रः वित्तीय श्रोत परिचालन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | आन्तरिक आयको दायरा फराकिलो बनाउने | ५ | १ | १ | १ | १ | १ | स्थानीय तह |
| २ | पालिका र वडा कार्यालयहरु बीच कम्प्युटराइज सञ्जाल विकास गर्ने | २० | ४ | ४ | ४ | ४ | ४ | संघ, स्थानीय तह |
| ३ | राजस्व संकलनमा संलग्न कर्मचारी तथा जनशक्तिलाई तालिमको व्यवस्था | २० | ४ | ४ | ४ | ४ | ४ | संघ, प्रदेश, स्थानीय तह |
| | | **४५** | **९** | **९** | **९** | **९** | **९** | |

| विषयगत उपक्षेत्रः संस्थागत विकास | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | कर्मचारीहरूको विकास तथा पुरस्कार दिने परिपाटि सञ्चालन गर्ने | १० | १० | | | | | स्थानीय तह |
| २ | कर्मचारी तथा दक्ष जनशक्तिको संरचना अनुसार व्यवस्थापन गर्ने | ४० | २० | ५ | ५ | ५ | ५ | संघ, स्थानीय तह |
| ३ | पुरानो सबै फाइल तथा रेकर्ड, पंजीकरण डिजिटलाइजेसन गर्ने | २ | १ | ०. २५ | ०. २५ | ०. २५ | ०. २५ | संघ, स्थानीय तह |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | नागरिक सुचना केन्द्र स्थापना | २० | १० | १० | | | | स्थानीय तह |
| | | **७२** | **४१** | **१५** | **५** | **५** | **५** | |

| विषयगत उपक्षेत्र: योजना व्यवस्थापन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | कृषि, पर्यटन तथा यातायात सम्बन्धि गुरुयोजना निर्माण | ६० | | २० | २० | २० | | संघ, स्थानीय तह |
| २ | लक्षित वर्गको प्रवर्द्धन तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सशक्तीकरण गर्न कार्यक्रम निर्माण गरी बजेट विनियोजन गर्ने कार्यशैली निर्माण | २० | ४ | ४ | ४ | ४ | ४ | स्थानीय तह |
| | | **८०** | **४** | **२४** | **२४** | **२४** | **४** | |

# परिच्छेद - बाह्र

# कार्यान्वयन योजना

## १२.१ पृष्ठभूमि

योजना तर्जुमा र योजना कार्यान्वयन एक अर्कासंग अन्तर सम्बन्धित बिषय मानिन्छ । संघीय शासन प्रणालीलाई व्यवहारत कार्यान्वयनको अत्यन्तै महत्वपूर्ण पक्ष भनेको योजनाको प्रभावकारी कार्यान्वयन हो । आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रतिफल, असर र प्रभाव तहसंग आवद्ध गरी क्रियाकलाप तथा कार्यक्रमहरुलाई वृहत र क्षेत्रगत उद्देश्यसंग र क्षेत्रगत र बिषयगत उद्देश्य समष्टिगत लक्ष्यसंग आवद्ध गर्ने अर्को महत्वपूर्ण पक्ष मानिन्छ । स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि योजना तथा कार्यक्रमहरुको प्रभावकारी र नतिजामुखी कार्यान्वयनको अवश्यकता पर्दछ । आवधिक योजनाको सन्दर्भमा पनि पालिकाको निर्वाचित नेतृत्व, क्रियाशील राजनीतिक दल, अन्य सरोकारबालाहरु समेतको सक्रिय सहभागितामा बिभिन्न चरण पार गरी तय भएको दीर्घकालीन सोच, आवधिक लक्ष्य, वृहत उद्देश्य र क्षेत्र बिषयगत उद्देश्य, ती उद्देश्य प्राप्तिका लागि अवलम्वन गरिने रणनीति र कार्यनीति अन्तर्गत क्षेत्रगत बिषयगत प्रमुख कार्यक्रमहरु र क्षेत्रगत र बिषयगत लक्ष्य परिमाणलाई नगरपालिकाको बार्षिक योजना तर्जुमा र प्राथमिकताको आधारमा स्रोत बिनियोजनको समग्र चक्र नै योजना कार्यान्वयनको खाका मानिन्छ ।

## १२.२ वर्तमान अवस्था

योजना कार्यान्वयन र अनुगमन मूल्याङ्कन पद्धतिको सन्दर्भमा पालिका वार्षिक योजना तर्जुमा पद्धतिमा नै सीमित रहेको अवस्थाका कारण क्रियाकलाप वा कार्यक्रम र सो को प्रतिफल तह भन्दा माथिको तह अर्थात उद्देश्य (असर) तह र लक्ष्य ( प्रभाव) तह अर्थात दीर्घकालीन र मध्यमकालीन लक्ष्य वा प्रभाव तह सम्म सोच्न सकेको अवस्था छैन । यसैगरी स्रोत अनुमान तथा बिनियोजनको सन्दर्भमा पनि हालसम्म आय सीमामा आधारित योजना तर्जुमा पद्धति रहेको र जसले गर्दा पालिकाले निर्धारण गरेको लक्ष्य, उद्देश्य र लक्ष्य परिमाण प्राप्तिका लागि के कति स्रोतको आवश्यकता पर्दछ र हालको स्रोत परिचालनको आधारमा के कति स्रोत पुग वा अपुगको अवस्था थाहा पाउने अवस्था देखिदैन ।

हाल पालिका आफुसंग उपलब्ध सीमित जनशक्ति, कमजोर संस्थागत संरचना, सीमित स्रोत साधन उपयोग गरी केही गैरसरकारी संघसंस्थाको सीमित आर्थिक तथा प्राविधिक सहयोग र कार्यक्रमहरु परिचालन गरी बार्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको अवस्था छ । तर प्रस्तावित आवधिक नगर विकास योजनाले आत्मसात गरेको दीर्घकालिन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्यहरु, लक्ष्य सूचक हासिल गर्न हालको कार्यशैली र पद्धतिमा व्यापक परिमार्जन गरी अन्तर सरकारी (संघ, प्रदेश तथा अन्तर स्थानीय तह) वीच समन्वय र सहकार्यको वृहत अवधारणा अनुसार आसपासका अन्य स्थानीय तहवीच क्षेत्रीय रणनीतिक साझेदारी विकास गरी तुलनात्मक लाभका क्षेत्रको पहिचान, साझा हित र उद्देश्यमा सहलगानी, सहकार्य, उत्पादन, रोजगारी श्रृजना, व्यवसायीकरण, औद्योगिकीकरण, पर्यटन लगायतका आर्थिक तथा सामाजिक पूर्वाधारहरुमा निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संघसंस्था, विकास साझदारहरु एवं दातृनिकायहरु लगायत सेवा प्रदायकहरु समेतको एकिकृत प्रयास वा सहभागिता अभिबृद्धिका लागि पनि कार्ययोजना तर्जुमा हुनु आवश्यकता छ ।

## १२.३ कार्यान्वयन कार्ययोजना

नगरभाबाट आवधिक विकास योजना स्वीकृत भएपछि यसका आधारमा पालिकाले सबै विषय क्षेत्र शाखा र वडा कार्यालयहरूलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमाका लागि बजेट पूर्वानुमान पठाइने गरिन्छ र उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्वन गरी वार्षिक योजना तर्जुमा गर्ने गरिन्छ ।

## १२.४ मार्गदर्शन तयारी

योजना वा कार्यक्रम सञ्चालन हुनुपूर्व स्वीकृत योजनाको विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार गर्ने गरिन्छ । उक्त मार्गदर्शनका साथसाथ खर्च गर्ने अख्तियारी पठाउनुपर्ने भए सोसमेत संलग्न गरी पठाउनु पर्दछ ।

## १२.५ कार्यान्वयन विधिको छनौट

योजना कार्यान्वयन गर्नुपूर्व आवश्यकता अनुसार सार्वजनिक खरिद ऐनको परिधि भित्र रही ठेक्कापट्टा, उपभोक्ता समिति, करार वा, अमानत, गैरसरकारी संस्थासँगको साझेदारी मध्ये कुन प्रकिया अवलम्वन गरिने हो सो समेत खुलाई पालिकामा पठाउनु पर्ने हुन्छ र नगरसभाबाट स्वीकृत भएपछि सोही बमोजिम कार्यान्वयन गर्नु पर्ने हुन्छ। पालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धि सूचक समेत उल्लेख गर्ने गरिन्छ र सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचक बमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली अपनाइने गरिन्छ ।

पालिकाले सबै विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्य योजना समेत वनाउनु पर्ने हुन्छ। कार्यान्वयन गर्ने सबै निकायबाट अनुसूची बमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि पालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गर्नुपर्दछ। यसैबमोजिम योजना कार्यान्वयन सम्बद्ध निकाय र व्यक्तिलाई कार्य जिम्मेवारी र कियाकलाप प्रति जिम्मेवार वनाउनु पर्दछ।

## १२.६ अख्तियारी

वार्षिक कार्यक्रम र बजेट सभाबाट पारित भएपछि नगरप्रमुखले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई सात दिन भित्र अख्तियारी दिनु पर्दछ। प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई अनुसूची ३ र ३ (क) फाराम भर्न लगाई चौमासिक विभाजन सहितको कार्यक्रम माग गर्नुपर्ने छ। उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यक परिमार्जन सहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शन सहित नगरप्रमुखाबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ। यसरी अख्तियारी जारी गर्नु भन्दा पहिले सवै शाखा, उपशाखा र वडा कार्यालय वा जिम्मेवार निकायवाट तोकिएको निर्दिष्ट ढाँचामा चौमासिक विभाजन सहतिको कार्यान्वयन योजना माग गरी स्वीकृत गरिनु पर्ने छ र उक्त कार्यान्वयन योजनामा जिम्मेवारी किटान समेत गरिनु पर्ने छ । यसका सार्थ कार्यान्वयनको तरिका समेत निर्धारण गरिसक्नु पर्ने छ ।

## १२.७ वार्षिक कार्यान्वयन कार्ययोजना

आवधिक योजनाले आत्मसात गरेको दीर्घकालीन सोच, आवधिक लक्ष्य, विषयक्षेत्रगत उद्देश्य, रणनीति तथा प्राथमिकताको आधारमा वार्षिक नीति, कार्यक्रम र बजेट सहित वार्षिक कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ । वार्षिक कार्यान्वयन कार्ययोजनाको ढांचा अनुसुची २ मा समावेश गरिएको छ ।

## १२.८ अनुगमनको प्रतिवेदन र समीक्षा

उक्त फाराममा उल्लेखित कियाकलापहरूको आधारमा अनुगमन योजना वनाई पालिका उपप्रमुखको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ। यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ। उपप्रमुखको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गर्नुपर्दछ। त्यसैगरी योजनाको अनुगमन तथा कार्यालयको समष्टिगत भौतिक र वित्तीय प्रगति एवं समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा तथा स्थानीय तह विकास समस्या समाधान समितिको बैठकमा पेस गरी प्राप्त निर्देशन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

# परिच्छेद - तेह्र

# अनुगमन तथा मूल्याङ्कन

## १३.१ पृष्ठभूमि

स्थानीय तहको विकासको मेरुदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्यिनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वियनमा सशक्त स्वःअनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ। कार्यान्यिन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । त्यसैले, पालिकाले आवधिक योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ । वार्षिक योजना कार्यान्वियनका लागि कार्यान्वियन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वियन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी तद्अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनु पर्दछ ।

## १३.२ वर्तमान अवस्था

पालिकाले वार्षिक योजनाका कार्यान्वियन तालिका वनाएर कार्यान्वियनका चरणमा अनुगमनलाई प्राथमिकता सहित प्रभावकारी वनाएको देखिदैन । अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ। विकास साझेदारहरूको सहयोगमा सञ्चालित कार्यक्रमहरूको हकमा सघन अनुगमन प्रणाली पनि पाइन्छ। निर्वाचित जनप्रतिनिधिहरूको बहाली पछि प्रतिनिधि सहितको संयुक्त अनुगमनको अभ्यास पनि भएको पाइन्छ । यसैगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ। निरीक्षण, सुपरिवेक्षण र अनुगमनमा खासै भिन्नता छ भन्ने महसुस हुन सकेको देखिँदैन । अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूको आधारमा हुने अभ्यास पनि भएको देखिदैन । अनुगमनलाई योजना चक्रको हिस्साको रूपमा बजेट विनियोजन समेत हुने गरेको छैन । अनुगमनको परम्परागत प्रणाली समस्या समाधानको दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिँदैन ।

## १३.३ अवसर र चुनौती

योजनाबद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले नगरपालिकाका प्रमुख उपप्रमुखको र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ। त्यस्तै पालिका उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ । जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानुनी व्यवस्था भएको छ । त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले पालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमन सम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको छ। अनुगमन सम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन । अनुगमनका लागि भिन्दै बजेट विनियोजन समेत पर्याप्त हुन सकेको देखिदैन । त्यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आ-आफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तह सम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण छ। अनुगमनको महत्वबोध गराउन नसकिदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन । कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरुरी देखिन्छ ।

## १३.४ उद्देश्य
आवधिक योजना र यस बमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित गरी संस्थागत गर्नु ।

## १३.५ रणनीति
अनुगमन प्रणालीलाई संस्थागत सुदृढ र नतिजामुखी वनाउने ।

## १३.६ कार्यनीति
१ स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ ।
२ आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ ।
३ आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ ।
४ विषयगत कार्यक्रमहरूको कार्यक्रमागत सूचकहरूको निर्माण गरी तद्अनुसार अनुगमन गरिनेछ ।
५ अनुगमनको कार्यतालिका वनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तद्अनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ ।
६ अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ ।
७ प्राप्त अनुगमन प्रतिवेदन अनुगमन समितिमा र चौमासिक र बार्षिक प्रतिवेदनको चौमासिक र बार्षिक समीक्षा नियमित रुपमा पालिकामा सबै सरोकारवालाहरुको संलगनतामा गरिनेछ र तत्काल समस्याको समाधान गरी योजना समयमा नै सम्पन्न गर्न तदारुकता लिइनेछ ।
८ चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ ।
९ योजनाको आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्बन्धित तह, निकायमा तोकिएको समयमा पठाइनेछ । यसका लागि संघ र प्रदेशसंग समन्वय गरी कम्प्युटरमा आधारित एकिकृत सूचना प्रणालीका फर्मेटहरु विकास गरी आबद्ध गरिनेछ ।
१० आवधिक विकास योजनाको मध्यावधि मूल्याङ्कन तेश्रो वर्षमा र अन्तिम मूल्याङ्कन आवधिक योजनाको समाप्ति पछि गरिनेछ ।
११ अनुगमन र मूल्याङ्कन प्रतिवेदन पालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिनेछ ।

## १३.७ कार्यक्रम
१. संस्थागत संयन्त्रका स्थापना र क्षमता विकास
२. अनुगमन प्रणाली र तहगत सूचकहरूको निर्माण र कार्यान्वयन
३. अनुगमन कार्यान्वयन कार्यक्रम
४. समीक्षा तथा स्थानीय समस्या समाधान समितिको बैठक

## १३.८ अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार निकाय
आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगरकार्यपालिकाको हुनेछ र यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहाय अनुसार रहेका छन् :

१. कार्यपालिका तथा विषयगत समिति
२. सुपरीवेक्षण तथा अनुगमन समिति
३. जिल्ला समन्वय समिति

४. विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था
५. नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहनेछ ।
१. स्थलगत अनुगमन
२. कार्ययोजना (लक्ष्य) र प्रगति वीच तुलना
३. नागरिक अनुगमन
४. सहभागितामूलक मध्यावधि समीक्षा
५. सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)


आवधिक योजनाको अनुमान तथा मूल्याङ्कन प्रक्रिया देहाय वमोजिम हुनेछ


तालिका ६२ आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र बार्षिक | स्थलगत अनुगमन गर्ने, चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, |
| प्रतिफल अनुगमन | कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने, बार्षिक कार्य योजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | सहभागितामूलक छलफल गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, नमूना सर्वेक्षण गर्ने, |
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, सहभागितामूलक छलफल गर्ने, अध्ययन तथा सर्वेक्षण गर्ने, |

# अनुसूचिहरु

# अनुसूची- १


SARLAHI
MAHOTTARI
DHANUSHA
SIRAHA
UDAYAPUR
SINDHULI
INDIA
INDIA
REGIONAL
LINKAGE


JANAKPUR
UPAMAHANAGARPALIKA
DHANAUJI
GAUNPALIKA
MATIHANI
NAGARPALIKA
MUKHIYAPATTI
MUSARNIYA
GAUNPALIKA
INDIA
W-1
W-2
W-3
W-4
W-5
W-6
W-7
W-8
COMPOSITE
MAP
KM

# अनुसूची - २
# आवधिक योजना तर्जुमा : फोटोहरु



प्रारम्भिक अभिमुखीकरण



वडास्तरीय योजना छनौट भेला



वडास्तरीय योजना छनौट भेला



वडास्तरीय योजना छनौट भेला



वडास्तरीय योजना छनौट भेला



## कार्यशाला गोष्ठीको भेला



स्थानीय क्षेत्रमा सञ्चालनमा रहेको हाट बजार



स्थानीय क्षेत्रमा रहेको बाटो



स्थानीय क्षेत्रमा रहेको बाटो र बस्ती
स्थानीय क्षेत्रमा रहेको बाटो

# अनुसूची - ३
## आवधिक योजना तर्जुमा : माइन्युटहरु

आज मिती 2080 साल बैशाख १० गतेका यस नगरायन नगरपालीका को आवधिक विकास आयोजना निर्माणको सिल सिलामा यस नगरपालीका का प्रमुख श्री बिनय कुमार यादव ज्यू को अध्यक्षतामा निम्न व्यक्तिहरूको (पदाधिकारी/कर्मचारी) को उपस्थितिमा आवधिक विकास आयोजनाको प्रारम्भिक कार्यशाला गोष्ठी सञ्चालन गरियो।

| उपस्थितिहरू :- | पद | हस्ताक्षर |
|---|---|---|
| १) श्री बिनय कुमार यादव | नगर प्रमुख | बिनय कुमार |
| २) श्री राधा देवि यादव | उप प्रमुख | राधा |
| ३) श्री राम गुलाम लाल कर्ण | प्र.अ. | |
| ४) श्री सिताराम महतो | वडा अध्यक्ष - १ | |
| ५) श्री कुन्दन यादव | ,, ,, - २ | |
| ६) श्री पंकज शाह | ,, ,, - ३ | |
| ७) श्री राज कुमार ठाकुर | ,, ,, - ४ | |
| ८) श्री राम नारायण मुखिया | ,, ,, - ५ | |
| ९) श्री अजित शाह | ,, ,, - ६ | |
| १०) श्री सुर्य नारायण शाह | ,, ,, - ७ | |
| ११) श्री संजय कुमार राउत | ,, ,, - ८ | |
| १२) श्री राम प्रमोद राउत | ,, ,, - ९ | |
| १३) श्री रेणु देवि शाह | का.पा.स. | |
| १४) श्री सुदिना झा | का.पा.स. | सुदिना |
| १५) श्री नगीना कुमारी पासवान | का.पा.स. | नगीना |
| १६) श्री राजकुमारी देवि शाह | का.पा.स. | राजकुमारी |
| १७) श्री प्रकाश देवि मण्डल | का.पा.स. | प्रकाश देवी |
| १८) श्री अमेरी लाल राउत | का.पा.स. | |
| १९) श्री धर्मेन्द्र प्रसाद गुप्ता | का.पा.स. | |
| २०) श्री राम दुलारा मुखिया | | |
| २१) श्री विजय कुमार यादव | रोजगार संयोजक | |
| २२) विशिष्ट साह | इन्जिनियर | |

मनोज कुमार झा

२३) संतोष कुमार साह — सामाजिक सुरक्षा शाखा
२४) रविश कुमार लाभ — शिक्षा शाखा
२५) रोशन कुमार महतो — नापी शाखा
२६) संजु कुमारी यादव — पोषण शाखा
२७) प्रविन चौधरी — प्राविधिक शाखा
२८) मो. असादुल राईन — कृ. प्र. शाखा
२९) गंगा राम यादव — कृषि. शाखा
३०) जुगेश्वर मण्डल — स्वास्थ्य शाखा
३१) श्याम कुमार यादव
३२) गणेश कु. यादव — चालक
३३) देवलाल मण्डल — चालक
चन्दन यादव — स्ट्रेन्थ इन्जिनियरिङ्ग
३४) प्रदिप मेस्तर — मेस्तर
(३५) सुनिता तिमिल्सीना मण्डल — का.स
३६) प्रेम्चा पौडेल — उद्यम विकास शाखा
३७) इम्बर कार्की
किशोर रिजाल — स्ट्रेन्थ इन्जिनियरिङ्ग
३८

प्रस्ताव तथा निर्णय :-

१) मुल निर्देशक समिती गठन गर्ने प्रस्तावमा छलफल गर्दा
२) तपसिल बमोजिमको मुल निर्देशक समिति गठन गरियो

तपसिल

संयोजक - श्री बिनय कुमार यादव (न.प्र.)

उपसंयोजक - श्री राधा देवि यादव (उप.प्र.)

बिषयगत समितिका संयोजक हरू :- सदस्य (सबै)

कार्यपालिकाका सबै सदस्य हरू :- सदस्य (सबै)

बिषय गत महाशाखा / शाखा प्रमुखहरु :- सदस्य (सबै)

संयोजकले तोकेको - सदस्य १)

२)

३)

सदस्य सचिव - श्री राम गुलाम लाल कर्ण

# अनुसूची - ४
# वडागत आयोजनाहरु

## वडा नं. १

### आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. वडा स्तरमा चिस्यान केन्द्र स्थापना गर्ने ।<br>२. किसानहरुलाई उपयुक्त तालिम, औषधी मलखाद समयमा उपलब्ध गराउने, बजार व्यवस्थापन गर्ने तथा अनुदानको व्यवस्था गर्ने ।<br>३. नगदेबालीलाई प्रोत्साहन गर्ने । |
| पशुपालन | १. भैंसी पालन, गाँई, बाख्रा पालन, माछा तथा कुखुरा पालन व्यवसायलाई व्यवस्थित बनाउन तालिम दिने ।<br>२. उन्नत जातका बिउ बिजन अनुदान तथा बिमा कार्यक्रम सञ्चालन गर्ने । |
| उद्योग | १. रसायनिक मल तथा प्राङ्गरीक मल उत्पादन गर्ने उद्योग सञ्चालन गर्ने । |
| पर्यटन | १. पोखरी संरक्षण तथा भ्यूटावर निर्माण (भुजुङ्ग) |
| सहकारी | १. लवकुस बचत तथा ऋण कृषि सहकारीलाई व्यवस्थित गरि उत्पादित कृषि सामाग्री बिक्री वितरण केन्द्र स्थापना गर्ने ।<br>२. कृषकहरुलाई सहज रुपमा ऋण प्रवाहको व्यवस्था गर्ने । |

### सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. वडा भित्र रहेको २ वटा आ.वि.मा अङग्रेजी भाषा कक्षा सञ्चालन गर्ने ।<br>२. शिक्षक दरबन्दीको व्यवस्था गर्ने ।<br>३. पक्की भवनको व्यवस्था गर्ने ।<br>४. विद्यार्थीहरुलाई प्रोत्साहन, शिक्षकलाई तालिम, अभिभावकलाई जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>५. बालमैत्री कक्षा सञ्चालन गर्ने । |
| स्वास्थ्य | १. खड्का आधारभुत स्वास्थ्या सेवा केन्द्रलाई स्तरोन्नती गरि प्रशुति सेवा सञ्चालनका लागि सुविधा सम्पन्न भवन निर्माण ।<br>२. अत्यावश्यक औषधी उपकरण तथा थप औषधी परिमाजर्नको व्यवस्था गर्ने । |
| खानेपानी | १. सार्वजनिक टोल, विद्यालय तथा कार्यलयहरुमा डिप बोरिङ्ग मार्फत खानेपानी व्यवस्था गर्ने ।<br>२. शुद्ध पिउने पानीको व्यवस्थाको लागि पहल गर्ने । |
| सरसफाई | १. फोहोर व्यवस्थापनको लागि उचित पहल गरी डम्पिङ्गको व्यवस्था र आवश्यक कामदारको व्यवस्था गर्ने ।<br>२. सडक छेउको मुख्य चोक तथा सार्वजनिक कार्यलयहरुमा डस्टबिनको प्रयोग गर्ने ।<br>३. आवश्यकता अनुसार सार्वजनिक शौचालय तथा खानेपानी धारा निर्माण गर्ने । |
| सामाजिक समावेशीकरण | १. फरक क्षमता भएका व्यक्तिहरुलाई सिपमुलक तालिम सञ्चालन गरी आय आर्जनमा प्रोत्साहन गर्ने । |
| युवा तथा खेलकुद | १. महन्था पाखेरीको डिलमा सुविधा सम्पन्न खेलमैदान निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. स्थानिय वडा भित्रका मन्दिर, छठ पाखेरीहरुलाई व्यवस्थित गर्ने । |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. वडा भित्रका कृषि सडकहरु व्यवस्थित गरी अन्य वडाहरुसँग जोड्ने । |
| पुल | १. खड्का गाउँदेखि महादेव मन्दिर जाने सडक अन्तर्गत महादेव मन्दिर नजिक पक्की पुल निर्माण ।<br>२. हाँसपट्टी र बैरिया जाने सडक अन्तर्गत शिव चन्द्र शाह र रंजित शाहको खेत नजिक पक्की पुल निर्माण ।<br>३. स्वाती नहरमा पक्की पुल निर्माण ।<br>४. बहिरी देखि जडहि जाने सडक अन्तर्गत कर्याउनी रुख निर पक्की पुल निर्माण । |
| सिंचाई | १. जिराति बाँध मर्मत तथा फाटकको निर्माण ।<br>२. खड्का, हाँसपट्टी र बहिरी गाउँमा डिप बोरिङ्गको व्यवस्था तथा लाईनको व्यवस्था गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. ३ वटा गाउँमा सार्वजनिक भवन निर्माण गर्ने ।<br>२. दलित, गरिब, अति पिछडिएका, असहाय व्यक्तिहरुको आवासको लागि घर निर्माण गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. सडक, मुख्य चोक, सार्वजनिक कार्यलय, मठ मन्दिरमा वैकल्पिक उर्जाको प्रयोग गर्ने । |
| सूचना तथा प्रविधि | १. विद्यालयहरुमा आइ.सि.टि. कक्षा सञ्चालन गर्ने ।<br>२. इन्टरनेटलाई विस्तार तथा व्यवस्थित गर्ने । |

## वन, वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. |
| भूमी तथा जलाधार व्यवस्थापन | १. डोरा नदी अन्तर्गत डाँडा देखि महादेव मन्दिरसम्म तटबन्धन निर्माण गर्ने । |
| वातावरण तथा स्वच्छता | १. खाली क्षेत्रमा वृक्षारोपण कार्यक्रम गर्ने । |
| विपद व्यवस्थापन | १. दैविक प्रकोप बाढी तथा आगलागी नियन्त्रणको लागि आवश्यक तालिम तथा उपकरण सामाग्रीको व्यवस्था गर्ने ।<br>२. वडा स्तरमा विपद व्यवस्थापन कोष निर्माण गर्ने ।<br>३. बारुण यन्त्रको व्यवस्था गर्ने । |

## वडा नं. २

## आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. कृषि पेशालाई व्यवस्थित गरी आवश्यक तालिम प्रदान गर्ने ।<br>२. उन्नत बिउ बिजन तथा बिक्री वितरण केन्द्र स्थापना गर्ने ।<br>३. वडा स्तरिय कोल्ड स्टार निर्माण गर्ने । |
| पशुपालन | १. गाई तथा भैंसी पालन व्यवसायलाई प्रोत्साहन गरी दुग्ध उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्ने । |
| उद्योग | १. वडामा राईस, मैदा तथा आँटा उद्योग सञ्चालन गर्ने । |
| पर्यटन | १. सगर्दिनामा १२ बिगामा अवस्थित काललाई व्यवस्थित गरी पर्यटकीय स्थल बनाउने (पोखरी बलहढी) |
| सहकारी | १. वडा स्तरिय कृषि सहकारी संस्था गठन र सञ्चालन तथा कृषि क्षेत्रमा प्रोत्साहन गर्ने । |

## सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|

| | |
|---|---|
| शिक्षा | १. वडा भित्रका ३ वटा विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा भवन तथा शिक्षक दरबन्दीको व्यवस्था गर्ने ।<br>२. विद्यालय घेराबार, भौतिक संरचना, शैक्षिक सामाग्री, बालविकास कार्यक्रम सञ्चालनका लागि सामाग्रीको व्यवस्था गर्ने ।<br>३. शिक्षकहरुलाई आवश्यक तालिम सञ्चालनको व्यवस्था गर्ने । |
| स्वास्थ्य | १. फुलगामा स्वास्थ्य चौकीलाई व्यवस्थित गरी सुविधा सम्पन्न भवन निर्माण गरि प्रशुति सेवा सञ्चालन गर्ने ।<br>२. वडा स्तरिय एम्बुलेन्स सेवा सञ्चालन गर्ने । |
| खानेपानी | १. एउटा डिप बोरिङ्ग गरी खानेपानी ट्याङ्की निर्माण गर्ने । |
| सरसफाई | १. बजार क्षेत्र, विद्यालय तथा कार्यलयहरुमा सार्वजनिक शौचालय तथा धारा निर्माण गर्ने ।<br>२. फोहोर पानीको व्यवस्था तथा ढल निकासको व्यवस्था गर्न वडा स्तरिय डम्पिङ्ग साईटको व्यवस्था गर्ने । |
| सामाजिक समावेशीकरण | १. लक्षित वर्गमा सिपमुलक तालिम तथा आर्थिक उत्पादनमा प्रोत्साहन गर्ने । |
| युवा तथा खेलकुद | १. वडा स्तरिय खेलमैदान निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. पुरातात्विक पुराना संस्कृति, भाषा, मठ मन्दिर संरक्षण तथा मर्मत गर्ने । |
| सुरक्षा | १. लागु पदार्थ सेवन रोकथामका लागि स्थानिय स्तरमा युवाहरुलाई चेतना सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने । |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. वडा भित्रका सम्पूर्ण सडकहरुको मर्मत तथा नाला व्यवस्थापन गर्ने ।<br>२. कृषि सडकहरु निर्माण तथा व्यवस्थित गर्ने । |
| पुल | १. |
| सिंचाई | १. खेतियोग्य जमिनमा विद्युतिय लाईन विस्तार गर्ने ।<br>२. डिप बोरिङ्ग, पम्पिङ्ग सेट तथा नहरको व्यवस्था गर्ने ।<br>३. मनिभारी नदी देखि नरिचौरी हुँदै लटोली सम्म सञ्चालित नहर व्यवस्थित गर्ने ।<br>४. बलहवा चौरी हुँदै मरैया ताल सम्म सिंचाई नहर निर्माण गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. बजार व्यवस्थापनको लागि गुदरी बजार, बंग्ला बजार, बलहढी बजारमा सेट निर्माण गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. वडा भित्र केन्द्रिय लाईन विस्तार तथा मर्मत गर्ने ।<br>२. सरकारी कार्यलय, विद्यालय, मठ-मन्दिरहरुमा वैकल्पिक उर्जा प्रयोग गर्ने । |
| सूचना तथा प्रविधि | १. शिक्षकहरुका लागि ल्यापटपको व्यवस्था गरी दक्ष शिक्षकको व्यवस्था गर्ने । |

## वन, वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १.वडा भित्रका खाली ठाउँहरुमा वृक्षारोपण गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. वडा भित्रका तालहरु, गाँभा पोखरी, गोसाई पोखरी, डोरा पोखरी संरक्षण गर्ने । |
| वातावरण तथा स्वच्छता | १. मुख्य सडकमा विरुवा रोप्ने । |
| विपद व्यवस्थापन | १. आगलागी नियन्त्रणको लागि बारुणयन्त्र खरिद गर्ने ।<br>२.मनीयारी नदी आसपासमा तटबन्धको व्यवस्था गर्ने ।<br>३. मजौरा पुल नजिक तटबन्धनलाई व्यवस्थित गर्ने । |

| | |
|---|---|
| | ४. विपद व्यवस्थापन कोष स्थापना गर्ने । |

## वडा नं. ३

### आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. बदेल, निलगाईबाट उत्पन्न समस्या समाधान गर्ने ।<br>२. उत्पादित कृषि सामाग्री धान, गहुँ, दलहन तथा तरकारी खेतीलाई प्रोत्साहन गर्ने ।<br>३. समयमा बिउ बिजन, मलखादको व्यवस्था तथा उचित मूल्य दर निर्धारण गर्ने । |
| पशुपालन | १. पशुपालन सम्बन्धी सिपमुलक तालिम, उन्नत जातको बिउको अनुदान तथा बिमा प्रणाली लागु गर्ने । |
| उद्योग | १. |
| पर्यटन | १. रागो बाबा मन्दिर मर्मत तथा संरक्षण गरी पर्यटकीय स्थल निर्माण गर्ने । |
| सहकारी | १. वडा स्तरमा नयाँ कृषि सहकारी दर्ता गर्ने । |

### सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. आधारभुत विद्यालयहरुमा भवन निर्माण, खेलमैदान र घेराबारको व्यवस्था गर्ने । |
| स्वास्थ्य | १. नगराईन स्वास्थ्य चौकीलाई व्यवस्थित गरी सुविधा सम्पन्न प्रसुती भवन निर्माण तथा सेवा सञ्चालन गर्ने ।<br>२. सञ्चालित शहिद दुर्गानन्द झा मेमोरीयल अस्पताल निर्माण गर्ने । |
| खानेपानी | १. डिप बोरिङ्ग मार्फत पानी सङ्कलन गरी खानेपानी वितरण गर्ने । |
| सरसफाई | १. मुख्य चोक तथा बजार वरपर सार्वजनिक शौचालय र धारा निर्माण गर्ने ।<br>२. फोहोर व्यवस्थापनको लागि डम्पिङ्ग साईटको व्यवस्था गर्ने । |
| सामाजिक समावेशीकरण | १. गरीब, विपन्न, अपाङ्ग, दलित तथा इच्छुक व्यक्तिहरुलाई सिपमुलक तालिमको व्यवस्था गर्ने । |
| युवा तथा खेलकुद | १. जटहीमा शहिद दुर्गानन्द झा मेमोरीयल स्टुडियो समयमा सञ्चालन गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. स्थानिय मन्दिरहरु संरक्षण गर्ने ।<br>२. वडा स्तरमा एउटा धर्मशाला निर्माण गर्ने ।<br>३. स्थानिय मिथिला चित्रकलाको संरक्षण गर्ने ।<br>४. जटहीमा गौशाला भवन निर्माण तथा व्यवस्थापन गर्ने । |
| सुरक्षा | १. |

### पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. जटही ७ ध्यान्ड देखि राँधोपुर सम्म सडक स्तरउन्नती तथा कालोपत्रे गर्ने ।<br>२. जटही ७ लाईन देखि फुलगामा वडा नं.३ सम्म पुग्ने कृषि सडक नयाँ ट्र्याक निर्माण गर्ने ।<br>३. राधोपुलको शुभ्कापुल देखि नदीको छेउछेउ हुँदै मु.भु.पा वडा ७ जोड्ने कृषि सडक नयाँ ट्र्याक निर्माण । |
| पुल | १. ७ लेन्ड देखि वडा नं. १ को हाँसपट्टी जाने सडक नयाँ ट्र्याक निर्माण । |

| | |
|---|---|
| | २. बकुलवा धारमा पक्की पुल निर्माण । |
| सिंचाई | १. वडा नं. २ भित्रका उत्पादित जमिनमा विद्युतिय पोल तथा डिप बोरिङ्ग निर्माण ।<br>२. सडक निर्माणका क्रममा गरीब तथा दलित वर्गका भत्किएका घरहरु अन्यत्र व्यवस्थापन गर्ने |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १.जडिमा दलित भवन निर्माण गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. सडक आसपासमा सडक बत्तीको व्यवस्था गर्ने ।<br>२. नगराईन देखि राधोपुर सम्म विद्युत लाईन जडान गर्ने । |
| सूचना तथा प्रविधि | १. सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सि.सि टि.भि तथा इन्टरनेट जडान । |

## वन वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. खुल्ला तथा सार्वजनिक स्थलहरुमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. सुवाँपुल देखि मर्ना सम्म जमुनि नदी कटान संरक्षण गर्ने ।<br>२. कुकुर धारा नदी संरक्षण गर्ने ।<br>३. मालक धार नदी संरक्षण गर्ने । |
| वातावरण तथा स्वच्छता | १. फोहोर व्यवस्थापन गरी जैविक मल उत्पादन गर्ने । |
| विपद व्यवस्थापन | १. बाढी तथा आपतकालिन अवस्थालाई ध्यानमा राखी आकस्मिक कोषको व्यवस्था गर्ने ।<br>२. आगलागि नियन्त्रणको लागि बारुणयन्त्रको व्यवस्था गर्ने । |

## वडा नं. ४

## आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. माटो परिक्षण, रसायनिक मल तथा उन्नत जातको बिउ बिजनमा अनुदानको व्यवस्था गर्ने तथा सिपमुलक तालिम दिने ।<br>२. वडा स्तरमा कोल्ड स्टोर निर्माण गर्ने ।<br>३. कृषि सेवा केन्द्र पुनः सञ्चालनमा ल्याउने । |
| पशुपालन | १. माछा, गाई, भैंसी, बाख्रा पालन व्यवसायको लागि उन्नत जातको पाठापाठी, तालिम तथा सिपको व्यवस्था तथा अनुदान र बिमा प्रकृया शुरु गर्ने ।<br>२. दुध उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्ने । |
| उद्योग | १. लघु उद्योगहरु सञ्चालन गर्ने । |
| पर्यटन | १. गठि पूर्णी पोखरीको निर्माण तथा संरक्षण गरी पर्यटकीय स्थल निर्माण गर्ने । |
| सहकारी | १. वडा स्तरमा कृषि सहकारी निर्माण गरी कृषि क्षेत्रमा कार्यक्रम गर्ने । |

## सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. राष्ट्रिय आधारभुत विद्यालयमा विद्यार्थी संख्याको आधारमा भवन निर्माण, शौचालय निर्माण तथा भौतिक सामाग्रीको व्यवस्था गर्ने ।<br>२. शिक्षक दरबन्दीको व्यवस्था तथा शिक्षकहरुलाई आवश्यक तालिमको व्यवस्था गर्ने ।<br>३. आधारभुतबाट स्तरोन्नती गरी माध्यमिक तहसम्म कक्षा सञ्चालन गर्ने । |
| स्वास्थ्य | १. स्वास्थ्य चौकी भवन निर्माण तथा प्रसुति सेवा सञ्चालन गर्ने ।<br>२. दक्ष कर्मचारी व्यवस्था तथा स्वास्थ्य सामाग्री उपलब्ध गराउने । |

| | |
|---|---|
| | ३. एम्बुलेन्सको व्यवस्था गर्ने । |
| खानेपानी | १. स्थानिय स्तरमा आवश्यकताको आधारमा डिप बोरिङ्ग गरी ट्रयाङ्की मार्फत एक घर एक धारा अवलम्बन गर्ने । |
| सरसफाई | १. सडक वरपरका नाला सहि ठाउँमा व्यवस्थापन गर्ने ।<br>२. नगर स्तरिय फोहोर व्यवस्थापनको लागि डम्पिङ्ग साईट निर्माण गर्ने ।<br>३. बजार क्षेत्र, पाखर चोक, अन्य सार्वजनिक स्थल तथा विद्यालय क्षेत्रमा शौचालय निर्माण तथा धारा निर्माण । |
| सामाजिक समावेशीकरण | १. लक्षित वर्गहरुलाई क्षमता विकास, सिपमुलक तालिमहरु सञ्चालन गरी आय आर्जनमा प्रोत्साहन गर्ने । |
| युवा तथा खेलकुद | १.बनटोलुवा खेल मैदानलाई व्यवस्थित गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. |
| सुरक्षा | १. |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. वडा भित्र रहेका सबै सडकहरुमा नाला तथा ढलको व्यवस्था गर्ने ।<br>२. वडा भित्रका कृषि सडकहरु व्यवस्थित गर्ने । |
| पुल | १. बनटोलुवा देखि जिरातिबान सडक अन्तर्गत जिराति बानमा पक्की पुल निर्माण ।<br>२. गाउँ पोखरी देखि काटारी चौरी सडक अन्तर्गत कटारी चौरी नहरमा पक्की पुल निर्माण ।<br>३. बिनुवा गाँछी देखि खर्क जाने सडक अन्तर्गत कोनाचौरी नदीमा पुल निर्माण । |
| सिंचाई | १. कमला नदी देखि जमुनि हुँदै मनिहारी फलगामा बाँध सम्म नहर नयाँ निर्माण गर्ने ।<br>२. नरिचोरीको नहर फाटक निर्माण तथा नहर मर्मत गर्ने ।<br>३. चौरी मरैया, नरि चौरी, गढी आसपास डिप बोरिङ्ग निर्माण गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. बाढी जोखिम भएको अवस्थामा व्यवस्थापनको लागि वडा स्तरिय सुविधा सम्पन्त सामुदायिक भवन निर्माण । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. खेती वोग्य जमिनमा विद्युतीय लाईन विस्तार गर्ने । |
| सूचना तथा प्रविधि | १. सरकारी कार्यलय तथा विद्यालयहरुमा प्राविधिक सेवा तथा शिक्षाको लागि कम्प्युटरको व्यवस्था गर्ने । |

## वन वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. |
| भूमी तथा जलाधार व्यवस्थापन | १. स्थानिय पोखरीहरु संरक्षण गर्ने । |
| वातावरण तथा स्वच्छता | १. सडक वरपर र खुल्ला भुभागमा विरुवा रोप्ने । |
| विपद व्यवस्थापन | १. नगर स्तरिय बारुणयन्त्र खरिद गर्ने । |

## वडा नं. ५

## आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|

| | |
|---|---|
| कृषि | १. उन्नत बिउ बिजन, मलखाद, आवश्यक तालिम, कृषि औजारहरुको समयमा व्यवस्था गर्ने ।<br>२. चिस्यान केन्द्र निर्माण गर्ने ।<br>३. तरकारी खेतीलाई प्रोत्साहन गर्ने । |
| पशुपालन | १. गाई, बाख्रा, भैंसी, माछा पालन व्यवसायका लागि उन्नत जातका पाठापाठी, पशु सेवा सञ्चालन, अनुदान तथा बिमा कार्यक्रम लागु गर्ने । |
| उद्योग | १. चामल तथा गहुँ प्रशोधन केन्द्र निर्माण गर्ने । |
| पर्यटन | १. नबकी पोखरी मर्मत तथा निर्माण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने ।<br>२. पूर्णि पोखरी संरक्षण तथा निर्माण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने । |
| सहकारी | १. वडा स्तरिय सहकारी संस्था स्थापना गरी कृषि क्षेत्रमा लगानी गर्ने । |

## सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. राष्ट्रिय मा.वि. गंगुलीमा विद्यालय भवन निर्माण, खेलमैदान विस्तार तथा वडाका २ वटा मा.वि.मा शिक्षक दरबन्दीको व्यवस्था गर्ने ।<br>३. मा. वि. मा लाईबेरी सञ्चालन गर्ने । |
| स्वास्थ्य | १. आधारभुत स्वास्थ्य चौकी गंगुलीमा बर्थिङ्ग सेन्टर भवन निर्माण तथा प्रसुति सेवा सञ्चालन गर्ने ।<br>२. वडा स्तरिय एम्बुलेन्स सेवा सञ्चालन गर्ने ।<br>३. समयमा औषधीको व्यवस्था तथा स्वास्थ्य सामाग्री उपलब्ध गराउने । |
| खानेपानी | १. खानेपानीका लागि कम्तिमा ३०० फिटमा चपाकल (हयान्ड पाईप) को निर्माण गर्ने ।<br>२. आवश्यकता अनुसार डिप बोरिङ्गको व्यवस्था गर्ने । |
| सरसफाई | १. सार्वजनिक शौचालय तथा सार्वजनिक धारा निर्माण ।<br>२. फोहोर व्यवस्थापनको लागि गाडी तथा कामदारको व्यवस्था गर्ने । |
| सामाजिक समावेशीकरण | १. लक्षित वर्गहरुका लागि चेतनामुलक कार्यक्रम, सिप विकास तथा आय आर्जनमा वृद्धि हुने खालका तालिम प्रदान गर्ने ।<br>२. घरेलु तथा हस्तकला सम्बन्धी तालिम प्रदान गर्ने ।<br>३. बालविवाह नियन्त्रषका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने । |
| युवा तथा खेलकुद | १. वडा स्तरिय सुविधा सम्पन्न खेलमैदान निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. वडा भित्रका सबै ऐतिहासिक मठ मन्दिरहरु संरक्षण तथा मर्मत गर्ने । |
| सुरक्षा | १. वडामा प्रहरी बिट स्थापना गर्ने । |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. ७ लाईन देखि राम आशिषको घर हुँदै लभटोली जोड्ने बाटो नयाँ ट्रयाक निर्माण ।<br>२. धाँमधमिया मन्दिर देखि उत्तर बर्धाटवा सम्म जाने बाटो नयाँ ट्रयाक निर्माण । |
| पुल | १. फोरबन देखि धार जलाई नदी सम्म नयाँ ट्रयाक निर्माण ।<br>२. धाँमधमिया देखि बर्धाटवा सम्म सडक अन्तर्गत जलाएत नदीमा पक्की पुल निर्माण । |
| सिंचाई | १. सिंचाईको लागि विद्युतिय लाईनको व्यवस्था गर्ने ।<br>२. सिंचाईको लागि आवश्यकता अनुसार डिप बोरिङ्ग गर्ने ।<br>३. रामचन्द्र मण्डलको खेत देखि पक्की पुल सम्म नहर निर्माण । |
| आवास, वस्ती विकास तथा | १. |

| | |
|---|---|
| सार्वजनिक निर्माण | |
| विद्युत तथा वैकल्पिक उर्जा | १. मुख्य चोक वा मुख्य सडकहरुमा वैकल्पिक लाईनको व्यवस्था गर्ने । |
| सूचना तथा प्रविधि | १. विद्यालयमा कम्प्युटरको व्यवस्था गर्ने ।<br>२. दक्ष कर्मचारीको व्यवस्था गर्ने ।<br>३. मुख्य चोक तथा कार्यलयहरुमा सि.सि टि.भि जडान गर्ने । |

## वन वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. |
| भूमी तथा जलाधार व्यवस्थापन | १. |
| वातावरण तथा स्वच्छता | १. |
| विपद व्यवस्थापन | १. विपद व्यवस्थापनका सामाग्रीहरु खरीद तथा व्यवस्थापन गर्ने ।<br>२. वडा स्तरिय आपतकालिन कोष स्थापना गर्ने । |

## वडा नं. ६

## आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. नगर स्तरिय कोल्ड स्टोर निर्माण गर्ने ।<br>२. आवश्यक किटनाशक औषधी, बिउ बिजन, सिपमुलक तालिम प्रदान गर्ने ।<br>३. कृषि औजारको उपलब्ध गराउने ।<br>४. रसायनिक मल, बजारीकरणको व्यवस्था गर्ने । |
| पशुपालन | १. पशु व्यवसायका निमित्त बिकी वितरणको लागि बजारको व्यवस्था गर्ने ।<br>२. बाखा, गाई, भैंसी पालन जस्ता व्यवसायलाई प्रोत्साहन गर्ने ।<br>३. कुखुरा, माछा, पशुपालनको लागि अनुदान, बिमा कार्यक्रम, भेटनरी सेवा प्रदान गर्ने ।<br>४. जंगली सुंगुरको नियन्त्रण गर्ने । |
| उद्योग | १. |
| पर्यटन | १. करुणा पोखरीको मर्मत तथा संरक्षण गरी पर्यटकीय स्थल निर्माण गर्ने । |
| सहकारी | १. वडा स्तरिय कृषि सहकारी निर्माण गरी कृषि क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने |

## सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. वडा भित्रका सबै विद्यालयहरुमा भवन निर्माण गर्ने ।<br>२. दक्ष शिक्षक दरबन्दीका लागि आर्थिक स्रोतको व्यवस्था गर्ने ।<br>३. शिक्षकहरुका लागि आवश्यक तालिमको व्यवस्था गर्ने । |
| स्वास्थ्य | १. लाग्मा गाँडागुठी स्वास्थ्य चौकीमा स्वास्थ्य भवन तथा बर्थिङ्ग सेन्टर भवन निर्माण गर्ने । |
| खानेपानी | १. वडा कार्यलयमा डिप बोरिङ्ग मार्फत पानी संकलनको लागि ट्याङ्की निर्माण गर्ने । |
| सरसफाई | १. उत्पदित फोहोर व्यवस्थापन गर्ने ।<br>२. फोहोर व्यवस्थापनको लागि गाडी तथा कामदारको व्यवस्था गर्ने ।<br>३. फोहोर वर्गीकरण प्रकृया गरी स्थानिय स्तरमा डस्टबिनको व्यवस्था गर्ने । |
| सामाजिक समावेशीकरण | १. सिपमुलक तालिमको व्यवस्था गरी स्वरोजगार बनाउने । |

| | |
|---|---|
| युवा तथा खेलकुद | १. वडा स्तरिय खेलमैदान निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. हनुमान मन्दिर निर्माण गर्ने ।<br>२. चमनिया माईस्थान, हनुमान मन्दिर, कबिर कुटी निर्माण गर्ने । |
| सुरक्षा | १. लागु औषध दुर्बेशनीको अन्त्य गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>३. निलगाई तथा जगंली सुंगुरबाट सुरक्षित गर्ने । |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. शेरबा देखि नेनमेहतक सम्म कृषि सडक स्तरोन्नती गर्ने ।<br>२. पण्डितको घर देखि सरहन्चीया खोला हुँदै चौगटीया सम्म सडक स्तरोन्नती गर्ने ।<br>३. आधारभुत विद्यालय देखि चखेहबा सम्म सडक स्तरोन्नती गर्ने ।<br>३. चौगटीया देखि लर्निया घाँट सम्म सडक स्तरोन्नती गर्ने ।<br>४. बनैया देखि बोडरे नदी सम्म सडक निर्माण (कृषि सडक)<br>५. धनबिर मण्डलको पोखरी देखि भागबतको बगैंचा सम्म सडक स्तरोन्नती गर्ने ।<br>६. चौगटीया देखि आमाघाँट सम्म सडक स्तरोन्नती गर्ने ।<br>७. वडा भित्रका सबै सडकहरुमा नाला तथा ढलको व्यवस्था गर्ने । |
| पुल | १. पण्डितको घर देखि चोगटीया जाने सडक अन्तर्गत सिलैना खोलामा पक्की पुल निर्माण । |
| सिंचाई | १. सिंचाईको लागि विद्युतको व्यवस्था गर्ने (चौरीमा)<br>२. जमनि नदी सरनचीया हुँदै भिमसेन डोरा सम्म नहर मर्मत गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. |
| विद्युत तथा वैकल्पिक उर्जा | १. |
| सूचना तथा प्रविधि | १. सरकारी कार्यलयहरुमा वैकल्पिक उर्जाको व्यवस्था गर्ने । |

## वन वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. राजन माई सामुदायिक वनमा वृक्षारोपण तथा संरक्षण गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. जमुनि नदी अन्तर्गत टग्नी देखि गराह सम्म कटान बाढी नियन्त्रण गर्ने ।<br>२. फाटोको व्यवस्था गर्ने । |
| वातावरण तथा स्वच्छता | १. खाली जग्गा भएका ठाउँमा वृक्षारोपण गर्ने ।<br>२. बाटोको छेऊछेऊमा वृक्षारोपण गर्ने । |
| विपद व्यवस्थापन | |

## वडा नं. ७

## आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. बिउ बिजन, किटनाशक औषधी, तालिम तथा कृषि औजारको व्यवस्था गर्ने ।<br>२. समयमा मलखाद, जङ्गली जनावर निलगाई, वन सुंगुर, बादर आतंक नियन्त्रण गर्ने ।<br>३. कृषि बजारको व्यवस्था गर्ने । |

| | |
|---|---|
| | ४. माटो परिक्षण तथा आधुनिक खेती प्रणाली सञ्चालन गर्ने । |
| पशुपालन | १. उन्नत जातका गाई, भैसी, बाखाको व्यवस्था, अनुदान, बिमा कार्यक्रम सञ्चालन गर्ने ।<br>२. स्थानिय स्तरमा वडा वा नगर स्तरमा कृषि विज्ञ, जेटिवो उपलब्ध गराउे ।<br>३. स्थानिय कृषकहरुलाई तालिमको व्यवस्था गर्ने । |
| उद्योग | १. स्थानिय रोजगारीका लागि घरेलु उद्योग सञ्चालन गर्ने । |
| पर्यटन | १. ऐतिहासिक स्थलको संरक्षण तथा निर्माण गरी पर्यटकीय स्थल निर्माण गर्ने ।<br>२. जमुनि संगम (भाइ टिका मेला) लाई व्यवस्थित गरी पर्यटकीय स्थल बनाउने ।<br>३. राम जानकी बिर्ता कुटीलाई पर्यटकीय स्थल बनाउने । |
| सहकारी | १. वडा स्तरिय कृषि सहकारी सञ्चालन गरी कृषि क्षेत्रमा सुधार गर्ने । |

## सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. राष्ट्रिय आ.वि. देबडिहामा दक्ष शिक्षक दरबन्दीको व्यवस्था, भवन निर्माण तथा मा. वि तहसम्म स्तरोन्नती गर्ने अवधारणा ।<br>२. विद्यालय भित्र सरस्वती मन्दिर निर्माण गर्ने । |
| स्वास्थ्य | १. स्वास्थ्य चौकी बिर्तामा स्वास्थ्य चौकी भवन निर्माण गर्ने तथा प्रसुति सेवा सञ्चालन गर्ने । |
| खानेपानी | १. वडा नं. ७ कार्यलय आसपास डिप बोरिङ्ग गरी ट्याङ्की मार्फत एक घर एक धारा अवधारणा ल्याउने । |
| सरसफाई | १. फोहोर व्यवस्थापनको लागि नाला व्यवस्थापन, फोहोर बोक्ने गाडी तथा कामदारको व्यवस्था गर्ने ।<br>२. नगर स्तरीय डम्पिङ्ग साईटको व्यवस्था गर्ने । |
| सामाजिक समावेशीकरण | १. क्षमता विकास तथा सिपमुलक तालिम सञ्चालन गर्ने तथा आय आर्जनमा प्रोत्साहन गर्ने । |
| युवा तथा खेलकुद | १. वडा स्तरिय सुविधा सम्पन्न खेलमैदान निर्माण गरी खेलाडीहरुलाई प्रोत्साहन गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. |
| सुरक्षा | १. |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. लबटोलीको मुल बाटो हुँदै ब्रमस्थान भाइ टिका मेला जमुनि बोडरे सम्म नयाँ ट्रयाक खोल्ने<br>२. देबडियाको महरा टोल देखि लग्माको सिमान सम्म कृषि सडक निर्माण गर्ने ।<br>३. बिष्णु देब मण्डलको घर देखि जामुन सम्म कृषि सडक नयाँ निर्माण गर्ने ।<br>४. देबिडीहा टोलको पूर्वी पोखरी देखि दक्षिण तर्फ पूर्ब पश्चिम कट्टी चौरी जाने कृषि सडक निर्माण । |
| पुल | १. लबटोली देखि जमुनि सडक अन्तर्गत सरन्चीया खोलामा पक्की पुल निर्माण । |
| सिंचाई | १. सिंचाईको लागि विद्युतको व्यवस्था गर्ने ।<br>२. जमुनि कठा सिंचाई योजना सम्पन्न गरी सञ्चालनमा ल्याउने ।<br>३. सिंचाईका लागि डिप बोरिङ्ग निर्माण गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. वडा स्तरिय सुविधा सम्पन्न सामुदायिक भवन निर्माण गर्ने ।<br>२. बिर्तामा गरीब तथा विपन्न वर्गका लागि बासस्थान निर्माण गर्न पहल गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. वडा स्तरमा केन्द्रिय लाईन मर्मत तथा पोल थप गर्ने । |
| सूचना तथा प्रविधि | १. |

### वन वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. |
| भूमी तथा जलाधार व्यवस्थापन | १. जमुनि खोला अन्तर्गत बिर्ता टोलमा नदी नियन्त्रण तथा बाँध निर्माण गर्ने ।<br>२. बिर्ता देखि वडा कार्यलय आउने बाटोमा सरन्चीया नदी पुल मर्मत तथा जाली निर्माण गर्ने । |
| वातावरण तथा स्वच्छता | १. |
| विपद व्यवस्थापन | १. अग्नि नियन्त्रणको लागि बारुणयन्त्र खरिद गर्ने । |

## वडा नं. ८

### आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. कृषिका लागि समयमा मलखाद, उन्नत बिउ बिजन, कृषि अनुदान तथा बिक्री वितरणको लागि प्रबन्ध मिलाउने ।<br>२. नगर स्तरिय कोल्ड स्टोर निर्माण गर्ने ।<br>३. धान, गहुँ जोन क्षेत्र निर्माण गर्ने ।<br>४. आँप फलफुल तथा तरकारी जोन निर्माण गर्ने । |
| पशुपालन | १. गाई, भैंसी, बाखा, भेडा व्यवसायका लागि आवश्यक तालिम, अनुदान तथा बिमा कार्यक्रम सञ्चालन ।<br>२. दुध उत्पादन, बिक्री वितरण तथा प्रशोधन केन्द्र स्थापना गर्ने । |
| उद्योग | १. बाँस जन्य सामाग्री निर्माणको लागि तालिम तथा उद्योग सञ्चालन गर्ने ।<br>२. अन्य उद्यमशिल तालिमहरु सञ्चालन गर्ने । |
| पर्यटन | १. अकौरा ठाकुर पोखरीको संरक्षण तथा निर्माण गरी पर्यटकीय क्षेत्र निर्माण गर्ने । |
| सहकारी | १. कृषि सहकारी स्थापना गरी कृषि क्षेत्रमा लगानीको व्यवस्था मिलाउने । |

### सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. अखिलेश्वर नाथ आधारभुत विद्यालयमा आवश्यकता अनुसार दक्ष शिक्षक, भवन, शौचालय निर्माण तथा खानेपानीको व्यवस्था मिलाउने ।<br>२. शैक्षिक सामाग्री, फर्निचरको व्यवस्था तथा खेलकुद सामाग्रीको व्यवस्था गर्ने । |
| स्वास्थ्य | १. आधारभुत स्वास्थ्य चौकी खिराखिरीयामा भवन तथा एम्बुलेन्सको व्यवस्था गर्ने ।<br>२. स्वास्थ्य सामाग्री र औषधी सहजता गर्ने ।<br>३. मलेरियाको औषधी हरेक वडामा छर्कने । |
| खानेपानी | १. डिप बोरिङ्ग गरी ट्र्याङ्की निर्माण गरी एक घर एक धाराको अवधारण ल्याउने । |
| सरसफाई | १. फोहोर व्यवस्थापनको लागि पहल गरी डस्टबिनको व्यवस्था गर्ने ।<br>२. नाला निर्माण तथा ढल व्यवस्थापन गर्ने ।<br>३. मुख्य चोक तथा बजारहरुमा सार्वजनिक शौचालय तथा धारा निर्माण गर्ने । |
| सामाजिक समावेशीकरण | १. लक्षित वर्गहरुका लागि विशेष कार्यक्रम सञ्चालन गरी आय आर्जनमा प्रोत्साहन गर्ने । |
| युवा तथा खेलकुद | १. साविक ६ नं. वडा मा पर्ने वलार चौर निर्माण गरी सुविधा सम्पन्न खेलमैदान निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. वडा भित्रका मठ मन्दिहरुको मर्मत तथा संरक्षण गर्ने । |

| | |
|---|---|
| सुरक्षा | १. |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. धोबिपाई पोखरी देखि राम जानकी कुटी हुँदै देवान्जी टोल, महादेव शाहको घर छेउ हुँदै वलार ठिलमारा बसाई सम्म सडक स्तरोन्नती गर्ने ।<br>२. अकौरा बसन्त पासवानको घर देखि धनौजी गा.पा.को घता सम्म सडक स्तरोन्नती गर्ने ( कृषि सडक)<br>३. गंगली गाछी नहर देखि नदी सम्म नयाँ ट्रयाक निर्माण तथा स्तरोन्नती ।<br>४. धनौजी गा.पा. जमुनि नदी घता देखि नदीको किनार हुँदै नगराईन नं.पा ७ को सिमाना सम्म ट्रयाक तथा स्तरोन्नती गर्ने । |
| पुल | १. सरन्चीया नदी किनारमा अरुण शाहको खेत निर कल्भर्ट निर्माण ।<br>२. गल्छी नहर हुँदै नदी सडक अन्तर्गत पक्की पुल निर्माण (राजकुमार यादवको खेत नजिकै) |
| सिंचाई | १. खेती योग्य जमिनमा सिंचाईको लागि विद्युत लाईनको विस्तार गर्ने ।<br>२. जमुनि नदी अन्तर्गत ब्यारेज निर्माण गरी सिंचाईको व्यवस्था गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. वडा कार्यलय भवन निर्माण गर्ने ।<br>२. हरेक टोलमा आवश्यकता अनुसार सामुदायिक भवन निर्माण गर्ने ।<br>३. वडा स्तरिय वृद्धाश्रम भवन निर्माण सँगै योग भवन निर्माण गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. सरकारी कार्यलयहरुमा वैकल्पिक उर्जा तथा सडक बत्तीको व्यवस्था गर्ने । |
| सूचना तथा प्रविधि | १. विद्यालय तथा सरकारी कार्यलयमा कम्प्युटरको व्यवस्था गर्ने ।<br>२. मुख्य बजार तथा चोकमा सि.सि.टि.भि जडान गर्ने । |

## वन वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. खुल्ला ठाउँ, सडक छेउछेउमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. जमुनी नदी घता देखि ७ नं. वडाको सिमाना सम्म नदी नियन्त्रण गर्ने तथा आवश्यकता अनुसार कल्भर्ट निर्माण गर्ने । |
| वातावरण तथा स्वच्छता | १. ठाउँ ठाउँमा चौतारो पार्क निर्माण गर्ने ।<br>२. सार्वजनिक पोखरीहरुको संरक्षण गर्ने । |
| विपद व्यवस्थापन | १. बारुणयन्त्र खरिद गर्ने ।<br>२. आकस्मिक कोष निर्माण गर्ने । |

## वडा नं. ९

## आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. समयमा उन्नत जातको बिउ बिजन, मलखाद, कृषि तालिमको व्यवस्था गर्ने ।<br>२. नगर स्तरिय कोल्ड स्टोर निर्माण तथा बजार व्यवस्थापन गर्ने । |
| पशुपालन | १. पशुपालनको लागि अनुदानको व्यवस्था तथा प्रोत्साहन गर्ने । |
| उद्योग | १. धान मिल सञ्चालन गर्ने ।<br>२. नगर स्तरिय आँपको जुस उद्योग सञ्चालन गर्ने । |

| | |
|---|---|
| पर्यटन | १. नरही भन्ने धोदौरे पोखरी ऐतिहासिक स्थललाई निर्माण तथा संरक्षण गरी पर्यटकीय स्थल बनाउने ।<br>२. सिमरा कोण धार्मिक स्थललाई व्यवस्थित गरी पर्यटकीय स्थल निर्माण गर्ने ।<br>३. बजबाँडी चौरलाई व्यवस्थित गरी पार्क निर्माण गर्ने । |
| सहकारी | १. बजबा कृषि सहकारी तथा नागेश्वरी ऋण, बचत कृषि सहकारीलाई व्यवस्थित गरी कृषि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने । |

## सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. मिथिला राष्ट्रिय आधारभुत विद्यालय भवन निर्माण तथा विद्यालयलाई अन्यत्र स्थानमा सार्नको लागि प्रबन्ध मिलाउने ।<br>२. मनियारी चौरीमा प्रकृयागत रुपमा रहेको विश्व विद्यालयको निर्माण प्रकृयालाई अगाडी बढाउने । |
| स्वास्थ्य | १. ईलाका स्वास्थ्य चौकी .घोरघासमा प्रसुती सेवा सञ्चालन तथा व्यवस्थित गर्ने ।<br>२. एम्बुलेन्स सेवा सञ्चालन गर्ने । |
| खानेपानी | १. डिप बोरिङ्ग मार्फत एक घर एक धारा अवधारणालाई निरन्तरता दिने । |
| सरसफाई | १. |
| सामाजिक समावेशीकरण | १. लक्षित वर्गहरुका लागि विशेष कार्यक्रम तथा आय आर्जनमा प्रोत्साहन गर्ने । |
| युवा तथा खेलकुद | १. वडा स्तरिय एउटा खेलमैदान निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. कला, संस्कृति तथा भाषाको जर्गेना हुने खालको वाचनालय, पुस्तकालय निर्माण तथा सञ्चालन गर्ने ।<br>३. मठ मन्दिरहरु, गिता ठाकुर, भैरहवा ठाकुर, महादेविस्थान जस्ता ऐतिहासिक वस्तुहरुको संरक्षण गर्ने । |
| सुरक्षा | १. |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. गौरी ७ लाईन देखि बजबा चोक हुँदै महोत्तरी जोड्ने बाटो बिषनपुर सम्म सडक स्तरोन्नती गर्ने ।<br>२. गिरीजा पथ देखि पर्नपिभी पोखरी डिल हुँदै दक्षिणबारी महोत्तरीको बनौली सम्म सडक स्तरोन्नती गर्ने ।<br>३. गिरीजा पथको महादेव पण्डितको घर देखि मनियरी चौरी सम्म कृषि सडक स्तरोन्नती गर्ने ।<br>४. ब्रमोतर दक्षिणबारी देखि असमसान घाँट सम्म स्तरोन्नती गर्ने ।<br>५. मालिक पोखरी देखि ७ लाईन सम्म कृषि सडक नयाँ निर्माण गर्ने ।<br>६. नरही पोखरी देखि सुगाँ वाला सम्म कृषि सडक फुलगमा बोध सम्म नयाँ ट्र्याक निर्माण ।<br>७. महारानी जी मण्डली देखि चिलमिलिया सम्म कृषि सडक नयाँ निर्माण । |
| पुल | १. ७ लाईन देखि महोत्तरी जोड्ने सडक अन्तर्गत दुधमती खोलामा पक्की पुल निर्माण । |
| सिंचाई | १. कृषि सडक तथा विद्युत लाईनको विस्तार गर्ने ।<br>२. जलार सिंचाई योजना निर्माण तथा सञ्चालनमा ल्याउने ।<br>३. दुधमती सिंचाई योजनालाई निरन्तरता दिने ।<br>४. बजबाडी डिप बोरिङ्ग सञ्चालनमा ल्याउने । |
| आवास, वस्ती विकास | १. वडा कार्यलय भवन निर्माण । |

| | |
|---|---|
| तथा सार्वजनिक निर्माण | २. गिट्टा पोखरी नजिकको सामुदायिक भवन पूरा गरी सञ्चालनमा ल्याउने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. वडा भित्रका केही केन्द्रिय प्रसारण लाईनलाई मर्मत तथा पूरा गर्ने । |
| सूचना तथा प्रविधि | १. एन.टि.सि टावरहरु मर्मत गर्न पहल गर्ने ।<br>२. मुख्य चोक तथा कार्यलयहरुमा सि.सि.टि.भि जडान गर्ने ।<br>३. कार्यलय स्तरमा दक्ष प्राविधिक तथा उपकरणको व्यवस्था गर्ने । |

## वन वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. खुल्ला ठाउँमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. दुधमती नदी तथा पुरानो जलाद नदी आसपासमा कटान भएका क्षेत्रहरुमा नदी नियन्त्रण गर्ने<br>२. लबकापैनी खोलामा कटान भएको ठाउँमा व्यवस्थित गर्ने । |
| वातावरण तथा स्वच्छता | १. |
| विपद व्यवस्थापन | १. वडा स्तरिय विपद व्यवस्थापन कोष निर्माण गर्ने । |